# नेपालमा जातीय भेदभाव

डा. कृष्ण भट्टचन
तेज सुनार
यशो कान्ति भट्टचन (गौचन)

दलित गैरसरकारी संस्था महासंघ (DNF), काठमाडौं
नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ (NNDSWO), काठमाडौं
भारतीय दलित अध्ययन संस्थान (IIDS), दिल्ली
इन्टरनेसनल दलित सोलिड्यारिटी नेटवर्क (IDSN), कोपनहेगन

**प्रकाशक :**
दलित गैरसरकारी संस्था महासंघ (DNF), नेपाल
नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ (NNDSWO), काठमाडौं
भारतीय दलित अध्ययन संस्थान (IIDS), दिल्ली
इन्टरनेसनल दलित सोलिड्यारिटी नेटवर्क (IDSN), कोपनहेगन

आश्विन, २०६५, (अक्टोबर २००८)

© लेखकहरू र दलित गैरसरकारी संस्था महासंघ (DNF) र नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ (NNDSWO)

ISBN: 978–99946-690-4-2

यो पुस्तकको प्रकाशन इन्टरनेसनल दलित सोलिड्यारिटी नेटवर्क (IDSN), कोपनहेगनको सहयोगमा भारतीय दलित अध्ययन संस्थान (IIDS), दिल्लीले संचालन गरेको दक्षिण एशीयामा जातीय विभेद सम्बन्धी अध्ययन अन्तर्गत दलित गैरसरकारी संस्था महासंघ (DNF), नेपाल र नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ (NNDSWO), काठमाडौं संगको सम्बद्धतामा भएको हो । यो पुस्तकमा व्यक्त विचार, विश्लेषण र निष्कर्ष लेखकहरुका हुन् र त्यसमा उक्त संस्थाहरुको सहमती हुनै पर्छ भन्ने छैन ।

**आवरण पृष्ठको फोटो** : महोत्तरी जिल्लाको सिमरदही गा.वि.स.का मुसहरहरु
**फोटो सौजन्य** : डा. कृष्ण भट्टचन
**सज्जा** : शेषराज गौतम
**मुद्रक** : अन्नपूर्ण अफसेट प्रेस, लाजिम्पाट, काठमाडौं
फोन : ४४१२९९६

## अध्ययन टोली

**टोली प्रमुख** - डा. कृष्ण भट्टचन, समाजशास्त्री

**टोली सदस्य** - तेज सुनार, दलित सवालविज्ञ

**टोली सदस्य** - यशोकान्ति भट्टचन (गौचन), लैङ्गिकविज्ञ

**फिल्ड रिसर्च एशोसिएट तथा**

**तथ्याङ्क व्यवस्थापक/प्रशोधक** - श्याम पुर्कोटी

**स्थानीय स्थलगत अध्ययन सहायकहरू**

१. खड्गबहादुर गायक, कास्की
२. जुना गायक, कास्की
३. नन्द नेपाली, कास्की
४. रुद्र नेपाली, कास्की
५. राजेन्द्र जैरु, डडेलधुरा
६. नवराज भण्डारी, डडेलधुरा
७. दीपा सिनाल, डडेलधुरा
८. सुन्दर जैरु, डडेलधुरा
९. कमल नेपाली, बाँके
१०. रेखा नेपाली, बाँके
११. दानबहादुर सुनार, बाँके
१२. नीरु वि.क., बाँके
१३. राममनोहर खटिक, बाँके
१४. विक्रम पासवान, महोत्तरी
१५. सुनीता शाह, महोत्तरी
१६. बिर्जलाल पासवान, पर्सा
१७. मनीषा दनुवार, पर्सा
१८. इसरचन खत्वे, मोरङ र सुनसरी
१९. कृष्णकुमारी लामगादे, मोरङ र सुनसरी
२०. शिला गजमेर, सुनसरी
२१. देवेन्द्र घतानी, मोरङ
२२. सञ्जुकुमारी सरबरिया, मोरङ

# कृतज्ञता

सर्वप्रथम, नेपालका विभिन्न भूभागमा छरिएर रहेका दलित उत्तरदाताहरूले जातीय भेदभाव बारेका यस अध्ययनका लागि आफ्नो अनुभव हामीसँग बाँडचुड गर्नुभएकोमा आभार व्यक्त गर्दछौं । पहाड र तराईका गाउँ र सहरहरूमा एक महिनाको स्थलगत अध्ययन गर्दा दलित गैरसरकारी संस्था महासंघ र नेपाल राष्ट्रिय दलित समाज कल्याण संघका क्षेत्रीय तथा जिल्लास्तरीय कर्मचारीहरूले अध्ययन टोलीलाई दिनुभएको सहयोगका लागि हार्दिक धन्यवाद छ। हामीलाई दलितसम्बन्धी अध्ययन सामग्रीहरू उपलब्ध गराउनु भएका सबै व्यक्ति र संस्थाहरूलाई धन्यवाद दिन चाहन्छौं।

यस अध्ययनलाई समयमै पूरा गर्ने अवसर दिएकोमा भारतीय दलित अध्ययन संस्थान, दिल्ली र इन्टरनेसनल दलित सोलिड्यारिटी नेटवर्क, कोपनहेगनप्रति हामी कृतज्ञता ज्ञापन गर्दछौं। यो अध्ययनको सुरुदेखि अन्तसम्म हामीलाई अमूल्य सरसल्लाह र सुझाब दिएर सघाउनु भएका प्रा. घनश्याम शाह, प्रा. सुखदेव थोराट, मार्टिन म्याकवान र रिकी नोहरलिण्डप्रति हार्दिक आभार व्यक्त गर्दछौं। हामीलाई आवश्यक परेका बेला सघाउनुभएका डा. अनन्त पन्त र डा. चित्तरञ्जन सेनापतिलाई मुरीमुरी धन्यवाद दिन चाहन्छौं।

सम्बद्धता स्वीकार गरेकोमा नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ र दलित गैरसरकारी महासंघ, नेपाल दुवै संस्थालाई हार्दिक धन्यवाद छ। आवद्ध संस्थाका तर्फबाट हामीलाई बिशेष सहयोग गरी समयमै काम सक्न सघाउनुभएकोमा नेपाल राष्ट्रिय दलित समाज कल्याण संघका राष्ट्रिय अध्यक्ष भक्त विश्वकर्मा, दलित गैरसरकारी संस्था महासंघका कार्यकारी निर्देशक तीर्थ विश्ववर्मा र नेपाल राष्ट्रिय दलित समाज कल्याण संघका कार्यक्रम निर्देशक भरत नेपालीलाई हार्दिक धन्यवाद दिन चाहन्छौं।

मस्यौदा प्रतिवेदनका बारेमा महत्वपूर्ण टिप्पणी गरी सुझाब दिनुहुने काठमाडौंमा भएको राष्ट्रिय परामर्श गोष्ठी र दक्षिण एसियाली क्षेत्रको क्षेत्रीय गोष्ठीका सम्पूर्ण सहभागीहरूलाई हार्दिक आभार व्यक्त गर्दछौं।

खस नेपाली भाषाको शुद्धाशुद्धी हेरी सहयोग गर्नुहुने भोगीराज चाम्लिङलाई धन्यवाद दिन चाहन्छौं।

अन्तमा, हामीलाई प्रत्यक्ष–अप्रत्यक्ष रूपमा सहयोग गर्नुभएका सबै महानुभाव र संघ–संस्थाहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छौं।

लेखकहरू

# प्रकाशकीय

जनसंख्याको एक चौथाई  हिस्सा ओगटेको दलित समुदायको हकअधिकार स्थापनाको लागि दलित गैरसरकारी संस्था महासंघ विगत १४ वर्ष देखि निरन्तर लागिरहेको छ। दलित समुदायका व्यक्तिहरुद्वारा स्थापना गरी दलित समुदायको हितका लागि कार्यरत दलित संघ संस्थाहरुको छाता संगठन यस महासंघले सदस्य संस्थहरुको क्षमता बृद्धि र परिचालन गर्दै दलित समृदायको मुख्य मुद्दाहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट उठान गर्ने काममा अग्रगामी भूमिका खेलिरहेको छ। दलितका मुख्य एजेण्डा पहिचान गरी ती एजेण्डालाई राष्ट्रको नीति तथा कार्यक्रम भित्र समावेश गर्न होस् वा दलित समुदायका एजेण्डालाई अन्तर्राष्ट्रियकरण गरि संयुक्त राष्ट्र संघ,यूरोपियन यूनियन लगायत अन्तराष्ट्रिय निकायहरुका समर्थन जुटाउने, जस्ता कार्यमा यस महासंघले महत्वपूर्ण भुमिका खेल्दै आईरहेको छ। ७ वटा दलित संस्थाबाट सुरुवात भएको यस महासंघमा हाल २०६५ सालसम्म आईपुग्दा करिब ३०० दलित संघ संस्थाहरु आबद्ध भईसकेका छन्। यसले देशका अन्य नागरिक समाजहरुसँग पनि सवालगत सहकार्य गर्दै आएको छ भने गरी अन्तर्राष्ट्रिय दलित ऐक्यबद्धता संजाल (IDSN), जातिवाद तथा विभेद विरुद्ध अन्तर्राष्ट्रिय आन्दोलन (IMADR), जापान मानव विकास संगठन श्रीलंका, दलित मानव अधिकारका लागि राष्ट्रिय अभियान, भारत दलित ऐक्यबद्धता संजालः बेलायत, जर्मनी, फ्रान्स, नेदरल्याण्ड, बेल्जियम, आदिसंग सम्बन्ध तथा सम्पर्क स्थापित गर्दैआईरहेको छ।

नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ वि सं. २०३९ सालमा जिल्ला प्रशासन कार्यालय काठमाडौमा दर्ता भई समाज कल्याण परिषदमा आबद्ध समेत भएको दलित समुदायको आधारभूत मानवअधिकार, सामाजिक न्याय र समग्र विकासका लागि अढाई दशकदेखि क्रियाशिल राष्ट्रिय संस्था हो। हाल ६८ जिल्लाहरुमा आफ्ना शाखाहरु विस्तार गरि दलित अधिकार स्थापनाका लागि सामाजिक सचेतना, शिक्षा, मानवअधिकार, क्षमता विकास, आर्थिक सशक्तिकरण र जीवनस्तर अभिवृद्धिको लागि विभिन्न जिल्लाहरुमा कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेको छ। उक्त कार्यक्रमको अलावा अध्ययन अनुसन्धान, आम संचार अभियान र प्रकाशन कार्यलाई पनि प्राथमिकताका साथ अगाडि बढाई रहेको छ।

हाम्रो देश नेपालमा बिना कुनै बैज्ञानिक आधार दलितहरुलाई समाजको सबै भन्दा तल्लो हैसियत भएका मानिसहरुका रुपमा राखी विभेद गरिन्छ जसलाई जति निन्दा गरेपनि कम हुन्छ। यस्ता अन्याय अत्याचार, यसले दलित समुदायमा पारेको प्रभाव र दलित समुदायको समग्र सामाजिक–आर्थिक अवस्थाको विश्लेषण हुने गरी थोरै मात्र अध्ययन भएको पाईन्छ। अझ अन्तर्राष्ट्रिय स्तरका अध्ययनहरु त शुन्य नै भन्दा अत्युक्ति  नहोला।

यहि अभाव र रिक्ततालाई परिपुर्ति गरी तथ्यमा आधारित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा वकालत गर्न नेपालका आम दलित समुदायको समग्र अवस्थाको बारेमा नेपाल प्रतिवेदन "नेपालमा जातिय भेदभव" शीर्षकमा अध्ययन गरिएको यस "दक्षिण एशीयामा जातीय विभेद सम्बन्धी अध्ययन" को अध्ययनमा सहयोगी एवं प्रकाशकको रुपमा सहभागी हुने अवसर प्रदान गरेकोमा इन्टरनेसनल दलित सोलिड्यारिटी नेटवर्क (IDSN), कोपनहेगन र भारतीय दलित अध्ययन संस्थान (IIDS), दिल्ली प्रति आभार प्रकट गर्न चाहान्छौं। यस अध्ययनलाई सफलताकासाथ सम्पन्न गर्नु हुने बरिष्ठ समाजशास्त्री एबं अध्ययन टोली प्रमुख डा. कृष्ण भट्टचन, दलित अध्येता तथा टोली सदस्य तेज सुनार, लैङ्गिक विज्ञ एवं टोली सदस्य यशो कान्ति भट्टचन (गौचन) र फिल्ड रिसर्च एशोसियट तथा तथ्याङ्क व्यवस्थापक/प्रशोधक श्याम पुर्कोटीलाई मुरिमुरी धन्यवाद दिन चाहन्छौं। यस अध्ययनले दलितको उत्थान र विकासको क्षेत्रमा कार्य गर्न चाहने वा गरिरहेका सरकारी तथा गैह्र सरकारी निकायमा क्रियाशिल नीति निर्माता, निर्णयकर्ता, कार्यन्बयन र अनुगमनकर्तालाई विशेष लाभदायक हुनेछ भने शोधकर्ता विद्वान बुद्धिजीवीलाई स्रोत पुस्तकको रुपमा उपयोगी हुने विस्वास लिएका छौं।

भक्त विश्वकर्मा
राष्ट्रिय अध्यक्ष
नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ

टेक वहादुर रैका
का. बा. अध्यक्ष
दलित गैरसरकारी संस्था महासंघ, सानेपा

# विषयसूची

पृष्ठ

अध्ययन टोली
कृतज्ञता
प्रकाशकीय
तालिकाहरुको सूची
नक्सा र घट्ना विवरण
प्रतिवेदनको सारसंक्षेप
अध्याय – १
परिचय
अध्याय– २
जातीय छुवाछूत र विभेद
अध्याय – ३
सामाजिक–सांस्कृतिक क्षेत्रमा जातीय छुवाछूत तथा विभेदको प्रकृति र फैलावट
अध्याय – ४
राज्य, जात र मानवअधिकार
अध्याय – ५
अन्य जातजातिका तुलनामा दलितहरूको आर्थिक–सामाजिक अवस्था
अध्याय – ६
राजनीतिक क्षेत्रमा विभेद
अध्याय – ७
शिक्षामा विभेद
अध्याय – ८
बाध्यात्मक श्रम र दलित महिलाविरुद्ध हुने बहुल विभेद
अध्याय – ९
निष्कर्ष
परिशिष्ट–क : तालिकाहरू
सन्दर्भग्रन्थसूची : खस नेपाली भाषा
सन्दर्भग्रन्थसूची : अंग्रेजी भाषा

# तालिकाहरूको सूची


| | | पृष्ठ |
|---|---|---|
| तालिका १.१ | पहाडी र मधेसी दलित बहुल जिल्लाहरु र स्थलगत अध्ययनका लागि  नमुना छनौटमा परेका जिल्ला, गाउं विकास समिति र नगरपालिकाहरु | ३ |
| तालिका २.१. | दलितको जात, उपजात, थर र पेशाहरू | १३ |
| तालिका २.२. | जातजाति र लैङ्गिक जनसङ्ख्या | १७ |
| तालिका २.३ | धर्मको आधारमा नेपालको जनसङ्ख्या | २० |
| तालिका २.४ | जिल्लाहरूमा दलित जनसङ्ख्याको सघनता | २१ |
| तालिका ३.१ | धार्मिक र सामाजिक–सांस्कृतिक क्षेत्रहरूमा विद्यमान जातीय छुवाछूतको सघनता | २४ |
| तालिका ३.२ | सार्वजनिक धारा र पानीपँधेराहरूमा पानी छुन नदिने व्यवहार भोग्न बाध्य दलितहरूको सङ्ख्या | २५ |
| तालिका ३.३ | स्वास्थ्य सेवामा छुवाछूत भोग्न बाध्य दलितहरूको सङ्ख्या | २६ |
| तालिका ३.४ | आर्थिक कामहरू र सार्वजनिक सम्पत्तिहरूमा दलितहरूविरुद्ध हुने जातीय छुवाछूत | २७ |
| तालिका ३.५ | बस्ती वा समुदायहरूमा जातीय छुवाछूत भोग्ने दलित जातहरू | २७ |
| तालिका ३.६ | स्वास्थ्यमा छुवाछूत भोग्न बाध्य दलितहरूका जातहरू | २८ |
| तालिका ३.७ | अन्तरजातीय विवाह हुँदा विभेदमा पर्ने दलित जातहरू | २९ |
| तालिका ३.८ | विभिन्न समुहरूका जातीय विभेदको सघनता बारेका धारणा | ३० |
| तालिका ४.१ | सन् २००६ को विधायिका–संसद्मा लिङ्ग, जातजाति र क्षेत्रगत समुहको प्रतिनिधित्व | ३८ |
| तालिका ४.२ | विधायिका–संसद्मा पहाडी र मधेसी दलितको अनुपात | ३८ |
| तालिका ४.३ | विधायिका–संसद्मा दलित महिला र पुरुषको प्रतिनिधित्व | ३९ |
| तालिका ४.४ | विधायिका–संसद्मा लैङ्गिक र क्षेत्रगत अधारमा प्रतिनिधित्व (सन् १९५० देखि २००० सम्म) | ३९ |
| तालिका ४.५ | विधायिका–संसद्मा दलितको प्रतिनिधित्वको प्रतिशत | ३९ |
| तालिका ४.६ | दलित गैरसरकारी महासंघले सन् २००४ देखि २००६ को अवधिमा दायर गरेका मुद्दाको सङ्ख्या र प्रकार | ४० |
| तालिका ४.७ | दलित गैरसरकारी महासंघले दायर गरेको जातीय | |

| | | |
|---|---|---|
| | विभेदसम्बन्धी मुद्दामा भएको निर्णय | ४१ |
| तालिका ४.८ | विकास क्षेत्र र उल्लङ्घनकर्ताअनुसार दलितअधिकार उल्लङ्घनका घटनाहरू | ४२ |
| तालिका ४.९ | जातीय छुवाछूतको घटनाको प्रकार तथा सङ्ख्या र यसबाट पीडित महिला तथा पुरुषको सङ्ख्या | ४३ |
| तालिका ५.१ | जातजातिको मानव विकास सूचाङ्क | ५६ |
| तालिका ५.२ | गरिबीको सघनता, १९९६ | ५७ |
| तालिका ५.३ | सामान्य प्रति व्यक्ति आय र गरिबीको अनुपात | ५८ |
| तालिका ५.४ | जातजाति र भौगोलिक क्षेत्रका आधारमा परिवारको खेत र पाखा | ६० |
| तालिका ५.५ | दलितको भूमिमा पहुँच | ६० |
| तालिका ५.६ | छनौट गरिएका जिल्लाहरूमा भूमिमा स्वामित्व भएका दलित घरपरिवारको प्रतिशत वितरण | ६१ |
| तालिका ५.७ | दलित घरपरिवारको भूमिमा स्वामित्वका कारणहरूको प्रतिशत वितरण | ६१ |
| तालिका ५.८ | खाद्यान्न समस्या नभएका घरपरिवारको जातिगत प्रतिशत वितरण | ६२ |
| तालिका ५.९ | ज्यालाबाट आयआर्जन गर्ने जातजातिको घरपरिवारको प्रतिशत | ६३ |
| तालिका ५.१० | जातजाति र भौगोलिक क्षेत्रका आधारमा ज्यालाबाट घरपरिवारको औसत वार्षिक आम्दानी | ६३ |
| तालिका ५.११ | ज्यालादारी काममा दलितविरुद्ध हुने विभेद | ६४ |
| तालिका ५.१२ | गैरदलितद्वारा दलितविरुद्ध तथा दलितद्वारा दलितविरुद्ध हुने विभेदको सघनताअनुसार दलितको सङ्ख्या | ६४ |
| तालिका ५.१३ | लैङ्गिक र जातीय आधारमा श्रमविभाजनमा खर्च गर्ने समय | ६६ |
| तालिका ५.१४ | तीनवटा कुरामा कथित तल्लो जातको महिला र पुरुषको कामको तुलना | ६६ |
| तालिका ५.१५ | ज्यालादारीमा भर्ना गरिएका कृषिमजदुरहरूका विशेषताहरू | ६६ |
| तालिका ६.१ | प्रतिनिधि सभामा दलितको उम्मेदवारी र प्रतिनिधित्व | ६९ |
| तालिका ६.२ | विभिन्न समयमा भएका आमनिर्वाचनहरूमा जातजातिका आधारमा प्रतिनिधि सभामा प्रतिनिधित्व | ६९ |

तालिका ६.३ मन्त्रिपरिषद्मा सन् १९५१ देखि २००५ सम्ममा विभिन्न जातजातिको प्रतिनिधित्व ७०

तालिका ६.४ सन् १९९९ मा वैज्ञानिक र पेशागत संघसंस्थाहरूको नेतृत्व तहमा जातीय प्रतिनिधित्व ७०

तालिका ६.५ सन् १९९९ मा नागरिक समाजका संस्थाहरूको नेतृत्व तहमा जातीय प्रतिनिधित्व ७१

तालिका ६.६ सन् १९९९ मा नागरिक समाजका संघसंस्थाहरूको नेतृत्व तहमा जातजातिको प्रतिनिधित्व ७१

तालिका ६.७ सन् १९९९ मा विभन्न परिषद्हरूको नेतृत्व तहमा जातजातिको प्रतिनिधित्व ७१

तालिका ६.८ सन् १९९९ मा औद्योगिक र व्यापारिक प्रतिष्ठानहरूको नेतृत्व तहमा जातजातिको प्रतिनिधित्व ७२

तालिका ६.९ सन् १९९९ मा प्रशासनिक निकायहरूको उच्च नेतृत्व तहमा जातजातिको प्रतिनिधित्व ७२

तालिका ६.१० सन् १९९९ मा जातिगत आधारमा एकीकृत राष्ट्रिय शासन सूचाङ्क ७२

तालिका ६.११ राजनीतिक दलका केन्द्रीय समितिहरूमा जातीय प्रतिनिधित्व ७३

तालिका ६.१२ राजनीतिक दलहरूको जिल्ला समितिमा दलितको प्रतिनिधित्व ७४

तालिका ६.१३ राजनीतिक दलको गा.वि.स. तहको समितिमा दलितको प्रतिनिधित्व ७४

तालिका ६.१४ ने.क.पा. (एमाले) को वडा तहको समितिमा जातजातिको प्रतिनिधित्व ७४

तालिका ६.१५ दुई प्रमुख राजनीतिक दलहरूका गा.वि.स. तहका भातृ वा भगिनी संघसंस्थाहरूमा जातजातिको प्रतिनिधित्व ७५

तालिका ६.१६ स्थानीय निकायको निर्वाचन र दलितको प्रतिनिधित्व ७९

तालिका ६.१७ सन् १९९९ मा विदेशी दातृ संस्थाहरूमा जातीय प्रतिनिधित्व ८०

तालिका ६.१८ राष्ट्रिय योजना आयोगमा राजाको शासन र लोकतान्त्रिक शासनकालमा जातीय आधारमा प्रतिनिधित्वको अवस्था ८०

| | | |
|---|---|---|
| तालिका ६.१९ | सामुदायिक नेतृत्वमा दलितविरुद्ध विभेद | ८१ |
| तालिका ६.२० | निर्वाचनका बेला दलितविरुद्ध विभेद | ८३ |
| तालिका ६.२१ | मतदानको अधिकार प्रयोग गर्दा दलितविरुद्ध गरिने विभेद | ८३ |
| तालिका ७.१ | जातजातिको साक्षरता दर र शिक्षा | ८६ |
| तालिका ७.२ | दलितको जातजाति र लैङ्गिक शैक्षिक प्रतिशत | ८७ |
| तालिका ७.३ | सन् २००४ मा दलित तथा जनजातिको जनसङ्ख्या र भर्ना | ८८ |
| तालिका ७.४ | सन् २००४ मा लैङ्गिक, जनजाति र दलितको कुल भर्ना दर | ८९ |
| तालिका ७.५ | सन् २००४ मा दलित र जनजातिको भर्ना प्रतिशत | ८९ |
| तालिका ७.६ | दलित र जनजाति विद्यार्थीहरूको भर्नाको तुलना | ९० |
| तालिका ७.७ | प्राथमिक र माध्यमिक विद्यालयहरूमा भर्नाको फरक प्रतिशतमा | ९१ |
| तालिका ७.८ | सामुदायिक विद्यालयनजिक बसोबास गरेका दलितहरूको आर्थिक अवस्था | ९२ |
| तालिका ७.९ | सरकारी र निजी क्षेत्रका विद्यालयमा दलितहरूको भर्ना प्रतिशत | ९२ |
| तालिका ७.१० | दलित विद्यार्थीविरुद्ध गैरदलित विद्यार्थीले गर्ने छुवाछूतको व्यवहार | ९५ |
| तालिका ७.११ | दलित विद्यार्थीविरुद्ध जातीय विभेद | ९५ |
| तालिका ७.१२ | सन् १९९९ मा शिक्षक सङ्गठनहरूको नेतृत्वमा जातजातिको प्रतिनिधित्व | ९६ |
| तालिका ७.१३ | गैरदलित शिक्षकले दलित विद्यार्थीहरूविरुद्ध गर्ने जातीय विभेद | ९८ |
| तालिका ७.१४ | विद्यालयमा दलित बिरुद्धका विभेद | ९९ |
| तालिका ७.१५ | प्राज्ञिक, साहित्यिक र कलाकर्मसँग सम्बन्धित संघसंस्थाहरूको नेतृत्वमा दलितको प्रतिनिधित्व | १०३ |
| तालिका ८.१ | दलित महलिाविरुद्ध हुने बहुल विभेद | १०६ |
| तालिका ८.२ | भारतमा यौनकर्मीको पेशामा बेचिएका चेलीहरूको प्रतिशत | १०८ |
| परिशिष्ट–क, | तालिका १, जातजाति र लैङ्गिक जनसङ्ख्या (सन् २००१ को जनगणना) | ११५ |
| परिशिष्ट–क, | तालिका २, जिल्लामा दलितको जनसङ्ख्या वितरण | ११८ |
| परिशिष्ट–क, | तालिका ३, अठार (१८) वटा जातका दलितहरूले भोगेका जातीय छुवाछूत | १२० |
| परिशिष्ट ख, | तालिका–४ अठार (१८) वटा जातका दलितहरूले भोगिरहेको जातीय विभेद | १२५ |

# नक्सा र घटना विवरण


| | | |
|---|---|---|
| नक्सा १. | दलितको जनसंख्याको प्रतिशत | १९ |
| घटना ७.१ | विद्यालय छाडेको | ९० |
| घटना ७.२ | शिक्षकले विभेद गरेको कारणले विद्यालय छाडेका | ९१ |
| घटना ७.३ | डेराबाट निकाला | ९३ |
| घटना ७.४ | शिक्षाबाट वञ्चित मुसहर बालबालिका | ९३ |
| घटना ७.५ | सरकारबाट सहयोगको अभाव | ९४ |
| घटना ७.६ | दलित विद्यार्थीविरुद्ध प्रतिबन्ध | ९७ |
| घटना ७.७ | विद्यालयमा विभेद किन ? | ९७ |
| घटना ७.८ | दलित विद्यार्थीलाई रोक | ९७ |
| घटना ७.९ | दलित छात्रवृत्तिमा भ्रष्टाचार | ९८ |

# प्रतिवेदनको सारसंक्षेप

भारतीय दलित अध्ययन संस्थान, दिल्लीको पहलमा इन्टरनेसनल दलित सोलिड्यारिटी नेटवर्क, कोपनहेगनको सहयोगमा दक्षिण एसियामा जातीय भेदभाव नामक अध्ययन बङ्गलादेश, पाकिस्तान, श्रीलङ्का, भारत र नेपालमा भएको हो । नेपालमा जातीय भेदभावको अध्ययनटोलीले नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, नेपाल र  दलित गैरसरकारी संस्था महासंघ, नेपालसँग आबद्ध भएर गरेको हो । यो अध्ययनको मुख्य उद्देश्य नेपालमा दलितका विरुद्ध हुने गरेको विद्यमान जातीय भेदभावका बारेमा प्रकाशित र अप्रकाशित स्रोतहरूको प्रयोग गरी अध्ययन गर्ने र दलितविरुद्ध हाल भइरहेका जातीय भेदभावको स्थलगत अध्ययन गरी अभिलेखन गर्ने हो। यसको विशेष उद्देश्य नेपालमा दलितहरूको स्थिति र अवस्थाका बारेमा पुनरावलोकन गर्ने र जातीय भेदभाव व्यवहारमा के कति छन्, त्यसका प्रमाणहरू पनि सङ्कलन गर्ने हो। यो अध्ययन अरूले गरिसकेका धेरैजसो प्रकाशित वा अप्रकाशित कृतिहरूमा आधारित छ भने स्थलगत अध्ययन गरेर केही तथ्यतथ्याङ्कहरू थप गरिएको छ। स्थलगत अध्ययन आठ जिल्लाहरूमा सम्पन्न गरिएको थियो। स्थलगत अध्ययन गर्दा लक्षित समुहगत छलफल, अवलोकन, मुख्य उत्तरदातासँग अन्तर्वार्ता, र घटना अध्ययन (केस स्टडी) प्रयोग गरिएको थियो। मस्यौदा प्रतिवेदनलाई काठमाडौंमा भएको राष्ट्रिय परामर्श गोष्ठीमा भएको छलफलमा सहभागीहरूले दिएका सुझाबअनुसार परिमार्जन गरिएको थियो । परिमार्जित मस्यौदालाई काठमाडौंमा भएको दक्षिण एसियाली गोष्ठीमा प्रस्तुत गरी सहभागीहरूले दिएका सुझाबअनुसार अन्तिम रूप दिइएको हो।

## छुवाछूत र जातीय भेदभाव

नेपालमा विद्यमान जातपातको व्यवस्था हजारौं वर्षअघि भारतीय उपमहाद्वीपमा उत्पत्ति भएको थियो। नेपालको पहिलो मूल कानुन वि.सं. १९१० को मुलुकी ऐनले सबै नेपालीहरूलाई चार जातमा बाँडेको थियो, जुन यस प्रकार थियो– १. तागाधारी, २. मतवाली, ३. पानी नचल्ने, छोइछिटो हाल्नु नपर्ने र ४. पानी नचल्ने, छोइछिटो हाल्नुपर्ने। वि.सं. २०२१ मा संशोधन गरिएको नयाँ मुलुकी ऐन जातीय छुवाछूतका बारेमा मौन बसिदिएकोले विगतका जातीय छुवाछूतले निरन्तरता पाएको हो।

दलितका सम्बन्धमा आपत्तिजनक र हेपाहालगायतका शब्दहरू प्रयोग भएको पाइन्छ। राष्ट्रिय दलित आयोगका अनुसार राष्ट्रिय दलित आयोग प्रस्तावित विधेयक, २०५९ को पृष्ठ २ मा उल्लेख भएअनुसार "दलित समुदाय" भन्नाले जातीय भेदभाव र छुवाछूतको मारमा परी सामाजिक, आर्थिक, शैक्षिक र राजनीतिक एवं धार्मिक क्षेत्रमा समाजको सबैभन्दा पछाडि पारिएको र मानवीय सम्मान एवं सामाजिक न्याय पाउन नसकेको अनुसूची १ मा उल्लेखित जात—समुदायलाई जनाउनेछ ।" "जातीय छुवाछूत" भन्नाले नेपाली समाजमा अछूत जात, छोइछिटो हाल्नुपर्ने, छुन नहुने जात भनी भेदभाव गर्ने गरिएको समुदाय वा नयाँ मुलुकी

ऐनमा अछूत जात भनी किटान गरिएको समुदायलाई कुनै पनि प्रकारको भेदभावपूर्ण दृष्टिले गरिएको व्यवहारलाई जातीय छुवाछूत जनाउनेछ।" दलित भनेको जातीय छुवाछूतलगायतका भेदभावहरूको विशेषताले युक्त अवस्था मात्र हो। त्यसैले यो शब्द जहिलेसम्म जातीय भेदभाव रहन्छ तबसम्म प्रयोगमा रहन्छ। यो अवस्था हट्यो भने यो शब्दको प्रयोग पनि स्वतः हटेर जानेछ।

राष्ट्रिय दलित आयोगले पहाडका पाँच र मधेसका सत्र दलित जातहरूको पहिचान गरेको छ। दलितका जातहरूमा सबैभन्दा कम थरहरू कोरी जातीय समुदायको र सबैभन्दा धेरै थरहरू दमाई जातीय समुदायका छन्। दलित र गैरदलित तथा दलित–दलितबीच हुने जातीय भेदभावमध्ये दलितबीच हुने भेदभाव बढी जटिल छ। दलित–आन्दोलनकर्मीहरू दलितहरूको जनसंख्या नेपालको कुल जनसंख्याको एकचौथाइ रहेको दाबी गर्छन् तर सन् २००१ को जनगणनाअनुसार दलितहरूको जनसंख्या १४.९ प्रतिशत मात्र छ। एक लाखभन्दा बढी जनसंख्या भएका पाँच दलित जातीय समुदायहरू पहाडका कामी र दमाई तथा तराईका चमार/हरिजन/राम, मुसहर, दुसाध/पासवान/पासी हुन्। जनगणनाअनुसार कामी नेपालका पचहत्तरै जिल्लामा बसोबास गर्ने एक मात्र दलित जातीय समुदाय हो। नेपालको कुल हिन्दू जनसंख्या १८३,३०१,२१२ मध्ये दलितको जनसंख्या २,७६९,५९६ छ।

## सामाजिक–सांस्कृतिक क्षेत्रमा दलितविरूद्ध हुने छुवाछूत तथा विभेदका प्रकृति र सघनता

एक्सन एड, नेपालले स्थलगत एक अध्ययनमा ८ नमुना क्षेत्रहरूमा २०५ प्रकारका जातीय विभेदहरू पहिचान गरेको छ। यसमा ५४ निषेधमध्ये १० प्रवेशसम्बन्धी, १४ सेवासम्बन्धी, ६ स्रोत र साधनहरूमा पहुँचमा निषेधलगायत १० नातासम्बन्ध र १४ सहभागितामा निषेधसम्बन्धी रहेका छन्। यस्तै गरेर २०५ विभेदमध्ये ९ बाध्यात्मक श्रम, २० प्रभुत्व, ३ सामाजिक वहिष्कार र १८ धारणागत जातीय भेदभावसम्बन्धी रहेका छन्। २०५ विभेदहरूमध्ये ८१ विभिन्न क्षेत्रमा हुने विभेद रहेका छन्। तीमध्ये १८ पेशागत, ११ शैक्षिक, १० राजनीतिक अधिकार, १४ सरकारी नीति तथा कार्यक्रम, ७ सरकारी तथा गैरसरकारी कार्यालयहरूमा, १३ विकासे कार्यक्रम तथा दातृ संस्थाहरू र ८ धार्मिक–सांस्कृतिक क्रियाकलापहरूसँग सम्बन्धित रहेका छन्।

जातीय छुवाछूत तथा भेदभाव गैरदलितले दलितका विरुद्ध र कथित माथिल्लो जातका दलितले कथित तल्ला जातका दलितका विरुद्ध प्रयोग गर्दछन्। यो अध्ययनका लागि गरिएको स्थलगत अध्ययनले देखाएको तथ्याङ्कअनुसार धार्मिक र सांस्कृतिक क्षेत्रमा खास गरेर दलित तथा गैरदलित र कथित माथिल्लो तथा तल्लो जातका दलितबीच हुने वैवाहिक सम्बन्ध, मन्दिर प्रवेश, चाडपर्व र बिहेमा हुने भोजभतेरहरूमा प्रवेश वा सहभागितामा निषेधसम्बन्धी भेदभाव तथा छुवाछूत रहेका छन्। अध्ययनले समेटेका १८ मध्ये १७ दलित जातका उत्तरदाताहरूले गैरदलितले धारा, कुवा आदिबाट भरेको पानी दलितले छोएमा छोइएको पानी अझैसम्म पनि खन्याउने गरेको बताए। १८ मध्ये १४ दलित जातका उत्तरदाताहरूले दलितसँग हुने अन्तरजातीय विवाह कथित माथिल्ला जातकाले स्वीकार नगर्ने र बिहेको भोजभतेरमा दलितहरूलाई छुट्टै बस्न

लगाएर अपमानित गर्ने बताए। १८ मध्ये ७ जति दलित जातका उत्तरदाताहरूले मन्दिरहरूमा प्रवेश नदिने वा पूजा गर्न र प्रसाद चढाउन नपाउनेजस्ता विभेदहरू हुने गरेको बताए। स्वास्थ्य क्षेत्रमा जातीय छुवाछूत र भेदभाव न्यूनीकरण भएको तर निमिट्यान्न भने भइनसकेको अवस्था छ। १८ दलित जातमध्ये ११ दलित जातका उत्तरदाताहरूले दूध बेच्दा नकिनिदिने समस्या रहेको बताए। १८ मध्ये ७ दलित जातका उत्तरदाताहरूले कथित माथिल्लो जातका दलित केटाहरूले कथित तल्लो जातका दलित केटीलाई विवाह गरे केटाको बाबुआमा र नातेदारहरूले हेप्ने गरेको बताए।

## राज्य, जात र मानवअधिकार

अन्तरिम संविधानमा दलितका केही सवालहरूलाई सम्बोधन गरिएको छ भने धेरैजसो सवालहरूलाई भने विगतका संविधानहरूमा झैं बेवास्ता गरिएको छ। अन्तरिम संविधानमा भएका केही सकारात्मक प्रावधानहरूलाई पनि प्रभावकारी रूपमा ऐन–कानुन तथा नियमहरूमा समेट्न सकेको छैन। नेपालले धेरैजसो अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजहरूलाई सम्मिलन वा अनुमोदन गरिसकेको भए पनि त्यसको कार्यान्वयन भने अत्यन्त फितलो छ। जनआन्दोलन भाग एकदेखि राजाले संसद् विघटन गरी कार्यकारिणी अधिकार आ  नो हातमा खोसेर लिँदा सम्म (सन् १९९० देखि २००२ सम्म) अर्थात् १२ वर्षको दौरानमा संसद्मा एउटा पनि दलितसम्बन्धी विधेयक दर्ता र पारित भएन। सरकार पटकपटक फेरिए तर दलितविरुद्ध भएका जातीय छुवाछूत र विभेदका विरुद्ध ठोस पहलकदमी कसैले गरेन। दलितआन्दोलनले राज्यका सबै तहहरूमा समानुपातिक प्रतिनिधित्वको माग राखे पनि संसद्मा दलितको प्रतिनिधित्व ४.५ प्रतिशत मात्र रहेको थियो। ५८ वटा कानुनहरूमा छुवाछूत र भेदभावकारी प्रावधानहरू रहेको तथ्य दलितअध्येताहरूको अध्ययनले देखाएको छ।

दलित मानवअधिकार संगठनले प्रहरी प्रशासनमा सन् २००५ मा लिएका जातीय छुवाछूतसम्बन्धी मुद्दाहरूको प्रवृत्तिको अध्ययन गर्न नमुना सर्वेक्षण गरेको थियो। उक्त सर्वेक्षणले देखाएअनुसार ४६ प्रतिशत उत्तरदाताहरूलाई जातीय छुवाछूतसम्बन्धी कानुनी प्रावधानहरूका बारेमा जानकारी नभएको, ४८ प्रतिशत उत्तरदाताहरूले जातीय छुवाछूतका मुद्दामा कानुन कार्यान्वयन गर्ने जिम्मेवार पदाधिकारीहरूको पूर्वाग्रहको कारणले बेवास्ता हुने गरेको, ७४ प्रतिशत उत्तरदाताहरूलाई न्याय पाउन कहाँ जाने र के गर्ने भन्ने प्रक्रियाका सम्बन्धमा जानकारी नभएको, र ४.३ प्रतिशत उत्तरदाताहरू मात्र प्रहरी प्रशासनमा जाने गरेको तथ्य पत्ता लगाएको थियो। पूर्वी नेपालका एकतिहाइ र पश्चिम नेपालका १४.३ प्रतिशत उत्तरदाताहरूले प्रहरीबाट पहिलो जानकारी प्रतिवेदन प्राप्त गर्न पहल गरेको पाइएको थियो।

राज्य, सरकार, अन्तर्राष्ट्रिय दातृ संस्थाहरू र नागरिक समाजले गरेका प्रयासहरू जातीय छुवाछूतलगायतका जातीय भेदभावहरू अन्त्य गर्नका लागि अपर्याप्त छन्। दलित संघसंस्थाहरूले दलितहरूको मानवअधिकारको सुरक्षा, संरक्षण र सम्बर्द्धन गर्न सक्दो प्रयास गरेको पाइन्छ।

## दलित र अन्य जातजातिको तुलनात्मक आर्थिक तथा सामाजिक अवस्था

सबै तथ्य–तथ्याङ्कहरूले गैरदलितका तुलनामा दलितहरूको आर्थिक तथा सामाजिक अवस्था अत्यन्त निम्न स्तरको रहेको देखाउँछ। दलित पुरुषको तुलनामा दलित महिलाको र पहाडे दलितको तुलनामा मधेसी दलितको आर्थिक र सामाजिक अवस्था झन् खराब देखिन्छ। दलितहरूमध्ये कामी, दमाई र सार्कीको आर्थिक र सामाजिक अवस्था राम्रो देखिन्छ तर ६५ देखि ६८ प्रतिशत कामी, दमाई र सार्कीहरू गरिबीको रेखामुनि जीवनयापन गर्दछन्। सन् २००३–०४ को नेपाल जीवनस्तर सर्वेक्षणअनुसार सबैभन्दा बढी गरिबी दर ४९.२ प्रतिशत मधेसी दलितहरूमा छ भने यस्तो दर पहाडी दलितहरूको हकमा ४४.९ प्रतिशत छ। दलितहरूमा निरक्षरता व्यापक छ र उच्च शिक्षा केही सीमित दलितहरूको पहुँचमा छ। भूमिहीनहरूमध्ये दलितहरूको संख्या धेरै छ। मधेसी दलितहरूमध्ये ८५ देखि ९० प्रतिशत भूमिहीन छन्। मुसहरमध्ये जग्गाजमिन हुनेको संख्या ३ देखि ५ प्रतिशत मात्र छ। ४४.२ प्रतिशत गन्धर्व, ४१.२ प्रतिशत दुसाध र ३३.३ प्रतिशत धोवी भूमिहीन छन्। राष्ट्रिय दलित आयोगले ६ जिल्लामा गरेको एक सर्वेक्षणअनुसार ७४.१४ प्रतिशत दलितका घरपरिवार भूमिहीन छन्। ऐलानी जग्गामा बस्ने दलितहरूको संख्या कैलाली जिल्लामा सबैभन्दा बढी ५०.०३ प्रतिशत र महोत्तरी जिल्लामा सबैभन्दा कम १९.३६ रहेको छ। सिञ्चाइ हुने जग्गा र पाखो जग्गा दलितकै सबैभन्दा कम छ जुन क्रमशः २.०५ र ४.७६ प्रतिशत छ।

बहुसंख्यक दलितहरूलाई खाद्यान्न अभाव छ। हिमाली क्षेत्रमा ८९.६६ प्रतिशत, पहाडमा ५६.७३ प्रतिशत र तराईमा ५३.६१ प्रतिशत दलितहरूमा यस्तो समस्या छ। यो अध्ययनका लागि गरिएको स्थलगत अध्ययनका बेला १८ मध्ये ८ दलित जातिका उत्तरदाताहरूले गैरदलितले दलित कामदारलाई कम ज्याला दिएर शोषण गरेको बताए। उत्तिकै संख्यामा दलित महिलाहरूले कृषि क्षेत्रमा काम गर्दा कम ज्याला पाउने गरेको बताए। १८ मध्ये ४ दलित जातिका उत्तरदाताहरूले बताएअनुसार गैरदलितहरूले दलितलाई गह्रुङ्गो र फोहोरी काम गर्न लगाउने गरेको बताए। श्रमको विभाजनमा दलित महिलाहरूविरुद्ध भेदभाव कायम छ। दलित महिलाहरूले दलित पुरुषको दाँजोमा मात्र नभएर गैरदलित महिलाहरूको दाँजोमा पनि खेतिपाती, घरायसी र प्रजननसम्बन्धी कामहरूमा समय बढी खर्च गर्दछन्। दलित महिलाहरूलाई श्रम–बजारमा मात्र नभएर उपभोक्ता बजारलगायत सामुहिक स्रोत र साधनहरूको पहुँचमा समेत भेदभाव कायम छ।

## राजनीतिक क्षेत्रमा भेदभाव

प्रतिनिधिसभाका लागि सन् १९९४ देखि १९९९ सम्म भएका निर्वाचनहरूमा सन् १९९१ मा प्रतिनिधित्व भएको एकजना दलित सांसदको अपवादबाहेक एकजना पनि दलित सांसदको प्रतिनिधित्व रहेन। व्यवस्थापिकामा न्यून रहेको दलितको प्रतिनिधित्व कार्यपालिकामा त्यसभन्दा राम्रो छैन। वैज्ञानिक र पेशागत संघ–संस्थाहरू, नागरिक समाज, मानवअधिकार संस्थाहरू,

सञ्चार, परिषद्, उद्योग–वाणिज्यसम्बन्धी संस्थाहरू र जिल्ला प्रशासनमा दलितहरूको प्रतिनिधित्व शून्य रहेको छ। राजनीतिक दलहरू र यसका केन्द्रीय समितिहरूमा दलितको उपस्थिति अदृश्य छ।

एकीकृत शासकीय सूचाङ्कमा दलितहरू अदृश्य छन्। न्याय क्षेत्र, संवैधानिक निकायहरू, मन्त्रिपरिषद्, सार्वजनिक प्रशासन, विधायिका–संसद्, राजनीतिक दलहरू, जिल्ला विकास समितिको सभापति, नगरपालिका, उद्योग–वाणिज्य, शिक्षा, संस्कृति, विज्ञान तथा प्रविधि, नागरिक समाजका १ हजार ११ नेतृत्व तहका पदहरूमा ०.३ प्रतिशत मात्रै दलितहरू छन्। राजनीतिक दलहरूका गाउँ तहका शाखाहरूमा दलितहरूको प्रतिनिधित्व ३.२ प्रतिशत मात्र छ।

स्थानीय स्वायत्त शासन ऐन, १९९९ को प्रारम्भमै दलितको सहभागिता बढाउने प्रतिबद्धता छ। सन् १९९७ को निर्वाचनका बेला ७३५ गा.वि.स अध्यक्षहरूमध्ये दलितहरूको प्रतिनिधित्व १.६३ प्रतिशत, ११६ नगरपालिकाको मेयर तथा उपमेयर र ८२३ जि.वि.स. सदस्यहरूमध्ये दलितको प्रतिनिधित्व शून्य रह्यो।

## शिक्षामा विभेद

दलितको साक्षरता प्रतिशत सन् १९९१ को जनगणनाअनुसार १७ प्रतिशत थियो भने सन् २००१ को जनगणनाअनुसार ३३.८ प्रतिशत थियो। प्रवेशिका (एस.एल.सी.) वा सोभन्दा माथिको राष्ट्रिय औसत १७.३ प्रतिशत छ तर दलितको औसत भने ३.८ प्रतिशत मात्र छ। स्नातक वा सोभन्दा माथिको राष्ट्रिय औसत ३.०४ प्रतिशत छ तर दलितको औसत भने ०.४ प्रतिशत मात्र छ। दलित बालबालिकाहरूको कम भर्ना र विद्यालय छाड्ने कारणहरूमा जातीय भेदभाव तथा पूर्वाग्रह र सामाजिक–आर्थिक समस्याहरू मुख्य छन्। यस अध्ययनका लागि भएको स्थलगत अध्ययनका बेला १८ मध्ये ३ दलित जातिका उत्तरदाताहरूले बताएअनुसार गैरदलित विद्यार्थीहरू दलित विद्यार्थीसँग सँगै बसेर खान मान्दैनन्। त्यस्तै गरी १८ मध्ये ४ दलित जातिका उत्तरदाताहरूले बताएअनुसार गैरदलित विद्यार्थीहरूले दलित विद्यार्थीहरूको शरीर, पानी र खाना छुँदैनन्। १८ मध्ये ६ दलित जातिका उत्तरदाताहरूले बताएअनुसार कक्षाकोठामा शिक्षकहरूले दलित विद्यार्थीहरूलाई हेप्ने, अपमानजनक शब्द, उखान–टुक्का आदि प्रयोग गर्ने गर्दछन्। केही शिक्षकहरूले दलित विद्यार्थीहरूलाई कक्षामा छुट्टै बेन्चमा बस्न लागाउने, शैक्षिक सामग्रीहरू चलाउन नदिने, अतिरिक्त क्रियाकलापहरूमा भाग लिन नदिने आदि गर्दछन्। दलित शिक्षकहरूलाई गैरदलितहरूले सम्मान पनि गर्दैनन्।

## बँधुवा मजदुरी

ह्युमन राइट्स वाचलाई उद्धृत गर्दै मानवअधिकार तथा विश्व न्याय केन्द्रले उल्लेख गरेअनुसार नेपालजस्तो कृषिप्रधान देशमा दलितहरूलाई भूमिमाथिको स्वामित्व दिन इन्कार

गरेको कारणले धेरै दलितहरू या त सुकुम्बासी या बँधुवा मजदुर छन्। हलिया प्रथा कायम रहनुको पछाडि श्रमविभाजन र ऋण तिर्न नसक्नु प्रमुख छन्। रबर्टसन र मिश्रले हलियालगायतका बँधुवा मजदुरी रहनुका कारणहरू सामन्ती परम्परा, बिर्ता, जागिर, रकम, जमिन्दारी प्रथा, भूमिसुधारको असफलता, सीमान्तीकरण, भूमिहीनता, ऋण र विभेद आदि उल्लेख गरेका छन्।

## दलित महिला विरूद्ध हुने बहुल विभेद

पुरुषहरूबाट दलित महिलाहरूविरुद्ध लैङ्गिक विभेद हुने गरेको छ। दलित महिलाहरूको जमिन, घर, गरगहना र नगदजस्ता स्रोतहरूमा पहुँच र नियन्त्रण छैन। दलित महिलाहरू घरेलु हिंसा, बलात्कार, बोलीजन्य दुर्व्यवहारलगायत महिलाविरुद्धका भौतिक र मानसिक हिंसाका सिकार हुने गरेका छन्। पहाडी दलित महिलाको तुलनामा मधेसी दलित महिलाविरुद्ध हुने लैङ्गिक भेदभाव झनै चर्को छ। मीन विश्वकर्माले दलित महिला र गैरदलित पुरुष तथा दलित महिला र दलित पुरुषबीच हुने अन्तरजातीय विवाहका समस्या उल्लेख गर्नुभएको छ। दलित महिलाहरूले भोग्नुपरेका समस्याहरूमध्ये दहेज, पर्दा प्रथा, घरेलु हिंसा र आत्महत्या आदि छन्। मधेसी दलितहरूविरुद्ध भाषिक विभेद पनि छ। गैरहिन्दू धर्मावलम्बीहरूमा पनि जातीय विभेद छ। तर यसको मात्रा भने सापेक्ष रूपमा कम छ।

## निष्कर्ष

गहन अध्ययनका लागि प्राथमिकताका सवालहरू जमिनमाथिको अधिकार, आवास, समानुपातिक प्रतिनिधित्व र विशेष अधिकार आदि पहिचान गरिएको छ। जातीय छुवाछूत र भेदभावलाई प्रभावकारी रूपमा अन्त्य गर्नका लागि राज्य, सरकार, राजनीतिक दल, सञ्चार, नागरिक समाज, दलितअन्दोलन, अन्तर्राष्ट्रिय सहयोगहरू खास गरेर संयुक्त राष्ट्रसंघ, बहुपक्षीय र द्विपक्षीय दातृ संस्थाहरू, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू र जनवकालत गर्ने संस्थाहरूलगायतका सबै सरकोरवालाहरूले सहकार्य गरेर एकीकृत प्रयास गर्न आवश्यक छ।

# अध्याय - १

# परिचय

## नेपालको सन्दर्भ

सन् २००१ को जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्या दुई करोड तेइस लाखमध्ये दलितको जनसङ्ख्या पन्ध्र प्रतिशतजति मात्र देखाइएको छ जुन दलित बुद्धिजीवीहरू र आन्दोलनकर्मीहरूले यथार्थ नभएको बताएका छन् (हेर्नुहोस्, परिशिष्ट क, तालिका १ र २) । नेपालका जातजातिहरूमध्ये दलितहरूमाथि कथित माथिल्ला जातकाहरूद्वारा अत्यन्त अमानवीय जातीय छुवाछूतलगायतका विभेदहरू हुने गरेको छ। नेपालमा दलितहरू सबैभन्दा कम अध्ययन गरिएका जातीय समुहहरू हुन् । नेपालका अध्येताहरूमध्ये दलितका बारेमा अध्ययन–अनुसन्धान गर्नेमा डिल्लीराम दाहाल, विद्यानाथ कोइराला, खगेन्द्रनाथ शर्मा, ज्ञानु क्षेत्री, हरिवंश झा, जस्मीन राजभण्डारी, गीता कार्की, योगेन्द्रबहादुर गुरुङ र कृष्ण भट्टचनलगायतकाले उल्लेखनीय काम गरेका छन् । दलितअध्येताहरूमध्ये हीरा विश्वकर्मा, चक्रमान विश्वकर्मा, यमबहादुर किसान, मीन विश्वकर्मा, लुमासिंह विश्वकर्मा, रत्नबहादुर वागचन्द, टेक ताम्राकार, सुवास रिसाल, पूर्ण नेपाली, कमला हेमचुरी, रञ्जु ठाकुर, दुर्गा सोब, अम्बिका गजमेर र पवित्रा सुनारलगायतकाले योगदान दिएका छन् । विदेशी अध्येताहरूमध्ये ए. डब्लु. म्याकडोनाल्ड, क्यारोल टिङ्गे, मेरी क्यामरनलगायतकाले योगदान दिएका छन् । अहिलेसम्म स्वदेश र विदेशका गैरदलित र दलितअध्येताहरूद्वारा जातीय छुवाछूत र विभेदका व्यावहारिक अवस्थाका बारेमा गहन अध्ययन–अनुसन्धान चाहिनेजति हुनसकेको छैन। एक्सन एड, नेपालले नेपालमा जातीय छुवाछूतको विद्यमान अवस्थाका बारेमा चार गा.वि.स. र चार नगरपालिका क्षेत्रहरूमा स्थलगत अध्ययन गरी प्रतिवेदनलाई पुस्तकका रूपमा सन् २००३ मा प्रकाशन गरेको थियो । यस अध्ययनले दलितहरूविरुद्ध विद्यमान २०५ किसिमका जातीय भेदभाव रहेको देखाएको छ तर राष्ट्रिय दलित आयोगले पहिचान गरेका २२ दलित जातीय समुदायका दलितहरूमा के कस्ता र कति हदसम्म जातीय छुवाछूतलगायतका जातीय भेदभावहरू विद्यमान छ भन्नेबारेमा भने अध्ययन गर्न अत्यावश्यक छ। वास्तवमा जातीय छुवाछूत मानवताविरुद्धको जघन्य अपराध हो भने मानवअधिकारको ठाडो उल्लङ्घन पनि हो । जातीय छुवाछूतको व्यवहारले मानव मर्यादा, लोकतन्त्र, समानता, समावेशी र सामाजिक न्यायको उपहास गरेको छ।

## अध्ययनको उद्देश्य

यसको सामान्य उद्देश्य प्रकाशित र अप्रकाशित विभिन्न स्रोतहरू प्रयोग गरेर दलितहरूको स्थिति वा अवस्थाको पुनरावलोकन गर्ने र विभिन्न दलितका विभिन्न जातीय समुदायका विरुद्ध भएका विद्यमान जातीय भेदभावलाई अभिलेखीकरण गर्ने हो ।

**यस अध्ययनका विशिष्ट उद्देश्यहरु यस प्रकार छन् :**

१. दलितहरूको हैसियत र अवस्थाका बारेमा पुनरावलोकन गर्ने।

   १.१. प्रकाशित र अप्रकाशित स्रोतहरूको आधारमा विद्यमान जातीय छुवाछूतलगायतका जातीय भेदभावको रूप, प्रकृति र सघनताका बारेमा संक्षेपमा पुनरावलोकन गर्ने।

   १.२. प्रकाशित र अप्रकाशित स्रोतहरूको आधारमा दलितहरूको सामाजिक, सांस्कृतिक, धार्मिक, राजनीतिक र आर्थिक अवस्थाहरूका बारेमा संक्षेपमा पुनरावलोकन गर्ने।

२. जातीय छुवाछूत लगायतका जातीय भेदभावका बारेमा स्थलगत अध्ययन गर्ने।

   २.१. राष्ट्रिय दलित आयोगले पहिचान गरेका २२ दलित जातहरूमा विद्यमान जातीय छुवाछूतलगायतका जातीय भेदभावको रूप, प्रकृति र सघनता पहिचान गर्ने।

   २.२. दलित महिला, पुरुष र बालबालिकाहरूमा विद्यमान जातीय छुवाछूतलगायतका जातीय भेदभावका प्रभावहरू हेर्ने।

## अध्ययन विधि

यो अध्ययन गुणात्मक र सङ्ख्यात्मक तथ्याङ्कमा आधारित छ र एकले अर्कोलाई बुझ्न सघाउँछ। अध्ययन टोलीलाई भारतीय दलित अध्ययन संस्थानबाट आवश्यक सहयोग, परामर्श, सुझाब आदि प्राप्त भएको थियो।

## तथ्य–तथ्याङ्कका स्रोतहरु

यो अध्ययन उपलब्ध प्रकाशित र अप्रकाशित स्रोतहरूमा आधारित छ र प्रारम्भिक स्रोतहरूबाट प्राप्त तथ्य–तथ्याङ्क पनि सङ्कलन गरिएको छ।

## प्रकाशित र अप्रकाशित स्रोतहरु

दलित सवालमा प्रशस्त पुस्तक र लेख–रचना, प्रतिवेदन, कार्यपत्र आदि प्रकाशित छन् र कतिपय लेख–रचनाहरू अप्रकाशित पनि छन् (हेर्नुहोस्, सन्दर्भग्रन्थसूची)। स्वदेशी तथा विदेशी र स्वदेशीमध्ये पनि दलित र गैरदलितहरूले लेखेका खस नेपाली र अंग्रेजी भाषामा प्रकाशित कृतिहरू प्रशस्तै छन्। यो अध्ययनमा प्रशस्त उपयोग गरिएका स्रोतहरू यस प्रकार छन् :

- नेपाल र विदेशबाट खस नेपाली र अंग्रेजी भाषामा प्रकाशित पुस्तकहरू
- राष्ट्रिय र अन्तर्राष्ट्रिय जर्नलहरूमा खस नेपाली र अंग्रेजी भाषामा प्रकाशित लेखहरू
- सरकारी दस्तावेज, प्रकाशन र प्रतिवेदनहरू
- दलित र गैरदलितका संघ–संस्थाहरू, द्विपक्षीय तथा बहुपक्षीय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलगायतका दातृ निकायहरूका प्रकाशन र प्रतिवेदनहरू
- गोष्ठी, कार्यशाला गोष्ठी र अन्तर्क्रिया कार्यक्रमहरूमा प्रस्तुत कार्यपत्रहरू
- विद्यावारिधी र स्नातकोत्तर उपाधिका लागि तयार भएका शोधपत्रहरू

- सञ्चार र वैकल्पिक सञ्चारमाध्यमहरूमा प्रवाहित समाचार तथा लेख–रचनाहरू

**प्रारम्भिक स्रोतहरु**

प्रकाशित तथा अप्रकाशित स्रोतहरूबाट सङ्कलित तथ्य–तथ्याङ्कलाई सघाउ पुऱ्याउने गरी स्थलगत अध्ययनबाट केही तथ्य र तथ्याङ्कहरू सङ्कलन गरिएको थियो।

**नमुना**

स्थलगत अध्ययनका लागि नमुना जिल्लाहरूको छनौट दलित संघ–संस्थाहरूका प्रतिनिधिहरूसँग सरसल्लाह गरी तय गरिएको थियो। छनौट गरिएको जिल्लामा नगर वा गाउँको नमुना छनौट सम्बन्धित जिल्लाका दलितका संघ–संस्थाका प्रतिनिधिहरूसँग सरसल्लाह गरी तय गरिएको थियो (तालिका १.१) । गाउँमा दलित र गैरदलितको मिश्रित बस्तीहरू छनौट गरिएको थियो । सिराहा र सप्तरी जिल्लाहरूमा हिंसा र प्रतिहिंसाका घटनाहरू सघन हुँदै गएकाले यी दुई जिल्लामा स्थलगत अध्ययन रद्द गरिएको थियो । २२ दलित जातहरूमध्ये सरभङ्ग र सरवरिया एउटै जात भएको पाइयो र सरभङ्ग शब्द अपमानजनक रूपमा प्रयोग हुने गरेको पाइयो। ककहिया जात कहाँ बसोबास गर्छन् भन्ने जानकारी दलित संघ–संस्था, अध्येता र बुद्धिजीवीहरूसँग सरसल्लाह गर्दा पनि पत्ता लाग्न सकेन। स्थलगत अध्ययनको अन्ततिर तराईमा बिग्रँदो राजनीतिक अवस्थाले गर्दा कोरी जातको स्थलगत अध्ययन छुट्न गयो। यसरी २२ दलित जातमध्ये १८ दलित जात स्थलगत अध्ययनमा समेटिएको थियो।

तालिका १.१ पहाडी र मधेसी दलित बहुल जिल्लाहरु र स्थलगत अध्ययनका लागि नमुना छनौटमा परेका जिल्ला, गाउं विकास समिति र नगरपालिकाहरु

| क्र. सं. | जात | बहुल जनसङ्ख्या भएका जिल्लाहरू | नमुना | | |
|---|---|---|---|---|---|
| | | | जिल्ला | गाउं विकास समिति | नगरपालिका |
| **पहाडी दलित** | | | | | |
| १. | गन्धर्व/गाइने | कास्की, गुल्मी, अर्घाखाँची, सल्यान | कास्की | – | पोखरा उपमहानगरपालिका |
| २. | परियार/दमाई | अछाम, कैलाली, कास्की, झापा, दाङ, सुर्खेत | डडेलधुरा | – | अमरगढी उपमहानगरपालिका |
| ३. | वादी | सुर्खेत, बर्दिया, दाङ, जाजरकोट, कैलाली, बाँके | बाँके | – | नेपालगञ्ज उपमहानगरपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | विश्वकर्मा/ कामी | बाजुरा, दार्चुला, बझाङ, मुगु, जुम्ला, मुस्ताङ, अछाम, दैलेख, जाजरकोट, डोटी, रुकुम, बैतडी, रोल्पा, सल्यान, र डडेलधुरा | डडेलधुरा | मणिलेख | – |
| ५. | सार्की | गोर्खा, धादिङ, कास्की, बाग्लुङ, | कास्की | कास्कीकोट | – |
| **मधेसी दलित** | | | | | |
| ६. | खटिक | सप्तरी | बाँके | शमशेरगञ्ज | – |
| ७. | खत्वे | सप्तरी, धनुषा, महोत्तरी | मोरङ | हात्तीमुढा | – |
| ८. | चमार | सिराहा, रुपन्देही, धनुषा, पर्सा, बारा, नवलपरासी, रौतहट, कपिलवस्तु | महोत्तरी | सिमरदही | – |
| ९. | चिडिमार | कपिलवस्तु, झापा | बाँके | शमशेरगञ्ज | – |
| १०. | डोम | सप्तरी, सिराहा | पर्सा | जानकीटोल | – |
| ११. | तत्मा | धनुषा रौतहट, सिराहा | मोरङ | बुधनगर | – |
| १२. | दुसाध (पासवान) | सर्लाही, सिराहा, धनुषा, बारा, रौतहट | महोत्तरी | पिपरा | – |
| १३. | धोवी | सप्तरी, रौतहट, रुपन्देही, कपिलवस्तु | मोरङ | बुधनगर | – |
| १४. | पत्थरकट्टा | बाँके, नवलपरासी | बाँके | इन्द्रपुर | – |
| १५. | पासी (पासवान) | सिराहा, सप्तरी | बाँके | पारसपुर | – |
| १६. | बाँतर | मोरङ, सप्तरी, सुनसरी, महोत्तरी | सुनसरी | तनवुना | – |
| १७. | मुसहर | सिराहा, सप्तरी, मोरङ, सुनसरी, धनुषा | महोत्तरी | सिमरदही | – |
| १८. | मेस्तर/ हलखोर | पर्सा, धनुषा, रौतहट | पर्सा | – | विरगञ्ज उपमहानगरपालिका |
| १९. | सरभङ्ग/ सरबरिया | सप्तरी | पर्सा | – | विरगञ्ज उपमहानगरपालिका |
| २०. | कलवार | सिराहा, सप्तरी | तराईमा उत्पन्न मधेसी आन्दोलनको कारणले स्थलगत अध्ययन गर्न सम्भव नभएकोले स्थलगत अध्ययनकार्य छुटेको | | |
| २१. | कोरी (कोइरी) | सिराहा, सप्तरी, सुनसरी | | | |
| २२. | ककहिया | कपिलवस्तु | पत्ता नलागेको | | |

## तथ्याङ्क सङ्कलनका साधनहरु

**स्थलगत अध्ययन :** जातीय छुवाछूत र विभेदका बारेमा स्थलगत अध्ययनकार्य सन् २००६ को

नोभेम्बरदेखि डिसेम्बर महिनाहरूमा गरिएको थियो। स्थलगत अध्ययनकार्यमा अध्ययन टोलीका संयोजक, दुईजना सदस्यहरू, स्थलगत अध्ययन सहयोगी र स्थानीय अनुसन्धान सहायकहरू संलग्न थिए। स्थलगत अध्ययनकार्य २४ दिनको समयावधिमा सम्पन्न भएको थियो। केन्द्रित समुहगत छलफल, अवलोकन विधि, केस स्टडी र मुख्य उत्तरदाताहरूसँग अन्तर्वार्ता गरी तथ्य–तथाङ्कहरू सङ्कलन गरिएको थियो। जातीय छुवाछूतका बारेमा सम्बन्धित दलितहरूकै अनुभवलाई प्राथमिकता दिइएको थियो र छुवाछूत हो कि होइन भन्नेबारे निर्क्योल गर्ने काम पनि दलित उत्तरदाताहरूबाटै भएको थियो।

**समुहगत छलफल :** जातीय छुवाछूत र विभेदका बारेमा तथ्य–तथ्याङ्क सङ्कलन गर्न प्रत्येक गा.वि.स. वा नगरपालिकामा निम्न ३ वटा समुहगत छलफल गरिएको थियो :

- दलित महिला, पुरुष, गैरसरकारी संस्थाका कार्यकर्ताहरू र हालसाल जातीय छुवाछूत र विभेदबाट पीडित भएकाहरू १
- स्थानीय गैरदलितहरू र राजनीतिक नेताहरू १
- जिल्लामा कार्यरत गैरसरकारी संस्था र दातृ निकायका प्रतिनिधिहरू १

**अवलोकन :** जातीय छुवाछूत भएको, नभएको र भएको वा भएको होइन भनेर छुट्याउन गाह्रा घटनाहरू पनि सम्भव भएसम्म अवलोकन गरिएको थियो।

**मुख्य उत्तरदाताहरुसँग अन्तर्वार्ता :** स्थानीय तहमा जातीय छुवाछूत र विभेदका बारेमा जानकार दलित तथा गैरदलित र हालसालै भएका जातीय छुवाछूतका घटनाका पीडित र उत्पीडकहरूलाई समेत अन्तर्वार्ता लिइएको थियो।

**घट्ना अध्ययनः** केहि स्थलगत र केहि प्रकाशीत समाचारका आधारमा जातीय छुवाछूत र विभेदका चाखलाग्दा घटनाका कथाहरूसङ्कलन गरिएको थियो।

**राष्ट्रिय परामर्श गोष्ठी :** मस्यौदा प्रतिवेदन तयार भएपछि काठमाडौंमा एउटा राष्ट्रिय परामर्श गोष्ठीको आयोजना गरिएको थियो। सो गोष्ठीमा नेपालका सांसदहरू, दलित र गैरदलित बुद्धिजीवीहरू, दलित संघसंस्थाका प्रतिनिधिहरू, मानवअधिकारवादीहरू, भारतीय दलित अध्ययन संस्थान र अन्तर्राष्ट्रिय दलित ऐक्यबद्धता सञ्जालको सहभागिता थियो। गोष्ठीले दिएको सुझाबहरूका आधारमा मस्यौदा परिमार्जन गरी प्रतिवेदनलाई अन्तिम रूप दिइएको थियो।

# अध्याय- २

# जातीय छुवाछूत र विभेद

यस अध्याय जाति व्यवस्था, दलितको परिभाषा र पहिचान, दलितका उपजात र पेशा, दलितको जनसङ्ख्या, धर्म र जिल्लाहरूमा दलितको बहुलताका बारेमा केन्द्रित छ।

**नेपालमा जातीय छुवाछूतको प्रारम्भ**

समाज दुई तहमा बाँडिएको हुन्छ : एउटा, हैसियत र अर्को, वर्ग। समाजशास्त्री म्याक्स वेबरका अनुसार हैसियत सम्मान र सुविधामा तथा वर्ग आर्थिक व्यवस्थामा आधारित हुन्छ। नश्ल, वर्ण र जातजाति हैसियतमा पर्दछ भने जमिनदारी र सामाजिक वर्ग वर्गमा पर्दछ। वर्ण एउटा खाका हो भने जात त्यसभित्रको समुह हो। वर्ण चार किसिमको छ : ब्राह्मण, क्षेत्रीय, बैश्य र शुद्र। दलितअध्येता यामबहादुर किसानले भारतीय उपमहाद्वीपमा वर्णव्यवस्था जन्मनुका नौवटा सिद्धान्तहरू उल्लेख गरेका छन्। ती यस् प्रकार छन् (किसान २००५ : ७–१०) :

१. परम्परागत सिद्धान्त जसले वर्णव्यवस्थाको उत्पत्ति ऋग्वेदको पुरुष सूक्तबाट भएको मान्दछ।
२. धार्मिक सिद्धान्त (उँच र नीच)
३. आर्थिक सिद्धान्त (हुने र नहुने)
४. नश्लवादी सिद्धान्त (आर्य र गैरआर्य)
५. उद्भववादी सिद्धान्त (स्थायित्व भएको कृषि समुदायमा जन्मका आधारमा विस्तारित श्रमको विभाजन)
६. आपराधिक सिद्धान्त (अनैतिक यौनसम्बन्धलगायतका आपराधिक र अनैतिक कामहरू)
७. कार्यात्मक सिद्धान्त (पेशागत आधारमा श्रमको विभाजन)
८. संस्कृतकरण (कथित माथिल्लो जातमा उक्लने प्रक्रिया)
९. सामाजिक विभाजन सिद्धान्त (विभिन्न समुहहरूको सामाजिक विभाजन)

किसानले वर्णव्यवस्थाको उत्पत्ति पाँचवटा आधारमा भएको उल्लेख गरेका छन् : १. पुरुष सूक्त, २. छालाको रङ्ग, ३. पेशा, ४. व्यक्तिगत विशेषता र ५. वंशानुगत (किसान, २००५ : १४–२४)। उनले शुद्रको जन्म हुनुका छवटा कारणहरू उल्लेख गरेका छन् : १. गैरआर्य दासहरू र युद्धका हरुवाहरू, २. आर्यविरोधी र शत्रुहरू, ३. अन्तरजातीय विवाह, ४. कुनै व्यक्तिका बालबच्चाहरू र ५. पेशा र शक्तिहीनता (किसान, २००५ : २५–२७)। पच्चीस सय वर्षअघि भारतीय उपमहाद्वीपमा गौतम बुद्धले वर्णव्यवस्थाविरुद्ध लडेका थिए।

नेपालको जातीय संरचना चार नश्लबाट बनेको छ : १. ककेसियाली, २. मङ्गोल, ३.

द्रविड र ४. प्रोटो अस्ट्रेल्वायड्। ब्राहमण, क्षेत्री, बैश्य, शुद्र र मुसलमानहरू ककेसियाली नश्लमा पर्दछन् । दलितअध्येता चक्रमान विश्वकर्माका अनुसार दलितहरू द्रविड र अन्य नश्लहरूबाट उत्पत्ति भएका छन् । नेपालको जातपातको व्यवस्था भारतीय उपमहाद्वीपमा हजारौं वर्षअघि विकसित जातपातको व्यवस्था हो। अलरिक योहान्सान (२००२ : ८) का अनुसार, उत्तर भारतमा एघारौं शताब्दीमा भएको मुस्लिम आक्रमणपछि ठूलो सङ्ख्यामा भएको बसाइँसराइबाट हिन्दू धर्मले प्रवेश गरेको हो । त्यसबेलासम्म नेपालमा बोन, बौद्ध, प्रकृतिपूजक परम्परा र विश्वास भएका आदिवासी जनजातिहरू बसोबास गर्दथे। 'डा. डिल्लीराम दाहाल र अन्य (२००५ : ५) का अनुसार, यसको सुरुआत काठमाडौं उपत्यकाको सन्दर्भमा जयस्थिति मल्लको पालादेखि र समग्र नेपालको सन्दर्भमा वि.सं. १९१० को मुलुकी ऐनसँगै भएको मान्न सकिन्छ। उनीहरू थप लेख्छन्, नेपालको हालको दलित जनसङ्ख्या दुई प्रकारका विशिष्ट समुहहरू छन् : क. भारतबाट अन्य हिन्दू जातहरूसँग आएका एउटा समुह र ख. अवैध यौनसम्बन्धबाट सृजित दलित समुह' (दाहाल र अन्य, २००५ : ६) ।

यस अध्ययनका लागि गरिएको स्थलगत अध्ययनका बेलामा उत्तरदाताहरूले परम्परा, वैवाहिक पद्धति, पुरानो पुस्ता, बाहुन–क्षेत्रीहरूको सामाजिक, आर्थिक र राजनीतिक एकाधिकार, निरक्षरता, दलितहरूको कमजोर अवस्था, दलितप्रति संवेदनहीन योजना, नीति तथा कार्यक्रमहरू र व्यक्तिहरूको पुरातनपन्थी सोचविचारहरू जातीय भेदभावका लागि जिम्मेवार भएको बताएका थिए।

नेपालमा जातीय भेदभावको सुरुआत राजा जयस्थिति मल्लले चौधौं शताब्दीमा काठमाडौं उपत्यकाका नेवार समाजको पुनर्संरचना गरेपछि सुरु भएको हो । भारतबाट निम्त्याइएको पाँचजना ब्राहमण विशेषज्ञहरूको रायसल्लाहअनुसार नेवार समाजलाई पेशा अर्थात् श्रमको विभाजनका आधारमा ६४ जातमा बाँड्ने काम भएको थियो। पछि भारतको जातीय भेदभावको बढ्दो प्रभावले गर्दा जातीय भेदभाव बढेर पोडे, च्यामे, कुसुले, कसाईजस्ताहरूलाई कथित तल्लो जातको व्यवहार गर्न थालियो। पृथ्वीनारायण शाहले नेपालको भौगोलिक एकीकरण गरे पनि नेपाललाई असली हिन्दूस्तान‍ बनाउने क्रममा नेपाल चार जात छत्तीस वर्णको फूलबारी हो‍ भने। १०४ वर्ष लामो जहानियाँ राणाशासनका प्रवर्तक जंगबहादुर राणाले वि.सं. १९१० मा जारी गरेको मुलुकी ऐनद्वारा नेपालका आदिवासी जनजाति र मुसलमानलगायतका सबै जात–जातिहरूलाई चार वर्णको ढाँचामा  निम्नबमोजिमको चार श्रेणीको जात व्यवस्थामा विभाजन गर्ने काम भयो :

१. तागाधारी वा द्विजवर्ण
- उपाध्याय बाहुन
  - पूर्वीया
  - कुमाई
- राजपुत

- जैसी
- क्षेत्री

२. मतवाली
- नमासिने
- मासिने

३. पानी नचल्ने, छोइछिटो हाल्नु नपर्ने

४. पानी नचल्ने, छोइछिटो हाल्नुपर्ने

आदिवासी जनजातिहरू हिन्दू वर्ण र जात व्यवस्थामा पर्दैनन् तर उनीहरूलाई समेत जातीय छुवाछूत र विभेदको कानुनी व्यवस्थाभित्र बाँधेर दैनिक जीवनमा विभेदकारी व्यवहार गर्न बाध्य बनाए । त्यसैले जो आदिवासी जनजातिहरू हिन्दू शासकहरूका सम्पर्कमा आए, उनीहरूले हिन्दूकरण र संस्कृतकरणको प्रक्रिया अपनाएर चर्को जातीय विभेद गर्न सिके ।

चार वर्ण, जन्मको आधारमा जातको हैसियतको निर्धारण, उँचनीच, पानी, खाना र शरीरमा छुवाछूत र जातको आधारमा श्रमको विभाजन जातव्यवस्थाका मुख्य विशेषताहरू हुन्। परम्परागत चार वर्ण तराईमा पाइन्छ तर पहाडमा भने बैश्य पाइँदैन र ब्राह्मणलाई बाहुन र शुद्रको सट्टा दलित भनेर वर्गीकरण गरेको देखिन्छ।

दलितअध्येताहरू यामबहादुर किसान र चक्रमान विश्वकर्माका अनुसार राजा महेन्द्रले वि.सं. २०२१ सालमा नयाँ मुलुकी ऐन लागू गर्दा जातीय छुवाछूत र भेदभावको अन्त्य गरेको नभएर यस सम्बन्धमा तटस्थ रहेको थियो ।  त्यसैले जातीय छुवाछूत र भेदभावले निरन्तरता पाएको हो । वि.सं. २०४६ सालको जनआन्दोलनपछि प्रधानमन्त्री, मन्त्रिमण्डल, संसद् आदिले जातीय छुवाछूत र विभेद अन्त्य गर्नका लागि धेरै प्रयास गरे तर सबै व्यवहारमा विफल सावित भए । मुक्तासिंह लामा तामाङ र अन्यले डी.एफ.आइ.डी.का लागि तयार गरेको प्रतिवेदनमा उल्लेख भएअनुसार, मूल्याङ्कन गरिएका जिल्लाहरू (रोल्पा, रुकुम, दाङ, सिन्धुपाल्चोक र रामेछाप)  मा सार्वजनिक स्थलहरूमा जातीय छुवाछूत घटेर गइराखेको छ' (तामाङ, २००३ : २३)।

## को हुन् दलितहरु ?

दलित शब्द संस्कृत भाषाको दलऋ शब्दबाट सृजना भएको हो र यसको अर्थ टुक्रिनु, चर्कनु वा खुल्नु हो । नेपाली बृहद् शब्दकोषअनुसार दलित शब्दको अर्थ फग्ल्याँटैफग्ल्याँटा पारिएको, दलिएको, दमन गरिएको, थिचिएको, कुल्चिएको, विध्वंस तथा नष्ट गरिएको हो । विगत र वर्तमानमा दलितलाई गर्ने परिभाषा र पहिचान फरक छ । नेपाल र भारतमा दलित शब्दको अर्थका सम्बन्धमा धेरै वादविवाद छ । भारतमा विगतमा अपमानजनक शब्दहरू जस्तै : दास, दस्यु, राक्षस, असुर, अवर्ण, निषाध, पञ्चम, चाण्डाल, हरिजन र अछूत हुन्थ्यो । उपनिवेशकालीन भारतमा बेलायती शासकहरूले उत्पीडित वर्ग, अनुसूचित जात भनेर प्रयोग गर्थे ।

नेपालमा पनि विगतमा पानी नचल्ने, अछूत, अवर्ण, डुम, परिगणित, तल्लो जात, हरिजनजस्ता आपत्तिजनक र हेलाँहोचो गर्न प्रयोग हुने शब्दहरूको प्रयोग हुन्थ्यो भने सरकारी दस्तावेजहरूमा उपेक्षित तथा उत्पीडित, पछाडि परेका, विपन्न, गरिब, निमुखा, सीमान्तकृत, सुविधाबाट वञ्चित, अल्पसङ्ख्यक, वञ्चितीकरणमा परेका, दलितजस्ता शब्दहरूको प्रयोग गरेको पाइन्छ। अन्तर्राष्ट्रिय दातृ संस्थाहरूले र उनीहरूका सहयोगी गैरसरकारी संस्थाहरूले भने गरिब, लाभबाट वञ्चित, निमुखा, उत्पीडित जात, शोषणमा परेका सामाजिक समुह, तल्लो जात, अल्पसङ्ख्यक, बहिष्करणमा परेका समुह आदि शब्दहरू प्रयोग गर्दछन्।

नेपालमा हुने सभा, गोष्ठी र कार्यशालाहरूमा दलित शब्द प्रयोग गर्न हुने वा नहुने, गर्ने भए कसलाई दलित भन्ने सम्बन्धमा धेरै वादविवाद र प्रतिवादहरू हुने गर्दछ। दलितआन्दोलनका बारेमा जानकारी नभएका दलितहरू, कतिपय मानवअधिकारवादीहरू र गैरदलितहरू दलित शब्द प्रयोग गर्न नहुने बताउँछन्। कसैको भने जात भन्न उपयुक्त हुने तर्क छ। नेपाल र भारतमा दलित शब्दको प्रयोग हुन थालेको धेरै भएको छैन। यो शब्दले जातीय छुवाछूत र विभेदमा परेका समुदायहरूको स्वपहिचान, जातीय छुवाछूत र विभेदको अन्त्य र समतामूलक समाजको स्थापना गर्नका लागि भइरहेको सङ्घर्षको प्रतिनिधित्व गर्दछ। त्यसैले दलित नेता र अधिकारकर्मीहरू दलित शब्दले जति अन्य शब्दले नेपालका दलितहरूको यथार्थ अवस्थालाई उजागर गर्न सक्दैन भन्नेमा विश्वस्त छन्।

राष्ट्रिय दलित आयोगको प्रस्तावित विधेयक, २०५६ मा दलितको परिभाषा यसरी गरिएको छ :

"दलित समुदाय" भन्नाले जातीय भेदभाव र छुवाछूतको मारमा परी सामाजिक, आर्थिक, शैक्षिक र राजनीतिक एवं धार्मिक क्षेत्रमा समाजको सबैभन्दा पछाडि पारिएको र मानवीय सम्मान एवं सामाजिक न्याय पाउन नसकेको अनुसूची १ मा उल्लेखित जात–समुदायलाई जनाउनेछ" (राष्ट्रिय दलित आयोग, २००४ : २३९)।

उक्त प्रस्तावित विधेयकमा जातीय छुवाछूतको परिभाषा यसरी गरिएको छ :

"जातीय छुवाछूत" भन्नाले नेपाली समाजमा अछूत जात, छोइछिटो हाल्नुपर्ने, छुन नहुने जात भनी भेदभाव गर्ने गरिएको समुदाय वा नयाँ मुलुकी ऐनमा अछूत जात भनी किटान गरिएको समुदायलाई कुनै पनि प्रकारको भेदभावपूर्ण दृष्टिले गरिएको व्यवहारलाई जातीय छुवाछूत जनाउनेछ" (राष्ट्रिय दलित आयोग, २००४ : २३९)।

यो अध्ययनमा राष्ट्रिय दलित आयोगले गरेको दलित र जातीय छुवाछूतको परिभाषाहरूलाई प्रयोग गरिएको छ।

बेलायतको अन्तर्राष्ट्रिय सहयोग विभाग (डी.एफ.आइ.डी.) र विश्व बैंकले गरेको एक अध्ययन प्रतिवेदनमा गरिएको एउटा सिफारिसअनुसार "दलितको स्पष्ट परिभाषा गर्न नचाहिँदो

ढिलाइ गर्नु र आत्मरतिमा डुब्नाले दलितअधिकारसँग सम्बन्धित सवालहरूलाई द्विविधाग्रस्त बनाउँछ। दलित शब्दलाई सबैले स्वीकार गर्नुपर्छ" ((डी.एफ.आइ.डी. र विश्व बैंक, २००६ : ५९)। वास्तवमा दलित भन्नाले जातीय छुवाछूत र विभेदको अवस्थालाई जनाउँछ। त्यसैले यो शब्द तबसम्म प्रयोगमा रहिरहनेछ जबसम्म यी विभेदहरू बाँकी रहन्छन्। जुन दिन यी विभेदजन्य अवस्थाको अन्त्य हुन्छन्, त्यस दिनदेखि यो शब्दको आवश्यकता पर्ने छैन।

## दलितको पहिचान

दलितका जातहरू दलितको परिभाषामा निर्भर रहन्छ। अलेक्ज्यान्डर म्याक्डोनाल्ड (१९८४ : २८२) ले मुलुकी ऐनले पहिचान गरेको दलितका जातहरू उल्लेख गरेको छ (हेर्नुहोस, गारेखापत्र संस्थान, १९५२ : २०७)। मुलुकी ऐनले निम्न दुईथरिका दलित जातहरू पहिचान गरेको छ :

क. पानी नचल्ने तर छोइछिटो हाल्न नपर्ने जातहरू :

| | |
|---|---|
| मुसलमान | धोवी |
| मधेसका तेली | कुलु |
| कसाई | म्लेच्छ |
| कुसुले | चुडारा |

ख. पानी नचल्ने र छोइछिटो हाल्नु पर्ने जातहरू :

| | |
|---|---|
| सार्की | दमाई |
| कामी | गाइने |
| सुनार | बडिभाड |
| चुनारा | पोडे |
| हुड्के | च्यामखलक |

स्थानीय विकास मन्त्रालयअन्तर्गत स्थापित उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान समितिले २२ थरि दलित जातहरूको पहिचान गरेको छ : १. लोहार, २. सुनार, ३. कामी, ४. दमाई, ५. कसाई, ६. सार्की, ७. वादी, ८. गाइने, ९. कुसुले, १०. कुचे, ११. च्यामे, १२. पोडे, १३. चमार, १४. धोवी, १५. पासवान (दुसाध), १६. तत्मा, १७. बाँतर, १८. खत्वे, १९. मुसहर, २०. सतार, २१. सन्थाल र २२. हलखोर। यो पहिचानमा तीनवटा समस्याहरू छन् : क. नेपाल सरकारले सतार वा सन्थाललाई ५९ आदिवासीमध्ये एकको रूपमा ऐनबाट सूचीकरण गरिसकेको छ र सन्थाललाई सतार भनिन्छ, ख. कसाई, कुसुले, च्यामे र पोडे नेवार आदिवासी जनजातिमा पर्दछन् र ग. कुनै जातहरू दोहोरिएका छन्। जस्तै : लोहार, सुनार र कामी विश्वकर्मा जातमा पर्दछन् र ४. कतिपय दलित जातहरू यो सूचीमा छुटेका छन्।

उक्त समस्याहरूलाई राष्ट्रिय दलित आयोगले केही हदसम्म समाधान गर्दै आयोगले गरेको दलित समुदाय र जातीय छुवाछूतको परिभाषाको आधारमा निम्न २२ दलित जातहरू

पहिचान गरेको छ (गोरखापत्र, २०६० पुस १५) :

क. पहाडी मूलका

१. गन्धर्व (गाइने) २. परियार (दमाई, दर्जी, सुचीकार, नगर्ची, ढोली, हुड्के)
३. वादी ४. विश्वकर्मा (कामी, लोहार, सुनार, ओड, चुनारा, पार्की, टमटा)
५. सार्की (मिजार, चर्मकार, भुल)

ख. मधेसी मूलका

६. कलर ७. ककैहिया
८. कोरी ९. खटिक
१०. खत्वे (मन्डल, खाँका) ११. चमार (राम, मोची, हरिजन, रविदास)
१२. चिडिमार १३. डोम (मरिक)
१४. तत्मा (ताँती, दास) १५. दुसाध (पासवान, हजारा)
१६. धोवी (हिन्दू रजक) १७. पत्थरकट्टा
१८. पासी १९. वाँतर
२०. मुसहर २१. मेस्तर (हलखोर)
२२. सरभङ्ग (सरवरिया)

कपाली, खड्गी, देउला, कुचे र धोवीलगायतका समुदायले राष्ट्रिय दलित आयोगलाई दलितको सूचीमा नराख्न दबाब दिएपछि नराखेको हो । यस्ता विवादहरूको समाधान गर्न आत्मनिर्णयको अधिकारको प्रयोगलाई माध्यम बनाउनु उपयुक्त हुनेछ ।  आयोगले बनाएको दलितको सूचीमा दलितभित्र अन्तर्निहीत जातीय श्रेणीलाई भने देखाएको छैन ।

बेलायतको अन्तर्राष्ट्रिय सहयोग विभाग (डी.एफ.आइ.डी.) र विश्व बैंकले गरेको एक अध्ययन प्रतिवेदनअनुसार :

सबैलाई स्वीकार्य हुने दलित र गैरदलितको सूची बनाउनका लागि दलित र जनजातिको सूचीकरण गर्ने सम्बन्धमा राष्ट्रिय स्तरमा कुनै प्रयास भएको छैन । विभिन्न मन्त्रालयहरूले आफ्नै सूची प्रयोग गर्छन् भने अन्तर्राष्ट्रिय दातृ संस्थाहरू र गैरसरकारी संस्थाहरू भने कसलाई दलित भन्ने कसलाई नभन्ने भन्नेमा द्विविधामा छन्। नेपाल सरकारले राष्ट्रिय दलित आयोगसँग सहकार्य गरेर सबै सरकारी कार्यालयहरूमा प्रयोग गर्न सकिने सबैले स्वीकार गरेको सूची बनाउन आवश्यक छ (डी.एफ.आइ.डी. र विश्व बैंक, २००६ : ५९)।

यो अध्ययनका लागि गरिएको स्थलगत अध्ययनका बेलामा राष्ट्रिय दलित आयोगले तयार पारेको सूचीमा निम्न परिमार्जन आवश्यक देखिन्छ :

- पत्थरकट्टालाई नेपाल सरकारले आदिवासी जनजातिको सूचीमा राखेको र उनीहरूको संस्था नेपाल आदिवासी जनजाति महासंघसँग आबद्ध भएको कागजात अध्ययन टोलीलाई देखाई दलितको अध्ययनका लागि समुहगत छलफल गर्न अस्वीकार गरेका थिए ।
- कलर, सरवरिया र सरभङ्ग एउटै समुदायको हो भन्ने जानकारी भयो । कलर भन्ने

शब्द आपत्तिजनक भएकोले उनीहरू आफूलाई सरभङ्ग वा सरबरिया भन्ने गरेको पनि जानकारी भयो।

- राष्ट्रिय दलित आयोग, दलित गैरसरकारी महासंघ, नेपाल राष्ट्रिय दलित कल्याण संघ र दलित अधिकारवादीहरूलगायतसँग परामर्श गर्दा पनि ककहिया कहाँ कुन ठाउँमा बसोबास गर्दछन् भन्ने तथ्य पत्ता लगाउन सकिएन।

नेपालको कुनै ठाउँमा कुनै समुदायलाई दलितको रूपमा व्यवहार गर्छन् भने अन्य ठाउँमा भने त्यस्तो व्यवहार गर्दैनन्। उदाहरणका लागि उराउ वा झाँगड आदिवासी जनजाति भए पनि उनीहरूलाई केही ठाउँहरूमा दलितको रूपमा व्यवहार गर्दछन्। उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समितिले झाँगडलाई दलितमा राखे पनि राष्ट्रिय दलित आयोगले भने उक्त जातीलाई सूचीमा राखेको छैन।

छुवाछूतको निम्न व्यवहार कथित उच्च जातका समुदायमा पाइए पनि उनीहरूलाई दलितका रूपमा हेरिँदैन :

- ब्राह्मण वा बाहुन समुदायमा स्वयम्पाक्य सदस्यहरूले छोरा, बुहारीलगायतका परिवारका अन्य सदस्यहरूले छुवाछूतको व्यवहार गर्दछन्।
- हिन्दू महिलाहरू महिनावारी र सुत्केरी भएका बेला नछुने हुन्छन्। यस्तो छुवाछूतको व्यवहार जातीय नभएर प्रजननसँग सम्बन्धित छ।

नेपालमा जातीय र भाषिक सर्वेक्षण नगरिएकाले यति जातजाति र भाषाभाषी छन् भनेर ठोकुवाका साथ भन्न सकिने अवस्था छैन। अध्येताहरू, सरकारी र गैरसरकारी संस्थाहरू, दातृ संस्थाहरू र दलितका संघ–संस्थाहरूले दलितको फरकफरक परिभाषा र पहिचान गरी काम गर्ने गरेका छन्। यसले गर्दा दलितका सम्बन्धमा उपलब्ध विभिन्न तथ्याङ्कहरूलाई तुलनात्मक रूपमा उपयोग गर्न गाह्रो छ। फलस्वरूप यस्तो तथ्याङ्कको आधारमा वास्तविक दलितहरूसमक्ष विभिन्न विकास योजना र कार्यक्रमहरू पुग्न गाह्रो भएको छ। राष्ट्रिय दलित आयोगले एउटा सूची तयार गरेपछि सबैमा एकरूपता ल्याउन सघाएको छ तर अयोगले तयार पारेका सूचीलाई परिष्कृत गरेर अन्तिम रूप दिएपछि नेपाल सरकारबाट आदिवासी जनजातिहरूको ५९ को सूचीजस्तै कानुनी रूपमा सूचीकृत गर्न अत्यावश्यक छ।

## दलितका उपजात र परम्परागत पेशाहरु

राष्ट्रिय दलित आयोगले तयार गरेको एउटा अध्ययन प्रतिवेदनमा दलितको जात–उपजात र परम्परागत पेशाका सम्बन्धमा जानकारी दिइएको छ (तालिका २.१)। प्रत्येक जात र उप–जातमा पर्ने थरहरू कममा कोइरीको ६ वटादेखि दमाईको ८६ वटासम्म उल्लेख छन्। तर चिडिमार, ककहिया, पासी, कलर, सरबरिया वा सरभङ्गका भने एउटा पनि थर दिइएको छैन। अहिलेसम्म प्रकाशित र अप्रकाशित स्रोतहरूले दलितका उपजातहरूका बारेमा स्पष्ट जानकारी उपलब्ध गराउँदैन।

तालिका २.१. दलितको जात, उपजात, थर र पेशाहरू

| | जात | उपजात | थर | परम्परागत पेशा |
|---|---|---|---|---|
| | पहाडी दलित | | | |
| १ | कामी | | | धातुसम्बन्धी काम |
| १.१ | | कामी | आग्री, आचार्य, आफलधोती, ओड, कसरा, काललोहार, कालीकोटे, कालीराज, गदाल, गहतराज (गहते), कुमार्की, कैनी, कोली, कोइराला, खड्काथोकी, खपाङ्की, खाती, गजमेर, गजुरेल, गदाइली, गिरी, गोतामे, गावा, जाडकामी, टमटा (ताम्राकार), निरौला, नेपाल, पन्थी, पोखरेल, पौडेल, पौडेली, वराइली (बराल, बराली), श्रीपाली, दियाली, भुषाल, भुल, माहिलीपार, रहपाल, राजीलौहार, सापकोटा, सिगाउरे, सिजापति, सेतीपार, रामदाम, रिजाल, ल्वागुन, सोनाम, हेमच्यूरी, तिरुवा, घतानी (घताने), घमाल, घर्ती, घिमिरे, घामछत्ल, चुनार, छिस्तल, ठगुन्ना, ठटरा, नगरकोटी, पल्लय, पराजुली, पोतेंल, वुचेभाले, वांस्कोटा, भट्ट, भट्टराई, महर, रसाइली, सुच्यूरी, सुनधुवा, सेतीसुरुवाल, सेतीमहर, साशंकर (सदशंकर), शेरेला, लाम्गादे, सोव, रुचाल, पहरी, पाध्यवती, लामाकार्की | खुकुरी, हतियार, कृषिसम्बन्धी ज्यावलहरू बनाउने |
| १.२ | | सुनार | | सुन–चाँदीलगायतका गरगहनाहरू बनाउने |
| १.३ | | लोहार | | फलाम र कृषिसम्बन्धी ज्यावल बनाउने |
| १.४ | | ओड | | घर बनाउने, माटो र काठको काम गर्ने |
| १.५ | | चुनारा | | ठेकी, दुधेरो र मदानीजस्तो काठको भाँडा बनाउने |
| १.६ | | पार्की | | डालो, नाङ्लोजस्तो बाँसको सामान बनाउने |
| १.७ | | टमटा | | पित्तलको सामान बनाउने |
| २ | सार्की | | | छालाको सामान बनाउने |

| | | | | |
|---|---|---|---|---|
| | | मिजार | अच्छामी (अछामी), उपरकोटी, उप्रेती, कमार, किसान, कोइराला, खतिवडा, गिरी, गैर, गैरिपिपल, गाथे, घिमिरे, चन्द, गोतामे, चुडाल, चुहान, ठगुन्ना, छमार्की, ठाकुरस्य, ठडराई, डाले, तोलाङ्गी, थाक, थपलिया, थापा, दाउलाकोटी, धौलाकोटी, दावे, दाहाल, दुलाल, धमेल, धमला, धनाली, पएेली, पुर्कोटी, पुलामी, पौडेल, बसेल, बमरेल, वयलकोटी, विसङ्खे, बस्ताकोटी, वोगटी, भग्याल, भेयल, भूल, भुर्तेल, भिपाल, मँग्राती, मजाकोटी, मजावोटी, माल्वुल, माल्वोक, मुदेल, रम्तेल, रुचाल, राउत, रोइला, रोका, लमजेल, लम्साल, शाही, श्रीमाली, सिरौते, सुर्खेती, संयल, सेजवाल, हमाल, हिताङ्क | शासकले दिएको मानार्थ पदवी |
| | | चर्मकार | | छालाको सामान बनाउने |
| | | भूल | | छालाको सामान बनाउने |
| ३. | दमाई वा धोली | | | विवाहलगायतका शुभ कार्यमा पञ्चे वाजा बजाउने |
| | | परियार | अधिकारी, अससाय, अउजी, कनाल (कँडेल), कटुवाल, कार्कीढोली ( मुडुला, सुतार, लामा, खुलाल), काउलाखेती, कोइराला, खतिवडा, खाती, गुइँदे (गुइदेल), गौताम/गोतामे,(सिवा), घले, गुरुङ, चाहार, चुहान, जैरु, ठगुन्ना, ठटाल, डौडे, ढ्याकी, तिवारी, त्रिखत्री, थापा, दर्नाल, दास, नगर्ची, नेगी, नेपाल, नौवाग, चुंडाल, पन्त, पाँचकोटी, पोखरेल, वर्देवा, वागचन्द, वागदास, वैजु, वुढाथोकी, वुढापृथी, भण्डारी, भट्टराई, भित्रीकोटी, भुसाल, मगर, मोते, महरा, माले, रजवार, रनपैंली (रणपाल, रणपहेंली), राइंगाई, रैका, ल्याइँफाइ, लाप्रे, लामघाते, लुइँटेल, शिलाधर, सुनाम, सुनदास, सुन्चेउरी, शाही समुन्द्री (साई, साइमुन्द्री, समुन्द्रशाई), सुजी, हिङमाङ, हुड्के, अपटाऱ्या, घलेक, भेडिकार, वेटुवा, ढराल, रेतन, बिटालु, नगरकोटी, याग्ने, घतानी, भेडें शिवा, कुखुरे शिवा, सुँगुरे शिवा, दमाई परियार, रत्नपरियार, अच्छामे परियार, छिनाल परियार, थाक परियार, नाकाढोली | लुगा सिलाउने |
| | | सुचीकार | | लुगा सिलाउने |
| | | नगर्ची | | विशेष अवसरमा मन्दिर र दरवारमा नगरा बाजा बजाउने |
| | | ढोली | | ढोल बजाएर सरकारको उर्दी समुदायमा सुनाउने |
| | | हुड्के | | हुड्के बाजा बजाउने |

| | | | | |
|---|---|---|---|---|
| ४ | गाइने | अनुपलब्ध | अधिकारी, कामी, कालाकौशिक, काला पौडेल, कालीचन, गोसाई, जोगी, ठकुरी, तुर्की, बाहुन, बुढाथोकी, बैकार, बाध्यकार, बेष्ठ, विष्ट, बोगटी, भुषाल (पर्वते), महेश्वर, विश्वकर्मा, विष्णुपद, राईसमुन्द्र, सुरसमान, सेतापर्वते, सेतीचन, कुकचिन राना | सारङ्गी बजाएर गीत गाउने |
| ५ | वादी | अनुपलब्ध | खाती, रसाइलीथापा, रसाइली, लेकाली, छिनाल, बराल, ठाकुर, राना, कुमाल, खड्का, जोगी, बोटे, उपाध्याय, रिजाल, सिंह, श्रेष्ठ, पौडेल, अधिकारी, कामी, दमाई, बादशाह, खान, धिताल, निरौला | मादल, ढोलकलगायतका बाजाहरू, चिलिम र गाग्रीलगायतका माटोको समान बनाउने |
| | मधेसी दलित | | | |
| ६ | चमार वा हरिजन वा राम | अनुपलब्ध | राम, मोची, हरिजन, रविदास (रैदास), भमरा, महर, महरा, मेहरा, राउत, भगत, दास, बजर, बाघ, धुसिया, दशवतिया, मधेसिया | छालाको सामान बनाउने |
| ७ | मुसहर | अनुपलब्ध | सदा, सदाय, ऋषिदेव, ऋषिकुल, राउत, तिरहुतिया, मधैया, खरपुरिया, सन्तपुरिया, काउछ, घरमुन्ता, पछारु, मुडी, मचारु | खेतमा प्वालहरूबाट मुसाले लुकाएर राखेको धान निकाल्ने र बस्तु चराउने |
| ८ | दुसाध वा पासवान वा पासीद | अनुपलब्ध | पासवान, हजारी, हजरा, मधैया (मगैया), कुर्मी, कामहार (काम्मर), पालिवार, कुर्ना, दार, सरजहां (सुरजिया), पंजियार, पखिर दैड, सूर्यवंशी | सामाजिक कार्यको सूचना दिने गोडाइत, चौकीदार, र खेत खलीहानको रक्षा गर्ने कम्तिया |
| ९ | तत्मा | अनुपलब्ध | तन्तु, बैश्य, कनौजिया, सुतवनिया, कानकज्ज, ख्यारातिले, वेगाडावर | बुन्ने |
| १० | खत्वे | अनुपलब्ध | मण्डल, तिरहुतिया, वादाहा, क्योटर, परसा, पोखरभिन्डा, हसुलिया, नेवार, ननौड, वाके | कपडा बुन्ने, धागो कात्ने, विवाहका वेला डोली बोक्ने |
| ११ | धोबी (रजक) | अनुपलब्ध | कनौजिया, मधैया, बेलवार, सुरजाहा, तमोली, तिरहुतिया, तुरुक, धोइवा, बैठा, रजक, पथिक, साफी, आर्य | लुगा धुने |

| | | | | |
|---|---|---|---|---|
| १२ | बाँतर (सरदार) | अनुपलब्ध | राजधामी, धामी, सरदार, माझी, राउत, बाँट | माटोको काम गर्ने |
| १३ | चिडिमार | अनुपलब्ध | अनुपलब्ध | चरा–चुरुङ्गीको सिकार गर्ने |
| १४ | डोम | अनुपलब्ध | कोठिता, मखैता, तलवार, टबकैत, चचेवार, कोलनियार, सनपरया, घटैत, अमलेरिया, महवैता, वलगाछिया, कानून, दखटिया, मोडलिया, झोझावा, चिरनियाँ, भलवैत, वाइसी, बसवार | बाँसको सामान बनाउने, बाजा बजाउने, जन्मेको बच्चाको सालनाल काट्ने, चिहान खन्ने र लास गाड्ने |
| १५ | मेस्तर वा हलखोर | अनुपलब्ध | जमदार, राउत, सिरसवाल, तुर्का, आमरिया, दखैया (दर्वे), पनपुरी, वखरीया, महरा, मेस्तर, हलखोर | सडक सफा गर्ने |
| १६ | कुशवाडिया वा पत्थरकट्टा | अनुपलब्ध | अनुपलब्ध | ढुङ्गाको सामान बनाउने |
| १७ | ककहिया | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध |
| १८ | कलर२ | अनुपलब्ध | अनुपलब्ध | माग्ने |
| १९ | खटिक | अनुपलब्ध | चण्डाल, वरावा, भोगरीया, वचरा, चौला, खिरही, तावडा, चमरीया, टाकी, दायमा, वागडी | मृगको छालाको काम गर्ने |
| २० | कोरी | अनुपलब्ध | पूर्विया, पश्चिमहा, चमरा, कोटचमरा, दखिनाहा, बहिरयियाँ | कपडा बुन्ने |
| २१ | पसीद | अनुपलब्ध | अनुपलब्ध | ताडीको रूखबाट रक्सी बनाउने |
| २२ | सरभङ्ग वा सरबरिया२ | अनुपलब्ध | गिरी, नाथ, दास, गोसाई, दुसाध, हलुवाई, बढाई, हजाम, मुसहर, डोम, खत्वे चमार, तिरहुतिया, मगही | माग्ने |

टिप्पणीः २ सरभङ्ग वा सरबरिया र कलर एउटै जात हो। कलर शब्द अपमानजनक रूपमा प्रयोग हुने गरेकोले आफूलाई सरभङ्ग वा सरबरिया भन्ने गर्दछन्।

## दलित–दलितबीच र दलित तथा गैरदलितबीच जातीय छुवाछूत

दलित तथा गैरदलितबीचको जातीय छुवाछूत गैरदलितले दलितका विरुद्ध गर्दछन् भने दलित–दलितबीचको जातीय छुवाछूत भने जटिल छ।

- दलित र गैरदलितबीचको जातीय छुवाछूत : ब्राह्मण, क्षेत्री र बैश्यले दलितका विरुद्ध जातीय छुवाछूत गर्दछन्। बाहुन–क्षेत्रीको सम्पर्कमा आएर उनीहरूको प्रभावमा परेका आदिवासी जनजातिहरू पनि दलितका विरुद्ध जातीय छुवाछूत गर्दछन्। आदिवासी जनजातिको परम्परा कायम गरेका आदिवासी जनजातिहरूले भने जातीय छुवाछूतको व्यवहार गर्दैनन्।
- दलित–दलितबीचको जातीय छुवाछुत : दलितहरूबीचमा जातीय छुवाछूत छ। सबैभन्दा माथि पहाडका कामी, त्यसमध्ये पनि सुनार छ जसलाई गैरदलितले दलितको व्यवहार गर्छ भने अन्य दलितहरूमाथि जातीय छुवाछूतको व्यवहार गर्छ। सबैभन्दा तल भएका दलितलाई माथिका सबै दलितहरूले जातीय छुवाछूतको व्यवहार गर्छन् र यो समुदायभन्दा तल अरू कुनै दलित नभएकोले अरूमाथि जातीय छुवाछूतको व्यवहार गर्न सक्दैन। बीचमा भएका दलित समुदायकाले भने आफूभन्दा माथिकाबाट जातीय छुवाछूत बेहोर्नुपर्छ भने आफूभन्दा मुनि रहेका दलित समुदायविरुद्ध जातीय छुवाछूतको व्यवहार गर्दछ। माथिका प्रत्येक दलित समुदायले तलका सबै दलितलाई जातीय छुवाछूतको व्यवहार गर्दछन्। दलित–दलितबीचको जातीय छुवाछुत दलित समुदायले निर्माण गरेको नभएर हिन्दू कथित उच्च जातकाहरूले सृजना गरेको व्यवस्था हो।

## दलितको जनसङ्ख्या

वि.सं. २०५६ मा लिइएको जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्या २२,७३६,९३४ मध्ये ५१.१ प्रतिशत महिला र ४९.९ प्रतिशत पुरुष छन्। दलितअध्येता र अधिकारकर्मीहरूले दलितको जनसङ्ख्या नेपालको कुल जनसङ्ख्याको एकचौथाइ भएको दावी गरेको भए पनि जनगणनाले देखाएको तथ्याङ्कअनुसार १४.९९ प्रतिशत मात्र छ। जनगणना तथ्याङ्कले दलित, आदिवासी जनजाति र मधेसीहरूको सत्यतथ्य तथ्याङ्क विभिन्न कारणहरूले गर्दा दिँदैन। जस्तै : जात खुलाउँदा विभेदमा पर्ने डरले जात लुकाउनुपर्ने बाध्यता, सचेतनाको कमी, जनगणना लिने कार्यको प्राविधिक समिति, प्रशिक्षक, सुपरीवेक्षक र गणकलगायतका कामहरूमा दलितको प्रतिनिधित्व नहुनु, दटिक, कहिया, सरभङ्गजस्ता दलितहरू सङ्गठित नहुनु आदि। कहिलेकाहीँ केही जिल्लाका गा.वि.स.हरूमा दलित गैरसरकारी महासंघ र नेपाल राष्ट्रिय दलित कल्याण संघजस्ता संघ–संस्थाहरूले गरेको सीमित सर्वेक्षणहरूले देखाएअनुसार दलितको वास्तविक जनसङ्ख्या जनगणनाले देखाएभन्दा धेरै छ। भरपर्दो वैकल्पिक तथ्याङ्कको अभावमा सरकार, दातृसंस्था, गैरसरकारी संस्थाहरू, अध्येताहरू सबैले उपलब्ध जनगणनाको तथ्याङ्क भरपर्दो नहुँदानहुँदै पनि त्यसैलाई प्रयोग गर्न बाध्य छन्।

तालिका २.२. जातजाति र लैङ्गिक जनसङ्ख्या

| क्रम सङ्ख्या | जातजाति | पुरुष | महिला | जम्मा | अनुपात |
|---|---|---|---|---|---|
| १ | नेपालको जनसङ्ख्या | ११,३५९,३७८ | ११,३७७,५५६ | २२,७३६,९३४ | १००.०० |
| १.१ | प्रभुत्वशाली पहाडी जात | ३,४६४,२७३ | ३,५५८,९४७ | ७,०२३,२२० | ३०.८९ |
| १.२ | आदिवासी जनजाति | ४,०९०,८३९ | ४,१८१,१३६ | ८,२७१,९७५ | ३६.३१ |
| १.३ | मधेसी उच्च जातऽ | १,४७५,८८४ | १,३२६,३०३ | २,८०२,१८७ | १२.३० |
| १.४ | मुसलमान | १,४७५,८८४ | १,३२६,३०३ | २,८०२,१८७ | १२.३० |
| १.५ | अन्य | १३४,७६७ | १३०,९५४ | २६५,७२१ | १.१६ |
| १.६ | पहिचान नभएको जातजाति | ११६,५६९ | ११५,०७२ | २३१,६४१ | १.०२ |
| १.७ | दलित | १,३५६,६३४ | १,३९३,४९३ | २,७५१,९७५ | १४.९९ |
| १.७.१ | पहाडी दलित | | | | |
| १.७.१.१ | कामी | ४३२,९३७ | ४६३,०१७ | ८९५,९५४ | ३.९४ |
| १.७.१.२ | सुनार | ७२,३३१ | ७२,७५७ | १४५,०८८ | ०.६४ |
| १.७.१.३ | लोहार | ४२,२७० | ४०,३६७ | ८२,६३७ | ०.३६ |
| १.७.१.४ | दमाई वा ढोली | १८८,३२९ | २०१,९७६ | ३९०,३०५ | १.७२ |
| १.७.१.५ | सार्की | १५३,६८१ | १६५,३०८ | ३१८,९८९ | १.४० |
| १.७.१.६ | गाइने | २,८५७ | ३,०३० | ५,८८७ | ०.०३ |
| १.७.१.७ | वादी | २,१५२ | २,२९० | ४,४४२ | ०.०२ |
| | जम्मा | ८९४,५५७ | ९४८,७४५ | १,८४३,३०२ | ७.११ |
| १.७.२ | मधेसी दलित | | | | |
| १.७.२.१ | चमार वा हरिजन वा राम | १३८,८७८ | १३०,७८३ | २६९,६६१ | १.१९ |
| १.७.२.२ | मुसहर | ८८,०४१ | ८४,३९३ | १७२,४३४ | ०.७६ |
| १.७.२.३ | दुसाध वा पासवान वा पासी* | ८२,१७३ | ७६,३५२ | १५८,५२५ | ०.७० |
| १.७.२.४ | तत्मा | ३९,६०६ | ३६,९०६ | ७६,५१२ | ०.३४ |
| १.७.२.५ | खत्वे | ३८,६४३ | ३६,३२९ | ७४,९७२ | ०.३३ |
| १.७.२.६ | धोवी | ३८,३५० | ३५,०६३ | ७३,४१३ | ०.३२ |

| | | | | | |
|---|---|---|---|---|---|
| १.७.२.७ | बाँतर | १८,१३९ | १७,७०० | ३५,८३९ | ०.१६ |
| १.७.२.८ | चिडिमार | ६,५१६ | ५,७८० | १२,२९६ | ०.०५ |
| १.७.२.९ | डोम | ४,६३१ | ४,३०० | ८,९३१ | ०.०४ |
| १.७.२.१० | मेस्तर वा हलखोर | १,८४८ | १,७७३ | ३,६२१ | ०.०२ |
| १.७.२.११ | कुशवाडिया वा पत्थरकट्टा३ | २८६ | २६६ | ५५२ | ०.०० |
| १.७.२.१२ | ककहिया | तथ्याङ्क नभएको | तथ्याङ्क नभएको | तथ्याङ्क नभएको | तथ्याङ्क नभएको |
| १.७.२.१२ | कलर२ | तथ्याङ्क नभएको | तथ्याङ्क नभएको | तथ्याङ्क नभएको | तथ्याङ्क नभएको |
| १.७.२.१३ | खटिक | तथ्याङ्क नभएको | तथ्याङ्क नभएको | तथ्याङ्क नभएको | तथ्याङ्क नभएको |
| १.७.२.१४ | कोरी | तथ्याङ्क नभएको | तथ्याङ्क नभएको | तथ्याङ्क नभएको | तथ्याङ्क नभएको |
| १.७.२.१५ | पसीद | तथ्याङ्क नभएको | तथ्याङ्क नभएको | तथ्याङ्क नभएको | तथ्याङ्क नभएको |
| १.७.२.१६ | सरभङ्ग वा सरवरिया२ | तथ्याङ्क नभएको | तथ्याङ्क नभएको | तथ्याङ्क नभएको | तथ्याङ्क नभएको |
| | जम्मा | ३७७,०१४ | ३५६,४१० | ७३५,२७२ | ३.२४ |
| | पहिचान नभएको दलित | ८५,०६३ | ८८,३३८ | १७३,४०१ | ०.७६ |

*स्रोत : २०५६ सालको जनगणना, तालिका १६. जातजाति र लैङ्गिक जनसङ्ख्या (केन्द्रीय तथ्याङ्क विभाग २००२ : ७२–३)।*

**टिप्पणी :**

- जनगणनाको तथ्याङ्कमा पासीको तथ्याङ्क दुसाध र पासवानसँग मिसाएकोले छुट्टै उल्लेख छैन।
- कुशवाडियालाई नेपाल सरकारले आदिवासी जनजातिमा सूचीकृत गरेको छ।
- कलर, सरभङ्ग र सरवरिया एउटै जातीय समुदाय हो।

तालिका २.२ मा दलितको जनसङ्ख्याका सम्बन्धमा निम्न तथ्य उजागर भएको छ (हेर्नुहोस, नक्सा २.१) :

- नेपाल राष्ट्रिय दलित आयोगले पहिचान गरेको २२ दलित समुदायमध्ये जनगणनामा १७ दलित समुदायको मात्र तथ्याङ्क दिइएको छ।
- आयोगले पासी र दुसाध वा पासवानलाई फरक दलित समुदायको रूपमा पहिचान

गरेको छ तर जनगणनामा भने दुवैलाई एकै मानेको छ।

- जनगणनामा कामी, सुनार र लोहारको छुट्टाछुट्टै तथ्याङ्क दिइएको छ तर आयोगले भने तीनवटैलाई एउटै मानेको छ।
- पहाडको कामी र सार्की तथा मधेसको चमार वा हरिजन वा राम, मुसहर, दुसाध वा पासवान वा पासीको जनसङ्ख्या एक लाखदेखि १० लाखभन्दा बढी छ।
- ककहिया, कलर, खटिक, कोरी, सरभङ्ग वा सरबरियाको तथ्याङ्क भने जनगणनाको तथ्याङ्कमा दिइएको छैन।

**धर्म**

दलितहरू हिन्दू धर्म, संस्कृति र समाजका उपज हुन्। बहुसङ्ख्यक दलितहरूको आस्था हिन्दू धर्ममा छ र जातीय छुवाछूत अन्त्य गर्नका लागि त्यहीँभित्र दशकौंदेखि सङ्घर्ष चलिरहेको छ। विगत पाँच दशकको दौरानमा काठमाडौंको पशुपतिनाथ र डोटीको शैलेश्वरी मन्दिरमा प्रवेश दलितआन्दोलनको प्रमुख सवालहरूमध्ये रहँदै आएको छ। केही दलितहरूले धर्म परिवर्तन गरी क्रिस्चियन धर्म अवलम्बन गरेका छन्। उक्त धर्मका धर्मगुरुहरू बाहुन–क्षेत्री र आदिवासी जनजाति समुदायका भएकाले त्यहाँ पनि उनीहरूले दलितहरूविरुद्ध जातीय छुवाछूतलाई विभिन्न रूपमा प्रयोग गरेको पाइन्छ । त्यसैले दलितहरू धर्म परिवर्तन गर्न हिच्किचाउने गर्छन्। बौद्ध धर्मले दलितहरूलाई आकर्षित गर्न सकिरहेको छैन।

जनगणनाको तथ्याङ्कले दलितहरूको धार्मिक आस्थाका सम्बन्धमा निम्न तथ्यहरू उजागर गरेको छ (तालिका २.३) :

- नेपालको कुल १८३,३०१,२१२ हिन्दू जनसङ्ख्यामध्ये हिन्दू दलितको जनसङ्ख्या २,७६९,५९६ छ र यीमध्ये हिन्दू पहाडी दलितको जनसङ्ख्या १,७९६,१४९ छ भने हिन्दू मधेसी दलितको जनसङ्ख्या ८०३,७८५ छ।
- हिन्दू धर्मावलम्बी दलितहरूपछि धेरै जनसङ्ख्या बौद्ध धर्मावलम्बी दलितहरूको छ। यो धर्म मान्नेहरूमा पहाडका कामी, दमाई र सार्की र मधेसका चमार वा हरिजन वा राम र मुसहर बढी छन्।
- बौद्ध धर्मपछि क्रिस्चियन धर्म मान्ने पहाडी दलितहरू कामी, दमाई र सार्की छन् भने मधेसी दलितहरूको जनसङ्ख्या नगण्य छ। क्रिस्चियन धर्म मान्नेहरूको जनसङ्ख्या कम देखिनुको कारण समाजबाट नकारात्मक दृष्टिले हेर्ने भएकोले हो भन्ने देखिन्छ।
- किरात धर्म, जैन, सिख, बहाई आदि धर्म उल्लेख गर्ने दलितहरूको जनसङ्ख्या अत्यन्त न्यून छ र एकजना पनि दलितले ईस्लाम धर्म उल्लेख गरेको छैन।

नक्सा १. दलितको जनसंख्याको प्रतिशत




*स्रोत : जि.एस. ई.ए., २००५*

## तालिका २.३ धर्मको आधारमा नेपालको जनसङ्ख्या

| क्रम | जातजाति | | धर्म | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | हिन्दू | बौद्ध | ईस्लाम | किरात | जैन | क्रिस्चियन | सिख | बहाई | अन्य |
| | नेपालको कुल जनसङ्ख्या | २२,७३६,९३४ | १८३,३०१,२१२ | २,४४२,५२० | ९५४,०२३ | ८१८,१०६ | ४,१०८ | १०१,९७६ | ५,८९० | १,२११ | ७८,९७९ |
| | पहाडी दलित | | | | | | | | | | |
| १. | कामी | ८९५,९५४ | ८६६,२९६ | १९,८४४ | ० | १,३०२ | २१ | ६,७४७ | ११२ | १२ | १,६२० |
| १.१ | सोनार | १४५,०८८ | १४२,४८२ | १,०५९ | ० | २९९ | ३ | १,१०७ | २४ | २९ | ८५ |
| १.२ | लोहार | ८२,६३७ | ८३,४५४ | ५८ | ० | २ | ३ | ३८ | ० | १ | ८१ |
| २ | दमाई/ढोली | ३९०,३०५ | ३८१,७३९ | ४,९१४ | ० | ६२६ | ४ | २,४८३ | ५५ | ३ | ४८१ |
| ३ | सार्की | ३१८,९८९ | ३१२,२७७ | २,६६८ | ० | ४६९ | ८ | ३,२२९ | ४४ | ७ | २८७ |
| ४ | गाइने | ५,८८७ | ५,७११ | ५१ | ० | १६ | १७ | ९० | १ | ० | १ |
| ५ | बादी | ४,४४२ | ४,३९० | २२ | ० | १ | ० | २१ | ० | ० | ८ |
| | जम्मा | १,८४३,३०२ | १,७९६,१४९ | २८,६१६ | ० | २,७१५ | ५६ | १३,७१५ | २३६ | ५२ | २,५६३ |
| | मधेसी दलित | | | | | | | | | | |
| ६ | चमार/हरिजन/राम | २६९,६६१ | २६६,५६८ | २,८९८ | ० | ६ | १५ | ४२ | ४२ | ९ | ८१ |
| ७ | मुसहर | १७२,४३४ | १६९,८८४ | १,४६२ | ० | २८ | १ | ६१ | २८ | ३ | ९६७ |
| ८ | दुसाध/पासवान/पासीड | १५८,५२५ | १५७,६८२ | ५४९ | ० | ५ | ३ | ४७ | ७ | ४ | २२८ |
| ९ | तत्मा | ७६,५१२ | ७६,३५१ | १२५ | ० | ५ | १ | ५ | ० | ३ | २२ |
| १० | धोवी | ७३,४१३ | ७३,०११ | २८६ | ० | ११ | १० | ४३ | ८ | ५ | ३९ |
| ११ | बाँतर | ३५,८३९ | ३५,०६९ | ६०७ | ० | ४२ | १ | २ | ० | १ | ११७ |
| १२ | चिडिमार | १२,२९६ | १२,२०९ | १९ | ० | १ | १ | १ | २ | १ | ६२ |
| १३ | डोम | ८,९३१ | ८,८६३ | ३७ | ० | ९ | ० | १ | ० | ० | २१ |
| १४ | मेस्तर/हलखोर | ३,६२१ | ३,५९७ | १२ | ० | १ | ० | ८ | १ | ० | २ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | कुशवाडिया/पत्थरकट्टा | ५५२ | ५५१ | ० | ० | १ | ० | ० | ० | ० | ० |
| १६ | क्कहिया | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध |
| १७ | कलर | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध |
| १८ | खटिक | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध |
| १९ | खत्वे | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध |
| २० | कोरी (कोइरी) | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध |
| २१ | पसीद | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध |
| २२ | सरभङ्ग/सरवरिया | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध |
| | जम्मा | ८११,७८४ | ८०३,७८५ | ५,९९५ | ० | १०९ | ३२ | २१० | ८८ | २६ | १,५३९ |
| २३ | पहिचान नभएका दलित | १७३,४०१ | १६९,६६२ | २,२०६ | ० | ३८० | १४ | ७२४ | १३८ | ३ | २७४ |

*स्रोत : दाहाल (२००३ : १३३–१३५) को तालिका परिशिष्ट ३.४ का आधारमा तयार गरिएको।*

## दलितहरुको सङ्ख्यात्मक र भौगोलिक क्षेत्र

पहाडी दलितहरूमध्येका विश्वकर्मा (खासगरी कामी), दमाई वा ढोली र सार्कीहरू नेपालका ७५ जिल्लामा छरिएको छन् (तालिका २४)। डा. हर्क गुरुङका अनुसार कामीको जनसङ्ख्या ५ वटा जिल्लाहरूमा दोस्रो र ११ वटा जिल्लाहरूमा तेस्रो ठूलो जनसङ्ख्या छ (गुरुङ १९९४)। मधेसी दलितहरूमध्येमा धोवी मात्र ६४ जिल्लामा छरिएर रहेको छ। त्यसपछि चिडिमारहरू २८ जिल्लामा, मेस्तर वा हलखोरहरू २५ जिल्लामा र वाँतरहरू २४ जिल्लामा छरिएका छन् ( तालिका २४)। गाइनेहरू १९ जिल्लामा र वादीहरू ८ जिल्लामा छरिएर रहेका छन्। आदिवासी जनजातिहरूको तुलनामा दलितहरू बाहुन–क्षेत्रीहरूजस्तै धेरै जिल्लाहरूमा छरिएर रहेका छन्। पहाडी दलितहरूको सघन बासोबास मध्य र सुदूर पश्चिमका पहाडी जिल्लाहरूमा छन्। तराईका जिल्लाहरूमा बसाइँ सरेका पहाडी दलितहरू प्रशस्त छन् तर मधेसी दलितहरू भने काठमाडौं र केही पहाडी सहरी क्षेत्रबाहेक पहाडमा बसाइँ सरेको पाइँदैन।

तालिका २.३ जिल्लाहरूमा दलित जनसङ्ख्याको सघनता

| सङ्ख्या | दलित | १०० भन्दा माथि जनसङ्ख्या भएको जिल्लाहरूको सङ्ख्या | ९९ जनाभन्दा कम जनसङ्ख्या भएका जिल्लाहरूको सङ्ख्या | जनसङ्ख्या शून्य भएका जिल्लाहरूको सङ्ख्या |
|---|---|---|---|---|
| | | **पहाडी दलित** | | |
| १. | विश्वकर्मा | | | |
| १.१ | कामी | ७५ | ० | ० |
| १.२ | सोनार | ५७ | १५ | ३ |
| १.३ | लोहार | ३९ | २९ | १७ |
| २ | दमाई/ढोली | ७३ | २ | ० |
| ३ | सार्की | ७१ | ४ | ० |
| ४ | गाइने | १९ | ३७ | १९ |
| ५ | बादी | ८ | ५१ | १६ |
| | | **मधेसी दलित** | | |
| ६ | चमार/हरिजन/राम | २१ | ३४ | २० |
| ७ | मुसहर | १७ | २४ | ३४ |
| ८ | दुसाध/पासवान/पासी | १८ | २६ | ३१ |
| ९ | तत्मा | १५ | २७ | ३३ |
| १० | धोवी | ९ | २४ | ४२ |
| ११ | वाँतर | १९ | ४४ | १२ |
| १२ | चिडिमार | ६ | १८ | ५१ |
| १३ | डोम | ९ | १९ | ४७ |
| १४ | मेस्तर/हलखोर | ११ | १९ | ४५ |
| १५ | कुशवाडिया/पत्थरकट्टा | ८ | १७ | ५० |
| १६ | ककहिया | २ | ७ | ६६ |
| १७ | कलर | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध |

| | | | | |
|---|---|---|---|---|
| १८ | खटिक | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध |
| १९ | खत्वे | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध |
| २० | कोरी (कोइरी) | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध |
| २१ | पसी | अनुपलब्ध | अनुपलब्ध | अनुपलब्ध |

*स्रोत : सन् २००१ को जनगणना।*

# अध्याय - ३

# सामाजिक-सांस्कृतिक क्षेत्रमा जातीय छुवाछूत तथा विभेदको प्रकृति र फैलावट

यो अध्याय विद्यमान जातीय छुवाछूतको अवस्था र विभेदको गहिराइका बारेमा विभिन्न समुहहरूको विचारमाथि केन्द्रित छ।

## नेपालमा जातीय छुवाछूत र विभेदको अवस्था

नेपालमा विद्यमान जातीय छुवाछूत र विभेदका सम्बन्धमा एक्सन एड, नेपालले सन् २००१ मा स्थलगत अध्ययन गरेको थियो (भट्टचन र अन्य, २००३)। यो अध्ययन पहाड र तराई, गाउँ र सहर, जातीय छुवाछूत तथा विभेद कम र चर्को भएका चारवटा गा.वि.स. र चारवटा नगरपालिकाहरूमा भएको थियो।

विद्यमान जातीय छुवाछूत र विभेदका सम्बन्धमा समुहगत छलफलका सहभागीहरू र मुख्य उत्तरदाताहरूले निम्न जानकारीहरू दिए :

- माओवादी नियन्त्रित ग्रामीण इलाकाहरूमा दुईचार वर्षयता जातीय विभेद घटेर गएको छ । उत्तरदाताहरूले यसको श्रेय जनयुद्ध गरिरहेका माओवादी, जातीय छुवाछूत र विभेदविरुद्ध आन्दोलन गरिरहेका दलितआन्दोलन र सचेतना कार्यक्रमहरूलाई सहयोग दिने दातृ संस्थाहरूलाई जाने कुरा बताएका थिए।
- जातीय छुवाछूत र विभेद पुरानो पुस्तामा बाँकी रहेको छ र नयाँ पुस्ताका धेरै कमले मात्र यस्तो विभेद गर्दछन्।
- अहिलेसम्म धेरै सकारात्मक परिवर्तन भए तापनि जातीय छुवाछूत र विभेद विभिन्न ठाउँहरूमा विभिन्न स्वरूपहरूमा अझै पनि विद्यमान छ।

## विद्यमान जातीय छुवाछूत र विभेदका व्यवहार

एक्सन एड, नेपाल (भट्टचन र अन्य, २००३) ले गरेको एक अध्ययन प्रतिवेदनअनुसार धार्मिक र सामाजिक–सांस्कृतिक क्षेत्रहरूमा, सार्वजनिक धारा र पानीपँधेराहरूमा, स्वास्थ्य, आर्थिक क्रियाकलाप, सार्वजनिक सम्पत्ति र बस्ती वा समुदायमा व्यवहारमा भइरहेका जातीय छुवाछूत र विभेदहरू यसप्रकार छन् (भट्टचन र अन्य, २००३) : स्थलगत अध्ययन भएका ८ ठाउँहरूमा जम्मा २०५ वटा जातीय छुवाछूत र विभेद पत्ता लाग्यो।

उक्त २०५ जातीय छुवाछूत र विभेदमध्ये निम्न ५४ वटा निषेध वा रोकसँग सम्बन्धित छन् :

- १० वटा प्रवेशसँग सम्बन्धित,
- १४ वटा सेवाहरूसँग सम्बन्धित,
- ६ वटा सामुदायिक स्रोतमा पहुँचसँग सम्बन्धित,

- १० वटा नाता–सम्बन्धसँग सम्बन्धित,
- १४ वटा सहभागितासँग सम्बन्धित,

उक्त २०५ जातीय छुवाछूत र विभेदमध्ये (वटा बाध्यात्मक वा विभेदकारी) मसँग सम्बन्धित छन् :

उक्त २०५ जातीय छुवाछूत र विभेदमध्ये :

- २० वटा हेप्ने, पेल्ने वा मातहतमा राख्नेसँग सम्बन्धित छन्।
- २० वटा अत्याचारसँग सम्बन्धित छन्।
- ३ वटा सामाजिक बहिष्कारसँग सम्बन्धित छन्।
- १८ वटा धारणागत छुवाछूतसँग सम्बन्धित छन्।

उक्त २०५ जातीय छुवाछूत र विभेदमध्ये ८१ वटा विभिन्न क्षेत्रहरूमा जातीय विभेदसँग सम्बन्धित छन् :

- १८ वटा विभेद पेशासँग सम्बन्धित छन्।
- ११ वटा विभेद शैक्षिक संस्थासँग सम्बन्धित छन्।
- १० वटा विभेद राजनीतिक अधिकारसँग सम्बन्धित छन्।
- १४ वटा विभेद सरकारी नीति र कार्यक्रमहरूसँग सम्बन्धित छन्।
- ७ वटा विभेद गैरसरकारी संस्थाहरूसँग सम्बन्धित छन्।
- १३ वटा विभेद विकासे कार्यक्रम र दातृसंस्थाहरूसँग सम्बन्धित छन्।
- ८ वटा विभेद धार्मिक र सांस्कृतिक क्रियाकलापहरूसँग सम्बन्धित छन्।

**गैरदलित तथा दलितबीच र दलित–दलितबीच विद्यमान जातीय छुवाछूत र विभेदका व्यवहार सम्बन्धी समुहगत छलफलबाट आएका जानकारीहरु यस प्रकार छन् :**

### *धार्मिक र सामाजिक–सांस्कृतिक क्षेत्रहरु*

यो अध्ययनले देखाएअनुसार विद्यमान जातीय छुवाछूत र विभेदका व्यवहारहरू धार्मिक र सामाजिक–सांस्कृतिक क्षेत्रहरूमा चर्को छ। गैरदलित तथा दलित वा कथित माथिल्लो र कथित तल्लो जातको दलितबीच हुने अन्तरजातीय विवाह, हिन्दू मन्दिरहरूमा प्रवेश, चाडपर्व र विवाह भोजहरूमा खानपानमा हुने जातीय छुवाछूत र विभेद यसका केही उदाहरणहरू हुन् (तालिका ३.१, विस्तृत विवरणका लागि परिशिष्ट क॰ को तालिका ३ हेर्नुहोस्)। स्थलगत अध्ययनका बेला भएको समुहगत छलफलमा जानकारी दिइएअनुसार १८ जातमध्ये १४ जातका दलित समुदायका सदस्यहरूले अझै पनि अन्तरजातीय विवाहमा निषेध र विवाहको अवसरमा आयोजना हुने भोजभतेरमा छुट्टै बसेर खानुपर्ने अपमानजनक अमानवीय व्यवहारहरू अझै पनि भोग्न बाध्य छन्। ६ देखि ७ जातका दलित समुदायका सदस्यहरूले हिन्दू मन्दिरमा पूजाआजा गर्न पस्न नपाउने र प्रसाद पनि लिन नपाउने अवस्था विद्यमान छ। तराईका पासी र चमार

उत्तरदाताहरूका अनुसार उनीहरूलाई मस्जिदमा प्रवेश गर्न दिइँदैन।

विगत पाँच दशकदेखि चलिरहेको दलितआन्दोलनका प्रमुख मागहरूमध्ये एउटा माग मन्दिर प्रवेश पनि हो। नेपालका कैयन् ठाउँहरूमा दलितहरूले मन्दिर प्रवेश अभियानमा सफलता हासिल गरेका छन् तर अझै पनि कतिपय ठाउँहरूमा मन्दिर प्रवेशआन्दोलन चलिरहेकै छ।

तालिका ३.१ धार्मिक र सामाजिक–सांस्कृतिक क्षेत्रहरूमा विद्यमान जातीय छुवाछूतको सघनता

| क्रम सङ्ख्या | छुवाछूतका रूप वा क्षेत्रहरू | गैरदलितले दलितका बिरुद्ध | | | | | दलितले दलितका बिरुद्ध | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | जम्मा | १ | २ | ३ | ४ | जम्मा |
| १ | सार्वजनिक (हिन्दू) मन्दिरमा प्रवेश निषेध | ३ | १० | २ | ३ | १८ | ३ | ११ | १ | ३ | १८ |
| २ | सार्वजनिक (हिन्दू) मन्दिरमा पूजा निषेध | ६ | ७ | १ | ४ | १८ | १ | १२ | १ | ४ | १८ |
| ३ | सार्वजनिक (हिन्दू) मन्दिरमा टीका थाप्न र प्रसाद (फलफूल र मिठाइ) लिन निषेध | ६ | ९ | ३ | ० | १८ | १ | १५ | ० | २ | १८ |
| ४ | सार्वजनिक (हिन्दू) मन्दिरमा दुध, दही चढाउन र धूप बाल्न निषेध | ७ | १० | १ | ० | १८ | १ | १५ | ० | २ | १८ |
| ५ | दलित पुरोहितलाई सार्वजनिक (हिन्दू) मन्दिरमा कर्मकाण्डलगायतका पुरोहित्याइँ गर्न निषेध | ७ | ११ | ० | ० | १८ | १ | १५ | ० | २ | १८ |
| ६ | चर्च, विहार (गुम्बा) र मस्जिदमा प्रवेश निषेध | ५ | ११ | २ | ० | १८ | १ | १५ | ० | २ | १८ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | चर्च, विहार (गुम्बा) र मस्जिदमा पूजा निषेध | १ | २ | ४ | ११ | १८ | ० | २ | ० | १६ | १८ |
| ८ | दलितलाई पादरी, लामा, भिक्षु, आनी, मौलाना हुन निषेध | २ | १ | २ | १३ | १८ | ० | १ | ० | १७ | १८ |
| ९ | विवाह र चाडपर्वका अवसरमा दलितका लागि छुट्टै बस्ने व्यवस्था | २ | १ | २ | १३ | १८ | ० | २ | ० | १६ | १८ |
| १० | पञ्चामृत र मनभोग खान निषेध | ३ | १ | १ | १३ | १८ | ० | २ | ० | १६ | १८ |
| ११ | अन्तरजातीय विवाहमा निषेध | १४ | ३ | १ | ० | १८ | १० | ५ | ३ | ० | १८ |
| १२ | दुलहीको माइत घरमा दलित दुलाहालाई पस्न निषेध | ६ | १२ | ० | ० | १८ | १ | १४ | १ | २ | १८ |
| १३ | गैरदलित केटाले दलित केटीलाई गर्भवती बनाए आफ्नो होइन भनेर अस्वीकार गर्ने | ९ | ० | ० | ९ | १८ | ८ | १ | ० | ९ | १८ |
| १४ | भोजभतेरहरूमा खाना खाएपछि आफूले खान प्रयोग गरेको थाल आफैंले माझ्नुपर्ने | ५ | ० | ० | १३ | १८ | ५ | ० | ० | १३ | १८ |

*स्रोत : स्थलगत अध्ययन, २००६/०७*

संकेत: १ = विद्यमान व्यवहार २ = व्यवहारमा नभएको ३ = व्यवहारमा भएको वा नभएको भन्न गाह्रो ४ = लागू नहुने वा असान्दर्भिक

### *सार्वजनिक खानेपानी*

दलितले खानेपानी छोयो भने बिटुलो हुन्छ भन्ने गलत विश्वासका कारणले सार्वजनिक धारा र पानीपँधेराहरूमा जातीय छुवाछूतका व्यवहार टड्कारो देख्न सकिन्छ। यस अध्ययनले निम्न तथ्यहरू देखाउँछ (तालिका ३.२) :

- वाँतरबाहेक १८ जातमध्ये १७ जातका दलित समुदायका उत्तरदाताहरूले बताएअनुसार गैरदलितहरूले दलितले छोएको पानी फ्याँक्ने गर्दछन्।
- ५ देखि ७ जातका दलित उत्तरदाताहरूले बताएअनुसार गैरदलितहरूले पानी भर्न आउँदा दलितहरूले पानी भर्न छाडेर टाढा अलग्ग बस्नुपर्दछ। दलितहरूलाई धारा वा कुवा छुन दिइँदैन। गैरदलितहरूले दलितका लागि पानी भरेर दिन्छन् वा गैरदलितले पानी भरिसकेपछि मात्र दलितको पालो आउँछ।
- पहाडका दमाई र तराईका खटिक, चिडिमार, दुसाध वा पासवान, मुसहर, डोम र खत्वे उत्तरदाताहरूका अनुसार उनीहरूविरुद्ध कथित मथिल्ला जातका दलितहरूले छुवाछूतको व्यवहार गर्दछन् (परिशिष्ट क३ को तालिका ३ हेर्नुहोस्)।
- गैरदलितहरूले दुसाध वा पासवान र मुसहरहरूलाई सार्वजनिक धारा र ट्युबबेलहरू छुन दिन्छन् कि दिँदैनन् भनेर एकिन गर्न गाह्रो भयो।
- तत्माहरूले छोएको पानी गैरदलितहरूले फाल्छन् कि फाल्दैनन् भनेर एकिन गर्न गह्रो भयो।

तालिका ३.२ सार्वजनिक धारा र पानीपँधेराहरूमा पानी छुन नदिने व्यवहार भोग्न बाध्य दलितहरूको सङ्ख्या

| क्रम सङ्ख्या | छुवाछूतका रूप वा क्षेत्रहरू | गैरदलितले दलितका बिरुद्ध | | | | | दलितले दलितका बिरुद्ध | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | जम्मा | १ | २ | ३ | ४ | जम्मा |
| १ | खानेपानीको स्रोत छुन निषेध | १ | २ | ० | १५ | १८ | ० | ३ | ० | १५ | १८ |
| २ | खानेपानीको धारा, ट्युबबेल र कुवा छुन निषेध | ५ | १० | २ | १ | १८ | १ | १४ | २ | १ | १८ |
| ३ | दलितका लागि गैरदलितले पानी भरिदिने | २ | ८ | ६ | २ | १८ | १ | १५ | २ | ० | १८ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | गैरदलितलाई दलित पर बसेर पानी भर्न ठाउं छाडिदिनुपर्ने | ५ | ११ | ० | २ | १८ | ३ | १४ | ० | १ | १८ |
| ५ | गैरदलितले पानी भरि सकेपछि मात्र दलितले पालो पाउने | ७ | ९ | ० | २ | १८ | ३ | १४ | ० | १ | १८ |
| ६ | दलितले छोएको पानी गैरदलितले फालिदिने | १७ | १ | ० | ० | १८ | ५ | ८ | ३ | २ | १८ |
| ७ | दलित भएको कारणले धारा खोल्न वा बन्द गर्न निषेध | २ | १ | ० | १५ | १८ | ० | ३ | ० | १५ | १८ |

*स्रोत : स्थलगत अध्ययन, २००६ ।०७*

संकेतः १= विद्यमान व्यवहार २=व्यवहारमा नभएको ३= व्यवहारमा भएको वा नभएको भन्न गाह्रो ४= लागू नहुने वा असान्दर्भिक

### *स्वास्थ्य सेवा*

गरिबीको कारणले अधिकांश दलितहरूले निजी क्षेत्रले दिने स्वास्थ्य सेवा प्रयोग गर्न सक्दैनन् । गैरदलितहरूले दलितविरुद्ध गर्ने जातीय छुवाछूत र विभेदको कारणले सस्तोमा उपलब्ध हुने सरकारी स्वास्थ्य सेवा पनि उपभोग गर्नबाट दलितहरू वञ्चित रहँदै आएका छन् । स्थलगत अध्ययनले देखाएको निम्न तथ्याङ्कले स्वास्थ्य क्षेत्रमा जातीय छुवाछूत घटेर गए पनि निमिट्यान्न भने भइनसकेको देखाउँछ (तालिका ३.३) :

- गैरदलितले सार्की, दमाई र कामीका विरुद्ध स्वास्थ्य सेवामा छुवाछूतको व्यवहार गर्दछ ।
- कथित माथिल्लो जातको दलितले कथित तल्लो जातको दलितकै विरुद्ध गर्ने छुवाछूतको व्यवहार भोग्न डोमहरू मात्र बाध्य छन् ।

तालिका ३.३ स्वास्थ्य सेवामा छुवाछूत भोग्न बाध्य दलितहरूको सङ्ख्या

| क्रम सङ्ख्या | छुवाछूतका रूप वा क्षेत्रहरू | गैरदलितले दलितका बिरुद्ध | | | | | दलितले दलितका बिरुद्ध | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | जम्मा | १ | २ | ३ | ४ | जम्मा |
| १ | दलितहरूलाई स्वास्थ्यचौकी वा अस्पतालमा पस्न निषेध | ० | | | | १८ | | | | | १८ |
| २ | स्वास्थ्यकर्मीहरू दलितका घर पस्दैनन् | ३ | | | | १८ | | | | | १८ |
| ३ | स्वास्थ्यपरीक्षण गर्दा स्वास्थ्यकर्मीहरूले दलित विरामीको शरीर छुँदैनन् | ० | | | | १८ | | | | | १८ |
| ४ | स्वास्थ्यकर्मीहरूले दलित विरामीलाई औषधी खानका लागि पानी दिँदैनन् | ३ | | | | १८ | | | | | १८ |
| ५ | स्वास्थ्यकर्मीहरूको निजी स्वास्थ्य केन्द्र वा औषधी पसलमा पस्न निषेध | ३ | | | | १८ | | | | | १८ |
| ६ | दलित स्वास्थ्यकर्मीहरूलाई गैरदलित विरामीको घरभित्र प्रवेश गर्न निषेध | १ | | | | १८ | | | | | १८ |

*स्रोत : स्थलगत अध्ययन, २००६ ।०७*

संकेत : १=विद्यमान व्यवहार, २ = व्यवहारमा नभएको, ३ = व्यवहारमा भएको वा नभएको भन्न गाह्रो, ४ = लागू नहुने वा असान्दर्भिक

*आर्थिक कामहरु र सार्वजनिक सम्पत्ति*

विगतमा जातीय छुवाछूतलगायतका विभेदहरू र जातीय पेशाहरूबीच घनिष्ठ अन्तर सम्बन्ध थियो । विगतमा सम्मानजनक पेशाहरू कथित मथिल्ला जातका मानिसहरूले एकाधिकार गरेका थिए भने शारीरिक श्रमका कामहरू भने कथित तल्ला जातका मानिसहरूले गर्नैपर्ने बाध्यात्मक श्रमविभाजनको व्यवस्था थियो । दलितआन्दोलनले जगाएको सचेतना र बढ्दो बजारीकरणका कारणले सहरी क्षेत्रहरूमा जातीय आधारमा पेशा वा श्रमको विभाजन घट्दै गएको छ तर यो निमिट्यान्न भने भइसकेको छैन । उदाहरणका लागि :

- दलितआन्दोलनले उठाएको एउटा सवाल दुग्ध सङ्कलन केन्द्रहरूले दलितहरूले बेच्न ल्याएको दुध किन्नुपर्छ भन्ने हो । स्थलगत अध्ययनका बेला ११ दलित जातका मानिसहरूले बेच्न लगेको दुध केन्द्रले नकिन्ने गरेको जानकारी उत्तरदाताहरूले दिएका थिए (तालिका ३.४, परिशिष्ट क, तालिका ३) ।

- होटल रेस्टुरेन्टहरूमा जातीय छुवाछूतका व्यवहारहरू घटेर गएको छ तापनि यो पूर्ण रूपमा निमिट्यान्न भने भइसकेको छैन । उत्तरदाताहरूले दिएको जानकारीअनुसार ३ दलित जातका मानिसहरूले अझै पनि जातीय छुवाछूतको व्यवहार आफ्नै समुदायका चिया पसलहरूमा भोग्न बाध्य छन् तर अन्य नचिनेका ठाउँहरूमा भने त्यस्तो विभेद भोग्न पर्दैन (तालिका ३.४, परिशिष्ट क, तालिका ३) ।

- एउटा दलित जातका मानिसहरूले भने गाई–भैंसी किन्न र चिया पसल चलाउन ऋण लिन खोज्दा दलितले छोएको दुध र चिया बिक्री हुँदैन भनी ऋण नदिएको जानकारी उत्तरदाताहरूले दिएका थिए (तालिका ३.४, परिशिष्ट क, तालिका ३) ।

तालिका ३.४ आर्थिक कामहरू र सार्वजनिक सम्पत्तिहरूमा दलितहरूविरुद्ध हुने जातीय छुवाछूत

| क्रम सङ्ख्या | छुवाछूतका स्वरूप वा क्षेत्रहरू | गैरदलितले दलितका बिरुद्ध | | | | | दलितले दलितका बिरुद्ध | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | जम्मा | १ | २ | ३ | ४ | जम्मा |
| | खरीद विक्री | | | | | | | | | | |
| १ | दलितले बेचेको दुध दूग्ध विकास केन्द्रले किन्दैन | ११ | ६ | १ | ० | १८ | २ | १५ | १ | ० | १८ |
| २ | कथित तल्लो जातका दलितले चलाएको होटल र रेस्टुरेन्टमा कथित माथिल्ला जातका मानिसहरूले खाँदैनन् | ३ | ० | २ | १३ | १८ | ० | ८ | ० | १० | १८ |
| ३ | दलितले चलाएको पसलबाट कथित माथिल्ला जातका मानिसहरूले मासु, तेल र अन्य खाद्य सामग्रीहरू किन्दैनन् | ० | १० | १ | ७ | १८ | ० | ११ | ० | ७ | १८ |
| | श्रम वजार | | | | | | | | | | |
| १ | दलितको लुगा सिलाउँदा शरीर नछोईकन नाप लिने काम गर्दछन् | ० | १ | २ | १५ | १८ | ० | ३ | ० | १५ | १८ |
| २ | धोवीलाई धुने लुगा दिँदा हातैमा दिन नपाइने | ० | ० | ० | १८ | १८ | ० | ० | ० | १८ | १८ |
| ३ | कथित तल्लो जातका श्रमिकसँग सँगै बसेर नखाने | ० | १६ | ० | २ | १८ | ० | १६ | ० | २ | १८ |
| ४ | घर बनाउने काम नदिने | १ | ९ | ० | ८ | १८ | १ | ६ | ० | ११ | १८ |
| | उत्पादन वजार | | | | | | | | | | |
| १ | दलितले उत्पादन गरेका घिउ, दुध र मासु खरीद नगर्ने | ३ | १० | २ | ३ | १८ | १ | १६ | १ | ० | १८ |
| २ | दलितलाई गाई–भैंसी पाल्न र चिया पसल चलाउनका लागि ऋण नदिने | १ | १५ | २ | ० | १८ | ० | १८ | ० | ० | १८ |

*स्रोत : स्थलगत अध्ययन, २००६ ।०७*

संकेत : १ =विद्यमान व्यवहार, २=व्यवहारमा नभएको, ३=व्यवहारमा भएको वा नभएको भन्न गाह्रो, ४= लागू नहुने वा असान्दर्भिक

### *बस्ती वा समुदाय*

छुवाछूतको अर्को थलो बस्ती वा समुदाय हो। कतिपय बस्ती वा समुदाय मिश्रित छन् भने कतिपयमा दलितहरूको छुट्टै बस्ती वा समुदाय छ। स्थलगत अध्ययनले निम्न तथ्यहरू उजागर गरेको छ (तालिका ३.५, परिशिष्ट क, तालिका ३) :

- स्थलगत अध्ययनका बेला उत्तरदाताहरूले दिएको जानकारीअनुसार १५ दलित जातका मानिसहरूले दलितले भन्दा गैरदलितले दलितबिरुद्ध बढी छुवाछूत गर्ने गरेका छन्।
- उत्तरदाताहरूले दिएको जानकारीअनुसार १३ दलित जातका मानिसहरूलाई गैरदलितका बस्तीनजिक बस्ती बस्न दिइँदैन।
- उत्तरदाताहरूले दिएको जानकारीअनुसार १२ दलित जातका मानिसहरूले बैश्य, आदिवासी जनजाति र मुसलमानहरूबाट भन्दा बढी जातीय छुवाछूत बाहुन वा ब्राह्मणहरूबाट भोग्ने गरेका छन्।
- उत्तरदाताहरूले दिएको जानकारीअनुसार १२ दलित जातका महिलाविरुद्ध दलित पुरुषले भन्दा गैरदलितले बढी छुवाछूत गर्ने गरेका छन्।

तालिका ३.५ बस्ती वा समुदायहरूमा जातीय छुवाछूत भोग्ने दलित जातहरू

| क्रम सङ्ख्या | छुवाछूतका स्वरूप वा क्षेत्रहरू | गैरदलितले दलितका बिरुद्ध | | | | | दलितले दलितका बिरुद्ध | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | जम्मा | १ | २ | ३ | ४ | जम्मा |
| १ | कथित माथिल्ला जातका बस्तीनजिक बस्ती बस्न नदिने | १३ | ३ | १ | १ | १८ | ७ | ८ | ३ | ० | १८ |
| २ | कथित माथिल्ला जातका बस्तीनजिक जग्गा किन्न नदिने | ८ | ३ | ३ | ४ | १८ | ४ | १० | ० | ४ | १८ |
| ३ | घरभित्र पस्न नदिने | २ | १३ | २ | १ | १८ | ० | १७ | ० | १ | १८ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | सामुदायिक भवनमा पस्न नदिने | १ | १० | ० | ७ | १८ | १ | १० | ० | ७ | १८ |
| ५ | बैठकमा पस्न नदिने | ० | १५ | १ | २ | १८ | ० | १७ | ० | १ | १८ |
| ६ | दलितले बैठकको अध्यक्षता गरेको छ भने गैरदलित सदस्यहरूले सँगै बसेर खानेपिउने काम नगर्ने | २ | ५ | ० | ११ | १८ | ० | ६ | ० | १२ | १८ |
| ७ | आदिवासी जनजातिले भन्दा बाहुन–क्षेत्रीले बढी छुवाछूत गर्ने | ८ | २ | ० | ८ | १८ | १ | ३ | ० | १४ | १८ |
| ८ | मधेसी बैश्यले भन्दा बाहुन–क्षेत्रीले बढी छुवाछूत गर्ने | १२ | १ | ० | ५ | १८ | ० | ३ | ० | १५ | १८ |
| ९ | तराईका मुसलमानले भन्दा बाहुन–क्षेत्रीले बढी छुवाछूत गर्ने | ९ | २ | १ | ६ | १८ | ० | ३ | ० | १५ | १८ |
| १० | बाहुन–क्षेत्रीले भन्दा आदिवासी जनजातिले बढी छुवाछूत गर्ने | ३ | ८ | १ | ६ | १८ | ० | ३ | ० | १५ | १८ |
| ११ | बहुन–क्षेत्रीले भन्दा मधेसी बैश्यले बढी छुवाछूत गर्ने | २ | ११ | ० | ५ | १८ | ० | ३ | ० | १५ | १८ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | बहुन–क्षेत्रीले भन्दा तराईका मुसलमानले बढी छुवाछूत गर्ने | २ | १० | ० | ६ | १८ | ० | ३ | ० | १५ | १८ |
| १३ | दलितले भन्दा गैरदलितले दलितबिरुद्ध बढी छुवाछूत गर्ने | १५ | १ | १ | १ | १८ | ० | ४ | ० | १४ | १८ |
| १४ | दलितले दलितबिरुद्ध गैरदलितले भन्दा बढी छुवाछूत गर्ने | १ | १५ | १ | १ | १८ | ० | ५ | १ | १२ | १८ |
| १५ | दलित पुरुषले भन्दा गैरदलितले दलित महिलाविरुद्ध बढी छुवाछूत गर्ने | १२ | ० | ६ | ० | १८ | १ | ५ | ० | १२ | १८ |
| १६ | दलित महिलाविरुद्ध दलितले गैरदलितले भन्दा बढी छुवाछूत गर्ने | ३ | १३ | १ | १ | १८ | ० | ५ | ० | १३ | १८ |

*स्रोत : स्थलगत अध्ययन, २००६ ।०७*

संकेत : १=विद्यमान व्यवहार, २=व्यवहारमा नभएको, ३=व्यवहारमा भएको वा नभएको भन्न गाह्रो, ४=लागू नहुने वा असान्दर्भिक

### जातीय विभेदका व्यवहारहरु

समुहगत छलफलबाट सङ्कलन गरिएका दलितविरुद्ध गैरदलितले र दलितविरुद्ध दलितले गर्ने जातीय विभेदका व्यवहारहरूमध्ये स्वास्थ्य सेवा, अन्तरजातीय विवाह र विभिन्न समुदायहरूले दलितका विरुद्ध गर्ने जातीय भेदभावको मात्राका बारेमा उनीहरूको विचार यस प्रकार छन् :

### *स्वास्थ्य सेवा*

स्थलगत अध्ययन गर्दा उत्तरदाताहरूले दिएको जानकारीअनुसार ३ दलित जातका मानिसहरूविरुद्ध गैरदलित र कथित माथिल्लो जातका स्वास्थ्यकर्मीहरूले स्वास्थ्य सेवा दिने काममा विभेद गर्दछन् (तालिका ३.६, परिशिष्ट क, तालिका ३)।

तालिका ३.६ स्वास्थ्यमा छुवाछूत भोग्न बाध्य दलितहरूका जातहरू

| क्रम सङ्ख्या | छुवाछूतका स्वरूप वा क्षेत्रहरू | गैरदलितले दलितका बिरुद्ध | | | | | दलितले दलितका बिरुद्ध | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | जम्मा | १ | २ | ३ | ४ | जम्मा |
| १ | स्वास्थ्यचौकी र अस्पतालमा दलित विरामीलाई पस्न दिइँदैन | ० | १८ | ० | ० | १८ | ० | १७ | ० | १ | १८ |
| २ | स्वास्थ्यकर्मीहरू दलितको घरमा पस्दैनन् | ३ | १३ | २ | ० | १८ | ० | १७ | ० | १ | १८ |
| ३ | स्वास्थ्य परीक्षण गर्दा स्वास्थ्यचौकी वा अस्पतालका स्वास्थ्यकर्मीहरूले दलित विरामीको शरीर छुँदैनन् | ० | १८ | ० | ० | १८ | ० | १७ | ० | १ | १८ |
| ४ | स्वास्थ्यकर्मीहरूले दलित विरामीलाई औषधी, खानेपानी दिँदैनन् | ३ | १२ | ३ | ० | १८ | १ | १४ | १ | २ | १८ |
| ५ | दलित विरामीहरूलाई स्वास्थ्यकर्मीहरूको घरमा वा औषधी पसलमा पस्न दिँदैनन् | ३ | १२ | ३ | ० | १८ | १ | १४ | १ | २ | १८ |
| ६ | दलित स्वास्थ्यकर्मीहरूलाई गैरदलित विरामीको घरमा पस्न दिइँदैन | १ | १६ | १ | ० | १८ | ० | १६ | ० | २ | १८ |

*स्रोत : स्थलगत अध्ययन, २००६।*

संकेत : १=विद्यमान व्यवहार, २=व्यवहारमा नभएको, ३=व्यवहारमा भएको वा नभएको भन्न गाह्रो, ४= लागू नहुने वा असान्दर्भिक

### *अन्तरजातीय विवाह*

शरीर चोखो र जुठो हुने अवधारणाले गर्दा छुवाछूतको व्यवहारले निरन्तरता पाएको छ। दलितसँग हुने अन्तरजातीय विवाह बढी समस्याग्रस्त छ। राज्य, गैरदलित र दलितहरूले दलितहरूसँगको अन्तरजातीय विवाहमा जोड दिने गरेका छन्। स्थलगत अध्ययनबाट आएको

तथ्याङ्क यस प्रकार छ (तालिका ३.७, परिशिष्ट क, तालिका ४) :

- दलित केटीहरूसँग अन्तरजातीय विवाह भएको अवस्थामा विवाह गर्ने गैरदलित केटालाई केटाको बाबुआमाले नै विभेद गर्दछन् । स्थलगत अध्ययनका बेला उत्तरदाताहरूले यस्तो विभेद भोग्नुपरेको दलितहरूका जातहरू १२ पाइयो ।
- कथित तल्लो जातका दलित केटीहरूसँग अन्तरजातीय विवाह भएको अवस्थामा विवाह गर्ने कथित माथिल्लो जातको दलित केटालाई केटाको बाबाआमाले नै विभेद गर्दछन् । स्थलगत अध्ययनका बेला उत्तरदाताहरूले यस्तो विभेद भोग्नुपरेका दलितहरूका जातहरू ७ पाइयो ।
- कथित माथिल्लो जातका दलितले कथित तल्लो जातका दलितलाई भन्दा गैरदलितले दलितका विरुद्ध सामाजिक बहिष्कार, घर प्रवेशमा निषेध र सम्पत्तिमाथिको अधिकारबाट बहिष्करण गर्दछन् ।

तालिका ३.७ अन्तरजातीय विवाह हुँदा विभेदमा पर्ने दलित जातहरू

| क्रम सङ्ख्या | छुवाछूतका स्वरूप वा क्षेत्रहरू | गैरदलितले दलितका बिरुद्ध | | | | | दलितले दलितका बिरुद्ध | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | जम्मा | १ | २ | ३ | ४ | जम्मा |
| १ | दलितसँग अन्तर जातीय विवाह हुँदा गैरदलित केटाविरुद्ध हुने विभेद | १२ | १ | १ | ४ | १८ | ७ | २ | ० | ९ | १८ |
| २ | अन्तरजातीय विवाह हुँदा बाबुआमाले छोरालाई पैतृक सम्पत्ति नदिने | ६ | २ | ४ | ६ | १८ | २ | ५ | ० | ११ | १८ |
| ३ | छोरा र बुहारीमध्ये छोरालाई घर पस्न दिने तर बुहारीलाई पस्न नदिने | ७ | ० | ३ | ८ | १८ | ३ | २ | ० | १३ | १८ |
| ४ | अन्तरजातीय विवाह गर्ने जोडीलाई सामाजिक बहिष्कार | ८ | २ | २ | ६ | १८ | २ | ३ | ० | १३ | १८ |

*स्रोत : स्थलगत अध्ययन, २००६ ।*

संकेत : १ = विद्यमान व्यवहार, २ = व्यवहारमा नभएको, ३=व्यवहारमा भएको वा नभएको भन्न गाह्रो, ४=लागू नहुने वा असान्दर्भिक

## विभिन्न समुहहरुमा जातीय विभेदको सघनता बारेका धारणा

स्थलगत अध्ययनबाट प्राप्त जानकारीअनुसार १५ जातका दलितहरूले गैरदलितहरूबाट

चर्को जातीय विभेद भोग्नुपरेको देखियो (तालिका ३.८, परिशिष्ट क, तालिका ४)। स्थलगत अध्ययनका बेला उत्तरदाताहरूले मधेसका बैश्यहरूबाट भन्दा पनि ब्राह्मण वा बाहुनहरूबाट चर्को जातीय विभेद भएको बताए। उत्तरदाताहरूले बताएअनुसार एउटा जातका दलितहरूले मात्र आदिवासी जनजातिहरूबाट चर्को जातीय विभेद भोग्ने गरेका छन्।

तालिका ३.८ विभिन्न समुहरूका जातीय विभेदको सघनता बारेका धारणा

| क्रम सङ्ख्या | छुवाछूतका स्वरूप वा क्षेत्रहरू | गैरदलितले दलितका बिरुद्ध | | | | | दलितले दलितका बिरुद्ध | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | जम्मा | १ | २ | ३ | ४ | जम्मा |
| १ | दलितलाई आदिवासी जनजातिले भन्दा बाहुन–क्षेत्रीले चर्को विभेद गर्दछन् | ८ | २ | ० | ८ | १८ | १ | ३ | ० | १४ | १८ |
| २ | दलितलाई मधेसका बैश्यले भन्दा बाहुन–क्षेत्रीले चर्को विभेद गर्दछन् | १२ | १ | ० | ५ | १८ | ० | ३ | ० | १५ | १८ |
| ३ | दलितलाई मधेसका मुसलमानले भन्दा बाहुन–क्षेत्रीले चर्को विभेद गर्दछन् | ९ | २ | १ | ६ | १८ | ० | ३ | ० | १५ | १८ |
| ४ | दलितलाई बाहुन–क्षेत्रीले भन्दा आदिवासी जनजातिले चर्को विभेद गर्दछन् | ३ | ८ | १ | ६ | १८ | ० | ३ | ० | १५ | १८ |
| ५ | दलितलाई बाहुन–क्षेत्रीले भन्दा मधेसका बैश्यले चर्को विभेद गर्दछन् | २ | ११ | ० | ५ | १८ | ० | ३ | ० | १५ | १८ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | दलितलाई बाहुन–क्षेत्रीले भन्दा तराईका मुसलमानले चर्को विभेद गर्दछन् | २ | १० | ० | ६ | १८ | ० | ३ | ० | १५ | १८ |
| ७ | दलितलाई दलितले भन्दा तराईका मुसलमानले चर्को विभेद गर्दछन् | १५ | १ | १ | १ | १८ | ० | ४ | ० | १४ | १८ |
| ८ | दलितलाई गैरदलितले भन्दा दलितले चर्को विभेद गर्दछन् | १ | १५ | १ | १ | १८ | ० | ५ | १ | १२ | १८ |
| ९ | दलित महिलालाई दलित पुरुषले भन्दा गैरदलितले चर्को विभेद गर्दछन् | १२ | ० | ६ | ० | १८ | १ | ५ | ० | १२ | १८ |
| १० | दलित महिलालाई गैरदलितले भन्दा दलितले चर्को विभेद गर्दछन् | ३ | १३ | १ | १ | १८ | ० | ५ | ० | १३ | १८ |

*स्रोत : स्थलगत अध्ययन, २००६ ।०७*

संकेत : १=विद्यमान व्यवहार, २=व्यवहारमा नभएको, ३=व्यवहारमा भएको वा नभएको भन्न गाह्रो, ४=लागू नहुने वा असान्दर्भिक

# अध्याय - ४

# राज्य, जात र मानवअधिकार

यो अध्याय नागरिक समाजका संघसंस्थाहरूको भूमिका, संवैधानिक प्रावधानहरू, नीतिहरू र अहिलेको अवस्थाको छोटो इतिहासमा केन्द्रित छ।

**संवैधानिक प्रावधानहरु**

नेपालको संवैधानिक इतिहास सन् १९४८ देखि सुरु भएको हो । अहिले नेपालमा नेपालको अन्तरिम संविधान जनवरी १४, २००७ देखि लागू भएको छ । यसभन्दा अघिका संविधानहरूको स्रोत राजा थियो भने यो अन्तरिम संविधानदेखि संविधानको स्रोत सार्वभौमसत्ता र राज्यसत्ताले सम्पन्न नेपाली नागरिकहरू भएका छन्। जातीय छुवाछूतको अन्त्य गर्नका लागि भएका संवैधानिक प्रावधानहरूको छोटकरी अवलोकन यस प्रकार छ :

नेपाल सरकारको ऐन, १९४८ : यो ऐनमा जातीय छुवाछूत र विभेद अन्त्य गर्ने कुनै प्रावधानहरू थिएनन्। धारा ४ मा पूजाआजाको स्वतन्त्रताको हक, कानुनको अगाडि समानता, सस्तो र छरितो न्यायलगायतका अधिकारहरूको व्यवस्था भए पनि जातीय छुवाछूत र विभेदमा आधारित सन् १८५४ को मुलुकी ऐन लागू भइरहेकाले जातीय छुवाछूत र विभेद अन्त्य गर्न खासै काम हुन सकेन।

नेपालको अन्तरिम संविधान, १९५१ : नीतिनिर्देशक सिद्धान्तमा केही प्रावधानहरू राखिएको भए पनि जातीय छुवाछूत र विभेद अन्त्य गर्ने वा घटाउने प्रावधानहरू थिएनन्।

नेपाल अधिराज्यको संविधान, १९५८ : यो संविधानले मौलिक अधिकारहरूमा स्वतन्त्रता, समानता आदिलाई समेटेको छ र धारा ४ को उपधारा १ र २ मा कानुनको अगाडि सबै समान छन् र कानुनको प्रयोग गर्दा धर्म, लिङ्ग, नश्ल, जात वा जातिका आधारमा विभेद गरिने छैन भने पनि जातीय छुवाछूत र विभेदले निरन्तरता पाएको थियो। जातीय छुवाछूत र विभेदको अन्त्य गर्न वा घटाउनका लागि संवैधानिक प्रावधानहरू थिएनन्।

नेपाल अधिराज्यको संविधान, १९६२ : निरङ्कुश निर्दलीय पञ्चायती शासनका प्रवर्तक राजा महेन्द्रले जारी गरेको यो संविधानको धारा १० मा सरकारी र अन्य सार्वजनिक सेवाहरूमा लिङ्ग, नश्ल, जात वा जातिका आधारमा कुनै प्रकारका विभेदहरू गरिने छैन, समानताका आधारमा व्यवहार गरिनेछ भन्ने उल्लेख छ। सन् १९६३ को मुलुकी ऐनमा जातीय छुवाछूतको अन्त्य गरियो भनियो तर मुलुकी ऐन यसबारे चुपचाप रहेकाले जातीय छुवाछूतले निरन्तरता पाएको थियो।

नेपाल अधिराज्यको संविधान, १९९० : सन् १९९० को जनआन्दोलनले निरङ्कुश

निर्दलीय पञ्चायती राजनीतिक व्यवस्थालाई ढालेर संवैधानिक राजतन्त्रसहितको बहुदलीय प्रजातान्त्रिक व्यवस्था स्थापना भएपछि संविधान सुझाब आयोगले तयार पारेको संविधान अन्तरिम मन्त्रिपरिषद्ले परिमार्जन गरी राजा वीरेन्द्रले लागू भएको घोषणा गरेका थिए । यो संविधानको धारा ११ मा समानताको हकलाई मौलिक हकका रूपमा सुनिश्चित गरिएको थियो । सबै नागरिक कानुनको दृष्टिमा समान छ भन्दै सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकहरूलाई धर्म, वर्ण, लिङ्ग, जात वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराका आधारमा भेदभाव गरिने छैन भन्ने उल्लेख छ । धारा ११ को समानताको हकको उपधारा ४ मा कुनै पनि व्यक्तिलाई जातिपातिका आधारमा छुवाछूतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरू प्रयोग गर्नबाट वञ्चित गरिने छैन । यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ" भनेर उल्लेख गरेको थियो तर व्यवहारमा प्रभावकारी कार्यान्वयन नभएकोले जातीय छुवाछूतले निरन्तरता पाएको थियो ।

नेपालको अन्तरिम संविधान, २००७ : ऐतिहासिक जनाआन्दोलन भाग दुईले नेपाली जनताहरूलाई सार्वभौमसत्ता र राज्यसत्ताले सम्पन्न गर्दै राज्यको पुनर्संरचना समावेशी तरिकाले गर्ने म्यान्डेट दिएको थियो । संविधानसभाको माध्यमबाट नयाँ संविधान बनाएर राज्यको अग्रगामी पुनर्संरचना गर्ने संकल्प गरेको थियो । अन्तरिम संविधान मस्यौदा समितिमा भएका ६ जनामध्ये एकजना मधेसीबाहेक बाँकी सबै पहाडी बाहुन–क्षेत्री पुरुष मात्र भएकोले विभिन्न समुदायहरूको दबाबपछि ९ जना सदस्य थप गर्दासमेत एकजना पनि दलित पर्न सकेको थिएन । मस्यौदा समितिको कार्यकाल सकिनै लागेको बेला एकजना दलित सदस्य थपिएको थियो । १६ जना सदस्यमध्ये १ जना मात्र दलित भएकाले दलितका सवाल प्रभावकारी रूपमा सम्बोधन हुनसक्ने अवस्था नै रहेन । दलितका विभिन्न संघ–संस्था र व्यक्तिहरूले मस्यौदा समितिलाई लिखित सुझाब बुझाएका थिए । धेरै बल गरेपछि मात्र दलित नागरिक समाजका अगुवाहरूले मस्यौदा समितिका संयोजकसँग भेट गरेर अन्तरिम संविधानमा समेटिनुपर्ने दलित सवालहरूका बारेमा जानकारी दिएका थिए । अन्तरिम संविधानमा केही सवालहरूको सम्बोधन भयो तर कतिपय सवालहरूलाई संविधान निर्माताहरूले बेवास्ता गरे । अन्तरिम संविधान जनवरी १४, २००७ देखि लागू भएको छ । यो संविधानसभाले नयाँ संविधान बनाएर लागू नगर्दासम्म कायम रहन्छ र नयाँ संविधान बनाउनका लागि दुईदेखि अढाइ वर्षसम्मको समयावधिको व्यवस्था छ ।

नेपालको अन्तरिम संविधान, २०६३ (ई.सं. २००७) मा दलितका बारेमा राखिएका प्रावधानहरू निम्न छन् :

- प्रस्तावनामा देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने संकल्प गरिएको छ ।
- धारा ४ ले धर्मनिरपेक्ष राज्यको व्यवस्था गरेको छ ।

नागरिकतासम्बन्धी धारा ८ को उपधारा २ अनुसार यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ :

(क) यो संविधान प्रारम्भ हुनुभन्दा अघि वंशजको आधारमा नागरिकता प्राप्त गरेको व्यक्ति,

(ख) कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति।'

- धारा १३ मा समानताको हकको उपधारा २ मा सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैनन्र र उपधारा ३ मा राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन' तर महिला, दलित, आदिवासी जनजाति, मधेसी वा किसान, मजदुर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैनन्र भनेको छ।

- धारा १४ मा. छुवाछूत तथा जातीय भेदभावविरुद्धको हकमा निम्न प्रावधानहरू छन् :
  - (१) कनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछूत तथा जातीय भेदभाव गरिने छैन। यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानुनद्वारा निर्धारण भएबमोजिमको क्षतिपूर्ति पाउनेछ।
  - (२) कुनै पनि व्यक्तिलाई जातजातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्नबाट वञ्चित गरिने छैन।
  - (३) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा, सुविधा वा वस्तु कुनै खास जात, जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई मात्र बिक्री–वितरण गरिने छैन।
  - (४) कुनै जात, जाति वा उत्पत्तिका व्यक्ति वा व्यक्तिहरूको समुहको उँचनीच दर्साउने, जात, जातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचारप्रसार गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन।
  - (५) उपधारा (२), (३) र (४) विपरीतको कार्य कानुनबमोजिम दण्डनीय हुनेछ।

- २१. सामाजिक न्यायको हकमा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी समुदाय, उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ" भनेको छ।

- धारा २१ २१. सामाजिक न्यायको हक :
  - आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी समुदाय,
  - उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ।
- धारा २९ मा शोषणविरुद्धको हकमा निम्न प्रावधान छ :
  - (१) प्रत्येक व्यक्तिलाई शोषणविरुद्धको हक हुनेछ।
  - (२) प्रथा, परम्परा र प्रचलनको नाममा वा कुनै पनि किसिमले कसैलाई शोषण गर्न पाइने छैन।
  - (३) मानिसलाई बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन।
  - (४) कसैलाई पनि निजको इच्छाविरुद्ध काममा लगाउन पाइने छैन।
    - तर यस उपधारामा उल्लिखित व्यवस्थाले सार्वजनिक प्रयोजनको लागि नागरिकलाई अनिवार्य सेवामा लगाउन सकिने कानुन बनाउन रोक लगाएको मानिने छैन।
  - धारा ३३ मा देहायबमोजिमका कानुनी बाध्यता नभएका दलितका सवालसंग सम्बन्धीत राज्यको दायित्वहरू उल्लेख छन् :
  - (घ) वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेसी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्रलगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने,
  - (झ) सुकुम्बासी, कमैया, हलिया, हरुवाचरुवालगायतका आर्थिक, सामाजिक रूपले पछाडि परेका वर्गलाई जग्गालगायत आर्थिक, सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने,
  - (ढ) सबै विभेदकारी कानुनको अन्त्य गर्ने,
- धारा ३४ मा राज्यका निर्देशक सिद्धान्तहरू मध्ये दलितका सवालसंग सम्बन्धीत कानुनी बाध्यता नभएका व्यवस्थाहरू यस प्रकार छन् :

- (४) देशमा उपलब्ध आर्थिक स्रोत र साधनलाई सीमित व्यक्तिहरूमा केन्द्रित हुन नदिई सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धिको न्यायोचित वितरणको व्यवस्था मिलाई कुनै पनि जाति, लिङ्ग, वर्ग, उत्पत्ति वा व्यक्तिउपर आर्थिक शोषण हुन नपाउने व्यवस्था गरी आर्थिक असमानता हटाउँदै स्वदेशी निजी एवं सार्वजनिक उद्यमीलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र, आत्मनिर्भर एवं उन्नतिशील गराउनु राज्यको मुलभूत आर्थिक उद्देश्य हुनेछ।
- (५) सबै किसिमको आर्थिक एवं सामाजिक असमानता हटाई विभिन्न जात, जाति, धर्म, भाषा, वर्ण, समुदाय र सम्प्रदायका बीच सामञ्जस्य स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुनेछ।

- धारा ३५ मा राज्यका नीतिहरू भनेर कानुनी बाध्यता नभएका व्यवस्थाहरू यस प्रकार छन् :
  - (१०) शिक्षा, स्वास्थ्य, आवास, खाद्यसम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका आदिवासी जनजाति, मधेसी, दलितलगायत सीमान्तकृत समुदाय तथा गरिबीको रेखामुनिका मजदुर–किसानको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नेछ।
  - (१४) राज्यले महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिमलगायत अल्पसङ्ख्यक, भूमिहीन, सुकुम्बासी, कमैया, अपाङ्ग, पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द्वपीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ।
- धारा ४५ को उपधारा १ को गऱ मा व्यवस्थापिका–संसद्को गठन :
  - (ग) संयुक्त वाममोर्चा, जनवर्गीय तथा पेशागत सङ्गठन, उत्पीडित जाति, पिछडिएको क्षेत्र,
- धारा ६३ मा संविधानसभाको गठनमा राजनीतिक दलहरूले उम्मेदवार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनुपर्नेछ र खण्ड (ख) बमोजिम राजनीतिक दलहरूले उम्मेदवारहरू सूचीकृत गर्दा महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेसीलगायत अन्य वर्गसमेतको कानुनमा व्यवस्था भएबमोजिम समानुपातिक प्रतिनिधित्व गराउनुपर्नेछ़ भनेको छ।
- धारा १३८ मा राज्यको अग्रगामी पुनर्संरचनाको उपधारा १ मा वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक संघीय शासनप्रणालीसहितको अग्रगामी पुनर्संरचना गरिनेछ़ भनेको छ।

- राजनीतिक दलको रूपमा निर्वाचनको लागि मान्यता प्राप्त गर्न दर्ता गराउनुपर्ने भन्ने धारा १४२ को उपधारा ३ को गन्न मा विभिन्न स्तरका कार्यकारिणी समितिमा महिला, दलितलगायत उपेक्षित र उत्पीडित क्षेत्रका सदस्यहरूसमेत रहने समावेशी व्यवस्था गरिएको हुनुपर्छन्न भनेको छ।
- आयोगको गठनसम्बन्धी धारा १५४ मा नेपाल सरकारले महिला, दलित, आदिवासी जनजाति, मधेसी, अपाङ्ग, मजदुर वा किसानलगायत विविध क्षेत्रको हकहितको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक आयोगहरू गठन गर्न सक्नेछ। त्यस्ता आयोगहरूको गठन, काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भएबमोजिम हुनेछ' भनेको छ।

अन्तरिम संविधान लागू भएको ५४ दिन अर्थात् मार्च ९, २००७ मा पहिलो संशोधन भएको थियो। धारा १३८ मा संशोधन गरेर एकात्मक राज्यलाई संघीय राज्यमा परिणत गरेको थियो। धारा ३३ को उपधारा गन्न मा संशोधन गरेर दलित र अन्य आन्दोलनले माग गरेबमोजिम संविधानसभाका लागि हुने निर्वाचनमा पूर्ण समानुपातिक निर्वाचन प्रणाली नअपनाएर मिश्रित निर्वाचन प्रणालीअन्तर्गत प्रथम हुने निर्वाचित हुनेबाहेक समानुपातिक निर्वाचनमा दलितका लागि १३ प्रतिशत र त्यसमध्येबाट दलित महिलाका लागि ५० प्रतिशत छुट्याइएको थियो।

### ऐन र नीतिहरु

नेपालमा पहिलोपटक सबै भागमा लागू भएको कानुन राजा सुरेन्द्रविक्रम र प्रधानमन्त्री जंगबहादुर राणाको पालाको सन् १८५४ को मुलुकी ऐन थियो। सम्पूर्ण कानुन जातपातको आधारमा बनेको थियो। सबै जनताहरूलाई चार जातमा बाँडिएको थियो। सबैभन्दा माथि तागाधारी त्यसपछि क्रमशः मतवाली, पानी नचल्ने छोइछिटो हाल्नु नपर्ने र सबैभन्दा तल पानी नचल्ने छोइछिटो हाल्नुपर्ने जात थियो। तागाधारीहरू उपाध्याय, पूर्वीया, कुमाई, क्षेत्री, जैसीलगायतमा बाँडिएको थियो। मतवालीलाई नमासिने र मासिने गरी दुईथरिमा बाँडिएको थियो। चार जात र जातभित्रको उपजात पनि उँच र नीचको आधारमा बाँडिएको थियो। मुलुकी ऐनमा विभिन्न जातका लागि छुट्टै व्यवस्था पनि थियो। जस्तै : जैसी बाहुनको, तागाधारी क्षेत्री जातको, नमासिने मतवाली जातको, मासिने मतवाली जातको, पानी नचल्ने छोइछिटो हाल्नु नपर्ने जातको, पानी नचल्ने छोइछिटो हाल्नुपर्ने जातको आदि। जातीय छुवाछूत र विभेदलाई कानुनी हैसियत दिइएको र कानुनको उल्लङ्घनलाई दण्डनीय बनाइएकोले दलितहरूविरुद्ध जातीय छुवाछूत र विभेदको व्यवहार बढेर गएको थियो। राज्यले संस्थागत र क्रमबद्ध तरिकाले दलितहरूको सम्मानमाथि चोट पुऱ्याएको, बहिष्करणमा पारेको, शोषण, दमन तथा उत्पीडनमा पारेको, नीतिनिर्णय प्रक्रिया, स्रोत तथा विकासका अवसरहरूमा कानुनी तथा संस्थागत रूपमा पहुँच र नियन्त्रण हुनबाट वञ्चित गरेको थियो। दलितविरुद्ध छुवाछूत गर्न नमान्ने कथित माथिल्ला जातका मानिसहरूलाई सामाजिक बहिष्कार गर्ने प्रचलन थियो। एउटै प्रकृतिको अपराधमा कथित माथिल्ला जातका अपराधीहरूले कम र दलित अपराधीहरूले सबैभन्दा बढी सजाय पाउने व्यवस्था थियो। दलितहरू मानवविकास सूचाङ्क सबैमा तल पर्नुमा राज्यको

दलितविरुद्धका नीति, कानुन तथा कार्यक्रमहरू प्रमुख रूपमा जिम्मेवार छन्।

१०४ वर्ष लामो जहानियाँ राणाशासनको अन्त्यपछि सन् १९५० मा लोकतन्त्र आए पनि जातीय छुवाछूत र भेदभावको पक्षपाती पुरानो मुलुकी ऐनलाई निरन्तरता दिइयो तर पछि सन् १९६३ मा राजा महेन्द्रले नयाँ मुलुकी ऐन जारी गरेर जातीय छुवाछूतको अन्त्य गरेको दाबी गरे पनि जातीय छुवाछूत र विभेद गर्नेहरूका विरुद्ध कडा दण्डको व्यवस्था नभएकाले धार्मिक, सामाजिक, सांस्कृतिक, राजनीतिक र कानुनी क्षेत्रमा विद्यमान जातीय छुवाछूत र विभेद अन्त्य गर्न प्रभावहीन रह्यो। सर्वव्यापी संस्थागत बहुआयामिक जातीय छुवाछूत र विभेदलाई अन्त्य गर्नका लागि कुनै प्रोत्साहन वा विभेदकारीहरूलाई दुरुत्साहनको व्यवस्था भएन। राज्यले दलित सशक्तीकरणका लागि कुनै विशेष आर्थिक र राजनीतिक कार्यक्रमहरू ल्याउने काम गरेन। नयाँ मुलुकी ऐनले पानी, खानेकुरा र शरीर आदिमा जातीय छुवाछूत र विभेद गर्नेहरूलाई कमजोर पार्ने काम भयो। दलितहरू हिन्दू वर्णव्यवस्था र कथित माथिल्ला जात र आदिवासी जनजातिहरूसँग आफ्नो अस्तित्वको रक्षा र जीविकोपार्जनका लागि निर्भर रहेकाले उनीहरूले गर्ने जातीय छुवाछूत र विभेदका विरुद्ध सशक्त सङ्घर्ष गर्न सक्ने अवस्था रहेन। यी कार णले गर्दा दलित मुक्तिको अभियानले लामो समय लिएको पाइन्छ (नेपालमा दलितको स्थिति विश्लेषण, २००२ : ४९)।

सन् १९९० मा जनआन्दोलनमार्फत् प्रजातन्त्रको पुनर्स्थापना भएपछि बेलायती संसदीय व्यवस्था अपनाउने काम भयो। प्रतिनिधि सभा र राष्ट्रिय सभा ऐन–कानुन बनाउन जिम्मेवार भए पनि प्रतिनिधि सभामा निर्वाचित दलित प्रतिनिधित्व नहुनु र राष्ट्रिय सभामा एकाध दलितहरूको मात्र उपस्थिति भएकोले संसद्ले दलितका पक्षमा खासै केही काम गर्न सकेन। संसद्ले दलितका लागि गरेका केही उल्लेखनीय कामहरू यस प्रकार छन् :

- सांसद परि थापाले दलित विधेयकलाई गैरसरकारी विधेयकका रूपमा दर्ता गरे पनि यो विधेयकलाई संसद्द्वारा तुहाउने काम भयो।
- नेपाली कांग्रेसको भातृ सङ्गठन नेपाल दलित संघले सन् २००२ मा दलित उत्थान तथा संरक्षण विधेयकलाई संसद्मा प्रस्तुत गर्ने प्रतिबद्धता कांग्रेसले सन् १९९९ को चुनावी घोषणापत्रमा व्यक्त गरेअनुसार प्रक्रिया पुऱ्याउन सरकारले कानुन, शिक्षा र अर्थ मन्त्रालयहरूमा पठाएर यी मन्त्रालयहरूको सहमति प्राप्त भइसकेपछि मन्त्रिपरिषद् ले छलफल गरी संसद्मा प्रस्तुत गर्न तयार भएको अवस्थामा राजाले संसद् विघटन गरिदएकाले बिथोलियो (विश्वकर्मा २००३ : ५७–५८)।
- त्यस्तै गरेर राष्ट्रिय दलित आयोगले राष्ट्रिय दलित आयोगको विधेयक सन् २००३ मा तयार गरेकामा संसद्मा प्रस्तुत गर्नुअघि नै राजाले संसद्को विघटन गरिदिएकाले त्यत्तिकै तुहेर गयो।
- दलित गैरसरकारी महासंघले नेपाल अधिराज्यको संविधान, २०४७ (सन् १९९०)मा

पहिलो संशोधन विधेयक र आरक्षण विधेयक सन् २००५ मा सरकार र विभिन्न राजनीतिक दलहरूलाई बुझाएको थियो तर संसद् विघटन भएकाले यो काममा कुनै प्रगति हुन सकेन।

- छुवाछूतविरुद्ध वकिलहरूको राष्ट्रिय अभियान (ल्यानकाउ) ले सन् २००६ मा जातीय छुवाछूतको अपराधविरुद्ध कानुनको मस्यौदा विधेयक तयार गरेको थियो र दलित सवालहरू अन्तरिम संविधानमा समेट्न अन्तरिम संविधान मस्यौदा समितिलाई दलितका दृष्टिकोणबाट अन्तरिम संविधानको मस्यौदा बुझाएको थियो । संसद् नभएकाले विधेयकको काम अघि बढेन। मस्यौदा संविधानमा दिइएका सुझावहरूमाथि मस्यौदा समितिले खासै ध्यान दिएन।

सन् १९९० देखि सन् २००२ सम्म चलेको बहुदलीय संसदीय राजनीतिक व्यवस्थामा संसद्भित्र र बाहिरबाट जातीय छुवाछूत तथा भेदभाव अन्त्य गर्नका लागि जे जति प्रयास भए पनि एउटै पनि विधेयक संसद्मा प्रस्तुत भएन। समाजमा जानेर वा नजानेर, नियतवस वा विनानियत तथा थाहा पाएर वा नपाएर जातीय छुवाछूत र भेदभावले निरन्तरता पाइरह्यो। यस्तो अवस्था निश्चित रूपमा सांसदहरूले दलितका सवालमा खासै संवेदनशीलता नदेखाएकोले पनि आएको हो। सन् १९५० देखि १९५७, १९५७ देखि १९६०, १९६० देखि १९९० र १९९० देखि २००२ सम्म भएका व्यवस्थापिकामा दलितको प्रतिनिधित्व क्रमशः ३, १, ५ र ९ मात्र रहेको थियो। सन् १९९० पछिको बाह्र वर्षको संसदीय व्यवस्थामा तल्लो सदन अर्थात् प्रतिनिधि सभामा एकजना मात्र दलितको प्रतिनिधित्व थियो भने माथिल्लो सदन अर्थात् राष्ट्रिय सभामा ८ जना दलितको प्रतिनिधित्व थियो तर ती ८ मध्ये पनि २ जना राजाबाट मनोनित थिए। विगतमा भएका १८ जना सांसद वा विधायिकाहरूमध्ये महिला एकजना पनि थिएनन् भने तराईका दलितहरू २ जना थिए। अहिलेसम्म एकजना मधेसी दलित मात्र माथिल्लो सदन अर्थात् राष्ट्रिय सभाका उपाध्यक्ष भएका थिए।

दलितका सवालहरूप्रति व्यवस्थापिका मात्र नभएर कार्यपालिका पनि उत्तिकै उदासिन र असंवेदनशील रहँदै आएको छ। यस्तो हुनुको एउटा प्रमुख कारण कार्यपालिकामा दलितहरूको उपस्थिति नगन्य मात्रामा भएकोले हो। अहिलेसम्म दलित समुदायबाट मन्त्री हुने ७ जनामध्ये एकजना सन् १९७४, १९७५ र १९८४ मा ३ पटक मन्त्री भए। पञ्चायतकालमा दलित समुदायबाट ५ जना मन्त्री भएका थिए। ७ जना मन्त्रीमध्ये एकजना राज्यमन्त्रीबाहेक बाँकी ६ जना सहायकमन्त्री भएका थिए। दलित महिला तथा तराईका दलित एकजना पनि मन्त्री भएका छैनन्।

सन् २००६ मा पुनर्स्थापित विधायिका–संसद्मा भएका ३३० जना विधायक–सांसदमध्ये १८ जना अर्थात् ६ प्रतिशत दलित समुदायका छन् (तालिका ४.१)। यीमध्ये ने.क.पा. (माओवादी) बाट १२ जना, ने.क.पा. (एमाले) बाट ३ जना, संयुक्त जनमोर्चा, नेपालबाट २ जना र नेपाली कांग्रेसबाट १ जना छन्। दलितआन्दोलनको माग भने पूर्ण समानुपातिक प्रतिनिधित्व हो।

तालिका ४.१ सन् २००६ को विधायिका–संसद्मा लिङ्ग, जातजाति र क्षेत्रगत समुहको प्रतिनिधित्व

| प्रमुख राजनीतिक दलहरू | लिङ्ग | | | | जम्मा | | जातजाति | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | | | पुरुष | | महिला | | पुरुष | | महिला | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| नेपाली कांग्रेस | ७७ | ९१ | ८ | ९ | ८५ | १०० | ५९ | ६९ | १४ | १६ | ११ | १३ | १ | १२ |
| ने.क.पा (एमाले) | ७१ | ८६ | १२ | १४ | ८३ | १०० | ४९ | ५९ | २३ | २८ | ८ | १० | ३ | ३.६ |
| ने.क.पा. (माओवादी) | ५५ | ६६ | २८ | ३४ | ८३ | १०० | २९ | ३५ | २८ | ३४ | १४ | १७ | १२ | १४.४ |
| नेपाली कांग्रेस (प्रजातान्त्रिक) | ४५ | ९४ | ३ | ६ | ४८ | १०० | ३३ | ६९ | ७ | १५ | ८ | १६ | ० | ० |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | ६ | १०० | ० | ० | ६ | १०० | १ | १७ | १ | १७ | ० | ० | ० | ० |
| राष्ट्रिय जनशक्ति पार्टी | १ | ५० | १ | ५० | २ | १०० | १ | ५० | ० | ० | १ | ५० | ० | ० |
| नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) | ४ | ८० | १ | २० | ५ | १०० | ० | ० | ० | ० | ५ | १०० | ० | ० |
| नेपाल सद्भावना पार्टी | १ | १०० | ० | ० | १ | १०० | ० | ० | ० | ० | १ | १०० | ० | ० |
| नेपाल मजदुर किसान पार्टी | ३ | ७५ | १ | २५ | ४ | १०० | १ | २५ | ३ | ७५ | ० | ० | ० | ० |
| जनमोर्चा, नेपाल | ३ | ७५ | १ | २५ | ४ | १०० | १ | २५ | १ | २५ | ० | ० | २ | ५० |
| राष्ट्रिय जनमोर्चा, नेपाल | ३ | १०० | ० | ० | ३ | १०० | ३ | १०० | ० | ० | ० | ० | ० | ० |
| जनमोर्चा, नेपाल (चित्रबहादुर आले) | २ | १०० | ० | ० | २ | १०० | १ | ५० | १ | ५० | ० | ० | ० | ० |
| संयुक्त वाममोर्चा | ३ | १०० | ० | ० | ३ | १०० | ३ | १०० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | २७४ | ८३ | ५५ | १७ | ३२९ | १०० | १८४ | ५६ | ७८ | २३ | ४९* | १५ | १८ | ६ |
| नेपालको जनसङ्ख्या (प्रतिशतमा) | – | ४९.९ | – | ५०.१ | – | – | – | ३०.९ | – | २३ | – | ३२.५ | – | १२.९ |
| प्रतिशतमा परिवर्तन | – | +३३.३ | – | –३३.४ | – | – | – | +२५.१ | – | ० | – | –१७.५ | – | –७.३३ |

*स्रोत : http://www.enewsnepal.com, 2007, विश्व बैंक र डीफीड २००६ र जनउत्थान पत्रिका, अंक ५३ २००६, जनउत्थान प्रतिष्ठान।*

प्रतिनिधि सभाले महिलाका लागि ३३ प्रतिशत आरक्षणको व्यवस्था गरेको घोषणा गरे पनि विधायिका–संसद्मा महिलाको प्रतिनिधित्व १७ प्रतिशत मात्र छ (तालिका ४.१)। दलितआन्दोलनले समानुपातिक प्रतिनिधित्वको माग राख्दै आएको भए पनि दलितको प्रतिनिधित्व भने ५.४ प्रतिशत मात्र छ।

तालिका ४.२ विधायिका–संसद्मा पहाडी र मधेसी दलितको अनुपात

| क्र.सं. | क्षेत्रगत दलित | प्रतिशत (सङ्ख्या १८) |
|---|---|---|
| १ | पहाडी दलित | ७७.८ |
| २ | तराई दलित | २२.२ |
| | जम्मा | १००.० |

*स्रोत : जनउत्थान पत्रिका, अंक ५३, फरवरी २००६, जनउत्थान प्रतिष्ठान।*

अन्तरिम विधायिका–संसद्का ३३० जना विधायक–सांसदमध्ये १८ जना दलित विधायक–सांसद छन्। जसमध्ये दलितको कुल जनसङ्ख्या ४१ प्रतिशत भएकोमा तराईका दलितको प्रतिनिधित्व भने ४ जनाको मात्र छ (तालिका ४.२)।

तालिका ४.३ विधायिका–संसद्मा दलित महिला र पुरुषको प्रतिनिधित्व

| क्रम सङ्ख्या | लिङ्ग | प्रतिशत (सङ्ख्या १८) |
|---|---|---|
| १ | दलित पुरुष | ६६.७ |
| २ | दलित महिला | ३३.३ |
| | जम्मा | १००.० |

*स्रोत : जनउत्थान पत्रिका, अंक ५३, फरवरी २००६, जनउत्थान प्रतिष्ठान।*

१८ जना दलित विधायिका–सांसदमध्ये एकतिहाइ दलित महिला छन् (तालिका ४.३)। यो अनुपात भने राज्यले महिलाका लागि घोषित ३३ प्रतिशत आरक्षण बराबर छ।

तालिका ४.४ विधायिका–संसद्मा लैङ्गिक र क्षेत्रगत अधारमा प्रतिनिधित्व

| क्रम सङ्ख्या | लिङ्ग र क्षेत्र | १९५० – १९९० | १९९० – २००२ | २००२ पछि | जम्मा |
|---|---|---|---|---|---|
| | | प्रतिशत सङ्ख्या ९ | प्रतिशत सङ्ख्या ९ | प्रतिशत सङ्ख्या १८ | प्रतिशत सङ्ख्या ३६ |
| | लिङ्ग | | | | |
| १ | पुरुष | १०० | १०० | ६६.७ | ८३.३ |
| २ | महिला | ० | ० | ३३.३ | १६.७ |
| | जम्मा | १०० | १०० | १०० | १०० |
| | क्षेत्र | | | | |
| १ | पहाडी दलित | ८८.९ | ८८.९ | ७७.८ | ८३.३ |
| २ | तराई दलित | ११.१ | ११.१ | २२.२ | १६.७ |
| | जम्मा | १०० | १०० | १०० | १०० |

*स्रोत : जनउत्थान पत्रिका, अंक ५३, फरवरी २००६, जनउत्थान प्रतिष्ठान।*

जनआन्दोलन भाग दुईपछि बनेको अन्तरिम विधायिका–संसद्मा ६ जना दलित महिला र ६ जना मधेसी दलितसहित जम्मा ३६ जना दलित महिला विधायक–सांसद हुनु ऐतिहासिक घटना हो (तालिका ४.४ र तालिका ४.५)। राष्ट्रिय दलित आयोगले पहिचान गरेको २२ दलित समुदायमध्ये ६ समुदाय, विश्वकर्मा (४४.५ प्रतिशत), परियार (दमाई) (१९.५ प्रतिशत), सार्की (११.२ प्रतिशत), पासवान (दुसाध) (११.२ प्रतिशत), मुसहर (२.७ प्रतिशत) र चमार (२.७ प्रतिशत) बाट मात्र विधायिका–संसद्मा प्रतिनिधित्व भएको छ।

तालिका ४.५ विधायिका–संसद्मा दलितको प्रतिनिधित्वको प्रतिशत

| क्रम सङ्ख्या | जात | १९५० – १९९० | १९९० – २००२ | २००२ पछि | जम्मा |
|---|---|---|---|---|---|
| | | प्रतिशत सङ्ख्या ९ | प्रतिशत सङ्ख्या ९ | प्रतिशत सङ्ख्या १८ | प्रतिशत सङ्ख्या ३६ |
| १ | विश्वकर्मा | ३३.४ | ५५.६ | ४४.५ | ४४.५ |
| २ | परियार | २२.२ | २२.२ | १६.७ | १९.५ |
| ३ | सार्की | ० | ११.१ | १६.७ | ११.२ |
| ४ | पासवान | ११.१ | ११.१ | ११.१ | ११.२ |
| ५ | मुसहर (सदा) | ० | ० | ५.५ | २.७ |
| ६ | राम (चमार) | ० | ० | ५.५ | २.७ |
| ७ | कपाली (योगी)* | २२.२ | ० | ० | ५.५ |
| ८ | खड्गी* | ११.१ | ० | ० | २.७ |
| | जम्मा | १०० | १०० | १०० | १०० |

*स्रोत : जनउत्थान पत्रिका, अंक ५३, फरवरी २००६, जनउत्थान प्रतिष्ठान।*

टिप्पणी : * कपाली र खड्गीलाई राष्ट्रिय दलित आयोगले दलितको सूचीमा राखेको छैन।

राष्ट्रिय सभाका पूर्व सांसद मनबहादुर विश्वकर्मा र मनोहरलाल बमरेलले सन् १९९२ मा जातीय छुवाछूतविरुद्धका कानुनहरूको प्रभावकारी कार्यान्वयनका लागि सर्वोच्च अदालतमा रिट निवेदन दिएका थिए। उक्त रिटको फैसला गर्दा अदालतले जातीय छुवाछूत र विभेद गर्ने दोष प्रमाणित भएमा दोषीलाई रु. तीन हजार जरिवाना वा एक वर्ष कैद वा दुवै सजाय हुन सक्ने व्यवस्था भयो। यो फैसलालाई दलितआन्दोलनले सकारात्मक रूपमा लियो। अन्तरिम विधायिका–संसद्ले नेपाललाई छुवाछूतमुक्त क्षेत्रको घोषणा गरेपछि अक्टोबर १४, २००६ मा मुलुकी ऐनको संशोधन गर्दा उक्त सजाय ३ वर्षसम्मको कैद र रु. २५,००० सम्म जरिवाना गर्ने गरी बढाएको थियो। नेपाल सरकारले सन् २००३ मा जातीय छुवाछूतसम्बन्धी मुद्दामा सरकार वादी हुनेछ भनेर घोषणा गरेपछि सार्वजनिक महत्वको उजुरी (Public Interest

Litigation) को मुद्दा ह्वात्तै बढेर गएको छ। दलित गैरसरकारी महासंघले सन् २००४ देखि २००६ को अवधिमा १९ वटा छुवाछूतविरुद्ध वकिलहरूको राष्ट्रिय अभियान (ल्यानकाउ) ले ६ वटा मुद्दा सर्वोच्च अदालतमा दायर गरेका थिए।

दलित गैरसरकारी महासंघले दर्ता गरेका मुद्दाहरू गाली बेइज्जति र घरेलु हिंसाजस्ता कुटपिट र विभेदसँग सम्बन्धित छन्। अन्य मुद्दाहरूमा अन्तरजातीय विवाह, वैवाहिक सम्बन्ध, पारपाचुके, सम्पत्तिमा विवाद, जन्म दर्ता, बलात्कार वा बलात्कारको प्रयास, चोरीको आरोप, ठगी, हत्या वा हत्याको प्रयास आदि छन् (तालिका ४.६)। दलित गैरसरकारी महासंघले दर्ता गरेका ४२ मुद्दाहरूमा फैसला गरेकामध्ये ४२ प्रतिशत सकारात्मक र २१ प्रतिशत नकारात्मक थियो (तालिका ४.७)। ल्यानकाउले दर्ता गरेका १२ वटा मुद्दाहरूमध्ये दुईतिहाइजतिमा सकारात्मक फैसला भएको थियो। अहिले ७ वटा मुद्दाहरू फैसला हुन बाँकी छ।

तालिका ४.६ दलित गैरसरकारी महासंघले सन् २००४ देखि २००६ को अवधिमा दायर गरेका मुद्दाको सङ्ख्या र प्रकार

| क्रम सङ्ख्या | मुद्दा | वर्ष | | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | | २००४ | २००५ | २००६ | सङ्ख्या | प्रतिशत |
| १ | गाली बेइज्जति, घरेलु हिंसाजस्ता कुटपिट वा विभेद | २५ | २३ | ८५ | १३३ | ३८.३ |
| २ | जग्गासम्बन्धी झगडा, छुट्टभिन्न, जन्म दर्ता | २५ | ५ | २२ | ५२ | १५.० |
| ३ | अन्तरजातीय विवाह वा सम्बन्ध, पारपाचुके | १७ | ७ | ९ | ३३ | ९.५ |
| ४ | बलात्कार वा बलात्कारको प्रयास | ३ | ४ | २५ | ३२ | ९.३ |
| ५ | चोरीको आरोप, ठगी | – | ४ | २५ | २९ | ८.४ |
| ६ | हत्या वा हत्याको आरोप | – | ३ | २५ | २८ | ८.१ |
| ७ | हलिया | – | – | ७ | ७ | २.० |
| ८ | नागरिकता | – | – | ४ | ४ | १.१ |
| ९ | धर्मपुत्र वा धर्मपुत्री, बुढेसकालमा सेवा | २ | – | – | २ | ०.४ |
| १० | जागिरबाट बर्खास्तको बिरुद्ध | १ | – | – | १ | ०.२ |
| ११ | चेलिबेटी बेचबिखन | १ | – | – | १ | ०.२ |
| १२ | अन्य (सम्पत्ति आदि) | ८ | ९ | ९ | २६ | ७.५ |
| | जम्मा | ८२ | ५५ | २१११ | ३४८ | १००.० |

*स्रोत : दलित गैरसरकारी महासंघको अभिलेख, २००७।*

तालिका ४.७ दलित गैरसरकारी महासंघले दायर गरेको जातीय विभेदसम्बन्धी मुद्दामा भएको निर्णय

| क्र.सं. | निर्णय | प्रतिशत मुद्दाको सङ्ख्या |
|---|---|---|
| १ | सकारात्मक | ४२ |
| २ | नकारात्मक | २१ |
| ३ | मुद्दा चलिराखेको | ३७ |
| | जम्मा | १०० |

*स्रोत : दलित गैरसरकारी महासंघको अभिलेख, २००७।*

## विद्यमान कानुनको कार्यान्वयन

दलितविज्ञहरूका अनुसार बहिष्करण, छुवाछूत, निषेध र पृथक्करणलगायत दलितका विरुद्ध हुने भेदभावजन्य कानुनहरूको सङ्ख्या ५८ वटा छन् (ताम्राकार, २००५)। भएका कानुनको फितलो कार्यान्वयनले दलितहरूमा निराशा छाएको छ। सरकारले सन् २००३ मा जातीय छुवाछूतको मुद्दालाई सरकारवादी घोषणा गर्नु केही वर्षअघिदेखि नै दलित गैरसरकारी महासंघ, नेपाल राष्ट्रिय दलित सेवा संघ, छुवाछूतविरुद्ध वकिलहरूको राष्ट्रिय अभियान, राष्ट्रिय दलित सञ्जाल, दलित विकास र कानुनलगायतका दलितका संघसंस्थाहरूले मुद्दा दायर गर्न थालिसकेका थिए। दलित गैरसरकारी महासंघ सबैभन्दा पहिलो संस्था हो जसले जातीय विभेदका पीडितहरूलाई निःशुल्क सेवा दिन सुरु गरेको थियो। यसबाहेक महासंघले मुद्दा दायर गर्ने, अध्ययन–अनुसन्धान गर्ने, चेतना जागरण गर्ने र प्रकाशन गर्नेलगायतका कामहरू गर्दै आएको छ। सन् २००६ मा महासंघले २०९ वटा मुद्दामा काम गरेको थियो (डि.एन.एफ. २००७)। ल्यानकाउ र एन.एन.डी.एस.डब्लु.ओ.ले पनि अन्य मुद्दाहरू दायर गरेका थिए। यस्ता मुद्दाहरू हेर्ने काम स्थानीय प्रशासन र स्थानीय अदालतका कानुनबेत्ताहरूले गर्दछन् तर यी ठाउँहरूमा दलितको कुनै उपस्थिति छैन। त्यसैले उनीहरूले यस्ता मुद्दाहरूलाई ध्यानपूर्वक नहेरेर सकभर आपसी मेलमिलापबाट मिलाउन कोसिस गर्दछन्। त्यसैले यस्ता मुद्दाहरू दर्ता भएको सङ्ख्या अत्यन्त न्यून छ। सन् २००३ देखि २००५ सम्ममा जम्मा २ वटा मुद्दा दायर भएको थियो भने सन् २००६ मा एउटै पनि दायर भएको थिएन (विश्वकर्मा, २००७)।

दलित मानवअधिकार सङ्गठनले प्रहरी प्रशासनले जातीय विभेदको मुद्दालाई कसरी लिने गर्दछन् भनेर सन् २००५ मा गरेको आधाररेखा सर्वेक्षण गरेको थियो। सर्वेक्षणले देखाएअनुसार ४६ प्रतिशत उत्तरदाताहरूलाई जातीय छुवाछूत र विभेदविरुद्धका कानुनी प्रावधानहरूका बारेमा कुनै जानकारी रहेनछ। ४८ प्रतिशत उत्तरदाताहरूले भनेअनुसार प्रहरी प्रशासनले पूर्वाग्रही भएर यस्ता मुद्दाहरूलाई ध्यान दिने गर्दैनन्। ७४ प्रतिशत उत्तरदाताहरूलाई यस्तो मुद्दामा न्यायका लागि कहाँ जाने र के गर्ने भन्ने प्रक्रियाहरूका बारेमा कुनै जानकारी रहेनछ। ४.३ प्रतिशत उत्तरदाताहरू यस्तो विभेद भोग्दा प्रहरी प्रशासनमा जाने रहेछन्। पूर्वाञ्चलका एकतिहाइ र

पश्चिमाञ्चलका १४.३ प्रतिशत उत्तरदाताहरूले प्रहरीबाट पहिलो सूचना प्रतिवेदन (First Information Report) लिने गरेको बताए । सर्वेक्षणले देखाएअनुसार प्रहरीले जिल्ला महान्यायाधिवक्ताको कार्यालयमा एउटै पनि आरोप दर्ता गरेको थिएन (दलित मानवअधिकार सङ्गठन, २००५) ।

## मानवअधिकार

नेपालले डेढ दर्जनजति मानवअधिकार दस्तावेजहरूमा हस्ताक्षर गरिसकेको छ । नेपालले स्वीकार गरेको घोषणापत्र र अनुमोदन वा सम्मिलन गरेका केही प्रमुख मानवअधिकार महासन्धिहरू यस प्रकार छन् :

- मानवअधिकारको विश्वव्यापी घोषणापत्र
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र
- सबै प्रकारका जातीय विभेदविरुद्धको महासन्धि
- बालअधिकारसम्बन्धी महासन्धि
- महिलाविरुद्ध हुने सबै प्रकारका विभेदहरू अन्त्यसम्बन्धी महासन्धि
- बाध्यात्मक श्रमविरुद्धको महासन्धि
- बालश्रमसम्बन्धी महासन्धि

नेपाल घोषणापत्र स्वीकार गर्न र महासन्धिहरू अनुमोदन वा सम्मिलन गर्न जति अगाडि छ त्यति नै यी घोषणापत्र र महासन्धिहरूको प्रभावकारी कार्यान्वयन गर्नमा पछाडि छ । जनउत्थान प्रतिष्ठानले सन् २००४ मा दलितको मानवअधिकार उल्लङ्घनका घटनाहरूको प्रकाशन गरेको थियो। ने.क.पा (माओवादी) जनयुद्ध लडिरहेको र राजा ज्ञानेन्द्रले कार्यकारिणी अधिकार आफ्नै हातमा लिएका बेला राज्यपक्षीय सुरक्षाकर्मी र विद्रोहीबीच भएको सशस्त्र द्वन्द्वको चेपुवामा दलितहरू दोहोरो उत्पीडनमा परेका थिए।

तालिका ४.८ विकास क्षेत्र र उल्लङ्घनकर्ता अनुसार दलितअधिकार उल्लङ्घनका घटनाहरू

| उल्लङ्घनको घटना | विकास क्षेत्र र उल्लङ्घनकर्ताहरू | | | | | | | | | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पूर्वाञ्चल | | | | केन्द्रीय | | | | पश्चिमाञ्चल | | | मध्यपश्चिमाञ्चल | | | सुदूर पश्चिमाञ्चल | | | | |
| | स | मा | दुवै | जम्मा | स | मा | अन्य | जम्मा | स | मा | दुवै | स | मा | जम्मा | स | मा | जम्मा | | |
| मृत्यु | ७ | ५ | २ | १४ | १२ | २ | २ | १६ | ३ | १ | ४ | ७ | ४ | ११ | ५ | ४ | ९ | ५४ | २२.७ |
| बेपत्ता वा अपहरण | १ | २ | ० | ३ | ३ | ३ | ० | ६ | ३ | – | ३ | १ | ४ | ५ | – | – | अनुपलब्ध | १७ | ७.१ |
| नजरवन्द, यातना | १० | – | – | १० | ९ | – | – | ९ | – | – | ३ | – | – | अनुपलब्ध | – | – | अनुपलब्ध | २२ | ९.३ |
| कुटपिट, धम्की, चोटपटक | – | – | – | २४ | १० | – | – | १० | – | – | ४ | – | – | ८ | – | – | ९ | ५५ | २३.२ |
| अन्तरजातीय विवाह | – | – | – | ५ | – | – | – | ६ | – | – | २ | – | – | २ | – | – | २ | १७ | ७.१ |
| असामाजिक | – | – | – | ५ | – | – | – | ५ | – | – | १० | – | – | १ | – | – | ९ | ३० | १२.६ |
| दलित महिलाविरुद्ध विभेद | – | – | – | १३ | – | – | – | ७ | – | – | २ | – | – | ३ | – | – | ३ | ३० | १२.६ |
| विस्थापन, बहिष्कार | – | – | – | ४ | – | – | – | ३ | – | – | ३ | – | – | ३ | – | – | अनुपलब्ध | १३ | ५.४ |
| जम्मा | – | – | – | ७८ | – | – | – | ६२ | – | – | ३१ | – | – | ३३ | – | – | ३४ | २३८ | १००.० |

*स्रोत : जतउत्थान प्रतिष्ठान, २००४।*

टिप्पणी : स = सरकार मा = माओवादी, दुवै = सरकार र माओवादीको द्वन्द्वको चेपुवामा परेका, अन्य = सरकार र माओवादीबाहेक

विद्रोही ने.क.पा. (माओवादी) ले धेरै दलितहरूलाई आकर्षित गर्न सफल भयो र सरकारी सुरक्षा फौजले दलितहरूलाई विद्रोही पक्षमा लागेको भनी कारवाही गरे। २३८ वटा घटनाहरूमध्ये २२.७ प्रतिशत घटनाहरू हत्यासँग सम्बन्धित थिए। अपहरण, धम्की र चोटपटकका घटना २३.२ प्रतिशत थिए। नजरबन्द र यातनाका घटना ९.२ प्रतिशत र अपहरणको घटना ७.१ प्रतिशत थिए। जातीय छुवाछूत र विभेदका घटनाहरूमध्ये ७१ प्रतिशत घटनाहरू अन्तरजातीय विवाह, १२.६ प्रतिशत छुवाछूत, १२.६ प्रतिशत दलित महिलाविरुद्ध विभेद र ५.४ प्रतिशत विस्थापनसँग सम्बन्धित थिए (तालिका ४.८)। सन् २००३ मा घटेका घटनाहरूमध्ये ६२ प्रतिशत राजनीतिक र ३२ प्रतिशत सामाजिक प्रकृतिका थिए। राष्ट्रिय दलित आयोगको सन् २००२–२००३ को प्रतिवेदनमा २९ वटा जातीय छुवाछूत र विभेदको घटना उल्लेख छ तर त्यसपछिका प्रतिवेदनमा भने यस्ता घटना उल्लेख छैन।

अनौपचारिक सेवा केन्द्र (इन्सेक) को सन् २००७ को प्रतिवेदनमा १८९ वटा जातीय छुवाछूत र विभेदको घटना उल्लेख छ। यीमध्ये ८५ प्रतिशत जातीय छुवाछूत र विभेदको घटना, ७.५ प्रतिशत सार्वजनिक स्थलमा प्रवेश निषेध, छ प्रतिशत अन्तरजातीय विवाह र २.५ प्रतिशत जागिरबाट निकालासँग सम्बन्धित थिए (तालिका ४.९)। सरकार, दलितआन्दोलन र अन्यले गरेका प्रयासहरूको बाबजुद जातीय छुवाछूत र विभेदको घटना बढी घटेको देखिन्छ।

तालिका ४.९ जातीय छुवाछूतको घटनाको प्रकार तथा सङ्ख्या र यसबाट पीडित महिला तथा पुरुषको सङ्ख्या

| उल्लङ्घनको प्रकार | घटनाको सङ्ख्या | प्रतिशत | पीडित व्यक्तिहरूको सङ्ख्या | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | पहिचान नभएको | सङ्ख्या | प्रतिशत |
| सार्वजिनक स्थलमा प्रवेश निषेध | ३ | ७.५ | ५ | ३ | १ | ९ | ४.८ |
| अन्तरजातीय विवाह | २ | ५.० | २ | अनुपलब्ध | ७ | ९ | ४.८ |
| जागिरबाट निकाला | १ | २.५ | १ | अनुपलब्ध | अनुपलब्ध | १ | ०.५ |
| जातीय छुवाछूत | ३४ | ८५.० | ३३ | १५ | १२२ | १७० | ८९.९ |
| जम्मा | ४० | १०० | ४१ | १८ | १३० | १८९ | १००.० |

*स्रोत : इन्सेक, २००७ को प्रतिवेदनमा आधारित, परिशिष्ट १.१*

## राष्ट्रिय–अन्तर्राष्ट्रिय संस्थाहरुले गरेको नीतिगत र संस्थागत पहलहरु

### *राज्यले गरेको पहल*

राजा रणबहादुर शाह (१७७५–१८०६) ले जोसमनी सन्त परम्पराबाट प्रभावित भएर

जातीय छुवाछूत हटाउन जगन्नाथ मन्दिर निर्माण गरे र गैरदलित र दलितका बीच सहभोजको आयोजना गरेका थिए। बाहुन पुजारीहरूलाई दिएको जग्गा र सुन फिर्ता लिए भने मन्दिर र देवताको मूर्ति भत्काएकाले बाहुनहरू उनीसँग रिसाएका थिए। आधुनिक नेपालमा शासकले दलितका पक्षमा लडेको यही पहिलो उदाहरण थियो।

जंगबहादुर राणाको पालामा सन्त ज्ञानदिल दासले जातिपाति प्रथाको विरोध गरेका थिए। जंगबहादुरले सन्तलाई समाउन आदेश दिए र उनको जात खोसिदिए। सन्तले मध्य दिनमा राँको बालेर जात खोज्न थाले। सन् १९५० पछि वी.पी. कोइराला र पुष्पलाल श्रेष्ठलगायतका राजनीतिक नेता, धार्मिक सुधारक, समाजसेवी, बुद्धिजीवी, साहित्यकार, इतिहासकार, लेखक आदिले जातीय छुवाछूतको विरोध गरेका थिए।

दलित समुदायका मध्ये इलामका काले दमाई, तेह्रथुमका गोपाल लम्जेलले व्यक्तिगत तवरमा जातीय छुवाछूतविरुद्ध लडेका थिए।

सन् १९४७ अघि राज्य र नागरिक समाजबाट जातीय छुवाछूतविरुद्ध खासै सङ्गठित प्रयास भएन। सर्वजीत विश्वकर्माले सन् १९४७ मा सर्वजन संघ स्थापना गरेपछि सङ्गठित प्रयास सुरु भएको थियो र जातीय छुवाछूतका विरुद्ध सङ्गठित आवाज उठाउन थाले। सन् १९५० देखि १९९० को अवधिमा कति जातीय संस्था आए कति गए। निरङ्कुश निर्दलीय पञ्चायती व्यवस्था रहँदा पनि दलितहरूले संस्था खोलेर जातीय छुवाछूतविरुद्ध सङ्घर्ष गरेका थिए। सन् १९९० को जनआन्दोलनले बहुदलीय राजनीतिक व्यवस्था ल्याएपछि विभिन्न प्रकारका दलित संघसंस्थाहरूले दलितका हकअधिकारका लागि लड्दै आएका छन्। यी संघसंस्थाहरू यस प्रकार छन् : क. राजनीतिक दलहरूका भातृ वा भगिनी सङ्गठनहरू, ख. दलित गैरसरकारी संघ संस्थाहरू, ग. जातीय संघसंस्थाहरू, घ. पेशागत संघसंस्थाहरू र ङ. सरकारी संघसंस्थाहरू।

नेपाल सरकारले स्थापना गरेका संघसंस्थाहरूमा सन् १९९७ मा नेपाल उपेक्षित, उत्पीडित तथा दलित वर्ग उत्थान राष्ट्रिय समिति र सन् २००२ मा राष्ट्रिय दलित आयोगको स्थापना भएको थियो। राष्ट्रिय योजना आयोग र विभिन्न मन्त्रालयहरू, स्थानीय निकायहरूले दलितका लागि केही प्रयास गर्दै आएका छन्। द्विपक्षीय, बहुपक्षीय अन्तर्राष्ट्रिय दातृ निकायहरू, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू र मानवअधिकारवादी संघसंस्थाहरूले दलितअधिकारका सम्बन्धमा काम गर्न थालेका छन्।

विभिन्न व्यक्ति र संघसंस्थाहरूले चेतना जागरण, दलित सशक्तीकरण, दलितको स्थिति विश्लेषण आदिको माध्यमद्वारा सक्दो योगदान दिएको पाइन्छ।

नेपाल उपेक्षित, उत्पीडित तथा दलित वर्ग उत्थान राष्ट्रिय समिति : यो समिति सरकारले सन् १९९७ मा स्थानीय विकास मन्त्रालयअन्तर्गत दलितलाई लक्षित गरी सरकारले छुट्याएको बजेटअनुसारको कार्यक्रम सञ्चालन गर्न स्थापना गरेको थियो। यो समितिले दलित

विद्यार्थीहरूलाई छात्रवृत्ति, आयआर्जन, सचेतना, जागरणलगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। हालै आएर ७५ जिल्ला विकास समितिहरूमा दलित उत्थान जिल्ला समन्वय समितिहरूको गठन भएको छ। नवौं (१९९७–२००२) र दशौं (२००२–२००७) योजनामा दलितका लागि लक्षित कार्यक्रमहरू राखियो तर कार्यान्वयन भने फितलो रह्यो। राजनीतिक परिवर्तनसँगै नेतृत्व परिवर्तनले गर्दा समितिले प्रभावकारी रूपमा काम गर्न सकेको छैन।

राष्ट्रिय दलित आयोग : दलितआन्दोलनले सरकारसँग एउटा संवैधानिक, स्वतन्त्र, स्वायत्त शक्ति र साधनले सम्पन्न, अर्धन्यायिक अधिकार भएको राष्ट्रिय दलित आयोगको स्थापनाको माग राख्दै आएको थियो। सरकारले स्थानीय विकास मन्त्रालयअन्तर्गत राष्ट्रिय दलित आयोगको स्थापना मार्च २००२ मा गरेको थियो। आयोगका अधिकारहरू निम्न छन् :

- विनाअवरोध दलितहरूले आफ्ना अधिकार उपभोग गर्न सक्ने वातावरण सृजना गर्ने,
- विद्यमान कानुनी प्रावधानहरू र नीतिहरूको समयमै संशोधन गर्न सिफारिस गर्ने,
- जातीय विभेदविरुद्धको महासन्धिलगायतका अन्तर्राष्ट्रिय अनुबन्ध र मानवअधिकारका दस्तावेजहरूको प्रभावकारी कार्यान्वयन गर्नका लागि नीति तथा रणनीतिहरू बनाउने र सरकारलाई सिफारिस गर्ने,
- दलित उत्थानका लागि कार्यरत गैरसरकारी संस्थाहरूको समन्वय र अनुगमन गर्ने,
- जातीय छुवाछूतलगायतका विभेदहरूसँग सम्बन्धित परम्परागत व्यवहार तथा विचारधाराहरू अन्त्य गर्नका लागि कार्यक्रम तर्जुमा गर्ने र ती कार्यक्रमहरू गैरसरकारी संस्थाहरूमार्फत् कार्यान्वयन गर्ने,
- मानवअधिकार आयोग, मानवअधिकार प्रबर्द्धन केन्द्र, स्थानीय अधिकारी र स्थानीय प्रशासनसँग समन्वय गरेर दलित व्यक्ति वा समुहका विरुद्ध भएका विभेदकारी वा गैरकानुनी कार्यहरूको बारेमा परेका उजुरी लिने, कारवाहीका लागि पहल गर्ने र सहजीकरण गर्ने,
- शारीरिक असमर्थता भएका दलित बालबालिका र महिलाहरूको अधिकार रक्षा गर्न र उनीहरूको विकास गर्न विशेष व्यवस्था गर्ने,
- मानवअधिकार कार्ययोजना २००४ लाई मध्यनजर राखेर दलितका उत्थानका लागि विभिन्न संघसंस्थाहरूले गरेका कामहरूको अभिलेख गर्ने, समन्वय गर्ने र अनुगमन गर्ने,
- राष्ट्रिय दलित आयोगको मस्यौदा विधेयक तयार गर्ने,
- दलितका विभिन्न समुहहरूको परिभाषा र पहिचान गरी स्थानीय विकास मन्त्रालयलाई प्रकाशनका लागि सोको सूची बनाएर पठाउने।

आयोगले दलित र छुवाछूतको परिभाषा गरी दलितको सूची तयार गरी परिशिष्टमा राखेको छ। सूचीमा थपघट भइराखेको छ। यो अध्ययन आयोगले गोरखापत्रमा प्रकाशित गरेको सूचीमा आधारित छ जसमा २२ दलित जात पहिचान गरिएको छ। विद्रोही र राज्य पक्षबीच भएको सशस्त्र द्वन्द्वका बेला दलितको मानवअधिकारको अवस्थाको बारेमा देशभर

स्थलगत अध्ययन गरी आवश्यक कारवाहीका लागि सरकारलाई निर्देशन दिएको थियो । एकातिर, आयोगका पदाधिकारीहरू राजनीतिक परिवर्तनसँगै परिवर्तन गर्ने भएकोले आयोगले स्थिरतापूर्वक काम गर्न पाएनन् भने अर्कोतिर, बजेट कम दिने र भएको बजेट पनि पूरा उपयोग नभएको अवस्था छ।

राष्ट्रिय योजना आयोग : राष्ट्रिय योजना आयोग योजना बनाउने सर्वोच्च निकाय हो। यसले दीर्घकालीन, मध्यावधि र अल्पकालीन योजनाहरू बनाउँछ। आवधिक योजनामा सरकारको नीति, रणनीति तथा कार्यक्रमहरू बनाउँछ तर दलितका लागि भने खासै योजना बनेको छैन। चौथो पञ्चवर्षीय योजना (१९७०–१९७५) अन्तर्गत सन् १९७१–१९७२ मा दलित विद्यार्थीहरूका लागि सामाजिक विकास होस्टलका लागि बजेट छुट्याएको थियो। त्यसपछिका तीन वर्षका लागि भने एक पैसा छुट्याइएन। आठौं पञ्चवर्षीय योजना (१९९२–१९९७) मा भने दलितका लागि केही नीति तथा कार्यक्रमको व्यवस्था गरेको थियो। दलित विद्यार्थीहरूका लागि छात्रवृत्ति योजना सन् १९९५–१९९६ मा लागू गरेको थियो। सरकारले पनि स्वीकार गरेको यथार्थ के हो भने यी कार्यक्रमहरू न त दलितका लागि विकेन्द्रीकरणलाई ध्यानमा दिएर बनाइएको थियो न दलितले फाइदा पाउने हिसाबले नै बनाइएको थियो (स्वर्णकार, २००५)। नवौं योजना (१९९७–२००२) ले दलित र अन्य सीमान्तकृत समुदायहरूका लागि उद्देश्य, नीति, रणनीति तथा कार्यक्रम ल्याएको थियो जुन ऐतिहासिक थियो। यो योजनामा भएको व्यवस्था कागजमा मात्र सीमित रह्यो, व्यवहारमा कार्यान्वयन भएन। राष्ट्रिय योजना आयोगले सन् २००२ मा दलितको स्थिति विश्लेषण र दलितको उत्थानका लागि दीर्घकालीन रणनीति नामक दुईवटा दस्तावेज तयार गरेको थियो। दलितको उत्थानका लागि दीर्घकालीन रणनीतिमा आउने २५ वर्षमा दलितका उत्थान र सशक्तीकरणका लागि समस्याहरू के छन्, नीतिहरू के हुनुपर्दछ र ती कार्यक्रमहरू कसले कार्यान्वयन गर्ने विषयहरूमा केन्द्रित छ (डानिडा, २००५)। दशौं पञ्चवर्षीय योजना (२००२–२००७) ले नवौं योजनामा परेको दलित विकास कार्यक्रमलाई परिमार्जनसहित निरन्तरता दिएको छ। यो योजना गरिबी निवारण रणनीतिपत्र (पी.आर.एस.पी.) पनि हो। यो योजनाका चार आधारभूत खम्बाहरूमध्ये एउटा खम्बा सीमान्तकृत समुदायहरूको सामाजिक तथा आर्थिक समावेशीकरण हो। यो योजनामा दलितको समावशीकरण गर्ने भने पनि दलितका लागि लक्षित कार्यक्रमबाहेक अन्य कार्यक्रमहरूमा भने दलितका लागि स्पष्ट उल्लेख छैन।

गरिबी निवारण कोष : दशौं योजनाको मुख्य उद्देश्य गरिबी निवारण भएकोले सरकारले सन् २००४ मा गरिबी निवारण कोष स्थापना गरेको हो। यो कोषको मुख्य लक्षित समुह दलितहरू हुन्। दशौं योजना अवधिका लागि कोषले काम गर्न पचास करोड रुपैयाँ छुट्याएको छ। कोषले आयआर्जन, चेतना जागरण, सामुदायिक पूर्वाधार निर्माण र सामाजिक परिचालनलगायतका कामहरू गर्दछ। यो कोषले परम्परालाई तोडेर समुदायहरूबाट कार्यक्रमहरू कार्यान्वयन गर्दछ।

मन्त्रालयहरू : सरकारको विभिन्न मन्त्रालयहरूले दलितका लागि केही कार्यक्रमहरू गरेका छन्।

- शिक्षा मन्त्रालयले दलितका लागि छात्रवृत्ति कार्यक्रम, खास गरेर प्राथमिक र माध्यमिक तहमा अध्ययन गर्नेका लागि, सञ्चालन गर्दछ। विशेष छात्रवृत्ति कार्यक्रमअन्तर्गत १२ जिल्लाका दलित महिलाहरूले शिक्षक प्रशिक्षण तालिमको छात्रवृत्ति पाउँछन्। सबैका लागि शिक्षा अभियानले दलितको शैक्षिक अवस्थाको तथ्याङ्क सङ्कलन गरेको छ र दलितका विभिन्न विषयहरूमा प्रकाशन गर्ने गरेको छ।
- श्रम मन्त्रलाय : दलित श्रमिकहरूलाई सीप विकास अभिमुखीकरण गर्ने, वैदेशिक रोजगारीमा दलित र आदिवासी जनजातिका लागि १० प्रतिशत कोटा छुट्याएको छ।
- स्थानीय विकास मन्त्रालय : विकेन्द्रित वित्तीय र विकास कार्यक्रमअन्तर्गत २० वटा जिल्लाहरूमा दलितका लागि सानासाना पूर्वाधार विकास र प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न बजेट छुट्याएको छ।
- अन्य मन्त्रालयहरू खास गरेर कृषि, वन, सामान्य प्रशासन, विज्ञान तथा प्रविधि मन्त्रालयहरूले दलितका लागि केही कार्यक्रमहरू चलाएको छ, जस्तै : २२ जिल्लाहरूमा दलितहरूका लागि बाख्रापालन, बाली विविधीकरण, वादीहरूका लागि विशेष कार्यक्रम, सार्वजनिक प्रशासन र निजामती सेवामा दलितहरूको समावेशीकरण आदि (स्वर्णकार, २००५)।

राष्ट्रिय मानवअधिकार आयोग : आयोगले सन् २००१–२००३ मा दलित अधिकार प्रबर्द्धन कार्यक्रम चलाएको थियो तर पछि बन्द गर्‍यो। आयोगले सन् २००४–२००८ का लागि बनाएको रणनीतिपत्रमा जातीय छुवाछूतलाई दोस्रो रणनीतिक उद्देश्य बनाएको छ। आयोगले मानवअधिकारका समग्र सवालमा काम गरे तापनि दलितको अधिकार पनि मानवअधिकार हो र दलितअधिकारलाई पनि अन्य मानवअधिकारसरह उत्तिकै प्राथमिकता नदिएकोले अयोगले सन्तोषजनक काम नगरेको अवस्था छ।

### *अन्तर्राष्ट्रिय दातृ निकायहरुले गरेको पहल*

डानिडा : दलितका लागि कार्यक्रम लागू गर्ने द्विपक्षीय दातृ निकायहरूमध्येमा डेनमार्क सरकार (डानिडा)को मानवअधिकार र सुशासन सुझाब इकाइले सन् २००० मा पहिलो पहल गरेको थियो। दलितका राष्ट्रिय स्तरमा कार्यरत संस्थाहरू दलित गैरसरकारी महासंघ, दलित सेवा संघ र दलित महिला संघलाई संस्थागत विकास, क्षमता अभिबृद्धि र जनवकालतका लागि सहयोग दिएको थियो । यी सञ्जाल तथा संस्थाहरूको माध्यममार्फत् दलितहरूले आफ्ना हकअधिकारका लागि सशक्त आवाज उठाउन सकेका छन् (डिसिवीएसपी प्रोजेक्ट डकुमेन्ट, २००३)। सन् २००४ पछि तराईका दलितका संघसंस्थालगायतका सानाठूला दलित

संघसंस्थाहरूलाई सहयोग दिँदै आएको छ। डानिडाको विकेन्द्रीकरण सुझाब सहयोग इकाईले पनि जनउत्थान प्रतिष्ठान, दलित मानवअधिकार संघ र दलित सेवा संघलाई सहयोग गर्दै आएको छ। डानिडाको सामाजिक समावेशीकरणअन्तर्गत दलित सवालमा सहयोग गर्ने गरेको छ।

डिफिड : बेलायत सरकारको अन्तर्राष्ट्रिय विकास विभाग (डिफिड) ले नेपाल सहयोग योजनाका पाँच उद्देश्यहरूमध्ये सामाजिक समावेशीकरण एउटा उद्देश्य रहेको छ। बहिष्करणमा पारिएका जातजातिका समुदायहरूका लागि स्रोत र अवसरहरूमा समान पहुँच पुऱ्याउने कार्यक्रमहरू तयार गरिएका छन्। दलित र आदिवासी जनजातिका प्रतिनिधिमूलक संघसंस्थाहरूको क्षमता अभिबृद्धि गर्नेतर्फ रणनीति केन्द्रित छ (डिफिड–क्याप, २००४)। डिफिडको राज्य सवलीकरण कार्यक्रमअन्तर्गत दलित सशक्तीकरण परियोजना (डिइआएपी) सन् २००३ देखि २०६६ सम्म लागू गरेर दलित गैरसरकारी महासंघ, दलित सेवा संघ, दलित महिला संघ, राष्ट्रिय दलित सामाजिक कल्याण संघ, जागरण मिडिया सेन्टर र जनउत्थान प्रतिष्ठानलाई सहयोग गरेको थियो। साङ्गठानिक व्यवस्थापन, जनवकालतको सीप र दलितहरूलाई राष्ट्रिय जीवनमा समावेशीकरण वा मूलप्रवाहीकरण गर्नेलगायतका क्षमता अभिबृद्धिमा परियोजना केन्द्रित थियो। अधिकार, लोकतन्त्र र समावेशीकरण फन्डअन्तर्गत दलित महिला संघ र मधेसी दलित विकास महासंघलाई समावेशीकरणका कार्यहरूमा सहयोग दिँदै आएको छ।

युएसएआइडी : अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी संस्थाले विविधता र सावेशीकरणलाई प्राथमिकता दिएको छ। यसले सीमान्तकृत समुदायहरूलाई लक्षित गरेकाले दलितहरूले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा फाइदा पाएका छन् (मामो र अन्य, २००५)। दलितका लागि छात्रवृत्ति कार्यक्रम एउटा उदाहरण हो। मूलप्रवाहीकरणको एउटा मुख्य पक्ष पुँजी र क्षमतामा पहुँचलाई मानेको छ। यो संस्थाले बाल बचाउ, अमेरिकामार्फत् ६ जिल्लामा दलित बालबालिकाको शैक्षिक अवस्थाको अध्ययन र १५ जिल्लामा कम शिक्षितका लागि आधारभूत शिक्षा कार्यक्रम सञ्चालन गरेको छ। यो संस्थाले राष्ट्रिय दलित सामाजिक कल्याण संघसँग सहकार्य गरी दलित छात्रवृत्ति कोष खडा गरेर यसबाट प्राप्त व्याज दलित विद्यार्थीहरूलाई छात्रवृत्ति दिन प्रयोग गरेको छ।

क्यानाडाको सहयोग कार्यालय (सिसिओ) : क्यानाडाको सहयोग कार्यक्रमले दलित सेवा संघलाई सन् १९९५ देखि दलित सेवा संघसँग सहकार्य गरी सल्यान जिल्लामा दलित समुदायको लागि जागरण तथा उत्थान कार्यक्रम चलाएर दलितहरूको पेशा सुचारु गर्नका लागि आवश्यक कच्चा पदार्थहरू उपलब्ध गराउँदै आएको छ। सन् १९९७–१९९८ को अवधिमा दलित समुदायको सामाजिक, आर्थिक उत्थान कार्यक्रम सञ्चालन गरेर वादी र गन्धर्व समुदायका लागि आयआर्जन, सहकारी र शिक्षामा ध्यान केन्द्रित गरेको थियो। सन् २००१–२००३ को अवधिमा सल्यानमा दलित सशक्तीकरण कार्यक्रम र सुनसरीमा असहायका लागि

सहयोग परिषद् (एचएचसी) सञ्चालन गर्न सहयोग गरेको थियो। पाँचथरमा नेपाल जनविकास समाजसेवा संघलाई दलित उत्थानका लागि आयआर्जनकार्यमा सहयोग गरेको थियो। धनुषामा धनुषा विकास पथसँग सहकार्य गरेर मुसहरहरूका सशक्तीकरणका लागि शिक्षा, खानेपानी, सरसफाइ, सीप, आयआर्जन र स्थानीय संस्थाहरूको सवलीकरणका कार्यहरूमा सहयोग गरेको थियो।

युरोपेली आयोग (इसी) : आयोगले अक्सफामलाई नेपालमा दलितविरुद्ध भएका जातीय विभेदविरुद्ध लड्ने कार्यमा सन् २००१–२००३ को अवधिमा सहयोग गरेको थियो। यसले पर्वत तथा बाग्लुङमा दिगो जीविका मञ्च, अर्घाखाँचीमा उत्पीडित तथा जनजाति परिषद् र जनचेतना सरोकार मञ्च, काठमाडौंमा जातीय विभेदविरुद्ध राष्ट्रिय मञ्चलाई दलित अधिकारका लागि सहयोग गरेको थियो। दलितका संघसंस्थाहरूसँग सहकार्य गर्ने गरी लुथेरन विश्व महासंघ र केयर नेपाललगायतका विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी सङ्गठनहरूलाई दलितको सशक्तीकरणका लागि सहयोग गरेको थियो।

अक्सफाम : अक्सफामले दलितका पक्षमा नीति, योजना, कानुन आदि परिवर्तन गर्नका लागि सहयोग गर्न थालेको १० वर्ष भइसकेको छ। युरोपेली संघको सहयोगमा दलित सशक्तीकरण कार्यक्रम सन् २००३ मा चलाएको थियो। अक्सफामले एउटा राष्ट्रिय र ५ स्थानीय दलित संस्थाहरूलाई सहयोग गरेको थियो।

अन्तर्राष्ट्रिय श्रम सङ्गठन : आइएलओले दलितका सम्बन्धमा दुईवटा अध्ययन गरेको थियो। एउटा, दलित गैरसरकारी सङ्गठनका क्रियाकलापहरू र अर्को, नेपालमा विभेद, दलित र श्रम थियो। पहिलो अध्ययन दलित गैरसरकारी सङ्गठनले गरेको र दलितका संस्थाहरू भएको स्थानहरू, कार्यक्रमहरू र कामहरूका बारेमा केन्द्रित थियो। दोस्रो अध्ययन दलितविरुद्ध रोजगारी, शिक्षा र प्रतिनिधित्वका बारेमा दलितको स्थितिका बारेमा केन्द्रित थियो (डिसिबीएसपी, २००३)।

एम.एस. नेपाल : एम.एस. नेपाल डेनमार्कको गैरसरकारी सङ्गठनका रूपमा नेपालमा सन् १९८६ देखि कार्यरत रहँदै आएको छ। यसले गर्ने कार्यहरू सन् २००१–२००३ को बहुलता र विविधतासम्बन्धी नीतिगत पत्रमा आधारित छ। यसको रणनीतिपत्रमा दलितलाई लक्षित गरिएको छ। यसले दलित महिला संघ र डोटीको जातीय विकास केन्द्र (इ.डि.सी.) लाई डोटी, बाँके र बर्दिया जिल्लाहरूमा कार्यक्रम चलाउन सहयोग गरेको थियो। केन्द्रमा भने नीतिगत परिवर्तनका लागि सहयोग गर्दछ।

हेल्भेटास : हेल्भेटासले दलित जागरण केन्द्रलाई दलित जागरण रेडियो कार्यकक्रम सञ्चालन गर्न सन् २००३ मा सहयोग गरेको थियो। यो संस्थाले दलित सशक्तीकरणका सम्बन्धमा सिक्ने पाठकहरूको शृङ्खला प्रकाशन गरेको थियो। स्थानीय पहललाई नयाँ जानकारी (एललिङ्क) कार्यक्रमअन्तर्गत दलित समुदायसम्म पुग्ने र फाइदा दिलाउने प्रयास गरेको छ।

लुथरन विश्व फेडेरेसन (एल.डब्लु. एफ्) : यसले दलित गैरसरकारी संस्था महासंघ, दलित सेवा संघ, दलित महिला संघ, नेपाल ाष्ट्रिय दलित समाज कल्याण संघ र जनउत्थान प्रतिष्ठानलाई स्थानीय तहमा जनवकालत गर्न सहयोग गरेको थियो। जनउत्थान प्रतिष्ठानलाई काठमाडौंदेखि कैलालीसम्मका १० जिल्लाहरूमा क्षमता अभिबृद्धि, चेतना जागरण, स्वाबलम्बन, सामुदायिक परिचालन, पत्रकारिता तालिम, जनउत्थान मासिक आदि कार्यक्रम चलाउन सहयोग गरेको थियो। यसले सिप्रेडसँग मिलेर दलितका लागि जीविकोपार्जनको कार्यक्रम सञ्चालन गरेको छ। लुथेरनले वार्षिक कार्यक्रम र दलितका लागि नै लक्षित जनवकालत कार्यक्रम तयार गर्दै छ।

केयर नेपाल : केयरको धेरैजसो कार्यक्रमहरू दलितका लागि लक्षित छ। दलित लक्षित कार्यक्रममा क. आयआर्जन कार्यक्रम, ख. शिक्षा (औपचारिक र अनौपचारिक), ग. जनवकालत र घ. विभागीय (खानेपानी आदि)। केयरले दलित गैरसरकारी महासंघ, दलित सेवा संघ, राष्ट्रिय दलित सामाजिक कल्याण संघ र जनउत्थान प्रतिष्ठानलाई सहयोग गरेको थियो। केयरले सबैभन्दा पहिला लाभबाट वञ्चित समुहको परिभाषा गरेर त्यसैअनुसार कार्यक्रम सञ्चालन गर्दै आएको छ। केयरले सेभ द चिल्ड्रेन यू.एस. र एक्सन एड, नेपालसँग मिलेर दलित विकासको रणनीति तयार गरेको थियो। केयरले युरोपेली युनियनको सहयोगमा दलित गैरसरकारी महासंघसँग सहकार्य गरेर तराईका दलितलाई लक्षित गरी कार्यक्रम सञ्चालन गरेको छ। केयरको ग्रामीण क्षेत्र विकास कार्यक्रममा सामाजिक समावेशीकरण र सम्मिलीकर णमा जोड दिइएको छ। केयरले दलित सवाललाई सर्वमुखी सवालको रूपमा लिएर खानेपानी, स्वास्थ्य, शिक्षा आदि सबै सवाललाई सम्बोधन गर्ने प्रयास गरेको छ (मामु, २००५)।

बाल बचाउ, नर्वे : यो संस्थाले दलित सेवा संघलाई पहाड र तराईका ५ जिल्लाहरूमा सार्वजनिक स्थलमा दलित बालबालिकाहरूविरुद्ध हुने भेदभावविरुद्ध सङ्घर्ष तथा सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको संरक्षण र शिक्षाका लागि तराईका ४ जिल्लाहरूमा सामाजिक जागरण (सेफ) कार्यक्रम सञ्चालन गरेको छ।

बाल बचाउ, अमेरिका : यसले राष्ट्रिय दलित सामाजिक कल्याण संघसँग सहकार्य गरेर १५ जिल्लामा छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्दै आएको छ। यो संस्थाको सहयोगमा संघले दलितहरूको अवस्थाका बारेमा विद्यमान सामाजिक, आर्थिक अवस्थाका बारेमा सन् १९९३ मा एउटा अध्ययन गरेको थियो। कम शिक्षितहरूका लागि आधारभूत शिक्षाको कार्यक्रम चलाएर दलित विद्यार्थीहरूका लागि छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्दै आएको छ। यो संस्थाले दलित कार्यक्रमका लागि १२ प्रतिशत बजेट रकम अर्थात् १५ लाख अमेरिकी डलर छुट्याएको थियो। यसले आफ्नो संस्थामा कर्मचारी भर्ना गर्दा दलितहरूलाई प्राथमिकता दिने गरेको छ। यो संस्थाले दलितको संस्था निर्माण गर्न र जनवकालत गर्न सहयोग गर्ने गरेको छ।

एक्सन एड, नेपाल : यो दलितका लागि काम गर्ने एउटा अग्रणी संस्था हो। एक्सन एडले सन् २००४–२००७ को नेपाल रणनीति बनाउँदा दलित उत्थानका लागि कार्यक्रम निर्माण गरेको

थियो। यसले दलितलाई अधिकारको स्वामित्व भएको समुहका रूपमा लिएर पहाड र तराईका दलितका लागि कार्यक्रम गर्दै आएको छ। यसले ५ वटा दलित संघसंस्थाहरूलाई सहयोग गरेको छ। यसले गर्ने दीर्घकालीन सहयोगमा तीन वर्षभन्दा बढी र अल्पकालीन सहयोगमा तीन वर्षभन्दा कमको सहयोग गर्दै आएको छ।

एसिया फाउन्डेसन : यो संस्थाले दलित गैरसरकारी महासंघ स्थापना गर्न र दलित महिला संघलाई कार्यक्रम सञ्चालन गर्न सहयोग गरेको थियो। यो संस्थाले दलितका लागि प्रत्यक्ष नभए पनि अप्रत्यक्ष सहयोग गर्दै आएको छ।

फोर्ड फाउन्डेसन : यो संस्थाले दलित गैरसरकारी महासंघलाई कानुनी क्षेत्रमा सहयोग दिएको छ। महासंघले ४ जना घुम्ती वकिलको व्यवस्था गरी दलितको मानवअधिकार उल्लङ्घनका घटनाहरू केलाउनेदेखि चेतना जागरण गर्न सहयोग गरेको छ।

विश्व बैंक : विश्व बैंकसँग प्रत्यक्ष रूपमा दलित–लक्षित कार्यक्रम छैन। गरिबी निवारण रणनीतिपत्रको कार्यान्वयन गर्दा दलित बालबालिकाको शिक्षा र छात्रवृत्तिमा पहुँच बढाउने, निजामती सेवामा दलितलगायतको समानुपातिक प्रतिनिधित्व आदिमा सहयोग गरेको छ। विश्व बैंकले डिफिडसँग मिलेर लैङ्गिकता र सामाजिक वञ्चितीकरणको अध्ययन गरेर सरकारको नीतिगत परिवर्तनका लागि योगदान दिएको छ। गरिबी निवारणसम्बन्धी अनुगमन सूचाङ्कमा जातजाति, लैङ्गिकता आदि समावेश गर्न प्रयत्न गरेको छ।

स्विस विकास सहयोग (एस.डी.सी.) : यो संस्थाले सन् २००३–२००४ अघिसम्म दलितका लागि कुनै कार्यक्रम सञ्चालन गरेको थिएन। यसपछि भने टुकी, दलित जागरण मिडिया सेन्टर, दलित महिला संघलाई दलितका लागि सुशासनजस्ता कार्यक्रमअन्तर्गत सहयोग गरेको छ।

नेदरल्यान्ड विकास संस्था (एस.एन.भी.) : यो संस्थासँग पहिले दलितलक्षित कार्यक्रम थिएन। हाल आएर दलित गैरसरकारी महासंघसँग सहकार्य गरेर दलित संघसंस्थाको क्षमता अभिबृद्धि र जनवकालत कार्यका लागि सहयोग गरेको छ। सन् २००५ देखि सामाजिक समावेशीकरण फन्डमार्फत् दलित सवालमा अध्ययनअनुसन्धान गर्न सहयोग गर्दै आएको छ।

जापान अन्तर्राष्ट्रिय सहयोग (जाइका) : यसले सामाजिक समावेशीकरणका लागि काम गर्दछ र लाभबाट वञ्चित समुहका लागि भनेर लागू गरेको शिक्षा कार्यक्रमबाट दलितहरूले फाइदा पाएका छन्।

स्वयं सेवा संस्था (भी.एस.ओ.) : यसले राष्ट्रिय र स्थानीय दलित संघसंस्थाहरूलाई संस्थागत क्षमता अभिवृद्धि र संस्थागत विकासका लागि सहयोग गरेको छ।

युरोपेली संघ : यो संघ नेपालमा सन् २००२ देखि कार्यरत छ। सन् २००३ देखि दलितका संस्थाहरूलाई स्थानीय तहका कार्यक्रमका लागि सहयोग गर्दै आएको छ।

संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ) : यो संस्थाले शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइमा काम गर्दछ। दलितलक्षित कार्यक्रम नभए पनि यी कार्यक्रमहरू लागू गर्दा दलित बस्तीहरूमा पनि लागू हुने भएकोले दलितलाई केही फाइदा दिने गरेको छ।

एसियाली विकास बैंक (ए.डी.बी.) : ए.डी.बी.ले सामाजिक समावेशीकरण र वञ्चितीकरणमा परेका समुह र महिलाहरूलाई मदत गर्ने एकीकृत कार्यक्रममा सहयोग गर्दछ। यसले सन् २००५ देखि २००९ सम्मको नेपाल रणनीतिपत्रमा जातजाति र लैङ्गिंकतामा जोड दिएको छ। यो संस्थाले विपन्न वर्गलाई शिक्षा र छात्रवृत्तिमा सहयोग गर्दै आएको छ।

प्राविधिक विकासका लागि जर्मन सहयोग (जी.टी.जेड) : जी.टी.जेड. सँग दलितका लागि लक्षित कार्यक्रम छैन। यसले हालै आएर दलित र गरिबको समावेशीकरणमा काम गर्न थालेको छ (मामु, २००५)।

इन्टरनेसनल दलित सोलिड्यारिटी नेटवर्क (आइ.डी.एस.एन.) : यो संस्था डेनमार्कको कोपनहेगनमा छ। यसले दलित अधिकार सुनिश्चित गर्नका लागि संयुक्त राष्ट्रसंघ, युरोपेली संघलगायतका अन्तर्राष्ट्रिय संघसंस्था र मुलुकहरूसँग नैतिक दबाब सृजना गर्ने र जनवकालतको काम गर्दछ। यसले नेपालका दलितआन्दोलनका अधिकारवादी संघसंस्थाका प्रतिनिधिहरूलाई विदेशमा जनवकालत गर्न सहयोग गरेको छ। यो संस्थाले दलित गैरसरकारी महासंघसँग सहकार्य गरेर सन् २००४ मा जातीय छुवाछूत र विभेदका बारेमा ऐतिहासिक अन्तर्राष्ट्रिय परामर्श गरी काठमाडौं दलित घोषणापत्र जारी गरेर नेपालका दलितका सवालहरूलाई अन्तर्राष्ट्रियकरण गर्न सहयोग गरेको छ।

### *नागरिक समाजका पहलहरु*

मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (एच.आर.टी.एम.सी.) : एक दर्जनजति संस्थाहरू संलग्न यो समिति सन्धि अनुगमन गर्ने सञ्जाल हो। दलित गैरसरकारी महासंघ यसको एउटा उपसमितिको संयोजक रहेको छ। यसले जातीय छुवाछूतका घटनाहरूका सम्बन्धमा सत्यतथ्य पत्ता लगाउने काम गर्दछ।

अनौपचारिक सेवा केन्द (इन्सेक) : यो केन्द्रले दलितको चेतना जागरण र सशक्तीकरणका लागि सुदूर पश्चिममा कार्यक्रम चलाएको थियो। केन्द्रले प्रकाशित गर्ने सन् १९९३ को मानवअधिकार वर्ष पुस्तकमा जातीय छुवाछूतको बारेमा एउटा अध्याय समेटेको थियो। यसले हरेक वर्ष प्रकाशित हुने मानवअधिकार वर्ष पुस्तकमा दलितका विरुद्ध भएका जातीय छुवाछूतका घटनाहरूका बारेमा उल्लेख गर्ने काम गरेको छ।

दिगो जीविका मञ्च (एस.एल एफ.) : यो मञ्चले दलितको अधिकार सुनिश्चित गर्नका लागि बाग्लुङ र पर्वत जिल्लामा कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यसले दलितअधिकारका लागि लड्ने दलितका संघसंस्थाहरू प्रबर्द्धन गर्न धेरै योगदान दिएको छ।

सरस्वती सामुदायिक विकास मञ्च (एस.डी.सि.एफ.) : तराईको सप्तरी जिल्लामा कार्यरत यो मञ्चले मधेसी दलितका लागि धेरै काम गरेर ख्याति कमाएको छ। पूर्वी तराईमा उठेका चमार आन्दोलनमा यो मञ्चले महत्वपूर्ण भूमिका खेलेको थियो।

अन्य संघसंस्थाहरू : समग्र विकास केन्द्र, आसमान, कानुनी सहायता तथा परामर्श केन्द्र (ल्याक) र नेपाल बार सङ्गठनलगायतका संघसंस्थाहरूले दलितका लागि केही काम गरेका छन्।

### *दलित संघसंस्थाहरुको पहल*

दलित गैरसरकारी संस्था महासंघ : यो दलित संघसंस्थाहरूको माथिल्लो तहको छाता–सङ्गठन हो। यसले जातीय छुवाछूत र विभेद हटाउन, दलितअधिकार सुनिश्चित गर्न जनवकालत, सामाजिक, आर्थिक विकासका लागि कार्यक्रमहरू कार्यान्वयन गर्ने काम गर्दछ। महासंघले गर्ने कार्यक्रम र कामहरूमध्ये दलितसँग सम्बन्ध राख्ने कानुनी प्रावधानहरू, नीति र कार्यक्रमहरूको कार्यान्वयनको अनुगमन, दलितसम्बन्धी प्रकाशनहरू, सार्वजनिक सरोकारका मुद्दाहरू, कानुनी परामर्श र सहयोग, निःशुल्क कानुनी सेवा, संयुक्त राष्ट्रसंघमा छायाँ प्रतिवेदन, गोष्ठी आदि मुख्य छन्। यसले दलितका संघसंस्थाहरूलाई जातीय छुवाछूत र विभेदका विरुद्ध लड्न सहजीकरणको काम पनि गर्दछ।

नेपाल राष्ट्रिय दलित समाजिक सेवा संघ : सुदूर पश्चिमको कञ्चनपुरमा कार्यरत यो सङ्गठनले दलितको सर्वाङ्गीण विकासका लागि काम गरेर ख्याती कमाएको छ।

शिक्षाका लागि सामाजिक जागरण (सेफ) : यसले वादी समुदायविरुद्ध भएका जातीय छुवाछूत र विभेदविरुद्ध सङ्घर्ष र दलितका अधिकार सुनिश्चित गर्ने काममा ख्याती कमाएको छ।

समता विकास केन्द्र (इ.डी.सीं) : डोटी जिल्लामा कार्यरत यो संस्थाले शैलेश्वरी मन्दिर प्रवेशको आन्दोलनमा महत्वपूर्ण भूमिका खेलेको थियो। यसले दलितका लागि कार्यक्रमहरू कार्यान्वयन गर्दछ।

दलित सेवा संघ (डी.डब्लु.ओ.) : यो संघ सन् १९९४ मा स्थापना भएको हो। संघले जिल्लामा सञ्जाल विस्तार गरेको छ। संघले राष्ट्रियदेखि स्थानीय तहसम्म विद्युतीय सञ्चारमाध्यमबाट जनवकालत, जीविकोपार्जनका कार्यहरू, जनवकालत र सशक्तीकरणका कार्यहरू गर्दछ।

दलित महिला संघ (फेडो) : संघको स्थापना सन् १९९४ मा भएको थियो। यसले दलित महिलाका लागि शिक्षा, आर्थिक तथा सामाजिक विकास र जातीय एवम् लैङ्गिक विभेदको अन्त्यका लागि जनवकालत कार्य गर्दै आएको छ। नेपालका दलितहरू र नेपालमा दलित महिलासम्बन्धी पुस्तक अंग्रेजीमा प्रकाशन गरेको थियो।

नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ (एन.एन.डी.एस.डब्लु.ओ.) : यो संघ नेपालका सबैभन्दा पुरानो दलितको संस्था हो । संघले दलित विद्यार्थीका लागि छात्रवृत्ति, अध्ययनअनुसन्धान, आमसञ्चार माध्यममा जनवकालत, हलियामुक्ति अभियान र दलितको सामाजिक, आर्थिक सर्वेक्षण र दलितको एथ्नोग्राफी नामक पुस्तक प्रकाशन गर्नेलगायतका कामहरू गरेको छ।

छुवाछूतविरुद्ध वकिलहरूको राष्ट्रिय अभियान, नेपाल (ल्यानकाउ, नेपाल) : वकिल पेशामा लागेका दलितहरूले निर्माण गरेको यो संस्था दलितको कानुनी अधिकारहरू सुरक्षित गर्नका लागि कार्यरत छ। यसले छुवाछूतविरुद्धको अभियान, छुवाछूत अपराध निगरानी केन्द्र, सार्वजनिक मुद्दा दर्ता, प्रकाशन, अध्ययन, नीतिगत सुधार आदि कामहरू गर्दछ।

जनउत्थान प्रतिष्ठान (जे.यू.पी.) : यस प्रतिष्ठानले दलितको मानवअधिकार र दलितका अन्य सवालहरूमा काम गर्ने, प्रकाशन गर्ने र जनवकालत गर्ने काम गर्दै आएको छ।

दलित मानवअधिकार सङ्गठन (डी.उच.आर.ओ.) : यो नयाँ संस्था हो र यसले मानवअधिकार शिक्षा र प्रशिक्षण कार्य सञ्चालन गर्दछ।

दलित जागरण समाज : तेह्रथुम जिल्लामा कार्यरत यो संस्थाले स्थानीय तहमा दलित अधिकारका लागि जनवकालतको काम गर्दछ।

उत्पीडित समुदाय उत्थान केन्द्र (ओ.सी.यु.सी.) : यो संस्था गुल्मी जिल्लामा कार्यरत छ। यसले दलितका लागि सामुदायिक विकास, सामाजिक परिचालन, जीविकोपार्जन, स्वावलम्बी समुह, दलित सशक्तीकरण र जनवकालतका कार्यहरू गरी ख्याती कमाएको छ।

जागरण मिडिया सेन्टर (जे.एम.सी.) :यो संस्थाले सञ्चार, जनवकालत र ई–बुलेटिनलगायतका प्रकाशनका कामहरू गर्दछ। यसले नीतिगत प्रभाव पार्ने काम र दलित मानवअधिकार उल्लङ्घनका घटनाहरूको अनुगमन गर्दछ।

दलित विकास र कानुन (डी.डी.एल.) : यो दलितको सवाललाई अन्तर्राष्ट्रियकरण गर्ने र कानुनी क्षेत्रमा काम गर्ने उद्देश्य राखी हालसालै जन्मिएको संस्था हो।

उत्पीडित तथा जनजाति विकास परिषद् : यो अर्घाखाँची जिल्लामा कार्यरत एउटा गैरसरकारी संस्था हो । यसले सामुदायिक विकास, सामाजिक परिचालन र जीविकोपार्जन सशक्तीकरणका क्षेत्रमा काम गर्दछ । यसले स्थानीय तहमा गरेका दलित सशक्तीकरण र जनवकालतका कार्यलाई सबैले सह्राना गरेका छन्।

राष्ट्रिय दलित सञ्जाल (आर.डी.एन.) : दलित अधिकारकर्मीहरू मिलेर बनाएको यो सञ्जाल सुदूरपश्चिममा हलिया र सिनो खाने प्रथाविरुद्ध र भूमिमाथिको अधिकारका लागि लड्दै आएको छ। यसले स्थानीय र राष्ट्रिय तहमा दलितका सवालहरूलाई जोड्ने काम गर्दछ।

राजनीतिक दलहरूका भातृ र भगिनी सङ्गठनहरू : राजनीतिक दलहरूले दलितका भातृ वा भगिनी सङ्गठनहरू खोलेका छन् । ने.क.पा (एमाले) ले उत्पीडित समुदाय मुक्ति समाज, नेपाली कांग्रेसको नेपाल दलित संघ, राष्ट्रिय जनमोर्चाको जातीय समता समाज, जनमोर्चा, नेपालको नेपाल राष्ट्रिय दलित मुक्ति सङ्गठन, राष्ट्रिय प्रजातन्त्र पार्टीको राष्ट्रिय प्रजातान्त्रिक उत्पीडित जनता उत्थान संघ, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) को नेपाल दलित उत्थान मञ्चलगायतका भातृ र भगिनी संघसंस्थाहरू कार्यरत देखिन्छ। तराईका दलितहरूको सहभागिता र प्रतिनिधित्व भने कम छ।

निष्कर्षमा दलितविरुद्धका जातीय छुवाछूत र विभेद अन्त्य गर्नका लागि आवश्यक संवैधानिक प्रावधानहरूको प्रभावकारी कार्यान्वयनको आवश्यकता छ । नेपालले अनुमोदन गरेका मानवअधिकार दस्तावेजहरू र अन्तर्राष्ट्रिय समुदायसमक्ष व्यक्त गरेका प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन आवश्यक छ । यसको लागि संयुक्त राष्ट्रसंघलगायतका अन्तर्राष्ट्रिय संघसंस्थाहरू र मन्त्रिपरिषद्, व्यवस्थापिका संसद् र न्यायपालिकालगायतका राज्यका विभिन्न निकायहरू र नागरिक समाजले जातीय छुवाछूत र विभेद अन्त्य गर्नका लागि प्रभावकारी भूमिका खेल्न आवश्यक छ।

# अध्याय - ५

# अन्य जातजातिका तुलनामा दलितहरूको आर्थिक-सामाजिक अवस्था

यो अध्याय दलितको सामाजिक र आर्थिक अवस्था, मानव विकास सूचाङ्क, पुँजीगत सम्पत्ति (जमिन र चौपाया) मा पहुँच, श्रम र बजारसँग सम्बन्धित विभेदमा केन्द्रित छ। घर, श्रम बजार, उपभोक्ता बजारमा विभेद आदि सम्बन्धमा खासैसन्धान नभएको र सामाजिक, आर्थिक विभेद र मानव विकास सूचाङ्कका बारेमा उपलब्ध जानकारीहरू यो खण्डमा उल्लेख गरिएको छ।

## सामाजिक र आर्थिक अवस्था

दलितको सामाजिक–आर्थिक अवस्थाका बारेमा समुहगत छलफल र मुख्य उत्तरदातासँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी यस प्रकार छन् :

- अन्य जातजातिको तुलनामा दलितहरूको सामाजिक–आर्थिक अवस्था निम्न स्तरको छ।
- दलित पुरुष र बालकहरूको तुलनामा दलित महिला र बालिकाहरूको सामाजिक–आर्थिक अवस्था निम्न स्तरको छ।
- पहाडी दलितको तुलनामा तराई वा मधेसी दलितहरूको सामाजिक–आर्थिक अवस्था निम्न स्तरको छ।
- कामी, दमाई र सार्कीको अवस्था अन्य दलितहरूको तुलनामा धेरै राम्रो छ। प्रति व्यक्ति २२० क्यालोरी उपभोग गर्ने हिसाबबाट यी तीन समुदायका दलितहरूमध्ये ६५ देखि ६८ प्रतिशतजति निरपेक्ष गरिबीको रेखामुनि जीवनयापन गर्दछन्।
- दलितहरूमा निरक्षरता व्याप्त छ र केही दलितहरूले मात्र उच्च शिक्षा हासिल गरेका छन्।

## मानव विकास सूचाङ्क

नेपाल दक्षिण एसिया अध्ययन केन्द्रले तयार गरेको सन् १९९८ को मानव विकास प्रतिवेदनको मानव विकास सूचाङ्कबाट निम्न तथ्य उजागर भएको छ (तालिका ५.१) :

- मानव विकास सूचाङ्कको प्रत्येक सूचाङ्कमा दलितहरू औसतभन्दा तल रहेका छन्।
- सरदर आयु र साक्षरताको अनुपात हेर्दा मुसलमानहरूको अवस्था अन्य जातजातिको तुलनामा केही राम्रो देखिन्छ।
- नेपालको मानव विकास सूचाङ्क ०.३२५ छ। यसमध्ये ब्राह्मण/बाहुनको ०.४४१ र सबैभन्दा कम दलितको ०.२३९ छ।
- प्रति व्यक्ति आय सबैभन्दा बढी नेवारको अमेरिकी डलर १,८४८ र बाहुनको अमेरिकी डलर १,५३३ छ। सबैभन्दा कम प्रति व्यक्ति आय दलितको अमेरिकी डलर ७६४ मात्र छ।
- राष्ट्रिय मानव विकास सूचाङ्क र दलितको मानव विकास सूचाङ्कको अनुपात १:०.७ छ भने नेवारको १:१.४ र ब्राह्मण/बाहुनका १:१.३ छ।

तालिका ५.१ जातजातिको मानव विकास सूचाङ्क

| मानव विकास सूचाङ्क | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जातजाति | सरदर आयु १९९६ | बयस्क साक्षरता अनुपात (प्रतिशत) १९९६ | विद्यालय भर्नाको औसत वर्ष १९९६ | प्रति व्यक्ति आय (ने.रु.) १९९६ | प्रति व्यक्ति आय (अमेरिकी डलर) १९९६ | औसत आयु सूचाङ्क | शिक्षा हासिल सूचाङ्क | आय सूचाङ्क | मानव विकास सूचाङ्क | राष्ट्रिय मानव विकास सूचाङ्क नेपाल १०० |
| नेपाल | ५५.० | ३६.७२ | २.२५४ | ७,६७३ | १,१८६ | ०.५०० | ०.२९५ | ०.१७९ | ०.३२५ | १००.० |
| ब्राह्मण | ६०.८ | ५८.०० | ४,६४७ | ९,९२१ | १,५३३ | ०.५९७ | ०.४९० | ०.२३७ | ०.४४१ | १३५.८७ |
| क्षेत्री | ५६.३ | ४२.०० | २,७८६ | ७,७४४ | १,१९७ | ०.५२२ | ०.३४२ | ०.१८१ | ०.३४८ | १०७.३१ |
| नेवार | ६२.२ | ५४.८० | ४,३७० | ११,९५८ | १,८४८ | ०.६२० | ०.४६२ | ०.२८९ | ०.४५७ | १४०.७३ |
| गुरुङ, मगर, शेर्पा, राई, लिम्बू | ५३.० | ३५.२० | २,०२१ | ६,६०७ | १,०२१ | ०.४६७ | ०.२८० | ०.१५२ | ०.२९९ | ९२.२१ |
| मुसलमान | ४८.७ | २२.१० | १,३५८ | ६,३३६ | ९७९ | ०.३९५ | ०.१७८ | ०.१४५ | ०.२३९ | ७३.६७ |
| राजवंशी, यादव, थारू, अहिर | ५८.४ | २७.५० | १,७०० | ६,९११ | १,०६८ | ०.५५७ | ०.२२१ | ०.१६० | ०.३१३ | ९६.२८ |
| पेशागत जातहरू * | ५०.३ | २३.८० | १,२२८ | ४,९४० | ७६४ | ०.४२२ | ०.१८६ | ०.११० | ०.२३९ | ७३.६२ |
| अन्य | ५४.४ | २७.६० | १,८८० | ७,३१२ | १,१३० | ०.४९० | ०.२२६ | ०.१७० | ०.२९५ | ९०.९४ |
| पेशागत जातहरू* ले पहाड र तराईका छुवाछूत* मा परेका जातहरूसमेतलाई जनाउँछ | | | | | | | | | | |

*स्रोत : नेपाल दक्षिण एसिया केन्द्र १९९८ : २६६ मा परिशिष्ट ३७।*

तालिका ५.२ गरिबीको सघनता, १९९६

| | सामाजिक समुह | गरिबीको रेखामुनिको अनुपात (प्रतिशत) | दर्जा | परम्परागत पेशा |
|---|---|---|---|---|
| क. | जातजातिको समुह | | | |
| १ | बाहुन | ३४ | २ | पुरोहित्याइँ/राजनीति |
| २ | यादव | ४० | ४ | खेतिकिसानी/पशुपालन |
| ३ | क्षेत्री | ५० | ७ | खेतिपाती/सैनिक |
| ४ | सार्की (दलित) | ६५ | ११ | छालाको काम |
| ५ | दमाई (दलित) | ६७ | १२ | लुगा सिउने काम |
| ६ | कामी (दलित) | ६८ | १३ | धातुको काम |
| | | | | |
| ख. | भाषा समुह | | | |
| ७ | नेवार | २५ | १ | व्यापार |
| | | | | |
| ग. | धर्मिक समुह | | | |
| ८ | मुसलमान | ३८ | ३ | विभिन्न सीप |
| | | | | |
| घ. | प्हाडी जनजाति | | | |
| ९ | गुरुङ | ४५ | ५ | खेतिपाती/सेना |
| १० | थारू | ४८ | ६ | खेति |
| ११ | राई | ५६ | ८ | खेतिपाती/सेना |
| १२ | मगर | ५८ | ९ | खेतिपाती/सेना |
| १३ | तामाङ | ५९ | १० | खेतिपाती/भरिया |
| १४ | लिम्बू | ७१ | १४ | खेतिपाती/भरिया |
| | | | | |
| ङ. | अन्य | ३७ | | |
| | | | | |
| | नेपाल | ४२.६ | | |

*स्रोत : गुरुङ, २००३ : ७ को तालिका ७ ।*

दलित समुदायमा गरिबी बढी छ। सन् १९९६ मा ४२.६ प्रतिशत जनताहरू गरिबीको रेखामुनि रहेका थिए। कामी ६८ प्रतिशत, दमाई ६७ प्रतिशत, सार्कीको ६६ प्रतिशत गरिबीको रेखामुनि रहेका छन् (तालिका ५.२)। गरिबीको रेखामुनि सबैभन्दा तल लिम्बूहरू ७१ प्रतिशत छन्। सन् २००३ को नेपाल जीवनस्तर सर्वेक्षणअनुसार गरिबीको रेखामुनि रहेका तराईका दलितहरूको प्रतिशत ४९.२ छ। पहाडी दलितहरूको प्रतिशत भने ४४.९ छ (तालिका ५.३)।

तालिका ५.३ सामान्य प्रति व्यक्ति आय र गरिबीको अनुपात

| क्रम सङ्ख्या | जातजाति समुह | प्रति व्यक्ति सामान्य उपभोग (रु.) | व्यक्तिको गणना (प्रतिशत) | | |
|---|---|---|---|---|---|
| | | | गरिब | गरिब नभएको | जम्मा |
| १.० | उच्च जात | १९,९१८ | १८.४ | ८१.७ | १००.० |
| १.१ | पहाडी ब्राह्मण/क्षेत्री आदि | १९,८१२ | १८.८ | ८१.२ | १००.० |
| १.२ | तराई ब्राह्मण आदि | २१,६२५ | ११.२ | ८८.८ | १००.० |
| २.० | तराईका मध्यम जात | १०,७५८ | २६.५ | ७३.५ | १००.० |
| ३.० | जनजाति | १६,९४२ | ३५.१ | ६४.९ | १००.० |
| ३.१ | पहाडी जनजाति | १९,२५८ | ३५.७ | ६४.३ | १००.० |
| ३.१.१ | नेवार/थकाली | ३८,४१९ | १३.९ | ८६.१ | १००.० |
| ३.१.२ | अन्य पहाडी जनजाति | १२,७६४ | ४३.० | ५७.० | १००.० |
| ३.२ | तराई जनजाति | १०,४१२ | ३३.४ | ६६.६ | १००.० |
| ४ | दलित | ९,९०५ | ४६.४ | ५३.६ | १००.० |
| ४.१ | पहाडी दलित | ११,०८९ | ४४.९ | ५५.१ | १००.० |
| ४.२ | तराई दलित | ७,६०४ | ४९.२ | ५०.९ | १००.० |
| ५.० | मुसलमान | ९,०६१ | ४१.३ | ५८.७ | १००.० |
| ६.० | अन्य | १३,८९० | ४७.७ | ५२.३ | १००.० |
| | जम्मा | १५,८४८ | ३०.९ | ६९.२ | १००.० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, नेपाल जीवनस्तर सर्वेक्षण २००३/२००४; NIRSS २००६ : ६३ को तालिका १०.५*

## पुँजी–सम्पत्तिमा कम पहुँच

**भूमि :** नेपालमा भूमि र शक्तिबीच गहिरो सम्बन्ध छ। नेपालमा भूमि अझै पनि पुँजी सम्पत्ति हो। धेरै दलितहरू भूमिहीन छन्। श्रमविज्ञ डा. शिव शर्माका अनुसार ८५ देखि ९० प्रतिशत मधेसी दलितहरू भूमिहीन रहेको अनुमान छ। डा. शर्माका अनुसार मुसहर समुदायका ३ देखि ५ प्रतिशतसँग मात्र एक टुक्रा भूमि भएको देखिन्छ। पहाडी दलितसँग एक टुक्रा भए पनि भूमि भएको अवस्था छ। डा. शर्माका अनुसार राजमार्गका वरपर बसोबास भएका दलितहरूले प्रशासकहरूसँग सम्बन्ध भएकोले केही न केही टुक्रा भूमि लिएका छन्। भूमि भएका दलितको भूमिको गुणस्तर कम भएकोले खासै उपलब्धिमूलक भएको देखिँदैन। डा. शर्माले एकजना योजनाविद्ले भनेको कुरालाई उद्धृत गर्दै कतिपय मानिसहरू तकियामुनि जग्गाधनी प्रमाणपत्र पुर्जा नराखी सुत्न सक्दैनन्। डा. शर्माका अनुसार यदि यस्तो हो भने दलितहरू शताब्दीसम्म कसरी सुते होलान् ?

कथित उच्च जात समुदायहरूको खेत (५.६ रोपनी) र पाखो (६.६ रोपनी) दुवै प्रकारको भूमिको स्वामित्व छ। दलित खेत (२.० रोपनी) र पाखो (४.७ रोपनी) गरी भूमिको स्वामित्व सबैभन्दा कम भएको समुदाय हो (तालिका ५.४)। ३ रोपनीभन्दा कम खेतमा स्वामित्व भएको दलितको प्रतिशत हिमालमा ७०, पहाडमा ७७ र तराईमा १०० छ। त्यस्तै गरेर ३ रोपनीभन्दा कम पाखोमा स्वामित्व भएको दलितको प्रतिशत हिमालमा ५४, पहाडमा ५४ र तराईमा ० छ (तालिका ५.४)। दलितअध्येता टेक ताम्राकारका अनुसार भूमिहीन डोमहरूको प्रतिशत ४२.२, गन्धर्वको ४१.२, दुसाधको ३३.३, धोवीको ३३.३, कामीको ११.२ र सार्कीको ७.६ छ। नेपालमा नागरिकता पाउन जग्गाजमिनको स्वामित्व चाहिने र जग्गाजमिन किन्न नागरिकता चाहिने भएकोले भूमिहीन दलितले नागरिकता लिन र नागरिकताविहीन दलितले जग्गाजमिन किन्न गाह्रो भएको छ। राष्ट्रिय दलित आयोगले गरेको एक सर्वेक्षणअनुसार २२ दलित जातीय समुदायका ३९,६६० जनसङ्ख्यामध्ये ३५.४ प्रतिशतसँग नागरिकताको प्रमाणपत्र छैन ( राष्ट्रिय दलित आयोग २००५ : ४ मा तालिका ३.३)।

तालिका ५.४ जातजाति र भौगोलिक क्षेत्रका आधारमा परिवारको खेत र पाखो Land/Mean in Ropani

| जातजाति | तागाधारी | | | | मतवाली | | | | दलित | | | | अन्य | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भौगोलिक क्षेत्र | हिमाल | पहाड | तराई | जम्मा | हिमाल | पहाड | तराई | जम्मा | हिमाल | पहाड | तराई | जम्मा | हि | पहाड | तराई | जम्मा | |
| खेत | | | | | | | | | | | | | | | | | |
| ====== सङ्ख्या | २६६ | ६३७ | १४ | ९१७ | ४९ | २१७ | ३ | २५९ | १६३ | ५२० | १ | ६८४ | | १० | ३ | १३ | १८८३ |
| औसत (मिन) | ६.५६ | ५.१३ | १०.४३ | ५.६३ | १०.५३ | ३.७५ | ३.३३ | ४.९८ | ३.०७ | १.७३ | २ | २.०५ | | | | | |
| स्टान्डर्ड डेभियसन | ६.६५ | ६.५४ | १५.६८ | ६.८४ | ११.११ | ४.६४ | ३.०६ | ६.८१ | ५.४६ | ४.०१ | | ४.४३ | | ३.३८ | ९.१७ | ५.४५ | ६.२८ |
| स्किउनेस् | ३.०७ | २.५९ | १.८९ | १.८ | २.२१ | १.९१ | -०.९४ | ३.२ | ४.४८ | ६.४९ | | ५.७५ | | १.५९ | ०.९४ | १.९१ | ३.३२ |
| >२० | २.३% | ३.०% | १४ % | ३% | १२ % | १ % | ० % | ३% | १ % | १ % | ० % | १ % | | ० % | ० % | ० % | २% |
| >३ | २१.८% | ३.०% | ५०% | ३८% | २५% | ५२% | ३३% | ४६.७% | ७०% | ७९% | १०० % | ७७% | | ७०% | ३३% | ६२% | ५३A% |
| १० देखि २० | २२% | १६.८ % | २१% | १८ % | ३५% | १० % | ० % | १५ % | ७% | ३% | ० % | ४% | | ० % | ३३% | ८% | १२ % |
| पाखो | | | | | | | | | | | | | | | | | |
| ====== सङ्ख्या | २४९ | ६३७ | १३ | ८९९ | ४३ | २१७ | ३ | २६३ | १६३ | ५२० | १ | ६८४ | | १० | ३ | १३ | १८५९ |
| औसत (मिन) | ५.२२ | ७.१९ | २.०८ | ६.६४ | ६.५१ | ७.४३ | १० | ७.३१ | ७.५९ | ३.७६ | ६० | ४.७६ | | ६.८ | ४ | ६.१५ | ६.०४ |
| स्टान्डर्ड डेभियसन | २.२७ | १०.३७ | १४.३ | ९.३५ | ११.३५ | १३.३५ | १७.३ | १३.०४ | १५.६४ | ४.९४ | | ९.१५ | | ५.८३ | ६.९३ | ५.९१ | ९.९१ |
| स्किउनेस् | १.९१ | २.९२ | २.६४ | ३.४१ | ३.०७ | ३.८६ | १.७३ | ३.७४ | ३.६८ | ३.१९ | | ४.९ | | १.४२ | १.७३ | १.१२ | ३.९३ |
| >२० | १.६० % | २.१% | ८% | ६% | ७% | ७.८% | ३३.३% | ८% | ८% | २% | १०० % | ३% | | ० % | ० % | ० % | ५% |
| >३ | ३६.१% | ४१.८% | ६९% | ४१% | ५४% | ४४.२% | ६७% | ४६% | ५४% | ५८% | ० % | ५७% | | ३०% | ६७% | ३९% | ४७% |
| १० देखि २० | १४% | १९.३ % | २३% | १७ % | १६% | १२ % | ० % | १३ % | ८% | ८% | ० % | ८% | | ३० % | ३३% | ३१% | १४ % |

*स्रोत : घर सर्वेक्षण, टिम कन्सल्ट १९९८: २७८ को तालिका क६ ५ क।*

टिप्पणी : १ रोपनी    ५,४७६ वर्गफिट

तालिका ५.५ दलितको भूमिमा पहुँच

| क्रम सङ्ख्या | जात | भूमिहीन | ५ रोपनीभन्दा कम (%) | ६ देखि १० रोपनी (%) | ११ देखि २० रोपनी (%) | २१ रोपनीभन्दा बढी |
|---|---|---|---|---|---|---|
| | पहाडी दलित | | | | | |
| १ | कामी | ११.२ | ४६.५ | १८.८ | १७.१ | ६.५ |
| २ | दमाई | २८.८ | ५५.१ | १९.१ | ३.२ | १.३ |
| ३ | सार्की | ७.६ | ४७.८ | २४.२ | १६.७ | ३.६ |
| ४ | गाइने | ४१.२ | ४५.१ | १.४ | ३.१ | – |
| | मधेसी दलित | | | | | |
| ५ | वादी | २१.० | ३१.१ | १३.० | ४.३ | ४.३ |
| ६ | धोवी | ३३.३ | ६६.७ | – | – | – |
| ७ | डोम | ४४.२ | ११.८ | – | – | – |
| ८ | दुसाध | ३३.३ | ५५.६ | – | ११.१ | – |

*स्रोत : ताम्राकार (२००६:६५) को तालिका ६ ।*

टीप्पणी : ताम्राकारको तालिकामा हुड्के, कसाई र पोडेको तथ्याङ्क पनि छ तर यो अध्ययनका लागि अनावश्यक भएकोले नराखिएको ।

राष्ट्रिय दलित आयोगले ६ वटा जिल्लाहरूमा गरेको एक सर्वेक्षणअनुसार ७४.१४ प्रतिशत दलित घरपरिवार भूमिहीन छन् (तालिका ५.६) । भूमिहीन घरपरिवारको प्रतिशत धनुषा, सप्तरी र महोत्तरीमा ५१.२१ देखि ६३.१३ सम्म छ (तालिका ५.६) । भूमिहीन घरपरिवारको प्रतिशत सबैभन्दा कम कैलालीमा २२.५४ छ भने बाँकेमा ३७.६६ छ (तालिका ५.६) ।

तालिका ५.६ छनौट गरिएका जिल्लाहरूमा भूमिमा स्वामित्व भएका दलित घरपरिवारको प्रतिशत वितरण

| क्रम सङ्ख्या | जिल्लाहरू | भूमिको स्वामित्व | | |
|---|---|---|---|---|
| | | छ | छैन | जम्मा |
| | | सङ्ख्या ५,४५२ | सङ्ख्या ६,१५३ | सङ्ख्या ११,६०५ |
| १ | कैलाली | ७७.४६ | २२.५४ | १००.० |
| २ | बाँके | ६२.३४ | ३७.६६ | १००.० |
| ३ | महोत्तरी | ४८.७९ | ५१.२१ | १००.० |
| ४ | धनुषा | ३६.८७ | ६३.१३ | १००.० |
| ५ | सिराहा | २५.८६ | ७४.१४ | १००.० |
| ६ | सप्तरी | ४६.३८ | ५३.६२ | १००.० |
| | औसत | ४६.९७ | ५३.०३ | १००.० |

*स्रोत : राष्ट्रिय दलित आयोग, २००५ : १८ को तालिका २.८ मा आधारित ।*

ऐलानी जग्गामा बसोबास गर्ने दलितहरूको सङ्ख्या सबैभन्दा बढी ५०.०३ प्रतिशत कैलाली जिल्लामा छ भने सबैभन्दा कम १९.३६ प्रतिशत महोत्तरी जिल्लामा ५ (तालिका ५.७)।

तालिका ५.७ दलित घरपरिवारको भूमिमा स्वामित्वका कारणहरूको प्रतिशत वितरण

| क्रम सङ्ख्या | कारणहरू | जिल्ला | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कैलाली | बाँके | महोत्तरी | धनुषा | सिरहा | सप्तरी |
| १ | सरकारी/ऐलानी जग्गा | ५०.६३ | ४२.०३ | १९.३६ | ३४.०७ | २१.९१ | ४०.१८ |
| २ | कमजोर आर्थिक अवस्था/भूमिहीन | २६.२७ | २.४५ | ८.२३ | १८.५३ | ४०.२२ | १०.२८ |
| ३ | अरूको जग्गामा बसोबास | ८.२३ | १४.४८ | २५.२३ | १७.३३ | १५.४३ | २०.१८ |
| ४ | अंशवण्डाको अभाव | ४.११ | ११.१४ | ४.५७ | ६.५९ | २.६८ | २.३९ |
| ५ | खरिद गरेको तर दर्ता नभएको | १.९० | ०.६७ | ०.९१ | ०.६५ | ३.७९ | ०.९२ |
| ६ | पक्का नभएको | १.२७ | ०.०० | ०.६१ | ०.८५ | २.९४ | ०.१८ |
| ७ | अदालतमा मुद्दा | ०.०० | ०.०० | १.०७ | ०.०० | ०.०० | ९.१७ |
| ८ | दोहोरो स्वामित्वको नहुनु | २.२२ | १.३४ | ०.२३ | ०.५० | ०.३९ | ०.१८ |
| ९ | अन्य | ५.३८ | २७.८४ | ३९.७९ | २१.४८ | १२.६२ | १६.५१ |
| | जम्मा | १००.० सङ्ख्या ३१६ | १००.० सङ्ख्या ४४९ | १००.० सङ्ख्या १,३१२ | १००.० सङ्ख्या २,००२ | १००.० सङ्ख्या १,५२९ | १००.० सङ्ख्या ५४५ |

तलिका : राष्ट्रिय दलित आयोग २००५ : १९ को तालिका २.९ मा आधारित।

टिम कन्सल्टले गरेको एक अध्ययनअनुसार दलितहरूमा खाद्यान्न संकट छ। खाद्यान्न संकट भएका दलित परिवारको सङ्ख्या हिमाली क्षेत्रमा ८९.६६ प्रतिशत, पहाडमा ५६.७३ प्रतिशत र तराईमा ५३.६१ प्रतिशत छ (तालिका ५.८)।

तालिका ५.८ खाद्यान्न समस्या नभएका घरपरिवारको जातिगत प्रतिशत वितरण

| जातजाति | भौगोलिक क्षेत्र | | | |
|---|---|---|---|---|
| | हिमाल | पहाड | तराई | जम्मा<br>सङ्ख्या ५,१६२ |
| खाद्यान्न पर्याप्तता | | | | सङ्ख्या ३,७४५ |

| | | | | |
|---|---|---|---|---|
| तगाधारी | १०.४० | ४६.८ | ४२.९ | १००.००<br>सङ्ख्या १,१७३ |
| मतवाली | ५७.० | ५२.७ | ४१.७ | १००.००<br>सङ्ख्या ५०९ |
| दलित | १०.३ | ४२.४ | ४७.२ | १००.००<br>सङ्ख्या १,८७१ |
| अन्य | ०.०० | ५७.० | ९४.३ | १००.००<br>सङ्ख्या १९२ |
| खाद्यान्न अपर्याप्तता | | | | सङ्ख्या १,४१७ |
| तगाधारी | ९.९७ | ४७.२१ | ४२.८२ | १००.००<br>सङ्ख्या १,१६३ |
| मतवाली | ५.९१ | ५२.७६ | ४१.३४ | १००.००<br>सङ्ख्या ५०८ |
| दलित | १०.३४ | ४३.२७ | ४६.३९ | १००.००<br>सङ्ख्या १,८२६ |
| अन्य | ०.०० | ५.८८ | ९४.१२ | १००.००<br>सङ्ख्या ३,६८६ |

*स्रोत : टिम कन्सल्ट, १९९९ : ४२८५ को तालिका क६ ८क मा आधारित।*

टिप्पणी : जम्मा ५,१८१ उत्तरदातामध्ये ५,१६२ घरपरिवारले खाद्यान्न पर्याप्तताका वारेमा उत्तर दिएका र त्यसमध्ये २८.५९ प्रतिशत उत्तरदाताले खाद्यान्न पर्याप्तता र वाँकी ७१.४१ प्रतिशत घरपरिवारमा खाद्यान्न अपर्याप्तता रहेको देखाइएको छ।

**चौपाया** : ग्रामीण क्षेत्रमा चौपाया दोस्रो महत्वपूर्ण पुँजी र सम्पत्ति हो। चौपाया र भूमि अन्तर सम्बन्धित छ। डा. शिव शर्माका अनुसार सामुदायिक वा सामाजिक वनले ५ किलोमिटरको परिधिमा बस्ने कथित माथिल्लो जातका मानिसहरूलाई फाइदा दिने गरेको तर दलितहरूलाई भने विभेदमा पारेको अवस्था छ।

**ज्यालादारी काम** : टिम कन्सल्ट गरेको एउटा प्रतिवेदनअनुसार ज्यालादारी श्रम गर्ने दलितहरूको प्रतिशत ६०.४ छ भने बाहुन–क्षेत्री (तागाधारी) र आदिवासी जनजाति (मतवाली) हरूको प्रतिशत भने न्युन छ (तालिका ५.९)।

तालिका ५.९ ज्यालाबाट आयआर्जन गर्ने जातजातिको घरपरिवारको प्रतिशत

| क्रम सङ्ख्या | जातजाति | प्रतिशत |
|---|---|---|
| १ | तागाधारी | २०.६ |

| | | |
|---|---|---|
| २ | मतवाली | १३.३ |
| ३ | दलित | ६०.४ |
| ४ | अन्य | १००.००<br>सङ्ख्या २,४९१ |

*स्रोत : टिम कन्सल्ट (१९९९ : ६०) को तालिका ६.७।*

परम्परागत पेशा, निरक्षरता र अशिक्षा, भूमिहीनता आदि कारणले ज्यालादारी काममा दलितहरूको सहभागिता धेरै छ। यो क्षेत्रमा पनि दलितहरूले जातीय विभेद निरन्तर रूपमा भोग्दै आएका छन्। दलित महिलाले ज्यालाबाट दलित पुरुषले भन्दा कम आम्दानी पाउने गरेको छ। टिम कन्सल्ट (१९९९ : ६०–६१) अनुसार कथित माथिल्लो जातका व्यक्तिहरूको औसत वार्षिक आम्दानी रु. २५,०९०।– छ भने दलितहरूको औसत वार्षिक आम्दानी रु. १६,४००।– छ। ज्यालामा निर्भर घरपरिवारहरू हिमाली र पहाडी क्षेत्रमा कम छ भने तराईमा सापेक्ष रूपमा केही बढी छ। टिम कन्सल्टले गरेको अध्ययनअनुसार ज्यालादारी कामबाट वार्षिक आम्दानी हिमाली क्षेत्रमा बस्ने दलितको रु. १३,१००।–, पहाडका दलितका् १३,९२०।– र तराईका दलितको १८,८७०।– छ (तालिका ५.१०)।

तालिका ५.१० जातजाति र भौगोलिक क्षेत्रका आधारमा ज्यालाबाट घरपरिवारको औसत वार्षिक आम्दानी

रु. हजारमा

| जातजाति | भौगोलिक क्षेत्र | | | |
|---|---|---|---|---|
| | हिमाल | पहाड | तराई | जम्मा<br>सङ्ख्या २,४९१ |
| तागाधारी | १३.६४ | १५.९८ | १७.५२ | १६.७१ |
| मतवाली | १२.८३ | १६.१६ | १४.४४ | १५.१३ |
| दलित | १३.१ | १३.९२ | १८.८७ | १६.४ |
| अन्य | – | ७.५ | ८.३५ | २५.०९ |

*स्रोत : टिम कन्सल्ट (१९९९ : ५९) को तालिका ६.६ मा आधारित।*

स्थलगत अध्ययनका बेलामा ८ जातका दलितहरूले ज्यालामा गैरदलितले दलितका विरुद्ध विभेद गर्ने बताएका थिए । चिडिमार समुदायका उत्तरदाताहरूले दलित महिला श्रमिकहरूले यौनशोषण भोग्ने गरेको बताएका थिए।

## *दलितविरूद्ध हुने आर्थिक विभेद*

स्थलगत अध्ययनका बेला उत्तरदाताहरूले आर्थिक क्षेत्रमा पनि दलितविरुद्ध विभेद हुने गरेको बताएका थिए। धेरै दलितहरू आफैं गरिबीमा बाँचिरहेकाले दलितले दलितका विरुद्ध

आर्थिक विभेद गरेका छैनन् । खेतिपातीमा प्रयोग हुने ज्यालादारी श्रमिकहरूमध्ये महिला श्रमिकहरूले गैरदलितभन्दा र दलित पुरुषभन्दा कम ज्याला पाउने गरेका छन् (तालिका ५.११)। उत्तरदाताहरूका अनुसार ४ जातका दलितहरूले गाह्रो र फोहोरी काम गर्नुपर्ने अवस्था रहेको बताएका थिए (तालिका ५.११)।

तालिका ५.११ ज्यालादारी काममा दलितविरुद्ध हुने विभेद

| क्रम सङ्ख्या | विभेदका स्वरूप वा क्षेत्रहरू | दलितविरुद्ध गैरदलित | | | | | दलितविरुद्ध दलित | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | १८ | १ | २ | ३ | ४ | १८ |
| १ | दलितलाई कृषिमजदुरको काम गर्न नदिने | ० | १४ | २ | २ | १८ | ० | ० | ० | १८ | १८ |
| २ | दलितलाई कृषिमजदुरको काम गर्दा कम ज्याला दिएर शोषण गर्ने | ० | १५ | १ | २ | १८ | ० | ० | ० | १८ | १८ |
| ३ | महिला दलितलाई कृषिमजदुरको काम गर्दा पुरुष श्रमिकलाई भन्दा कम ज्याला दिएर शोषण गर्ने | ८ | ६ | २ | २ | १८ | ० | ० | ० | १८ | १८ |
| ४ | दलित महिला कृषिमजदुरलाई यौनदुर्व्यवहार वा शोषण गर्ने | १ | १४ | ० | ३ | १८ | ० | ० | ० | १८ | १८ |
| ५ | दलित बालमजदुरलाई शारीरिक दुर्व्यवहार वा पैसा नदिने वा कम ज्याला दिने | २ | १३ | ३ | ० | १८ | ० | ० | ० | १८ | १८ |
| ६ | दलितलाई हेलाँहोचो गरेर जागिर नदिने | १ | १६ | १ | ० | १८ | ० | ० | ० | १८ | १८ |
| ७ | गैरदलितले दलितलाई कठोर श्रम गर्नुपर्ने वा फोहोरी काम गर्न लगाउने | ४ | १४ | ० | ० | १८ | ० | ० | ० | १८ | १८ |
| ८ | बालिघरे, हलियाजस्ता बाध्यात्मक श्रम गर्ने | १ | १० | ३ | ४ | १८ | ० | ० | ० | १८ | १८ |

*स्रोत : स्थलगत अध्ययन, २००६/०७*

संकेत : १ = विद्यमान व्यवहार, २ = व्यवहारमा नभएको, ३ = व्यवहारमा भएको वा नभएको भन्न गाह्रो, ४ = लागू नहुने वा असान्दर्भिक

### *आर्थिक विभेद र बजारमा विभेद*

स्थलगत अध्ययनका बेला उत्तरदाताहरूले उत्पादन बजार र स्रोतहरूमा विभेद हुने गरेको बताए। ८ दलित जातका उत्तरदाताहरूले बताएअनुसार सरकारले सहकारी स्थापना गर्न विभेद गरेको छ। ७ दलित जातका उत्तरदाताहरूले बताएअनुसार सरकारले दलितलाई सीपको आधुनिकीकरण गर्न ध्यान नदिएको अवस्था छ (तालिका ५.१२, परिशिष्ट क, तालिका ४)। ६ जातका दलित उत्तरदाताहरूले दिएको जानकारीअनुसार आफ्नो समुदायका दलितहरूलाई गैरदलितहरू सहभागी भएको वनजङ्गल र पानीलगायतका प्राकृतिक स्रोतहरूसँग सम्बन्धित उपभोक्ता समुहहरूमा सहभागी हुन, प्रतिनिधित्व गर्न र व्यवस्थापन गर्न नदिएर विभेद भएको छ (तालिका ५.१२, परिशिष्ट क, तालिका ४)।

तालिका ५.१२ गैरदलितद्वारा दलितविरुद्ध तथा दलितद्वारा दलितविरुद्ध हुने विभेदको सघनताअनुसार दलितको सङ्ख्या

| क्र.सं. | विभेदका स्वरूप वा क्षेत्रहरू | दलितविरुद्ध गैरदलित | | | | | दलितविरुद्ध दलित | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | १८ | १ | २ | ३ | ४ | १८ |
| सार्वजनिक सम्पत्ति | | | | | | | | | | | |
| १ | बाटो हिँडेको बेला गैरदलितलाई बाटो दिन छेउ लाग्नुपर्ने, बाटो छाड्नुपर्ने | ३ | १५ | 0 | 0 | १८ | 0 | 0 | 0 | १८ | १८ |
| २ | सार्वजनिक चरणमा दलितलाई गाईबस्तु चराउन नदिने | 0 | १५ | 0 | ३ | १८ | 0 | 0 | 0 | १८ | १८ |
| ३ | सामुदायिक वन वा अन्य वनजङ्गलबाट दलितहरूलाई दाउरा र घाँसपात ल्याउन नदिने | १ | ७ | २ | ८ | १८ | 0 | 0 | 0 | १८ | १८ |
| ४ | खानेपानीको योजना दलितहरूलाई दिइँदैन | ३ | १३ | १ | १ | १८ | 0 | 0 | 0 | १८ | १८ |
| ५ | गैरदलितहरूले सिञ्चाइको पानी प्रयोग गरेपछि मात्र दलितले प्रयोग गर्न पाउने | 0 | 0 | 0 | १८ | १८ | 0 | 0 | 0 | १८ | १८ |
| ६ | विद्युत प्राधिकरणले दलित बस्तीमा विद्युतीकरण गर्दैन | २ | ७ | ७ | २ | १८ | 0 | 0 | 0 | १८ | १८ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | दलितले रोजगारी पाउँदैन (उद्योग, व्यापार र निर्माण कम्पनी आदिमा) | २ | १० | ४ | २ | १८ | ० | ० | ० | १८ | १८ |
| स्रोत | | | | | | | | | | | |
| १ | पानी, वनलगायतका प्राकृतिक स्रोतहरूमा आधारित उपभोक्ता समुहहरूमा दलितहरूलाई सहभागिता र प्रतिनिधित्व गर्न नदिइने | ६ | ८ | २ | २ | १८ | ० | ० | ० | १८ | १८ |
| २ | पानी, वनलगायतका प्राकृतिक स्रोतहरू उपभोग गर्नबाट वञ्चित गर्ने | ३ | ९ | ५ | १ | १८ | ० | ० | ० | १८ | १८ |
| ३ | दलित भएकै कारणले नागरिकता नपाउनु | २ | ९ | ५ | २ | १८ | ० | ० | ० | १८ | १८ |
| ४ | प्राकृतिक प्रकोपका बेला उद्धार कार्य गर्दा गैरदलितपछि मात्र दलितहरूलाई उद्धार गरिने | ० | ३ | ० | १५ | १८ | ० | ० | ० | १८ | १८ |
| ५ | प्राकृतिक प्रकोपका पीडितहरूलाई पुनर्स्थापना गर्दा गैरदलितपछि मात्र दलितहरूलाई गरिने | ० | ० | ० | १८ | १८ | ० | ० | ० | १८ | १८ |
| ६ | द्वन्द्वबाट विस्थापितहरूमध्येमा दलितहरूलाई घर फर्कन गैरदलितलाई भन्दा बढी समस्या | ० | ० | ० | १८ | १८ | ० | ० | ० | १८ | १८ |
| ७ | द्वन्द्वबाट विस्थापित भएकाहरूमध्ये दलित महिलाहरूलाई यौनजन्य काममा लाग्न बाध्य बनाइने | ० | ० | ० | १८ | १८ | ० | ० | ० | १८ | १८ |
| ८ | यौन पेशामा रहेको दलित महिलाहरूलाई सुरक्षाकर्मीहरूले यौनशोषण गर्ने | ० | ५ | ० | १८ | १८ | ० | ० | ० | १८ | १८ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ऋण बजार | | | | | | | | | | | |
| १ | स्थानीय साहुले दलितलाई ऋण नदिने | ३ | १२ | ३ | ० | १८ | ० | ० | ० | १८ | १८ |
| २ | सहकारी, बचत तथा ऋण समुहले दलितलाई ऋण नदिने | १ | ११ | ३ | ३ | १८ | ० | ० | ० | १८ | १८ |
| ३ | बैंक र वित्तीय संस्थाहरूले दलितलाई ऋण नदिने | १ | १० | ४ | ३ | १८ | ० | ० | ० | १८ | १८ |
| | लगानी बजार | | | | | | | | | | |
| १ | दलितलाई सेयर नबेच्ने | १ | ५ | ० | १२ | १८ | ० | ० | ० | १८ | १८ |
| २ | दलितलाई सहयात्री नबनाउने | २ | १ | ० | १२ | १८ | ० | ० | ० | १८ | १८ |
| उत्पादन बजार | | | | | | | | | | | |
| १ | कथित माथिल्लो जातका मानिसले कथित तल्लो जातका मानिसले खोलेको पसलबाट मालसामान नकिन्ने | २ | १ | ० | १२ | १८ | ० | ८ | १ | १८ | १८ |
| २ | कथित तल्लो जातको दलितलाई आधुनिक सीप नदिने | ७ | ६ | ४ | १ | १८ | ० | ० | ० | १८ | १८ |
| ३ | सरकारी कर्मचारीहरूले दलितलाई सहकारी खोल्न सहयोग नदिने | ८ | ६ | १ | ३ | १८ | ० | ० | ० | १८ | १८ |

*स्रोत : स्थलगत अध्ययन, २००६ ।०७*

संकेतः १ = विद्यमान व्यवहार, २ = व्यवहारमा नभएको, ३ = व्यवहारमा भएको वा नभएको भन्न गाह्रो, ४ =लागू नहुने वा असान्दर्भिक

### *श्रम बजारमा विभेद*

श्रमविभाजन पनि दलित महिलाविरुद्ध छ । दलित महिलाहरू प्रजनन, उत्पादनशील र सामुदायिक कामहरू गर्ने भएकोले दलित पुरुषले भन्दा बढी र कथित माथिल्लो जातको महिलाहरूले भन्दा बढी दैनिक काम गर्दछन् (तालिका ५.१३, तालिका ५.१४)।

तालिका ५.१३ लैङ्गिक र जातीय आधारमा श्रमविभाजनमा खर्च गर्ने समय

| क्रम सङ्ख्या | कामको प्रकार | महिला | | पुरुष | |
|---|---|---|---|---|---|
| | | कथित तल्लो जात | कथित माथिल्लो जात | कथित तल्लो जात | कथित माथिल्लो जात |
| १ | पारिवारिक खेतिपाती | २३% | ३८% | १५% | २५% |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | खेतिबाहेकबाट हुने आम्दानी | ९ | ० | १७ | ० |
| ३ | प्रजनन/घरायसी | ३० | २२ | ९ | ९ |
| ४ | सामाजिक | २७ | २४ | ३७ | ३६ |
| ५ | बाहिर | ११ | १६ | २२ | २९ |

*स्रोत : क्यामरन, २००५ : ९३ मा तालिका ६ ।*

तालिका ५.१४ तीनवटा कुरामा कथित तल्लो जातको महिला र पुरुषको कामको तुलना

| क्रम सङ्ख्या | कामको प्रकार | महिला | पुरुष |
|---|---|---|---|
| १ | परिवारिक खेतिपाती | ६८% | २६% |
| २ | बाहिरबाट हुने आम्दानी | २३ | ४० |
| ३ | रीति–भाग्य | ९ | ३४ |

*स्रोत : क्यामरन, २००५ : १०० मा तालिका ८ ।*

क्यामरनको आफ्नो अध्ययनमा कृषि मजदुरीको काम धेरैजसो दलितहरूले गर्दछन् । दलित महिलाहरूले गोडमेल गर्ने, मल बोक्ने, बीउ वा बेर्ना रोप्नेलगायतका कामहरू गर्दछन् । एकतिहाइजति दलित जातका उत्तरदाताहरूले कुलो र नहर खन्ने, बेर्ना रोप्ने, मलखाद बोक्नेलगायतका कामहरू गर्दछन् ।

तालिका ५.१५ ज्यालादारीमा भर्ना गरिएका कृषिमजदुरहरूका विशेषताहरू

| | कामको किसिम | | | | | |
|---|---|---|---|---|---|---|
| | जोत्ने र बिउ छर्ने | नहर खन्ने * | मलखाद बोक्ने | बेर्ना रोप्ने | झारपात उखेल्ने/खन्ने | जम्मा |
| घरपरिवारको सङ्ख्या | १२ | ३ | १९ | ४३ | ३२ | |
| प्रत्येक घरपरिवारले भर्ना गर्ने कामदारको औसत सङ्ख्या | १.०० | १.०० | ६.७८ | ९.७२ | ५.०० | |
| प्रत्येक कामदारले काम गर्ने औसत दिनको सङ्ख्या | ४.५० | २.०० | २.०० | १.७० | १.४० | |
| महिला | ० | ० | १२९ (१००%) | ४१८ (१००%) | १६० (१००%) | ७०७ (१००%) |
| पुरुष | १२ (१००%) | ३ (१००%) | ० | ० | ० | १५ (२%) |
| तल्लो* जात | ११ (९२%) | २ (६७%) | ८९ (६९%) | २८९ (६८%) | १२८ (८०%) | ५१३ (७०%) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| माथिल्लो' जात | १ (८%) | १ (३३%) | ४० (३१%) | १३५ (३२%) | ३२ (२०%) | २०९ (३०%) |
| श्रममा खर्च गरेको रुपैयाँ | ३०० | ० | ५०० | ३१९०४ | ६५८ | ४,३६२ |
| श्रममा खर्च गर्ने खाद्यान्न (किलो ग्राममा) | ४६.२४ | ९ | २९.९० | १५५.१० | १७५.४० | ४०६.६० |

टीप्पणी : सर्वेक्षण गर्दाको साल सन् १९८९ मा ४६ घरपरिवारले धान रोप्दा भर्ना गरेको सङ्ख्या। कोष्ठकमा दिइएका अङ्कहरू प्रति जागिर कोहर्ट प्रतिशत हो। तालिका १२ मा देखाइएजस्तै भर्ना गरिएको सबैलाई पैसा दिएको छैन। यो तालिकाले कुन काममा बाह्य सहयोग चाहिन्छ र कसले सहयोग गर्छ भन्ने देखाउँछ।

- नहर खन्ने पुरुषहरूले पर्मका रूपमा काम गर्दछन्।
- स्रोत : क्यामरन २००५ : १०६ मा तालिका ९।

### *सिंचाइ र जमिनलगायतका कारण बजारमा विभेद*

ग्रामीण वित्त बजार भूमिमा आधारित छ। भूमि ऋण लिनका लागि आवश्यक छ भने शिक्षा लघुवित्तका लागि आवश्यक छ। ग्रामीण क्षेत्रमा बसोबास गर्ने दलितहरूसँग भूमि पनि छैन र शिक्षा पनि छैन। त्यसैले दलितहरूको वित्तीय बजारमा पहुँच छैन। गाउँबाट भारतको पञ्जावमा काम गर्न जाने दलितहरूले गाउँको साहुसँग नेपाली रुपैयाँ सापट लिन्छ तर तिर्दा भने भारतीय रुपैयाँमा तिर्ने गर्छ। यसको अर्थ तीन महिनाको अवधिलाई लिएको ऋणका लागि ६० प्रतिशत व्याज तिर्ने गर्दछ। यो अति नै चर्को व्याज दर हो। दलितको खेतियोग्य जग्गा नहुने भएकोले सिञ्चाइको अर्थ छैन।

निष्कर्षमा भन्दा अत्यधिक सङ्ख्याका दलितहरूको सामाजिक–आर्थिक जीवनस्तर दयनीय छ। दलितहरूको गरिबीको अन्त्य नगर्दासम्म नेपालको गरिबी अन्त्य हुने छैन। दलितको गरिबी तबसम्म अन्त्य हुने छैन जबसम्म भूमिहीन दलितहरूले भूमिमाथिको स्वामित्व पाउँदैनन्। त्यसैले दलितका सवाललाई गरिबी निवारण रणनीतिपत्रमा सम्बोधन गर्न अत्यावश्यक छ। गरिबी निवारण कार्यमा अन्तर्राष्ट्रिय दातृ संस्थाहरूले वित्तीय र प्राविधिक सहयोग गर्ने भएकोले यी प्रक्रियाहरूमा दलितहरूलाई समेट्ने काम गर्नुपर्दछ। दलितका जनवकालत गर्ने संघसंस्थाहरू र दलितका लागि कार्यरत अन्तर्राष्ट्रिय संघसंस्थाहरूले दलितहरूको जमिनमाथिको अधिकारलाई सुनिश्चित गर्न लाग्नुपर्दछ।

# अध्याय - ६

# राजनीतिक क्षेत्रमा विभेद

यो अध्याय दलितहरूको राजनीतिक प्रक्रियामा सहभागिता, अधिकार र स्थानीय शासन, विकास कार्यक्रममा दलितको सहभागिता र दलितविरुद्ध राजनीतिमा विभेद आदिबारे केन्द्रित छ। नेपालमा सबै कुरा राजनीतिको वरिपरि घुम्छ। दलितका सवालहरू राजनीतिक सवालहरू हुन् र यसले राजनीतिक समाधान खोज्दछ । राजनीतिक क्षेत्रमा दलितहरूको समावेशी र समानुपातिक सहभागिता नभईकन दलितहरूको समस्याको राजनीतिक समाधान खोज्न सकिँदैन । यो अध्ययनका लागि सङ्कलित तथ्याङ्कहरूले राजनीतिक क्षेत्रमा पनि दलितहरूविरुद्ध जातीय विभेद व्याप्त छ भन्ने स्पष्ट रूपमा देखाउँछ।

## राजनीतिक प्रक्रियामा दलितहरुको सहभागिता

राजनीतिक सहभागिता भनेको चुनावका बेला मत खसाल्नु, नेताहरूको भाषण सुन्नु, चुनावी अभियानमा भाग लिनु, चुनावमा उम्मेदवारी दिनु, पार्टीका लागि चन्दा उठाउनु, नेताहरूका भाषण सुन्न जानु, राजनीतिक वादविवाद गर्नु, नीति निर्धारण गर्ने काममा सहभागी हुनुलगायतका कामहरू हुन् । राजनीतिक दलको सदस्यता लिनु, सार्वजनिक पदका लागि उम्मेदवारी दिनु, मत माग्नु, चुनावी अभियान चलाउनु, नीति निर्धारण गर्नुलगायतका कामहरू सक्रिय राजनीतिक सहभागिताअन्तर्गत पर्दछन् (सुनार, २००२)। सन् १९९० पछि दलितहरूको राजनीतिक सहभागिताका लागि अवसरहरू बढेको छ। यसबीचमा ३ वटा आमनिर्वाचन, एउटा मध्यावधि निर्वाचन र २ वटा स्थानीय निर्वाचन भइसकेका छन्।

सन् १९९१ को आमनिर्वाचनमा एकजना दलित उम्मेदवार विजयी भएका थिए। सन् १९९४ को आमनिर्वाचनमा २०५ निर्वाचन क्षेत्रमा उठेका १,४४२ उम्मेदवारहरूमध्ये ४२ प्रतिशत उम्मेदवारहरू नेपाली  कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले) र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट थिए । यी दलहरूले उठाएका उम्मेदवारहरूमध्ये ८० प्रतिशत बाहुन–क्षेत्रीहरूबाट थिए । २०५ सदस्य भएको प्रतिनिधिसभामा ६१ प्रतिशत निर्वाचित प्रतिनिधिहरू बाहुन–क्षेत्री थिए तर दलितको प्रतिनिधित्व भने शून्य थियो । सन् १९९८ को आमनिर्वाचनका बेला नेपाली कांग्रेसले एउटा पनि दलितलाई निर्वाचनका लागि टिकट दिएन भने ने.क.पा. (एमाले) र रा.प्र.पा.ले केही दलित उम्मेदवार बनाए तर जित्ने ठाउँबाट होइन, हार्ने ठाउँबाट मात्र बनाए। ८९ दलित उम्मेदवारहरूमध्ये ६६ जना राजनीतिक दलहरूबाट थिए तर एउटै पनि दलित उम्मेदवार निर्वाचनमा विजयी हुन सकेनन्। सन् १९९१ को आमनिर्वाचनमा एकजना दलित उम्मेदवार विजयी भएबाहेक अन्य आमनिर्वाचनहरूमा एउटै पनि दलित उम्मेदवार विजयी बन्न नसक्नु आफैँमा दलितविरुद्धको जातीय विभेद हो (गुरुङ र अन्य, २००१ : २६–२७)।

## राजनीतिक दलहरुमा जातीय प्रतिनिधित्व

सन् १९९० पछि ३ वटा आमनिर्वाचन सम्पन्न भएको थियो । २०५ सदस्यका लागि भएको पहिलो आमनिर्वाचनका लागि उठेका १,३०५ उम्मेदवारहरूमध्ये दलित उम्मेदवारहरू १८ जना (१.३३ प्रतिशत) मात्र थिए र ती दलित उम्मेदवारमध्येबाट एकजना मात्र विजयी भएका थिए (तालिका ६.१) । मध्यावधि निर्वाचनमा १,४४२ उम्मेदवारहरूमध्ये १९ जना दलित उम्मेदवार थिए तर कसैले पनि चुनाव जित्न सकेनन् । सन् १९९९ को आमनिर्वाचनमा पनि ४ प्रतिशत उम्मेदवारहरू दलित समुदायबाट थिए तर एउटैले पनि चुनाव जित्न सकेन । राजनीतिक दलहरूले सकभर दलितलाई टिकट नदिने र दिए पनि जित्ने ठाउँमा नदिने गर्नाले प्रतिनिधित्वविहीनताको स्थिति आएको हो ।

तालिका ६.१ प्रतिनिधि सभामा दलितको उम्मेदवारी र प्रतिनिधित्व

| वर्ष | उम्मेदवार | | | निर्वाचित | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | सङ्ख्या | % | जम्मा | सङ्ख्या | % |
| १९९१ | १,३४५ | १८ (१७ दलबाट र १ स्वतन्त्र) | १.३ | २०५ | १ | ०.४८ |
| १९९४ | १,४४२ | १९ (९ दलबाट र १० स्वतन्त्र) | १.३ | २०५ | ० | ० |
| १९९९ | २,२३८ | ८९ (६६ दलबाट र २३ स्वतन्त्र) | ४ | २०५ | ० | ० |
| जम्मा | ५,०२५ | १२६ | २.५ | ६१५ | १ | ०.१६ |

*स्रोत : कोइराला, देवीप्रसाद, २००५ ।*

तालिका ६.२ विभिन्न समयमा भएका आमनिर्वाचनहरूमा जातजातिका आधारमा प्रतिनिधि सभामा प्रतिनिधित्व

| क्र.सं. | जातजाति | प्रतिनिधि सभामा प्रतिनिधित्व (प्रतिशतमा) | | |
|---|---|---|---|---|
| | | सन् १९९१ को आमनिर्वाचन | सन् १९९४ को आमनिर्वाचन | सन् १९९९ को आमनिर्वाचन |
| १ | बाहुन–क्षेत्री | ५६.७ (३७.६ । १९.१) | ६१.७ (४२.० । १९.५) | ५८.१ (३७.६ । २०.५) |
| २ | पहाडका आदिवासी जनजाति | ०६.८ | ०६.३ | ०६.८ |
| ३ | तराईका समुदायहरू | २१.० | २०.० | १९.५ |
| ४ | अन्य | २.९ | २.० | २.५ |
| | जम्मा | १००.० | १००.० | १००.० |

*स्रोत : न्यौपाने २००० ।*

दलितको उपस्थिति व्यवस्थापिकामा जस्तो रहेको छ, कार्यपालिकामा पनि उस्तै स्थिति छ। सन् १९५१ देखि २००५ सम्म भएका १,३०२ मन्त्रीहरूमध्ये ६५.२ प्रतिशत बाहुन–क्षेत्री र नेवारहरू थिए भने मधेसी, पहाडीया सामाजिक समुहहरू र अन्यको प्रतिनिधित्व ३४.८ प्रतिशत थियो (तालिका ६.३) । जनगणनाअनुसार यी पछिल्ला समुहको जम्मा जनसङ्ख्या ६४.५ प्रतिशत थियो । सन् २००६ पछि मात्र २ जना दलित मन्त्री र १ जना दलित राज्यमन्त्री भए । यस्तो प्रतिनिधित्व सकारात्मक छ तर पर्याप्त भने होइन ।

तालिका ६.३ मन्त्रिपरिषद्मा सन् १९५१ देखि २००५ सम्ममा विभिन्न जातजातिको प्रतिनिधित्व

| क्र.सं. | जातजाति | मन्त्रिपरिषद् | | सन् २००१ मा जम्मा जनसङ् | समानुपातिक अंशको सूचाङ्क |
|---|---|---|---|---|---|
| | | मन्त्रीको सङ्ख्या | प्रतिशत | | |
| १ | ब्राह्मण | ३५२ | २७.० | १२.७ | २.१३ |
| २ | क्षेत्री/ठकुरी | ३६६ | २८.१ | १७.३ | १.६२ |
| ३ | नेवार | १३१ | १०.१ | ५.५ | १.८४ |
| ४ | ब्राह्मण/क्षेत्री/नेवार | ८४९ | ६५.२ | ३५.५ | १.८४ |
| ५ | मधेसी | १९८ | १५.२ | २२.० | ०.४६ |
| ६ | पहाडी सामाजिक समुहहरू | २२७ | १७.४ | २९.० | ०.६० |
| ७ | अन्य | २८ | २.२ | २.५ | ०.८८ |
| ८ | मधेसी/पहाडी सामाजिक समुहहरू/अन्य | ४५३ | ३४.८ | ६४.५ | ०.५४ |
| | जम्मा | १३०२ | १००.० | १००.० | |

*स्रोत : एन.सि.सि. एस. २००५ ।*

दलितहरू प्राविधिक र पेशागत विषयमा दक्ष छन् तर उनीहरूको स्थान भने तदनुरूप छैन । विज्ञान तथा प्रविधि प्रतिष्ठान, नेपाल मेडिकल एसोसियसन, नेपाल नर्सिङ एसोसियसन, नेपाल इन्जिनियरिङ एसोसियसनलगायतका प्राविधिक तथा वैज्ञानिक संघसंस्थाहरूको नेतृत्व तहमा दलितको उपस्थिति छैन । यस्ता संस्थाहरूमा बाहुन–क्षेत्रीहरूले ५८.१ प्रतिशत स्थान ओगटेका छन् ।

तालिका ६.४ सन् १९९९ मा वैज्ञानिक र पेशागत संघसंस्थाहरूको नेतृत्व तहमा जातीय प्रतिनिधित्व

| क्रम सङ्ख्या | संस्था | बाहुन–क्षेत्री | मङ्गोल /किरात | मधेसी | दलित | नेवार | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान | ८ | ० | २ | ० | १० | ० | २० |
| २ | नेपाल मेडिकल एसोसियसन | ८ | १ | २ | ० | ३ | ० | १४ |
| ३ | नेपाल इन्जिनियरिङ एसोसियन | १० | ० | २ | ० | ३ | ० | १५ |
| ४ | नेपाल नर्सिङ एसोसियन | १० | १ | ० | ० | २ | ० | १३ |
| | जम्मा | ३६ | २ | ६ | ० | १८ | ० | ६२ |
| | प्रतिशत | ५८.१ | ३.२ | ९.७ | ० | २९.० | ० | १००.० |

*स्रोत : न्यौपाने, २००० ।*

टिप्पणी : मङ्गोल र किरात आदिवासीहरू हुन्।

गैरसरकारी महासंघ, नेपाल पत्रकार महासंघ, नेपाल बार एसोसियसनलगायतका नागरिक समाजका संस्थाहरूमा पनि दलितहरूको प्रतिनिधित्व न्यून छ (तलिका ६.५)। दलित र अन्य आन्दोलनहरूले समावेशीकरणका लागि दिएको दबाबको कारणले गैरसरकारी महासंघ र नेपाल पत्रकार महासंघले केन्द्रीय कार्य समितिमा एकजना दलितको प्रतिनिधित्व गर्ने व्यवस्था गरेको छ।

तालिका ६.५ सन् १९९९ मा नागरिक समाजका संस्थाहरूको नेतृत्व तहमा जातीय प्रतिनिधित्व

| क्रम सङ्ख्या | संस्था | बाहुन–क्षेत्री | मङ्गोलल / किरात | मधेसी | दलित | नेवार | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाल बार एसोसियसन | १५ | ० | १ | ० | १ | ० | १७ |
| २ | गैरसरकारी महासंघ | ९ | २ | ३ | १ | ३ | ० | १६ |
| ३ | नेपाल पत्रकार महासंघ | १७ | ० | ० | ० | ४ | ० | २१ |
| | जम्मा | ४१ | १ | ४ | ० | ८ | ० | ५४ |
| | प्रतिशत | ७५.९ | १.६ | ७.४ | ० | १४.८ | ० | १००.० |

*स्रोत : न्यौपाने, २००० ।*

नागरिक समाजका अन्य संघसंस्थाहरूले महत्वपूर्ण भूमिका खेल्दछन्न जस्तै– गैरसरकारी सङ्गठनहरू, मानवअधिकारवादी संस्थाहरू र दैनिक तथा साप्ताहिक पत्रपत्रिकाका सम्पादकहरू। यी क्षेत्रहरूमा भने दलितहरूको प्रतिनिधित्व छैन (तालिका ६.६)।

तालिका ६.६ सन् १९९९ मा नागरिक समाजका संघसंस्थाहरूको नेतृत्व तहमा जातजातिको प्रतिनिधित्व

| क्रम सङ्ख्या | संस्था | संस्था वा प्रकासनको सङ्ख्या | बाहुन– क्षेत्री | मङ्गोल/ किरात | मधेसी | दलित | नेवार | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाली गैरसरकारी सङ्गठनहरू | ७२ | १०४ | १३ | ११ | ० | ८५ | ० | २१३ |
| २ | मानवअधिकार सङ्गठन | २७ | २९ | २ | ० | ० | ७ | ० | ३९ |
| ३ | सम्पादक : दैनिक र साप्ताहिक पत्रपत्रिका | १०४ | २१० | १९ | १६ | ० | ११७ | २५ | ३६३ |
| | जम्मा | २०३ | २१० | १९ | १६ | ० | ११७ | २५ | ३६३ |
| | प्रतिशत | – | ५७.८ | ५.२ | ४.४ | ० | ३२.२ | – | १००.० |

*स्रोत : न्यौपाने, २००० ।*

नेपाल प्रेस काउन्सिल राष्ट्रिय विकास परिषद्, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् र नेपाल खेलकुद परिषद्लगायतका विभिन्न परिषद्हरूमा दलितको प्रतिनिधित्व शून्य छ ( तालिका ६.७)। यो क्षेत्रका नेतृत्व तहमा बाहुन–क्षेत्रीहरू अत्यधिक सङ्ख्या (७५.९ प्रतिशत) मा छ।

तालिका ६.७ सन् १९९९ मा विभन्न परिषद्हरूको नेतृत्व तहमा जातजातिको प्रतिनिधित्व

| क्र.सं | परिषद् | बाहुन– क्षेत्री | मङ्गोल /किरात | मधेसी | दलित | नेवार | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाल प्रेस काउन्सिल | १४ | ० | १ | ० | ६ | ० | २१ |
| २ | राष्ट्रिय विकास परिषद् | १० | १ | २ | १ | ६ | ० | २० |
| ३ | नेपाल खेलकुद परिषद् | ९ | ४ | १ | ० | १ | ० | १५ |
| ३ | नेपाल स्वास्थ्य अनुसन्धान परिषद् | ४ | ० | ३ | ० | १ | ० | ८ |
| | जम्मा | ३७ | ५ | ५ | १ | १६ | ० | ६४ |
| | प्रतिशत | ७५.९ | १.६ | ७.४ | १.५६ | १४.८ | ० | १००.० |

*स्रोत : न्यौपाने, २००० ।*

औद्योगिक र व्यापारिक प्रतिष्ठानका नेतृत्वमा पनि दलितको उपस्थिति शून्य छ (तालिका ६.८)। यो क्षेत्रमा बाहुन–क्षेत्री (१६.७ प्रतिशत) भन्दा आदिवासी जनजाति (४७.६ प्रतिशत) र मधेसी (३५.७ प्रतिशत) को पकड छ।

तालिका ६.८ सन् १९९९ मा औद्योगिक र व्यापारिक प्रतिष्ठानहरूको नेतृत्व तहमा जातजातिको प्रतिनिधित्व

| क्रम सङ्ख्या | संस्था | बाहुन–क्षेत्री | मङ्गोल/किरात | मधेसी | दलित | नेवार | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाल च्याम्बर अफ कमर्स | ४ | ० | ११ | ० | ११ | ० | २५ |
| २ | नेपाल उद्योग वाणिज्य महासंघ | ४ | ० | ४ | ० | ९ | ० | १७ |
| | जम्मा | ८ | ० | १५ | ० | २० | ० | ४२ |
| | प्रतिशत | १६.७ | ० | ३५.७ | ० | ४७.६ | ० | १००.० |

*स्रोत : न्यौपाने, २००० ।*

सचिव, प्रमुख जिल्ला अधिकारीलगायतका प्रशासनिक निकायहरूका महत्वपूर्ण पदहरूमा बाहुन–क्षेत्री र नेवारको एकाधिकार (९३.६ प्रतिशत) छ (तालिका ६.९)।

तालिका ६.९ सन् १९९९ मा प्रशासनिक निकायहरूको उच्च नेतृत्व तहमा जातजातिको प्रतिनिधित्व

| वर्ष | बाहुन–क्षेत्री | मङ्गोल /किरात | मधेसी | दलित | नेवार | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १९९५ | २८ (६५.१%) | ७ (१६.२%) | ३ (६.९%) | ० (०.%) | ५ (११.६%) | ० (०.%) | ४३ (१००.०%) |
| १९९९ | ९० (८१.८%) | १ (०.९%) | ६ (५.४%) | ० (०.%) | १३ (११.८%) | ० (०.%) | ११० (१००.०%) |
| फरक (%) | +१६.७ | –१५.३ | –१.५ | ० | +०.२ | ० | १००.० |

*स्रोत : न्यौपाने, २००० ।*

एकीकृत विकास सूचाङ्कमा दलितहरूको उपस्थिति देखिँदैन। केन्द्रका मन्त्रिपरिषद् र संवैधानिक पदहरूदेखि स्थानीय निकायका महत्वपूर्ण पदहरूमा दलितको प्रतिनिधित्व नगन्य (०.३) प्रतिशत मात्र छ (तालिका ६.१०) छ। नेपालको केन्द्रदेखि स्थानीय तहसम्मका योजना

निर्माण र कार्यक्रमहरूको कार्यान्वयन गर्नमा महत्वपूर्ण भूमिका खेल्ने ठाउँहरूमा दलितको उपस्थिति नदेखिनाले दलितका लागि कार्यक्रमहरू नबन्नु अनौठो भएन।

तालिका ६.१० सन् १९९९ मा जातिगत आधारमा एकीकृत राष्ट्रिय शासन सूचाङ्क

| क्रम सङ्ख्या | निकाय | बाहुन-क्षेत्री | मङ्गोल /किरात | मधेसी | दलित | नेवार | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | संवैधानिक निकाय र आयोग | १८१ | ४ | १८ | ० | ३२ | ० | २३५ |
| २ | मन्त्रिपरिषद् | १४ | २ | ३ | ० | ६ | ० | २५ |
| ३ | सार्वजनिक प्रशासन | २० | ४ | ५ | ० | ३ | ० | ३२ |
| ४ | संसद् | १५९ | ३६ | ४६ | ४* | २० | ० | २६५ |
| ५ | राजनीतिक दलहरूको नेतृत्व | ९७ | २५ | २६ | ० | १८ | ० | १६५ |
| ६ | जिल्ला विकास समिति, नगरपालिका, मेयर र उपमेयर | १०६ | २३ | ३१ | ० | ३० | ० | १९१ |
| ७ | उद्योग र व्यापारिक क्षेत्रमा नेतृत्व | ७ | ० | १५ | ० | २० | ० | ४२ |
| ८ | शैक्षिक क्षेत्रको प्राज्ञिक र पेशागत नेतृत्व | ७५ | २ | ७ | १ | ११ | १ | ९७ |
| ९ | सांस्कृतिक क्षेत्रको प्राज्ञिक र पेशागत नेतृत्व | ८५ | ६ | ० | ० | २२ | ० | ११३ |
| १० | विज्ञान र प्रविधि | ३६ | २ | ६ | ० | १८ | ० | ६२ |
| ११ | नागरिक समाजमा नेतृत्व | ४१ | १ | ४ | ० | १८ | ० | ६२ |
| | जम्मा | १,०११ | १०८ | १७० | ५ | २३१ | ० | १,५२० |
| | प्रतिशत | ६६.५ | ७.१ | ११.२ | ०.३ | १५.२ | १.० | १००.० |
| | नेपालको जनसङ्ख्याको प्रतिशत | ३१.६ | २२.२*** | ३०९ | ८.७* | ५.६ | ०.१ | १००.० |
| | फरक (%) | +३४.९ | –१५.१ | -१९.७ | –८.७ | + ९.६ | –१.० | |

*स्रोत : न्यौपाने, २००० ।*

टिप्पणी : * राष्ट्रिय सभाका मनोनित सदस्य ** पहाडी दलित मात्र *** सवै आदिवासी जनजाति नसमेटिएको।

राजनीतिक दलका केन्द्रीय समितिहरूमा दलितहरूको प्रतिनिधित्व नगन्य (१.३५ प्रतिशत) छ (तालिका ६.११) । प्रमुख राजनीतिक दलको केन्द्रीय समितिहरूमा दलितको प्रतिनिधित्व १.८ प्रतिशत मात्र छ भने बाहुनहरूको प्रतिनिधित्व ३८ प्रतिशत छ (हाछेथु, २००६) । दलितको प्रतिनिधित्व राजनीतिक दलका केन्द्रीय समितिहरूमध्ये नेपाली  कांग्रेसमा २.७ प्रतिशत, ने.क.पा. (एमाले) मा १.७ प्रतिशत, नेपाली  कांग्रेस (प्रजातान्त्रिक) मा २.२ प्रतिशत र ने.क.पा. (माओवादी)मा ३ प्रतिशत छ। राजनीतिक दलका जिल्ला समितिहरूमा दलितको प्रतिनिधित्व ४ प्रतिशत मात्र छ (तालिका ६.१२)।

तालिका ६.११ राजनीतिक दलका केन्द्रीय समितिहरूमा जातीय प्रतिनिधित्व

| क्रम सङ्ख्या | जातीय र क्षेत्रगत समुहहरू | प्रमुख राजनीतिक दलहरू | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नेपाली कांग्रेस | नेपाली कांग्रेस (प्र) | ने.क.पा. (एमाले) | राष्ट्रिय प्रजातन्त्र पार्टी | जनमोर्चा | नेमकिपा पार्टी | नेपाल सद् भावना पार्टी | | |
| १ | बाहुन | १८ | ९ | ३० | ९ | १७ | २ | ० | ८५ | ३८.३ |
| २ | क्षेत्री | ३ | १२ | २ | १० | ३ | २ | ० | ३२ | १४.४ |
| ३ | सन्यासी | ० | १ | ० | ० | ३ | ० | ० | ४ | १.८ |
| ४ | नेवार | १ | २ | ६ | ३ | ४ | ५ | ० | २१ | ९.४ |
| ५ | पहाडी आदिवासी जनजाति | ४ | ५ | ४ | ७ | ८ | ० | ० | २८ | १२.७ |
| ६ | तराई समुदायहरू | ३ | ७ | १ | ५ | २ | ० | ३१ | ४९ | २२.१ |
| ७ | दलित | ० | १ | ० | ० | २ | ० | ० | ३ | १.३ |
| | जम्मा | २९ | ३७ | ४३ | ३४ | ३९ | ९ | ३१ | २२२ | १००.० |

*स्रोत : सोसल साईन्स बहाः २००६ ।*

तालिका ६.१२ राजनीतिक दलहरूको जिल्ला समितिमा दलितको प्रतिनिधित्व

| जातजाति | राजनीतिक दल | | | | | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ने.क.पा. (एमाले) | | नेपाली  कांग्रेस | | जनमोर्चा | | ने.क.पा. (माले) | | रा.प्र.पा. | | | |
| | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % |
| ब्राह्मण | १७ | ८५.० | ६ | ३५.२० | ५ | २९.४१ | ७ | ७०.० | ४ | ३६.६६ | ३९ | ५२.० |
| क्षेत्री | २ | १०.० | ५ | २९.४१ | ७ | ४१.१७ | १ | १०.० | ३ | २७.२७ | १८ | २४.० |
| मगर | ० | ०.० | ६ | ३५.३० | ३ | १७.६४ | ० | ०.० | ४ | ३६.३६ | १३ | १७.३३ |
| नेवार | ० | ०.० | ० | ०.० | १ | ५.८८ | १ | १०.० | ० | ०.० | २ | २.६६ |
| दलित | १ | ५.० | ० | ०.० | १ | ५.८८ | १ | १०.० | ० | ०.० | ३ | ४ |
| जम्मा | २० | १००.० | १७ | १००.० | १७ | ९९.९८ | १० | १००.० | ११ | ९९.९९ | ७५ | ९९.९९ |

*स्रोत : सुनार, २००२ ।*

राजनीतिक दलहरूको गा.वि.स. तहको समितिहरूमा ३ प्रतिशत जतिको मात्र प्रतिनिधित्व छ। प्रतिनिधित्व भएका दलितहरू पनि तल्लो तहका पदहरूमा मात्र छन्।

तालिका ६.१३ राजनीतिक दलको गा.वि.स. तहको समितिमा दलितको प्रतिनिधित्व

| दल | ने.क.पा. (एमाले) | | नेपाली कांग्रेस | | राष्ट्रिय जनमोर्चा | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| जातजाति | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % |
| ब्राह्मण | ५ | ४५.४५ | २ | २२.२२ | ३ | २७.७ | १० | ३२.२५ |
| क्षेत्री | २ | १८.१८ | ६ | ६६.६६ | ५ | ४५.४५ | १३ | ४१.९३ |
| मगर | ३ | २७.२७ | ० | ०.० | ३ | २७.७ | ६ | १९.३५ |
| नेवार | १ | ९.०९ | ० | ०.० | ० | ०.० | १ | ३.२२ |
| दलित | ० | ०.० | १ | ११.११ | ० | ०.० | १ | ३.२२ |
| जम्मा | ११ | ९९.९९ | ९ | ९९.९९ | ११ | ९९.९८ | ३१ | ९८.९८ |

*स्रोत : सुनार, २००२।*

राजनीतिक दलहरूको वडा तहमा भने दलितको प्रतिनिधित्व केही सकारात्मक देखिन्छ। उदाहरणका लागि ने.क.पा. (एमाले) को गा.वि.स. तहमा ४८ जना जनप्रतिनिधिमध्ये ३ जना दलित छन् (तालिका ६.१४)।

तालिका ६.१४ ने.क.पा. (एमाले) को वडा तहको समितिमा जातजातिको प्रतिनिधित्व

| वडा<br>जातजाति | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ब्राह्मण | १ | ४ | १ | २ | १ | ० | २ | ८ | ४ | २३ |
| क्षेत्री | ० | ० | ३ | ० | १ | ० | ३ | १ | २ | ९ |
| मगर | ४ | १ | १ | १ | १ | ४ | ० | ० | ० | १२ |
| नेवार | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ |
| दलित | १ | ० | ० | ० | १ | १ | ० | ० | ० | ३ |
| जम्मा | ६ | ५ | ५ | ३ | ५ | १ | ५ | ९ | ६ | ४८ |

*स्रोत : सुनार, २००२।*

राजनीतिक दलका भातृ वा भगिनी संघसंस्थाहरूमा दलितको प्रतिनिधित्व १० प्रतिशत छ (तालिका ६.१५)।

तालिका ६.१५ दुई प्रमुख राजनीतिक दलहरूका गा.वि.स. तहका भातृ वा भगिनी संघसंस्थाहरूमा जातजातिको प्रतिनिधित्व

| राजनीतिक दल | ने.क.पा. (एमाले) | | | नेपाली कांग्रेस | | जम्म |
|---|---|---|---|---|---|---|
| जातजाति | अ.ने.कि.सं. | अ.न.म.सं. | प्र.रा.यु.सं. | ने.त.द | ने.वि.सं. | जम्मा |
| ब्राह्मण | २ | १ | ६ | ५ | ४ | १८ |
| क्षेत्री | १ | ८ | ३ | २ | २ | १६ |
| मगर | ५ | १ | २ | २ | २ | १२ |
| विश्वकर्मा | १ | ० | १ | ० | ० | २ |
| नेपाली (सार्की) | ० | ० | ० | ० | १ | १ |
| परियार (दमाई) | ० | १ | १ | ० | ० | २ |

| जम्मा | ९ | ११ | १३ | ९ | ९ | ५१ |
|---|---|---|---|---|---|---|

*स्रोत : सुनार, २००२ ।*

टिप्पणी : अ.ने.कि.सं. = अखिल नेपाल किसान सङ्गठन। अ.ने.म.सं. = अखिल नेपाल महिला संघ। प्र.रा.यु.सं. = प्रजातान्त्रिक राष्ट्रिय युवा सङ्गठन। ने.त.द. =नेपाल तरुण दल। ने.वि.सं. = नेपाल विद्यार्थी संघ।

नेपाली कांग्रेस : नेपाली कांग्रेस एउटा ठूलो राजनीतिक दल हो। यसको केन्द्रीय कार्य समितिका ३७ जना सदस्यहरूमध्ये दलित एकजना मात्र छ। नेपाली कांग्रेसको सन् २००२ को विनियममा दलितको प्रतिनिधित्व बढाउन, प्रोत्साहित गर्न र सुनिश्चित गर्नका लागि विशेष व्यवस्थाको कुनै नीति छैन। नेपाली कांग्रेसको सन् २००५ मा भएको महाधिवेशनको राजनीतिक प्रतिवेदन र भावी कार्यदिशामा उल्लेख गरेअनुसार जातीय छुवाछूत नेपाली समाजको कलङ्क हो । राज्यको पुनर्संरचना गर्दा जातीय र क्षेत्रगत विविधतालाई प्रतिबिम्बित गर्नुपर्दछ र यसो गर्नका लागि दलितलाई विशेष आरक्षणको व्यवस्था गर्दै दलित र आदिवासी जनजातिहरूलाई जिम्मेवार पदहरूमा पुर्‍याउनुपर्छ । यी प्रतिबद्धताहरूलाई न कानुनी प्रावधान बनाइयो न व्यवहारमा लागू गरियो। सन् १९९९ को आमनिर्वाचनका बेला पनि नेपाली कांग्रेसले धेरै ठूला प्रतिबद्धताहरू गर्‍यो। जस्तै– दलको हरेक तहमा दलितको यथोचित प्रतिनिधित्व गराउने, संसद् मा दलित विधेयक प्रस्तुत गर्ने, दलित परिषद् बनाउने, दलितका लागि छात्रवृत्तिको व्यवस्था गर्ने आदि। यी प्रतिबद्धताहरू व्यवहारमा भने कहिल्यै परिणत भएनन्।

ने.क.पा. (एमाले) : यो अर्को ठूलो दल हो। यसका ५९ केन्द्रीय समितिका सदस्यहरूमध्ये दलित समुदायबाट एकजना मात्र छ। सन् २००३ मा भएको एमालेको महाधिवेशनले दलितले साधारण सदस्यता लिन चाहेको खण्डमा दुई वर्षको सट्टा एक वर्ष मात्र कुरे पुग्ने व्यवस्था गरेको थियो। सन् २००३ मा बनाइएको विनियममा महिलाका लागि २ वटा सिट आरक्षण गरे पनि दलितका लागि भने गरेन। सन् १९९९ को चुनावी घोषणापत्रमा उल्लेख भएको दलितसम्बन्धी प्रतिबद्धताहरू यस प्रकार छन् :

- सबै जातहरू, आदिवासी जनजाति वा जातीय समुहहरूलाई विनाकुनै भेदभाव समान व्यवहार गरिनेछ।
- पछाडि परेका जातहरू खास गरेर उत्पीडित दलितहरूलाई शिक्षा, स्वास्थ्य र सरकारी सेवाहरूमा विशेष व्यवस्थाका लागि पहल गर्ने।
- सबै प्रकारका जातीय भेदभाव, बेइज्जति र उत्पीडनलाई अन्त्य गर्ने।
- उत्पीडित जातीय समुहको सम्मानलाई सबै ठाउँ र राष्ट्रिय जीवनमा कायम गरिनेछ।
- राष्ट्रिय सभालाई सबै जातजाति, नश्ल, महिला र उत्पीडित समुदाय र पिछडिएको क्षेत्रकाहरूलाई यथोचित प्रतिनिधित्व गराइनेछ।

नेपाली कांग्रेस (प्रजातान्त्रिक) : यो अर्को ठूलो दल हो। यस्का ४५ केन्द्रीय समितिका

सदस्यहरूमध्यै दलित समुदायबाट एकजना मात्र छ। यो दलको विधानमा केन्द्रीय समिति, जिल्ला समिति, नगर समिति, गाउँ समितिलगायतका सबै तहमा एउटा सदस्य दलितका लागि आरक्षित गरेको छ। यस्तो व्यवस्था प्रभावकारीभन्दा पनि नाम मात्रको भएको छ। सन् २००६ मा भएको महाधिवेशनका बेला यो दलले कदमजमन् अर्थात् कर्णाली, दलित, महिला, जनजाति र मधेसीलाई मूलप्रवाहीकरण गर्ने भनेको छ। यो दल व्यवहारमा दलितलाई सहभागी गराउन भने कमजोर देखिएको छ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी) : यो अर्को ठूलो दल हो। यस्का ३५ केन्द्रीय समितिका सदस्यहरूमध्ये दलित समुदायबाट एकजना मात्र छ। क्षेत्रीय ब्युरोका सदस्यहरूमा दलितको सङ्ख्या ४० जति छ भनिए पनि यथार्थ तथ्याङ्क उपलब्ध हुन सकेन। दलितको सङ्ख्या पार्टीका अन्य तहहरू खास गरेर जनवर्गीय सङ्गठनहरूमा धेरै भएको दावी गर्दछन्। पार्टीको सचिवालयमा भने एकजना पनि दलित छैन। ने.क.पा. (माओवादी) ले शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका सामाजिक, आर्थिक, राजनीतिक आदि क्षेत्रहरूमा दलितहरूको विशेषाधिकारको पक्षमा रहेको बताउँदै आएको छ।

अन्य राजनीतिक दलहरू : राष्ट्रिय प्रजातन्त्र पार्टीले सन् १९९९ को चुनावी घोषणापत्रमा दलितको सीप, पेशा र संस्कृतिको संरक्षण र विकास, कम व्याजमा ऋणको सुविधा, सङ्गीत, कला र शिक्षामा विकासका लागि छात्रवृत्तिको व्यवस्था, सरकारी सेवामा आरक्षणको व्यवस्था र राष्ट्रिय सभामा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्ने प्रतिबद्धता जनाएको छ। नेपाल सद्भावना पार्टीले जातीय विभेदको अन्त्य गर्दै दलितलाई निःशुल्क शिक्षाको व्यवस्था गर्ने प्रतिबद्धता जनाएको छ। नेपाल मजदुर किसान पार्टीले दलितहरूको धर्म, कला र संस्कृतिको संरक्षण गर्ने प्रतिबद्धता जनाएको छ। ने.क.पा. (मसाल) ले दलितहरूको उत्थानका लागि धर्मनिरपेक्ष राज्य बनाउने प्रतिबद्धता व्यक्त गरेको छ। संयुक्त जनमोर्चाले विभेदकारी कानुनहरू संशोधन गर्ने, स्वशासनको अधिकार दिने, छुवाछूत उन्मूलन अभियान चलाउने र सार्वजनिक स्थानमा हुने छुवाछूतका व्यवहारलाई दण्डनीय बनाउने प्रतिबद्धता उल्लेख गरेको छ।

## हाल विकसित राजनीतिक परिस्थिति र दलित

सात दल र ने.क.पा. (माओवादी) बीच भएको बाह्रबुँदे सहमति : नोभेम्बर २२, २००५ मा भएको यो सहमतिको प्रस्तावनामा वर्गीय, जातीय, लैङ्गिक र क्षेत्रगत विभेदहरू राज्यको पुनर्संरचना गरी समाधान गर्ने भन्ने उल्लेख छ। यसबाहेक दलितका बारेमा अन्य उल्लेखनीय बुँदा केही छैन।

पुनर्स्थापित संसद्बाट ऐतिहासिक घोषणा : मई १८, २००७ का दिन पुनर्स्थापित संसद्ले नेपाललाई धर्मनिरपेक्ष राज्यको घोषणा गरेको थियो। दलितआन्दोलनको एउटा प्रमुख माग धर्मनिरपेक्ष राज्य घोषणा गर भन्ने थियो।

युद्धविरामका समयमा आचारसंहिता : सरकार र माओवादीबीच मई २६, २००७ का दिन

भएको सहमतिमा दलितका सम्बन्धमा केही पनि उल्लेख थिएन।

युद्धविरामका समयमा आचारसंहिताको अनुगमन : जुन १५, २००७ मा गठित अनुगमन टोलीको ३० जना सदस्यमध्ये एकजना मात्र दलित समुदायको थियो भने ५ जना अवलोकनकर्ताहरूमा एकजना पनि दलित परेको थिएन।

अन्तरिम संविधान मस्यौदा समिति : जुन १६, २००७ मा गठित मस्यौदा समितिका ६ जना सदस्य बाहुन–क्षेत्री मात्र थिए तर पछि जुलाइ १५, २००७ मा ९ जना सदस्य थप्दा एकजना पनि दलित परेन। धेरै जनदबाबपछि मस्यौदा समितिको पदावधिको अन्त्यतिर एकजना दलित सदस्य थपेको थियो।

सात दल र माओवादीबीच आठबुँदे सहमति : मई १६, २००७ मा भएको सहमतिको सातौं बुँदामा संविधानसभाको माध्यमबाट राज्यको अग्रगामी पुनर्संरचना गर्दै वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक समस्या समाधान गर्न प्रतिबद्ध भएको उल्लेख छ।

शान्ति सचिवालय र शान्ति समिति : यो समितिमा भएका १२ जना सदस्यहरूमा एकजना पनि दलित छैन।

## विद्यमान समस्याहरु

राजनीतिमा दलितहरूको न्यून सहभागिता हुनुका कारणहरू यस प्रकार छन् (कोइराला, २००५) :

- राजनीतिक दलहरू कथित माथिल्लो जातको नियन्त्रणमा हुनु।
- जातीय छुवाछूत अन्त्य गर्न राजनीतिक दलहरूको पहल सघन नहुनु।
- दलितहरूको सहभागिता र प्रतिनिधित्व बढाउन राजनीतिक दलहरूले पहल नगर्नु।
- अवसरवादी प्रवृत्ति र आन्तरिक विवादले दलित नेताहरूबीच आपसी एकता नहुनु।
- सामाजिक सवालहरू राजनीतिक दलहरूको सबैभन्दा कम प्राथमिकतामा पर्नु।
- सबै ठाउँमा बाहुनवाद हावी हुनु।
- आधारभूत रूपमा राजनीतिक र सामाजिक परिवर्तनका लागि दलहरूको राजनीतिक इच्छाशक्ति नहुनु।
- दलितहरूबीच वैचारिक स्पष्टता नहुनु।
- राजनीतिक प्रक्रियाहरूमा सक्रिय रूपमा भाग लिन दलितहरूलाई चेतना र इच्छा नहुनु।
- राजनीतिक दलहरूले दलितआन्दोलनलाई आफ्नो नियन्त्रणमा राख्न खोज्नु।
- दलित समुदायमा विद्यमान निरक्षरता, अशिक्षा र चेतनाको कमी।
- दलित राजनीतिक नेताहरू र कार्यकर्ताहरूले दलित समुदायको स्वार्थभन्दा पनि राजनीतिक दलहरूको स्वार्थलाई सर्वोपरि मान्नु।

यसै गरी तेज सुनार (२००२) का अनुसार दलितहरूका प्रमुख राजनीतिक समस्याहरू कमजोर आर्थिक अवस्था, विभेदकारी जातिपातिको व्यवस्था, दलितविरुद्ध पूर्वाग्रही मानसिकता,

छरिएर रहेको जनसङ्ख्याको कारणले कमजोर मोलतोल, निर्णय प्रक्रियामा माथिल्लो वर्गको प्रभुत्व, कमजोर शैक्षिक अवस्था, कमजोर प्रतिस्पर्धा, खर्चिलो राजनीति, दलितमा भएको हीनताबोध हुन्।

## अधिकार र स्थानीय शासन

सन् १९९९ को स्थानीय स्वायत्त शासन ऐनको प्रस्तावनामा दलित, आदिवासी जनजाति र सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका वर्गहरूको सहभागिता बढाइने प्रतिबद्धता उल्लेख छ। सन्तुलित विकासका लागि स्रोतहरूको परिचालन, समान वितरण र विकास प्रक्रियाको संस्थागतकरण गरेर सामाजिक समानता ल्याउने भनिएको छ। ऐनमा दलितका लागि भएका प्रावधानहरू अस्पष्ट छन्। त्यसैले दलितका नाममा गैरदलितले फाइदा लिने गरेका छन्। ५ सदस्यीय वडा समिति स्थानीय तहको महत्वपूर्ण निकाय हो। वडा समितिमा एकजना महिला सदस्य अनिवार्य हुनुपर्ने व्यवस्था छ तर दलितका लागि यस्तो व्यवस्था छैन। गाउँ, नगर र जिल्ला समितिहरूमा एकजना महिलासहित ६ जना सदस्य पछाडि परेको जात, आदिवासी जनजाति र दलितबाट हुने व्यवस्था गरेको छ (स्थानीय स्वायत्त शासन ऐन १९९९)।

उक्त ऐनमा व्यवस्था भएअनुसार गा.वि.स., नगरपालिका र जि.वि.स.ले परियोजनाहरूको प्राथमिकीकरण गर्दा पछाडि परेका वर्ग, महिला र बालबालिकालाई फाइदा पुग्नुपर्ने उल्लेख छ। सो ऐनमा दलितको सहभागिता योजना निर्माण, कार्यान्वयन र अनुगमन आदिमा बढाउने सम्बन्धमा केही उल्लेख छैन। यो ऐनले स्थानीय निकायलाई अर्धन्यायिक अधिकार पनि दिएको छ। जस्तै– कसैको घरमा जबरजस्ती पस्न खोजेमा दण्ड दिने व्यवस्था छ। यसको अर्थ दलितले जबरजस्ती होटल–रेस्टुराँलगायत अर्काको घरमा जबरजस्ती पस्न खोजे सजाय गर्न सक्ने भयो। यो ऐनले स्थानीय जनताहरूलाई अधिकारसम्पन्न बनाउन खोजे पनि दलितका लागि भने केही अधिकार दिएको छैन।

सन् १९९७ मा भएको निर्वाचनमा ७३५ गा.वि.स. अध्यक्षहरूमध्ये बाहुन–क्षेत्री ५२.४२ प्रतिशत र आदिवासी जनजाति ३९.८६ प्रतिशत र दलित १.६३ प्रतिशत थियो (गुरुङ, २००१ : १९)। ७३५ उपाध्यक्षमा पनि दलितहरूको उपस्थिति उस्तै भए पनि दलितको प्रतिशत भने ३.९५ थियो जुन अध्यक्षको प्रतिशतको तुलनामा धेरै हो।

सन् १९९७ मा भएको नगरपालिकाको निर्वाचनमा ११६ मेयर, उपमेयरका लागि भएको निर्वाचनमा बाहुन–क्षेत्री ४२ प्रतिशत, नेवार १७.५ प्रतिशत, नेवारबाहेक अन्य आदिवासी जनजाति ९.४८ प्रतिशत र दलित ६.९ प्रतिशत थियो। सन् १९९७ मै भएको जिल्ला विकास समितिको निर्वाचनमा ८२३ निर्वाचित पदाधिकारीहरूमध्ये बाहुन–क्षेत्री ५९ प्रतिशत थिए तर दलित समुदायबाट भने एकजना पनि परेन।

यसअघि सन् १९९२ मा भएको स्थानीय निकायको निर्वाचनमा दलित उम्मेदवार न्यून थियो भने भएका उम्मेदवारहरूमध्ये जित्नेहरूको सङ्ख्या पनि न्यून थियो। गा.वि.स. अध्यक्षको लागि भएको निर्वाचनमा २२५ दलित उम्मेदवारमध्ये २२ प्रतिशतले मात्र निर्वाचन

जितेका थिए (तालिका ६.१६)। त्यसैगरी गा.वि.स. उपाध्यक्षको लागि भएको निर्वाचनमा १,३६५ दलित उम्मेदवारमध्ये ७.६१ प्रतिशतले मात्र निर्वाचन जितेका थिए (तालिका ६.१६)। गा.वि.स. सदस्यका लागि भएको निर्वाचनमा ४,०५८ दलित उम्मेदवारमध्ये ३७.६७ प्रतिशतले निर्वाचन जितेका थिए। सन् १९९७ मा भएको स्थानीय निकायको निर्वाचनमा गा.वि.स. अध्यक्ष र उपाध्यक्षका लागि भएको निर्वाचनमा दलितको प्रतिनिधित्वमा खासै अन्तर आएन तर गा.वि.स. सदस्य, वडा सदस्य र महिला सदस्यमा दलितको सङ्ख्यामा सकारात्मक परिवर्तन भने भएको थियो।

तालिका ६.१६ स्थानीय निकायको निर्वाचन र दलितको प्रतिनिधित्व

| पद | १९९२ | | | ११९७* | | |
|---|---|---|---|---|---|---|
| | उम्मेदवारको सङ्ख्या | विजयी उम्मेदवारको सङ्ख्या | जम्मा उम्मेदवारमध्ये विजयीउम्मेदवारको प्रतिशत | उम्मेदवारको सङ्ख्या | विजयी उम्मेदवारको सङ्ख्या | जम्मा उम्मेदवारमध्ये विजयीउम्मेदवारको प्रतिशत |
| गाउँ विकास समितिको अध्यक्ष | २०५ | ४५ | २१.९५ | ३८७ | ७९ | २०.४१ |
| गाउँ विकास समितिको उपाध्यक्ष | १,३६५ | १०४ | ७.६१ | ५१३ | १३३ | २५.९२ |
| वडा समितिको अध्यक्ष | तथ्याङ्क अनुपलब्ध | तथ्याङ्क अनुपलब्ध | तथ्याङ्क अनुपलब्ध | ३,८७४ | १,६४८ | ४२.५४ |
| सदस्य | ४,०५८ | १,५२९ | ३७.६७ | १९,८४० | ९,८४७ | ४९.२३ |
| महिला सदस्य | तथ्याङ्क अनुपलब्ध | तथ्याङ्क अनुपलब्ध | तथ्याङ्क अनुपलब्ध | ४,०४५ | १,९७० | ४८.७० |

*स्रोत : सुनार, २००२ मा तालिका १८ र १९ मा आधारित।*

टिप्पणी : ५२ जिल्लाको तथ्याङ्कमा आधारित छ।

## विकासमा दलितको सहभागिता

नेपाल सरकारको विकास बजेटको दुइतिहाइ रकम विदेशी सहयोगमा निर्भर रहँदै आएको छ। बहुपक्षीय, द्विपक्षीय दातृ संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले नेपालको विकास कार्यहरूमा महत्वपूर्ण योगदान गर्दै आएको छ। यी दातृसंस्थाहरूमा नेपाली कर्मचारीहरूमध्ये दलितको उपस्थिति भने १.२ प्रतिशत मात्र छ (यस्तो न्यून सङ्ख्यामा रहेका दलितहरूले दातृ संस्थाले गर्ने कामहरूलाई प्रभावित गर्न सक्ने अवस्था देखिँदैन।

**तालिका ६.१७ सन् १९९९ मा विदेशी दातृ संस्थाहरूमा जातीय प्रतिनिधित्व**

| संस्था | संस्थाको सङ्ख्या | बाहुन–क्षेत्री | मङ्गोल–किरात | मधेसी | दलित | नेवार | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| अन्तर्राष्ट्रिय गै.स.स. | ११२ | २३ | १० | ० | १ | १४ | ० | ५४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बहुपक्षीय र द्विपक्षीय | २१ | १५ | ५ | ० | ० | ७ | ० | ३० |
| जम्मा | १३३ | ३८ | १५ | ० | १ | २१ | ० | ८४ |
| प्रतिशत | – | ४५.२ | १७.८ | ० | १.२ | २५ | ० | १०० |

*स्रोत : न्यौपाने, २०००।*

पाँच दशक लामो (१९५८ देखि २००५ सम्म) राष्ट्रिय योजना आयोगको इतिहासमा १८५ सदस्यहरूमध्ये एकजना पनि दलित परेको थिएन (तालिका ६.२०)। यीमध्ये ८८.७ प्रतिशत बाहुन–क्षेत्री र नेवार थिए भने बाँकी मधेसी र पहाडी आदिवासी जनजातिहरू थिए।

तालिका ६.१८ राष्ट्रिय योजना आयोगमा राजाको शासन र लोकतान्त्रिक शासनकालमा जातीय आधारमा प्रतिनिधित्वको अवस्था

| जातजाति | राजाको शासन | | | लोकतान्त्रिक शासन | | | जम्मा (सन् १९५८–२००५) | | सन् २००१ मा जनसङ्ख्याको प्रतिशत | समानुपातिक अंशको सूचाङ्क (सअंसु) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सअंसु | सङ्ख्या | प्रतिशत | सअंसु | सङ्ख्या | प्रतिशत | | |
| ब्राह्मण | ३० | २८.६ | २२५ | ४३ | ५३.७ | ४२३ | ७३ | ३९.५ | १२.७ | ३.११ |
| क्षेत्री | २४ | २२.८ | १३२ | ११ | १३.८ | ०.८० | ३५ | १८.९ | १७.३ | १.०९ |
| नेवार | ३६ | ३४.३ | ६.२४ | २० | २५.० | ४.५५ | ५६ | ३०.३ | ५.५ | ५५१ |
| जम्मा | ९० | ८५.७ | २.४१ | ७४ | ९२.५ | २.६१ | १६४ | ८८.७ | ३५.५ | ५.५० |
| मधेसी | ८ | ७.६ | ०.२३ | ६ | ७.५ | ०२३ | १४ | ७.६ | ३३.० | २.५० |
| पहाडी सामाजिक समुहहरू | ५ | ४.८ | ०.१७ | ० | ०.० | ०.० | ५ | २.७ | २९.० | ०.२३ |
| अन्य | २ | १.९ | ०.७६ | ० | ०.० | ०.० | २ | १.० | २.५ | ०.०९ |
| जम्मा | १५ | १४.३ | ०.२२ | ६ | ७.५ | ०.१२ | २१ | ११.३ | ६४.५ | ०.०४ |
| कुल जम्मा | १०५ | १००.० | | ८० | १००.० | | १८५ | १००.० | १००.० | ०.१८ |

*स्रोत : नेपाल समसामयीक अध्ययन केन्द्र, २००५।*

नेपाल सरकारले सहस्राब्दी विकास लक्ष्यहरूमा प्रतिबद्धता जनाएर योजना, नीति, रणनीति र कार्यक्रमहरूका लक्ष्यहरू हासिल गर्न लक्ष्य राख्दै आएको छ। यी लक्ष्यहरू घोषित समयमा हुने कुनै सम्भावना छैन। सन् २००३/२००४ को नेपाल जीवनस्तर सर्वेक्षणअनुसार नेपालको गरिबीको दर ३१ प्रतिशत थियो भने दलितको गरिबीको दर ४७ प्रतिशत थियो (विश्व बैंक र डीफीड, २००६)। दलितआन्दोलनले शिक्षा, रोजगारी र विकास कार्यक्रममा दलितहरूको सहभागिता अर्थपूर्ण रूपमा बढाउन संस्थागत सुधार र विशेष व्यवस्थाको माग गर्दै आएको छ। प्रभुत्वशाली वर्गले दलितहरूलाई विकास कार्यक्रमहरूबाट नियोजित रूपमा वञ्चित गर्दै आएको छ। उनीहरूले दलितहरूलाई नीति निर्णय प्रक्रिया, सूचना, स्रोत, सेवा र सम्पत्तिबाट बहिष्करण गर्दै आएको छ। हरेक क्षेत्रमा दलितको सहभागिता दयनीय छ।

दलितहरू गरिबीको दुश्चक्रमा फसेका छन्। युनेस्कोको एउटा प्रतिवेदनमा उल्लेख भएअनुसार समुदायको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक जीवनमा सहभागी हुनबाट बहिष्कर णमा परेका व्यक्तिहरू बढ्दै जानु अहिलेको विश्वमा भएको ठूला खतराहरूमध्ये एक हो (राज्य सवलीकरण कार्यक्रम, २००१)।

तालिका १.१९ सामुदायिक नेतृत्वमा दलितविरुद्ध विभेद

| क्रम सङ्ख्या | विभेदका स्वरूप वा क्षेत्रहरू | दलितविरुद्ध गैरदलित | | | | | दलितविरुद्ध दलित | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | जम्मा | १ | २ | ३ | ४ | जम्मा |
| १ | उपभोक्ता समुह र व्यवस्थापन समितिलगायतका सामुदायिक संस्थाहरूमा कथित तल्लो जातका व्यक्तिलाई नेतृत्वदायी भूमिकाका लागि प्रस्ताव गरिँदैन | ७ | ६ | १ | ४ | १८ | १ | १३ | ० | ४ | १८ |
| २ | सामुदायिक संस्थाहरूमा कथित तल्लो जातका व्यक्तिको नेतृत्वदायी भूमिका स्वीकार गरिँदैन | ६ | ८ | ० | ४ | १८ | १ | १२ | ० | ५ | १८ |
| ३ | कथित माथिल्लो जातका मानिसहरूले कथित तल्लो जातका व्यक्तिको नेतृत्व स्वीकार गर्दैन | ३ | ६ | १ | ८ | १८ | ० | ८ | २ | ८ | १८ |
| ४ | बैठक र सभाहरूमा दलित नेताहरूलाई सहभागी गाराइँदैन | १ | १२ | ३ | २ | १८ | ० | ० | ० | १८ | १८ |
| ५ | सामुदायिक संस्थाहरूमा दलितहरूलाई देखाउन मात्र प्रयोग गरिन्छ र निर्णायक भूमिका दिइँदैन | ९ | ५ | १ | ३ | १८ | ० | ० | ० | १८ | १८ |
| ६ | दलित महिलाको समुहमा गैरदलित महिला अध्यक्ष वा नेता हुनु | २ | ६ | ४ | ६ | १८ | ० | ० | ० | १८ | १८ |

*स्रोत : स्थलगत अध्ययन, २००६।०७*

सङ्केत : १ = विद्यमान व्यवहार, २ = व्यवहारमा नभएको, ३ = व्यवहारमा भएको वा नभएको भन्न गाह्रो, ४ = लागू नहुने वा असान्दर्भिक

दलितहरूले उपभोक्ता समुह, व्यवस्थापन समिति, आमा समुहलगायतका सामुदायिक संस्थाहरूको नेतृत्वमा विभेद भोग्दै आएका छन् (तालिका ६.१९, परिशिष्ट क, तालिका ४)। सामुदायिक संस्थाहरूमा के कस्तो सहभागिता छ, यो नै विकासमा सहभागिताको एउटा राम्रो सूचक हो। स्थलगत अध्ययनबाट प्राप्त जानकारीअनुसार १८ वटा दलित जातमध्ये ९ जातीय समुदायका दलितहरूलाई नीति निर्णय गर्ने भूमिका नदिएर देखाउनका लागि मात्र प्रतिनिधित्व गराउने प्रवृत्ति रहेको छ (तालिका ६.१९)। सामुदायिक संस्थाहरूमा ७ जातका दलित नेताहरूको नेतृत्व गैरदलितहरूका लागि अस्वीकार्य रहेको ३ जातका दलित नेताहरूले दिएको निर्देशनलाई गैरदलितहरूले अस्वीकार गर्ने अवस्था विद्यमान छ।

लोकतान्त्रिक परिपाटीमा सहभागिता सचेतना र विकासका लागि अपरिहार्य तत्व हो। सहभागिताबाट मात्र व्यक्तिव्यक्तिबीच परिचय, एकअर्कासँग भएका समानता र भिन्नताको पहिचान, स्वाभीमानको विकास, राजनीतिक, आर्थिक तथा सामाजिक प्रक्रिया र पद्धतिमा आफूलाई मिलाउने प्रयत्न गर्दछ। सहभागिताले सामुहिक लक्ष्य प्राप्त गर्नका लागि विद्यमान पद्धतिमा के सुधार वा परिवर्तन चाहियो, थाहा पाउन सहयोग गर्दछ। सहभागिताले जनताहरूले आफूले भोगेको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक सवालहरूका सम्बन्धमा निर्णय गर्ने अवसर दिन्छ। सहभागिताले निर्णयको कार्यान्वयन र अनुगमनसमेत गर्न संयन्त्र बनाउन सक्दछ (गुरुङ र अन्य, २००१ : ११)।

साना किसान विकास आयोजना, स्वावलम्बन समुह, सामुदायिक वन, किसानबाट व्यवस्थापन गरिएको सिञ्चाइ पद्धति, खानेपानी उपभोक्ता समुह आदिमा दलितको प्रतिनिधित्व न्यून छ। सामुदायिक विकासमा सामाजिक परिचालन गर्दा समुहगत पक्षलाई जोड दिनु सकारात्मक पक्ष भए पनि यस्ता समुहहरूमा दलितको सहभागिता १०.५१ प्रतिशत मात्रै छ (गुरुङ र अन्य, २००१ : १६)।

समुदायको तहमा पूर्वाधार निर्माण, स्वास्थ्य, सरसफाइ र शिक्षामा सचेतनालगायतका सामुदायिक कामहरूमा श्रमदान गर्ने दलितहरू २०.७ प्रतिशत छन् भने बाहुन–क्षेत्रीहरू ३३.१ प्रतिशत छन्। समुदायका सामाजिक, सांस्कृतिक र धार्मिक कार्यहरू खास गरेर जन्म, व्रतबन्ध, विवाह र मृत्युसँग सम्बन्धित कार्यहरूमा, भोज–भतेर, प्रशिक्षण र तालिम, बैठक आदिमा दलितहरूलाई बहिष्करण गर्ने प्रचलन कायम छ।

नेपालमा गैरसरकारी सङ्गठनहरू गाउँगाउँमा पुगेका छन्। यस्ता गैरसरकारी सङ् गठनहरूमा दलितहरूको प्रतिनिधित्व ८ प्रतिशतजति मात्र ५ ९ गुरुङ र अन्य, २००१: १६९। सरकार र दातृ संस्थाहरूको कार्यक्रमबाट लाभान्वित दलित महिला, पुरुष, बालक र बालिकाको तथ्याङ्क पाउन गाह्रो छ। केही दातृ संस्थाहरूले जातजातिको आधारमा तथ्याङ्क प्रदान गर्न सुरु गरेका छन्। उदाहरणका लागि लुथेरन विश्व महासंघले लाभबाट वञ्चित दलित समुहमध्ये १५ प्रतिशत दलित रहेको दावी गरे पनि दलित समुहमा कतिजना छन् भन्ने तथ्याङ्क उपलब्ध छैन। यस्तै गरेर जर्मन विकास संस्था जी.टी.जेड. ले ग्रामीण विकास कार्यक्रमबाट लाभान्वित

५०,००० घरपरिवारमध्ये ५,००० दलितका घरपरिवार भएको बताएको छ। नर्वे विकास सहयोग (नोराड) ले आधारभूत र प्राथमिक शिक्षाका लागि बर्षेनी ३ देखि साढे तीन करोड नर्वेली क्रोनर खर्च गरेको कार्यक्रमबाट धेरै दलितले फाइदा पाउने गरेको विश्वास गरेको छ। संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले स्थानीय शासन कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यसले गाउँ विकास कार्यक्रमअन्तर्गत ६५० गाउँ विकास समितिहरूमा भएका प्रत्येक सामुदायिक सङ्गठनले गा.वि.स.मा रहेका बस्तीको ८० प्रतिशत बासिन्दालाई समेटेको छ। यस हिसाबले उक्त कार्यक्रमको सामाजिक परिचालनबाट करिव दुई लाखजति दलितहरूले फाइदा पाएको देखिन्छ (दलित गैरसरकारी महासंघ, २००३ : २८–२९)।

## राजनीतिमा दलितविरुद्ध विभेद

राजनीतिक क्षेत्रमा दलितविरुद्ध विभेद कायम छ। यो अध्ययनका लागि भएको स्थलगत अध्ययनका बेला उत्तरदाताहरूले दिएको जानकारीअनुसार निर्वाचनका बेला ७ जातका दलितहरूलाई गैरदलित उम्मेदवारले जाँड–रक्सी र मासु–भात खान लोभ्याएर भोट लिने गर्दछन् (तालिका ६.२०)। ६ जातका दलित उम्मेदवारहरूलाई भोट नदिने अवस्था रहेको बताएका थिए (तालिका ६.२०)।

तालिका ६.२० निर्वाचनका बेला दलितविरुद्ध विभेद

| क्रम सङ्ख्या | विभेदका स्वरूप वा क्षेत्रहरू | दलितविरुद्ध गैरदैलित | | | | | दलितविरुद्ध दलित | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | जम्मा | १ | २ | ३ | ४ | जम्मा |
| | राजनीतिक निर्वाचन | | | | | | | | | | |
| १ | राजनीतिक दलहरूले निर्वाचनका बेला दलित नेताहरूलाई उम्मेदवारीको टिकट दिँदैनन् | २ | ७ | ६ | ३ | १८ | ० | ० | ० | १८ | १८ |
| २ | राजनीतिक दलहरूले निर्वाचनका बेला दलित महिला नेताहरूलाई उम्मेदवारीको टिकट दिँदैनन् | ४ | ६ | ५ | ३ | १८ | ० | ० | ० | १८ | १८ |
| ३ | दलित उम्मेदवारलाई मतदाताहरूले दलित भएकै नाताले हेपेर मत खसाल्दैनन् | ६ | ४ | २ | ६ | १८ | ० | ७ | ३ | ८ | १८ |
| ४ | निर्वाचन अभियानका बेला उम्मेदवारहरू दलित बस्तीमा जाँदैनन् | १ | १७ | ० | ० | १८ | ० | १६ | ० | २ | १८ |
| ५ | निर्वाचन अभियानका बेला उम्मेदवारहरूले दलित मतदाताहरूलाई जाँडरक्सी, मासुभात खान लोभ्याएर भोट तान्न खोज्छन् | ७ | ७ | ४ | ० | १८ | १ | ११ | ३ | ३ | १८ |
| ६ | निर्वाचन अभियानका बेला उम्मेदवारहरूले दलित सवालहरू उठाउने गर्दैनन् | ५ | ११ | २ | ० | १८ | ० | १५ | ० | ३ | १८ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | भोट खसाल्ने बेलामा दलित मतदाताहरूको छुट्टै लाइन हुन्छ वा पछाडि बस्नुपर्छ वा गैरदलितले भोट खसालेपछि मात्र खसाल्न पाइन्छ | ० | १८ | ० | ० | १८ | ० | ० | ० | १८ | १८ |
| ८ | निर्वाचन अभियानका बेला दलित कार्यकर्ताहरूलाई सुरक्षा, विरोधीसँग लड्नेभिड्ने र पोस्टर टाँस्नेजस्ता गाह्रो काममा खटाउने गर्दछन् | १ | ८ | ४ | ५ | १८ | ० | ० | ० | १८ | १८ |
| ९ | मतदाता शिक्षा र निर्वाचन सामग्रीहरू दलित बस्तीमा बाँडिदैन | ० | १८ | ० | ० | १८ | ० | १६ | ० | २ | १८ |
| १० | निर्वाचन अभियानका बेला उम्मेदवारहरूले दलित बस्तीनजिक जनसमुदायको भेला गराउँदैनन् | ३ | १४ | १ | ० | १८ | ० | १६ | ० | २ | १८ |

*स्रोत : स्थलगत अध्ययन, २००६ /०७*

सङ्केत : १ = विद्यमान व्यवहार, २ = व्यवहारमा नभएको, ३ = व्यवहारमा भएको वा नभएको भन्न गाह्रो, ४ = लागू नहुने वा असान्दर्भिक

स्थलगत अध्ययनका बेला उत्तरदाताहरूले बताएअनुसार दलित मतदाताहरूको भोट किन्ने काम हुन्छ (तालिका ६.२१)। दलितहरूको नाम मतदाता सूचीमा छुटाउने, दलित बस्तीमा मतदाता सचेतना अभियान सञ्चालन नगर्ने र दलित मतदातालाई भोट खसाल्न दुरुत्साहन गर्ने काम हुन्छ (तालिका ६.२१, परिशिष्ट क, तालिका ४)।

तालिका ६.२१ मतदानको अधिकार प्रयोग गर्दा दलितविरुद्ध गरिने विभेद

| क्रम सङ्ख्या | विभेदका स्वरूप वा क्षेत्रहरू | दलितविरुद्ध गैरदलित | | | | | दलितविरुद्ध दलित | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | जम्मा | १ | २ | ३ | ४ | जम्मा |
| | मतदानको अधिकार | | | | | | | | | | |
| १ | दलितहरूले स्वतन्त्रतापूर्वक भोट हाल्न पाउँदैनन् | १ | १५ | २ | ० | १८ | ० | ० | ० | १८ | १८ |
| २ | मतदाता सूचीमा दलितको नाम छुटाइन्छ | ३ | १३ | २ | ० | १८ | ० | ० | ० | १८ | १८ |
| ३ | दलित बस्तीसम्म मतदाता शिक्षा कार्यक्रम पुग्दैन | ३ | १४ | १ | ० | १८ | ० | ० | ० | १८ | १८ |
| ४ | दलहरूले दलित मतदाताहरूलाई भोट खसाल्न प्रेरणा दिँदैनन् | ३ | १५ | ० | ० | १८ | ० | ० | ० | १८ | १८ |
| ५ | दलितको भोट किन्ने प्रयास हुन्छ | ९ | ३ | ५ | १ | १८ | १ | १३ | ० | ४ | १८ |

*स्रोत : स्थलगत अध्ययन, २००६ /०७*

सङ्केत : १ = विद्यमान व्यवहार, २ = व्यवहारमा नभएको, ३ = व्यवहारमा भएको वा नभएको भन्न गाह्रो, ४ = लागू नहुने वा असान्दर्भिक

निष्कर्षमा राजनीतिको महत्वपूर्ण पदहरूमा दलितको सहभागिता नगन्य छ। केन्द्रदेखि स्थानीय तहसम्मको राजनीतिमा दलितको अर्थपूर्ण सहभागिता नभएसम्म न त नेपाल लोकतान्त्रिक हुन सक्छ न दलितहरूले आफ्ना अधिकारहरू उपभोग गर्न पाउँछन्। राजनीतिक दलहरूको आन्तरिक लोकतान्त्रीकरण, राज्यका सबै तहहरूमा दलितहरूको समानुपातिक प्रतिनिधित्व र विशेष व्यवस्था नभएसम्म नेपालको विकास हुन सक्ने छैन।

# अध्याय - ७

# शिक्षामा विभेद

यो अध्याय शिक्षामा दलितविरुद्ध भएका विभेदको ऐतिहासिक झलक, भर्ना, पढ्न छाड्ने, दौँतरी, शिक्षक र व्यवस्थापनबाट हुने विभेद र पाठ्यक्रममा हुने जातीय विभेदका बारेमा केन्द्रित छ। यो अध्यायको अन्तमा सरकारबाट दलितको शिक्षाका लागि भएका प्रयासहरू खास गरेर छात्रवृत्तिको व्यवस्थाका बारेमा पनि चर्चा गरिनेछ।

## शिक्षामा दलितविरूद्ध भएका विभेदको ऐतिहासिक झलक

नेपालमा दलितहरूलाई शिक्षाबाट वञ्चित गर्ने हिन्दू विचारधारा र वर्णवादी जातपातको प्रथा सदियौंदेखि चलिआएको छ। मनुको वर्णवादी व्यवस्थामा शिक्षाका एक मात्र हकदार बाहुनहरू र दलितहरूले शारीरिक श्रमका कामबाहेक शिक्षा ग्रहण गर्न निषेध गरिएको थियो। मनुस्मृतिमा उल्लेख भएअनुसार शुद्रहरूले लेखपढ गरेमा जिब्रो काट्नुपर्ने र सुनेको खण्डमा कानमा तातो पग्लिएको सिसा खन्याउनुपर्दछ (शर्मा, १९९३)। लिच्छवी शासकहरूले कलाकौशलमा उन्नति गरे पनि दलितका लागि भने केही गरेनन् (कोइराला, १९९६ : ४२–४३)। मल्ल राजाहरूले (८७९–१७६८) शिक्षाका क्षेत्रमा केही काम गरेका भए पनि ती माथिल्ला वर्गका लागि मात्र थिए र शिक्षाको उद्देश्य सांस्कृतिक र कर्मकाण्डी थिए (कोइराला, १९९६)। पृथ्वीनारायण शाहले (१७६९–१८३१) राज्यको भौगोलिक एकीकरण गरे तर शिक्षामा केही गरेनन्। राणा शासकहहरूले (१८५४–१९५०) सम्म सर्वसाधरण नेपाली जनताको शिक्षाको अधिकारका सम्बन्धमा नकारात्मक धारणा राखेका थिए। उनीहरूले विद्यालय, शिक्षा र शिक्षक आदिलाई आफ्नो निरङ्कुश शासनको विरोधी देखेका थिए। राणा प्रधानमन्त्री जंगबहादुर राणाले युरोप भ्रमण गरी नेपाल फर्केपछि केही शैक्षिक संस्थाहरू स्थापना गरे तर ती राणाहरूलाई, प्रशासनिक काम गर्ने आवश्यक कर्मचारी उत्पादन गर्न र विदेशीहरूलाई देखाउनका लागि मात्र थिए। फलतः सन् १९५० सम्म नेपालका कुल जनसङ्ख्याको ९८ प्रतिशत निरक्षर थिए। शिक्षाविद्हरूका अनुसार सन् १९५० अघि १०० जनाभन्दा कम दलितहरूले मात्र शिक्षा प्राप्त गरेका थिए (कोइराला, १९९६ : ४३–४४)।

जहानियाँ एकतन्त्रीय राणाशासनलाई नेपाली कांग्रेसको नेतृत्वमा भएको राजनीतिक आन्दोलनले अन्त्य गरी प्रजातन्त्रको स्थापना भयो। जनताहरूले स्वतःस्फूर्त रूपमा विद्यालय स्थापना गर्ने कामहरूमा तीव्रता आयो र सरकारले पनि सक्दो मदत दियो। धेरै ठाउँमा दलितहरू पनि विद्यालय जान थाले र शिक्षकहरूले पनि दलित विद्यार्थीप्रति संवेदनशीलता देखाए (कोइराला, १९९६ : ४५)। सन्१९६० मा राजा महेन्द्रले निरङ्कुश निर्दलीय पञ्चायती राजनीतिक व्यवस्था लागू गरेपछि दलितलाई विश्वविद्यालयमा पढ्दा निःशुल्क हुने व्यवस्थाबाहेक अन्य

कुनै व्यवस्था गरेन । यो समयमा गाउँगाउँमा विद्यालयहरू खोलिएकाले दलितहरूले पनि अध्ययन गर्ने मौका पाए तर सरकारले जातिगत आधारमा तथ्याङ्क लिने नगरेकोले कति दलितले अध्ययन गरे भन्ने तथ्याङ्क भने उपलब्ध छैन (कोइराला, १९९६) ।

सन् १९९० मा नेपाली जनताहरूले जनआन्दोलनको माध्यमबाट पञ्चायती व्यवस्था ढालेर बहुदलीय व्यवस्था ल्याएपछि शिक्षामा व्यापक प्रगति भयो । सरकारले प्राथमिक शिक्षा सबैका लागि निःशुल्क गरी सर्वसुलभ गरायो । विद्यालय भर्ना बढाउन विद्यालयमा आफ्ना बालबच्चाहरूलाई विद्यालयमा भर्ना गरी पढ्न पठाउने परिवारहरूलाई खाने तेल र गहुँको पिठो दिएर प्रोत्साहित गर्ने काम भयो । सरकारले स्थापना गरेको उपेक्षित, उत्पीडित दलित वर्ग विकास समितिले निम्नमाध्यमिक तहमा अध्ययन गर्न दलित विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरेको थियो । शिक्षा मन्त्रालयले दलितहरूलाई एम.बि.बि.एस. तहमा अध्ययन गर्न आरक्षणको व्यवस्था गरेको छ।

दलितहरूको साक्षरता दर सन् १९९१ को जनगणनाअनुसार १७ प्रतिशत भएकोमा सन् २००१ को जनगणनाअनुसार दुईगुणा बढेर ३३.८ प्रतिशत भएको छ (तालिका ७.१) । दलितको साक्षरता दर दुईगुणा बढे पनि यो दर राष्ट्रिय औसत ५३.७ प्रतिशतभन्दा धेरै कम छ भने कायस्थको ८२ प्रतिशत, थकालीको ७५.६ प्रतिशत, बाहुनको ७४.९ प्रतिशत, नेवारको ७१.२ प्रतिशत र क्षेत्रीको ६०.१ प्रतिशतभन्दा अति कम छ । मधेसी दलितको साक्षरता दर पहाडी दलितको भन्दा धेरै कम छ (शेर्पा, २००६) ।

तालिका ७.१ जातजातिको साक्षरता दर र शिक्षा

| जातजाति | साक्षरता दर (६ वर्षभन्दा माथि) | प्रवेशिका (एस.एल.सी.) र सोभन्दा माथि | स्नातक र सोभन्दा माथि |
|---|---|---|---|
| नेपाल | ५३.७ | १७.६ | ३.४ |
| ब्राह्मण/क्षेत्री | ६७.५ | २४.७ | ५.४ |
| तराई | ४१.७ | १६.७ | २.७ |
| दलित | ३३.८ | ३.८ | ०.४ |
| जनजाति समुह | ५३.६ | १२.९ | २.० |
| धार्मिक अल्पसङ्ख्यक | ३४.५ | ९.० | १.६ |

*स्रोत : विश्व बैंक र डिफिड, २००६ ।*

दलितको साक्षरता दर तथा विद्यालयमा अध्ययन गर्ने दलितहरू कम रहेकाले प्रवेशिका (एस.एल.सी.) पास गर्ने र सोभन्दा माथि अध्ययन गर्ने दलितहरूको सङ्ख्या पनि कम छ। प्रवेशिका (एस.एल.सी.) पास गर्ने र सोभन्दा माथिको शिक्षाको राष्ट्रिय औसत १७.६ तर दलितको औसत ३.८ छ। स्नातक तह वा सोभन्दा माथिको राष्ट्रिय औसत ३.४ छ तर दलितको औसत ०.४ छ।

तालिका ७.२ दलितको जातजाति र लैङ्गिक शैक्षिक प्रतिशत

| क्रम सङ्ख्या | दलितका जात | ६ वर्ष र सोभन्दा माथिको विद्यालय शिक्षा | | | स्नातक र सोभन्दा माथि | | |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | दुवै | पुरुष | महिला | दुवै |
| | दलित | ४३.७ | २४.२ | ३३.८ | ०.५ | ०.७ | ०.८ |
| | पहाडी दलित | ५२.९ | ३१.४ | ४१.९ | ०.५ | ०.४ | ०.५ |
| १ | कामी | ५३.१ | ३१.४ | ४१.८ | ०.५ | ०.१ | ०.४ |
| २ | दमाई | ५५.० | ३५.० | ४४.६ | ०.४ | ०.१ | ०.३ |
| ३ | सार्की | ४९.९ | २८.८ | ३८.९ | ०.३ | ०.१ | ०.२ |
| ४ | वादी | ४७.१ | ३२.० | ३९.२ | ० | ० | ० |
| ५ | गाइने | ६२.३ | ३२.१ | ४७.५ | ० | १.१ | ०.५ |
| | तराई दलित | ३०.१ | ११.५ | २१.१ | ०.७ | ०.३ | ०.६ |
| १ | चमार | २७.९ | ९.० | १८.९ | ० | ० | ० |
| २ | मुसहर | ९.८ | ३.८ | ६.९ | ०.३ | ०.३ | ०.३ |
| ३ | दुसाध | २८.५ | ८.६ | १९.१ | ० | ० | ०.२ |
| ४ | तत्मा | ३३.० | १०.२ | २२.२ | २ | ० | १.६ |
| ५ | खत्वे | २६.४ | ७.२ | १७.२ | ०.६ | ० | ०.५ |
| ५ | वाँतर | ३५.९ | १०.२ | २३.४ | ०.२ | ० | ० |
| ६ | डोम | १४.९ | ५.२ | १०.३ | ० | ० | ० |
| ७ | चिडिमार | ३४.० | १४.९ | २५.१ | ०.२ | ०.६ | ०.३ |
| ८ | धोवी | ४६.५ | १९.१ | ३३.६ | २.१ | ०.९ | १.८ |
| १० | हलखोर | ३८.१ | २१.७ | ३०.१ | ० | ० | ० |
| ११ | पहिचान हुन नसकेका दलितहरू | ४७.६ | २३.९ | ३५.५ | ०.७ | ०.२ | ०.६ |

*स्रोत : आचार्य, २००७ मा आधारित।*

विभिन्न जातका दलितहरूको शैक्षिक अवस्था फरकफरक छ। पहाडी दलितको साक्षरता दर ४१.९ प्रतिशत छ भने तराई दलितको साक्षरता दर २१.१ छ (तालिका ७.२)। मुसहरको साक्षरता दर ६.९ प्रतिशत छ जुन नेपालका सबै जात–जातिमध्येमा सबैभन्दा कम साक्षरता दर भएको जातीय समुदाय हो। स्नातक वा सोभन्दा माथिको शिक्षा भएका दलितमध्ये धोवीको १.८ प्रतिशत र तत्माको १.६ प्रतिशतबाहेक बाँकी सबैको १ प्रतिशतभन्दा तल छ। वादी, चमार, बाँतर र हलखोरको शून्य प्रतिशत छ। दलित पुरुषको तुलनामा दलित महिलाको साक्षरता र शिक्षाको दर कम छ।

सरकारले दलितको शैक्षिक अवस्था उकास्न केही कार्यक्रमहरू ल्याएको छ तर यी कार्यक्रमहरू पर्याप्त भने छैनन्। शिक्षाविद् डा. विद्यानाथ कोइरालाका अनुसार शिक्षा क्षेत्रमा दलितहरूले चार प्रकारका विभेदहरू भोग्दै आएका छन्। ती यस प्रकार छन् :

- संरचनागत विभेद : विद्यालयमा भएका भौतिक र सामाजिक संरचना दलित

विद्यार्थीहरूका विरुद्ध विभेदकारी छ । दलित विद्यार्थीहरूलाई कक्षाकोठामा पछाडिको बेन्चहरूमा बस्ने व्यवस्था, विद्यालयको भौतिक साधन र स्रोतहरू दलित विद्यार्थीहरूको पहुँचबाहिर हुनु र दलित विद्यार्थीहरूलाई खासै ध्यान नदिनु आदि संरचनागत विभेद हुन् ।

- चुपचाप विभेद : विद्यालय व्यवस्थापन समितिले दलित विद्यार्थीहरूविरुद्ध शिक्षक, साथीभाइ, व्यवस्थापन समितिका सदस्यहरू र अभिभावकहरूले गर्ने पूर्वाग्रही व्यवहारहरूलाई वास्ता गर्दैनन् । उनीहरूले दलित विद्यार्थीहरूलाई विद्यालयका विभिन्न कार्यक्रमहरूमा भाग लिन पनि हतोत्साहित गर्दछन् ।
- प्रत्यक्ष विभेद : दलित विद्यार्थीहरूविरुद्ध हुने जातीय छुवाछूत प्रत्यक्ष विभेद हो । यसले गर्दा धेरै दलित विद्यार्थीहरूले विद्यालय छाड्ने गरेका छन् ।
- अध्यापनशास्त्रीय विभेद : दलित विद्यार्थीहरूलाई शिक्षकहरूले नराम्रा शब्दहरू प्रयोग गरी सम्बोधन गर्दछन् र दलितका बारेमा नकारात्मक उदाहरणहरू दिने गर्दछन् । दलितको ज्ञान, सीप, कला, संस्कृति, जीवनपद्धति आदिका बारे सकारात्मक धारणा राख्दैनन् । शिक्षकहरूले दलित विद्यार्थीहरूलाई पूर्वाग्रह राखेर कम नम्बर दिने गर्दछन् ।

## विद्यार्थी भर्ना

बालअधिकार महासन्धिले सबै बालबालिकाले प्राथमिक शिक्षा पाउने कुरा सुनिश्चित गर्ने दायित्व सरकारको हो भनेको छ । नेपाल सरकारले सबैका लागि शिक्षा र सहस्राब्दी विकास लक्ष्यहरूमा प्रतिबद्धता व्यक्त गरेअनुसार काम गर्न प्रयत्न गरेको छ (युनिसेफ, २००६) । नेपालमा बालबालिकाहरू पाँच वर्षको उमेर पुग्दा कक्षा १ बाट औपचारिक शिक्षाको थालनी गर्दछन् । खुद भर्ना दर (नेट इन्रोलमेन्ट रेट) हेर्दा प्राथमिक विद्यालयमा ५ देखि ९ वर्षको उमेरमा भर्ना हुने गर्दछन् । प्राथमिक शिक्षा पाएका विद्यार्थीहरूको उमेर ५ देखि १८ वर्षलाई मापन गरी कुल भर्ना दर (ग्रस इन्रोलमेन्ट रेट) लाई खुद भर्ना दरसँग उही तहमा दाँजेर हेर्दा कुल भर्ना दर बढी देखिएको छ (न्यू एरा, २००५) ।

तालिका ७.३ सन् २००४ मा दलित तथा जनजातिको जनसङ्ख्या र भर्ना

| | जनसङ्ख्याको अंश (५ देखि ९ वर्ष) | | भर्नाको अंश | | फरक (जनसङ्ख्या र भर्नाका बीच) | |
|---|---|---|---|---|---|---|
| क्षेत्र | दलित | जनजाति | दलित | जनजाति | दलित | जनजाति |
| नेपाल | १३.३ | ४३.७ | ८.७ | २५.८ | ४.७ | १७.९ |
| हिमाल | ९.० | ३०.६ | १.९ | १६.५ | ७.२ | १४.१ |
| पहाड | १४.१ | ३७.३ | ७.३ | १७.५ | ६.८ | १९.७ |
| तराई | १४.४ | ५२.२ | १२.५ | ३७.७ | १.९ | १४.५ |
| उपत्यका | २.४ | २४.५ | १.९ | १८.७ | ०.६ | ५.८ |

*स्रोत : शिक्षा विभाग, २००४ ।*

प्राथमिक तहको कुल भर्ना दर काठमाडौं उपत्यकामा सबैभन्दा बढी तथा तराई र तराईमा पनि सर्लाहीमा सबैभन्दा कम छ (तालिका ७.४)। यसको अर्थ दलित बालबालिकाहरूलाई विद्यालय भर्ना गराउने हो भने विशेष प्रयत्न गर्नुपर्दछ (शिक्षा विभाग, २००४)।

शिक्षा तथा खेलकुद मन्त्रालयका अनुसार सन् २००४ मा खुद भर्ना दर प्राथमिक विद्यालयमा ८४ प्रतिशत, निम्नमाध्यमिक विद्यालयमा ४४ प्रतिशत र उच्च माध्यमिक विद्यालयमा ३२ प्रतिशत छ (शिक्षा विभाग, २००४)। सन् २००३–२००४ को राष्ट्रिय जीवनस्तर सर्वेक्षणअनुसार सन् २००३ मा खुद भर्ना दर प्राथमिक विद्यालयमा ७२ प्रतिशत, निम्नमाध्यमिक विद्यालयमा २९ प्रतिशत र उच्च माध्यमिक विद्यालयमा ८ प्रतिशत छ (केन्द्रीय तथ्याङ्क विभाग, २००३–२००४)।

विद्यालय जाने उमेर र विद्यालय भर्नासँग सम्बन्धित दलितको जनसङ्ख्याको तथ्याङ्क हेर्दा धेरै फरक पाइन्छ (तालिका ७.३)। यसले यतिका धेरै दलित बालबालिकाहरू किन विद्यालयबाहिर छन् भन्नेबारेमा प्रस्ट गर्छ (शिक्षा विभाग, २००४)।

तालिका ७.४ सन् २००४ मा लैङ्गिक, जनजाति र दलितको कुल भर्ना दर

| क्षेत्र | जनजाति | | | दलित | | |
|---|---|---|---|---|---|---|
| | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा |
| नेपाल | १२४.२ | १३७.० | १३०.७ | १२६.० | १३४.६ | १३०.५ |
| हिमाल | १३६.८ | १६२.४ | १४९.८ | १७३.५ | २३४.४ | २०४.६ |
| पहाड | १५२.६ | १५९.१ | १५६.९ | १६८.६ | १६१.० | १६४.६ |
| तराई | ९७.३ | ११५.९ | १०६.९ | ९३.८ | १११.६ | १०३.४ |
| उपत्यका | १४५.३ | १४९.३ | १४७.३ | २८८.४ | २५५.६ | २७१.४ |

*स्रोत : शिक्षा विभाग, २००४।*

दलित र आदिवासी जनजातिको भर्ना दर जनसङ्ख्याको तुलनामा धेरै कम छ। १० देखि १२ वर्ष उमेर समुहका दलितको जनसङ्ख्या ८ प्रतिशत छ तर दलितको भर्ना दर भने ६.८ प्रतिशत छ (तालिका ७.५)। दलित र आदिवासी जनजातिको जनसङ्ख्या नेपालको कुल जनसङ्ख्याको ५७ प्रतिशत छ तर प्राथमिक विद्यालयमा उनीहरूको बालबालिकाको भर्ना दर ३४ प्रतिशत छ। दलित जनसङ्ख्याको १५ प्रतिशतले मात्र शिक्षा प्राप्त गरेको छ। यो राष्ट्रिय औसतको आधा हो। तराईका दलितभन्दा पहाडका दलितको शैक्षिक स्तर राम्रो छ। तराईका मुसहरको शैक्षिक स्तर सबैभन्दा कम छ भने चमार, खत्वे, दुसाधलगायतका तराईका दलितको शैक्षिक स्तर राम्रो छैन।

तालिका ७.५ सन् २००४ मा दलित र जनजातिको भर्ना प्रतिशत

| | दलित | | जनजाति | |
|---|---|---|---|---|
| | निम्नमाध्यमिक | माध्यमिक | निम्नमाध्यमिक | माध्यमिक |
| नेपाल | ६.८ | ८.१ | २८.९ | ३०.२ |

*स्रोत : नेपालको विद्यालय तहको शैक्षिक तथ्याङ्कः झलक प्रतिवेदन (फ्ल्यास रिपोर्ट), २००४।*

प्राथमिक तहमा दलित विद्यार्थीहरूको भर्ना दर सन् २००४ को तुलनामा सन् २००५ मा १२.८ प्रतिशतले बृद्धि भएको छ तर निम्नमाध्यमिक तहमा ११.३ प्रतिशतले तथा माध्यमिक तहमा ५०.१ प्रतिशतले घटेको छ (तालिका ७.६)। दलित विद्यार्थीका लागि सरकारी र गैरसरकारी संघसंस्थाहरूले धेरै कार्यक्रम लागू गरे पनि धेरैजसो दलित केटाकेटीहरू विद्यालयबाहिर छन्। अन्य जातजातिको तुलनामा दलितको शैक्षिक अवस्था कमजोर छ।

तालिका ७.६ दलित र जनजाति विद्यार्थीहरूको भर्नाको तुलना

| तह | २००४ | | २००५ | | २००६ | |
|---|---|---|---|---|---|---|
| | केटी | केटा | केटी | केटा | केटी | केटा |
| नेपाल | | | | | | |
| प्राथमिक | १,८६५,०१२ | २,१६५,०३३ | १,६३८,४८४ | १,८५६,०१६ | २,१८८,१३० | २,४०८,२४९ |
| निम्नमाध्यमिक | ६५३,१५९ | ७९१,८३८ | ४८२,९६१ | ६,००,७९१ | ५७२,३७५ | ६८२,६७८ |
| माध्यमिक | २६०,४७२ | ३२७,०९४ | २०४,६७५ | २५४,२६४ | २४५,७५१ | २९६,८७६ |
| दलित | | | | | | |
| प्राथमिक | १९४,३९२ | २२७,२१३ | २६२,४८६ | २१३,१६९ | ३५५,८१५ | ४०२,५७६ |
| निम्नमाध्यमिक | ४१,९२३ | ५६,२१० | ३५,५०२ | ५१,५१७ | ४६,७१७ | ६४,४२२ |
| माध्यमिक | २०,६०१ | २७,२४८ | ९,२२९ | १४,६१४ | १२,५९३ | १९,०९५ |
| जनजाति | | | | | | |
| प्राथमिक | ४५५,७९२ | ५९७,०८० | ७०४,०८५ | ७७२,८७६ | ८५४,७०५ | ९११,५९० |
| निम्नमाध्यमिक | १९३,०८२ | २२४,२७४ | २०१,९८१ | २३७,०४१ | २४५,७९४ | २७८,६२८ |
| माध्यमिक | ८१,४१४ | ९६,०१७ | ७६,६८३ | ९१,८२१ | ९५,४३४ | १११,३८३ |

स्रोत : शिक्षा विभाग, २००४/०५ र २००५/०६।

## विद्यालय छाड्ने

पढ्दापढ्दै विद्यालय छाड्ने, कक्षा दोहोऱ्याउने र पढाइ पूरा नगर्ने काम कक्षा १ मा बढी हुने गरेको छ। कक्षा १ मा अध्ययन पूरा गर्नेहरूको सङ्ख्या सन् १९९९ मा ४१ प्रतिशतले बढ्यो भने सन् २००३ मा ५० प्रतिशतले बढ्यो। कक्षा ४ मा बाहेक अन्य सबै कक्षाहरूमा दलित केटीहरूले विद्यालय छाड्ने सङ्ख्या उच्च छ (न्यू एरा, २००५)। सरकारी विद्यालयहरूमा पढाइको गुणस्तर कम छ भने विद्यालय छाड्नेहरूको दर उच्च छ। व्यक्तिगत स्वामित्वका विद्यालयहरूमा शिक्षाको गुणस्तर उच्च छ तर शुल्क महङ्गो भएकोले यस्ता विद्यालयहरू दलित विद्यार्थीहरूको पहुँचबाहिर छ (न्यू एरा, २००५)।

घटना ७.१ विद्यालय छाडेको

दलित विद्यार्थीहरूले कक्षा २ सम्म अध्ययन गर्दछन्। केटी विद्यार्थीहरू घरको काम गर्न विद्यालय छाड्ने गर्दछन्। चार कक्षामा एकजना मात्र दलित विद्यार्थी छ। जिल्लामा ६ कक्षाभन्दा माथिका कक्षाहरूमा कुनै पनि दलित बालबालिकाहरूले भर्ना गरेका छैनन्।

- दलित महिला संघको बेसलाइन प्रतिवेदन, २००१।

नेपाल राष्ट्रिय दलित समाज कल्याण संघको एक अध्ययनअनुसार तराईका दलितहरूको शैक्षिक स्थिति खराब हुनुको मुख्य कारण गरिबी हो । सुर्खेत र बैतडी जिल्लाका निरक्षर दलितहरूले आफू निरक्षर रहनुको कारण विद्यालय जान नदिनु हो भन्ने बताएका थिए। गुल्मी जिल्लाका दलितहरूले भने गरिबीलाई नै विद्यालय छाड्नुको कारक तत्व भएको बताएका थिए (घटना ७.१, नेरादकसं, २००७)।

तालिका ७.७ प्राथमिक र माध्यमिक विद्यालयहरूमा भर्नाको फरक प्रतिशतमा

| तह | जनसङ्ख्या | भर्ना | फरक |
|---|---|---|---|
| प्राथमिक तहमा भर्ना (छ देखि ९ वर्ष) | १३.३ | ८.७ | ४.६ |
| निम्नमाध्यमिक तहमा भर्ना (१० देखि १२ वर्ष) | ८.० | ६.८ | १.२ |
| जम्मा | २१.८ | १५.५ | ६.३ |
| Total | 21.8 | 15.5 | 6.3 |

*स्रोत : शिक्षा विभाग २००४ ।*

५ देखि १२ वर्ष उमेरका दलित बालबालिकाहरूको जनसङ्ख्या २१.८ प्रतिशत छ तर भर्ना दर भने १५.५ प्रतिशत मात्र छ (तालिका ७.७)। यो फरकले धेरै दलित विद्यार्थीहरूले विद्यालय छाड्ने गरेको देखाउँछ। यसरी छाड्नुको कारण गरिबी र बाबुआमाले छोराछोरीको पढाइमा निरन्तरता दिन नसक्नु हो। केही दलित विद्यार्थीहरूले भने विद्यालयमा हुने जातीय छुवाछूतका कारणले पनि विद्यालय छाड्ने गर्दछन्  (घटना ७.२)।

घटना ७.२ शिक्षकले विभेद गरेको कारणले विद्यालय छाडेको

सुश्री रीता राउत (डोम) पर्सा जिल्लाको डोम बस्तीमा बस्छिन् । उनी कक्षा तीनमा पढ्छिन । रीताले भनिन् : 'म मेरो कक्षाको अन्तिम बेन्चमा बस्छु । एकपटक अगाडिको बेन्चमा बस्दा शिक्षकले मलाई हप्कायो ।' शिक्षकले भनेअनुसार दलित विद्यार्थीहरूले पढ्न हुँदैन । उनीहरूले पढ्ने नै हो भने पछाडिको बेन्चमा बस्नुपर्छ । रीताले भनिन् : 'मैले एकदम बेवास्ता र हेपिएको महसुस गरें । कहिलेकाहीँ मलाई पढ्न छाडेर घरैमा बसौँ र केही काम सिकौँजस्तो लाग्छ । म यो विद्यालयमा पढ्दिनँ । मेरी आमा आएपछि अर्को विद्यालयमा भर्ना हुन्छु । यदि त्यहाँ पनि यहाँजस्तै भए पढ्नै छाडिदिन्छु ।'

*स्रोत : दलित महिला संघको बेसलाइन प्रतिवेदन, २००१ ।*

दलित विद्यार्थीहरूले विद्यालय छाड्नुका धेरै कारणहरू छन्। कतिपय दलित विद्यार्थीहरूले दलित भएको कारणले डेरा नपाउनाले पढ्न छाड्ने गर्दछन्। कतिपय दलित विद्यार्थीहरूले घरको कामकाज गर्न र साना भाइबहिनीहरू हेर्न पढाइ छाड्ने गर्दछन्। सरकारी र गैरसरकारी संस्थाहरूले दलित शिक्षाका लागि धेरै खर्च गरे पनि दलित विद्यार्थीलाई पढ्न प्रोत्साहन गर्ने व्यवस्था नभएकोले पनि पढाइ छाड्छन्। शैक्षिक संस्थाहरूमा दलितको सहभागिता र प्रतिनिधित्व नभएकाले पनि दलित विद्यार्थीहरूले पढाइलाई निरन्तरता दिन गाह्रो परेको देखिन्छ। स्नातक अध्ययन पूरा गरेका दलितहरूको सङ्ख्या न्यून छ। यी स्नातक अध्ययन पूरा गरेका दलितहरू बेरोजगार भएकोले नयाँ दलित विद्यार्थीहरू शिक्षाप्रति त्यति आकर्षित भएको देखिँदैन। दलित केटीहरू भने चाँडै बिहा गर्ने हुनाले पनि विद्यालय छाड्छन्। पाठ्यक्रममा दलितहरूका बारेमा धेरै नराम्रा कुराहरू राखिएकाले पनि कतिपय दलित विद्यार्थीहरूले पढाइ छाड्ने गर्दछन्।

### दलित विद्यार्थीको भर्नामा कमी र पढाइ छाड्ने समस्या

आर्थिक समस्या : ४७ प्रतिशत दलितहरू गरिबीको रेखामुनि भएको, प्रति व्यक्ति आय २३९ डलर, ८० प्रतिशतजति दलितहरू भूमिहीन र सहरी क्षेत्रमा ३८ प्रतिशत दलितहरू बालमजदुर भएको अवस्था छ। सरकारी जागिरमा पनि दलितहरू नगन्य छन्। सामुदायिक विद्यालयहरूको वरिपरि बसोबास गरेका दलितहरू ९२.५ प्रतिशत गरिब र २७.४ अति गरिब छन् (तालिका ७.८)।

तालिका ७.८ सामुदायिक विद्यालयनजिक बसोबास गरेका दलितहरूको आर्थिक अवस्था

| आर्थिक अवस्था | दलित | अन्य बहिष्करणमा परेका समुहहरू | अन्य समुहरू | जम्मा |
|---|---|---|---|---|
| उच्च | ०.८ | २.२ | ७.१ | ५.३ |
| मध्यम | १६.६ | ३२.५ | ५०.९ | ४२.५ |
| गरिब | ५५.१ | ५०.७ | ३५.७ | ४१.३ |
| अति गरिब | २७.४ | १४.६ | ६.४ | १०.९ |

*स्रोत : बिश्व बैंक, २००५।*

विद्यालय भर्ना हुने र छाड्ने कार्यसँग आर्थिक अवस्था प्रत्यक्ष रूपमा सम्बन्धित छ। दलितहरूको कमजोर आर्थिक अवस्था भएकोले शिक्षामा खर्च गर्न सक्दैनन्।

निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूमा शिक्षाको गुणस्तर राम्रो छ। यस्ता विद्यालयमा भर्ना भएका दलित विद्यार्थीहरू ६.९ प्रतिशत छन् (तालिका ७.९)। दलितहरूको कमजोर आर्थिक अवस्थाको कारणले गुणस्तरीय शिक्षा लिन नसक्ने अवस्था छ।

तालिका ७.९ सरकारी र निजी क्षेत्रका विद्यालयमा दलितहरूको भर्ना प्रतिशत

| सामाजिक समुह | लिङ्ग | सरकारी विद्यालय | अन्य सरकारी विद्यालय | निजी विद्यालय |
|---|---|---|---|---|
| दलित | पुरुष | ७४.५ | १८.९ | ६.९ |
| | महिला | ७२ | १८.९ | ६.९ |

| | | | | |
|---|---|---|---|---|
| अन्य सीमान्तकृत समुह | पुरुष | ५४.४ | ३७.९ | ७.७ |
| | महिला | ६५ | २८.९ | ६.१ |

*स्रोत : बिश्व बैंक, २००५।*

जातीय विभेद : दलित विद्यार्थीहरूलाई शैक्षिक संस्थाहरूमा शिक्षक, विद्यार्थी र समुदायका गैरदलितहरूले जातीय विभेद गर्दछन् (तालिका ७.३)। दलितहरूले भन्ने गर्दछन् : पढ्यो–लेख्यो कौन काम, हल्यो जोत्यो खायो माम।ञ त्यसले धेरैजसो दलित केटाकेटीहरूले घरमा बसेर बाबुआमालाई सघाउने गर्दछन्।

घटना ७.३ डेराबाट निकाला

चितवन जिल्लामा डेरा गरी बसेका एकजना विद्यार्थीलाई गैरदलित घरधनीले घरबाट निकाला गरेका छन्। जब बाहुन जातका घरधनी शालीकराम खरेलले डेरा गरी बस्ने विनोद परियार दलित हो भन्ने थाहा पाए तब उनलाई घरबाट निकालियो।

स्रोत : राजधानी, २००६।

भौगोलिक कारण : दलित बस्तीहरू खेति नहुने ठाउँ वा डाँडातिर हुन्छन् भने खेति हुने बेंसीतिर कथित माथिल्लो जातका मानिसहरू बस्दछन्। धेरै ठाउँहरूमा दलित र गैरदलितको अलग बस्तीहरू छन्। दलित बस्तीमा जनसङ्ख्या धेरै भए पनि विद्यालय नहुने र दलित विद्यार्थीहरू गैरदलित बस्तीमा भएका विद्यालय जान कम्तीमा पनि एकदेखि दुई घण्टा हिँडेर जानुपर्ने बाध्यता छ। दलित बालबालिकाका बाबुआमाहरूमा आफ्ना बच्चाहरू विद्यालय भर्ना ८ देखि ९ वर्ष नपुगेसम्म हुँदैन भन्ने मानसिकता छ (महत, १९९९)। त्यसैले धेरै दलित बालबालिकाहरू ठीक उमेरमा विद्यालयमा भर्ना हुँदैनन् र भर्ना भएका विद्यार्थीहरू पनि विद्यालय टाढा पर्ने भएकोले बीचैमा विद्यालय छाड्छन् (घटना ७.४)।

घटना ७.४ शिक्षाबाट वञ्चित मुसहर बालबालिका

मुसहर बालबालिकाहरू आफ्नो बस्तीवरपर भएका विद्यालयहरूबाट शिक्षा पाउन वञ्चित रहँदै आएका छन्। मुसहर बालबालिकाहरू छात्रवृत्ति र विद्यालयको पोशाक पाउनका लागि विद्यालयमा भर्ना हुने गरेका छन्। सन् २००५ मा २०० जना मुसहर बालबालिकाहरू विद्यालय भर्ना भएकामध्ये ७५ प्रतिशत विद्यार्थीहरूले बीचैमा विद्यालय छाडेका थिए। उनीहरूका बाबुआमाले पनि छात्रवृत्तिको पैसा जाँडरक्सीमा खर्च गर्दछन्।

स्रोत : शैक्षिक पृष्ठहरू, २००६।

दलित अभिभावकको चेतनास्तर : दलित अभिभावकहरूले आफ्ना बालबालिकाहरूलाई परम्परागत पेशागत काम सिक्न वा साना भाइबहिनीहरूलाई हेर्ने काम गर्न जोड दिन्छन् । अभिभावकहरूले विद्यालयमा भर्ना हुने उमेर ५ वा ६ वर्ष होइन भन्ने ठान्दछन् तर शारीरिक वा बालश्रम गर्न दिनु हुँदैन भन्ने ठान्दैनन् (बिश्व बैंक, २००५) ।

प्रतिनिधित्वको कमी : सरकारी नीति निर्माताहरूले दलित र अन्य बहिष्करणमा पारिएका समुदायहरूसँग परामर्श, सहभागिता र प्रतिनिधित्व नगराईकन निर्णय गर्दछन् । राष्ट्रियदेखि जिल्ला शिक्षा समितिहरूसम्म दलितको प्रतिनिधित्व न्यून छ । शैक्षिक ऐनमा भएको छैठौं संशोधनले विद्यालय व्यवस्थापन समितिमा दलित समुदायबाट एकजनाको प्रतिनिधित्वको व्यवस्था गरेकामा सातौं संशोधनले उक्त व्यवस्था हटाएको थियो । विद्यालय व्यवस्थापन समितिमा विशेष व्यवस्था हुँदा सन् २००५ मा ७.३ प्रतिशत भएकोमा विशेष व्यवस्था हटेपछि ३.९ प्रतिशतमा झरेको छ। शिक्षकहरूमध्येमा दलित शिक्षकहरू २ प्रतिशत मात्र छन् (विश्व बैंक, २००५) । दलितहरूको प्रतिनिधित्व नभईकन विद्यालयहरूमा दलितप्रति संवेदनशील नीति नियम र व्यवस्था हुने कल्पना गर्न गाह्रो छ।

पूर्वाग्रही राज्यसंयन्त्र : दलितहरूलाई विद्यालयमा पढ्न जाने र पढिरहेकाहरूलाई विद्यालयमा निरन्तरता दिनका लागि प्रोत्साहन गर्ने राज्यसंयन्त्रको अभाव छ। दलितहरूले पहल गरेको विद्यालयलाई स्वीकृति नदिने, आर्थिक सहयोग नगर्ने, शिक्षकको व्यवस्था नगरिदिने र अन्य पूर्वाधारहरूको व्यवस्था नगर्ने भएकोले राज्यसंयन्त्र दलितप्रति पूर्वाग्रही देखिएको छ । यी कारणले दलित बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन वा पढाइलाई निरन्तरता दिन प्रोत्साहित गर्दैन (घटना ७.५) ।

घटना ७.५ सरकारबाट सहयोगको अभाव

दलित समुदायमा खोलिएका विद्यालयहरूमा दलित विद्यार्थीहरू चिसो भुइँमा बसेर अध्ययन गर्दछन् । नुवाकोट जिल्लाको तारुका गाउँको वडा नम्बर ५ मा भएको मिजार समुदायले सन् २००४ मा स्थापना गरेको विद्यालयलाई जिल्ला शिक्षा कार्यालयले स्वीकृति दिएन । त्यसैले उक्त विद्यालयले शिक्षकको कोटा पाएन । यो विद्यालयमा ८० जना दलित विद्यार्थीहरूले अध्ययन गरेका छन् ।

स्रोत : कान्तिपुर, २००७ ।

बेरोजगारी : स्नातक शिक्षा हासिल गरेका दलितहरूको सङ्ख्या अन्य जातजातिको तुलनामा अति कम भए पनि भएका दलित स्नातकहरूमध्ये धेरै बेरोजगार छन् । दलितलाई निजामती सेवामा अवसर दिने सरकारको सकारात्मक प्रयास देखिँदैन । विभिन्न संस्थाहरूमा काम गर्ने २,११४ जना कर्मचारीहरूमध्ये ३.८ प्रतिशत मात्र दलित समुदायका छन् । दलितको जनसङ्ख्याको अनुपातमा यो प्रतिनिधित्व अति न्यून हो (बाल बचाउ कार्यक्रम, अमेरिका,

२००४)। रोजगारीको अवसर नभएकोले दलितहरू परम्परागत पेशामा अल्झिन वा अन्य श्रमको काम गर्न बाध्य छन्।

साथीसङ्गीहरूबाट विभेद : विद्यालयमा जाने दलित विद्यार्थीहरूलाई उनीहरूकै साथीसङ्गीहरूले डोम, चमार, दमाई, कामी, सार्की आदि सम्बोधन गरेर हेलाँहोचो गर्ने, कथित माथिल्लो जातका विद्यार्थीहरूले दलित विद्यार्थीहरूलाई कक्षाकोठामा अगाडि वा खाजा छोइन्छ भनेर आफूसँग बस्न नदिएर पछाडि बस्न बाध्य बनाउने गरेकाले दलित विद्यार्थीहरूले विद्यालय छाड्ने गर्दछन्। एउटा अध्ययनले देखाएअनुसार सार्की विद्यार्थीहरूविरुद्ध हुने हेलाँहोचोजस्ता अपमानजनक कार्यले गर्दा विद्यालयमा भर्ना हुने ठीक उमेरमा भर्ना हुँदैनन् (महत, १९९९)। दलित विद्यार्थीहरूले गैरदलित विद्यार्थीहरूले पढाएका विषयहरूमा छलफल गर्न र सहयोग गर्न नमान्ने भएकोले पनि दलित विद्यार्थीहरूले पढाइ छाड्ने गरेका छन्।

तालिका १.१० दलित विद्यार्थीविरुद्ध गैरदलित विद्यार्थीले गर्ने छुवाछूतको व्यवहार

| क्रम सङ्ख्या | छुवाछूतको व्यवहारका रूप वा क्षेत्र | दलितविरुद्ध गैरदलित | | | | | दलितविरुद्ध दलित | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | जम्मा | १ | २ | ३ | ४ | जम्मा |
| १ | कथित माथिल्लो जातका विद्यार्थीहरू कथित तल्लो जातका विद्यार्थीसँग बसेर खाँदैनन् | ३ | १४ | १ | ० | १८ | १ | १६ | १ | ० | १८ |
| २ | कथित मथिल्ला जातका विद्यार्थीले दलित विद्यार्थीलाई अछूत भनेर छुन नदिने | ५ | १३ | ० | ० | १८ | २ | १४ | २ | ० | १८ |
| ३ | कक्षाकोठामा सँगै नबस्ने | ० | १८ | ० | ० | १८ | ० | १८ | ० | ० | १८ |
| ४ | सँगै खेल्न नसक्ने | ० | १७ | १ | ० | १८ | ० | १८ | ० | ० | १८ |

*स्रोत : स्थलगत अध्ययन, २००६।*

सङ्केत : १ = विद्यमान व्यवहार, २ = व्यवहारमा नभएको, ३ = व्यवहारमा भएको वा नभएको भन्न गाह्रो, ४ = लागू नहुने वा असान्दर्भिक

स्थलगत अध्ययनले देखाएअनुसार दलित विद्यार्थीहरूलाई साथीसङ्गीले गर्ने छुवाछूतको व्यवहार घटेर गएको देखाउँछ (तालिका ७.१०)। उत्तरदाताहरूले दिएको जानकारीअनुसार १८ मध्ये ३ जातका दलित विद्यार्थीहरूसँग गैरदलित विद्यार्थीहरूले सँगै खाँदैनन्। १८ मध्ये ४ जातका दलित विद्यार्थीहरूलाई गैरदलित विद्यार्थीहरूले खाना, पानी र शरीर छुन दिँदैनन्। १८ मध्ये २ दलित जातका दलितहरूसँग नछुने चीज भएकोले छुन हुँदैन भनेर गैरदलित विद्यार्थीहरूले छुने गर्दैनन्। दलितदलितबीच हुने छुवाछूतको सम्बन्धमा १८ दलित जातमध्ये १ जातका दलितहरूले मात्र सँगै खानमा छुवाछूतको व्यवहार भोगिरहेका छन्। कक्षाकोठामा सँगै बस्न भने समस्या देखिएन।

कथित माथिल्ला जातका विद्यार्थीले कथित तल्लो जातका विद्यार्थीलाई हेलाँहोचो गरेर अपमानजनक शब्दहरू प्रयोग गर्ने तर कथित तल्लो जातका विद्यार्थीले भने कथित माथिल्लो जातका विद्यार्थीलाई सम्मानजनक शब्दहरू प्रयोग गर्नुपर्ने अवस्था १८ मध्ये ४ दलित जातका विद्यार्थीहरूले भोगिराखेका छन् (तालिका ७.११)।

तालिका ७.११ दलित विद्यार्थीविरुद्ध जातीय विभेद

| क्रम सङ्ख्या | छुवाछूतका रूप वा क्षेत्र | दलितविरुद्ध गैरदलित | | | | | दलितविरुद्ध दलित | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | जम्मा | १ | २ | ३ | ४ | जम्मा |
| १ | कथित माथिल्ला जातका विद्यार्थीले कथित तल्लो जातका विद्यार्थीलाई हेलाँहोचो गरेर अपमानजनक शब्दहरू प्रयोग गर्ने तर कथित तल्लो जातका विद्यार्थीले भने कथित माथिल्लो जातका विद्यार्थीलाई सम्मानजनक शब्दहरू प्रयोग गर्नुपर्ने | ४ | १२ | २ | ० | १८ | ३ | १५ | ० | ० | १८ |
| २ | कथित माथिल्ला जातका विद्यार्थीले कथित तल्लो जातका विद्यार्थीलाई किताबको झोला बोकाउँछन् | ० | १८ | ० | ० | १८ | ० | १८ | ० | ० | १८ |

*स्रोत : स्थलगत अध्ययन, २००६/०७*

सङ्केत : १ = विद्यमान व्यवहार, २ = व्यवहारमा नभएको, ३ = व्यवहारमा भएको वा नभएको भन्न गाह्रो, ४ = लागू नहुने वा असान्दर्भिक

शिक्षकबाट विभेद : विद्यालयमा सिक्ने र सिकाउने कार्यमा शिक्षकहरूको महत्वपूर्ण भूमिका हुन्छ। अधिकांश शिक्षकहरू बाहुन–क्षेत्री समुदायका छन्। दलित शिक्षक २ प्रतिशत र आदिवासी जनजाति शिक्षक २ प्रतिशत छन्। प्राथमिक विद्यालयमा दलित शिक्षकहरू सबैभन्दा बढी सुदूर

पश्चिमाञ्चल विकास क्षेत्रमा ४ प्रतिशत र सबैभन्दा कम पूर्वाञ्चल विकास क्षेत्रमा १ प्रतिशत मात्र छ। माध्यमिक तहका शिक्षकमा पनि दलित र आदिवासी जनजातिहरूको सङ्ख्या अति न्यून छ। पाँच विकास क्षेत्रहरूमध्ये ३ विकास क्षेत्रमा दलित शिक्षक छैनन् (TRSE, २००५)। शिक्षक सङ्गठनहरूमा पनि दलित शिक्षकको प्रतिनिधित्व न्यून छ।

**तालिका ७.१२ सन् १९९९ मा शिक्षक सङ्गठनहरूको नेतृत्वमा जातजातिको प्रतिनिधित्व**

| संघसंस्था | बाहुन/क्षेत्री | मङ्गोल/किरात | मधेसी | दलित | नेवार | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| नेपाल कलेज शिक्षक सङ्गठन | १६ | ० | २ | ० | ३ | ० | २१ |
| नेपाल शिक्षक सङ्गठन | २४ | २ | ३ | १ | १ | ० | ३१ |
| नेपाल राष्ट्रिय शिक्षक सङ्गठन | २५ | ० | १ | ० | ३ | १ | ३० |
| जम्मा | ६५ | २ | ६ | १ | ७ | १ | ८२ |
| प्रतिशत | ७९.३ | २.४ | ७.३ | १.२ | ८.५ | १.२ | १००.० |

*स्रोत : न्यौपाने, २०००।*

## दलित विद्यार्थीसँग शिक्षकको व्यवहार

शिक्षक र दलित विद्यार्थीबीच धेरै ठूलो खाडल छ। सजाय पाउने डरले दलित विद्यार्थीहरूले शिक्षकहरूसँग खुलेर कुरा गर्न सक्दैनन्। दलित विद्यार्थीहरूले भोग्दै आएका विभेदहरू यस प्रकार छन् :

- शिक्षकले दलित विद्यार्थीलाई जातले सम्बोधन गर्दछन् जसले गर्दा दलित विद्यार्थीहरूले अपमान महसुस गर्दछन्।
- शिक्षकले दलित विद्यार्थीले ल्याएको खानेपानी पिउँदैन।
- शिक्षकले दलित विद्यार्थीलाई छुट्टै बस्न प्रोत्साहित गर्दछ।
- शिक्षकले दलित विद्यार्थीहरूलाई कम नम्बर दिने गर्दछ।
- शिक्षकले शैक्षिक भ्रमण र खेलकुदलगायतका कार्यहरूमा दलितको सट्टा गैरदलित विद्यार्थीहरूलाई प्राथमिकता दिने गर्दछन्।
- कक्षाको मोनिटर गैरदलितलाई बनाउने र उनीहरूले दलित विद्यार्थीहरूलाई सजाय दिने गर्दछन्।
- दलित विद्यार्थीहरूले घर भाडामा लिँदा समस्या भोग्ने गर्दछन् तर शिक्षकहरूले उनीहरूलाई सहयोग गर्दैनन्।
- गैरदलित विद्यार्थीहरूले दलित विद्यार्थीहरूविरुद्ध गरेका जातीय छुवाछूत र विभेदका व्यवहारहरू सहन सकेन भने दलित विद्यार्थीहरूलाई विद्यालयमा आउन रोक लगाउने गर्दछन् (घटना ७.६)।

घटना ७.६ दलित विद्यार्थीविरुद्ध प्रतिबन्ध

सरकारले दलित विद्यार्थीहरूलाई शिक्षामा प्रोत्साहन गर्न छात्रवृत्ति दिने नीति ल्याएकै बेला महोत्तरीको एउटा विद्यालयमा दलित विद्यार्थीहरूलाई विद्यालय प्रवेशमा निषेध गरेको छ । मनरकट्टी गा.वि.स. स्थित दुर्गा माध्यमिक विद्यालयमा चिन्तु रजक, विश्वनाथ पण्डित, वीरेन्द्र भण्डारी र छविलाल रामलाई दलित विद्यार्थीहरूलाई विद्यालय आउनबाट निषेध गरेको छ । विद्यार्थीबीच झगडा भएपछि यो घटना घटेको हो । विद्यार्थीहरूले माफी मागे पनि यो झगडाको कारण देखाएर प्रधानाध्यापकले यस्तो निषेध गरेको हो । प्रधानाध्यापक जयकान्त ठाकुरले दलित विद्यार्थीहरूलाई निषेध गर्ने निर्णय गरेको छ ।

स्रोत : अन्नपूर्ण पोष्ट, २००५ ।

दलित विद्यार्थीहरूप्रति केही शिक्षकहरूका व्यवहार असंवेदनशील र विभेदकारी छ। जातीय छुवाछूत र विभेदले गर्दा कतिपय दलित विद्यार्थीहरू आफूले राजेको विद्यालयमा जान सक्दैनन् (घटना ७.७) । दलित विद्यार्थीहरूले छुट्टै बसेर अपमानजनक तरिकाले खानुपर्ने अवस्था छ (युनिसेफ, २००६) ।

घटना ७.७ विद्यालयमा विभेद किन ?

एक्काइसौं शताब्दीमा आइपुगेर पनि जातीय विभेदका व्यवहारहरू कायमै छ । सबै मानवहरू प्रकृतिका उपहार हुन् । विद्यालयमा अझै पनि भेदभाव किन छ ? नवलपरासी जिल्लाको दूर ग्रामीण क्षेत्रका बहुसङ्ख्यक जनता दलित छन् । विद्यायलका शिक्षकहरूले दलितको हैसियतमा व्यवहार गर्दा साह्रै नराम्रो लागेको छ। उनीहरूले हामीलाई धारा, खाना छुन र भान्सामा पस्न दिँदैनन् । विभेद भए पनि वास्तवमा विद्यालय भनेको मन्दिर हो ।

स्रोत : शैक्षिक पृष्ठहरू, २००६ ।

स्थलगत अध्ययनका बेला उत्तरदाताहरूले दिएको जानकारीअनुसार कक्षामा शिक्षकहरूले दलितहरूविरुद्ध अपहेलना शब्द, उखानटुक्का र उदाहरणहरू दिने गर्दछन् । ५ जातका दलित विद्यार्थीहरू यसको सिकार भएका छन् (तालिका ७.१३, परिशिष्ट क, तालिका ४) । दलित विद्यार्थीहरूलाई कक्षामा पछाडिको बेन्चमा बस्न लगाउने, शैक्षिक सामग्रीहरू प्रयोग गर्न नदिने र खेलकुदलगायतका क्रियाकलापहरूमा भाग लिन नदिने, गैरदलित विद्यार्थीहरूले दलित शिक्षकहरूलाई अभिवादन र सम्मान नगर्ने गर्दछन् ।

तालिका ७.१३ गैरदलित शिक्षकले दलित विद्यार्थीहरूविरुद्ध गर्ने जातीय विभेद

| क्रम सङ्ख्या | जातीय विभेदका रूप वा क्षेत्र | गैरदलितले दलितविरु | | | | | दलितले दलितविद्ध | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | जम्मा | १ | २ | ३ | ४ | जम्मा |
| १ | शिक्षकले दलित विद्यार्थीलाई कक्षामा पछाडिको बेन्चमा बस्न बाध्य बनाउँछन् | १ | १७ | ० | ० | १८ | ० | ० | ० | १८ | १८ |
| २ | दलित विद्यार्थीहरूलाई शैक्षिक सामग्रीहरू प्रयोग गर्न दिइँदैन | १ | १७ | ० | ० | १८ | ० | ० | ० | १८ | १८ |
| ३ | शिक्षकहरूले दलित विद्यार्थीको गृहकार्य र कक्षाको कामहरू ध्यान निएर हेर्दैनन् | ० | १७ | १ | ० | १८ | ० | ० | ० | १८ | १८ |
| ४ | दलित विद्यार्थीहरूलाई खेलकुद र अन्य गतिविधिहरूमा भाग लिन हतोत्साहित गर्ने वा नदिने | १ | १७ | ० | ० | १८ | ० | ० | ० | १८ | १८ |
| ५ | कक्षामा शिक्षकहरूले दलितविरुद्ध अपमानजनक शब्द, उखानटुक्का र उदाहरणहरू दिने | ६ | ८ | ३ | १ | १८ | १ | १४ | ० | ३ | १८ |
| ६ | दलित शिक्षकलाई गैरदलितहरूले अभिवादन गर्दैनन् | १ | ४ | ० | १३ | १८ | ० | ४ | ० | १४ | १८ |
| ७ | दलित शिक्षकलाई विद्यार्थीहरूले टेर्दैनन् | १ | ४ | ० | १३ | १८ | ० | ४ | ० | १४ | १८ |

*स्रोत : स्थलगत अध्ययन, २००६ /०७*

सङ्केत : १ = विद्यमान व्यवहार, २ = व्यवहारमा नभएको, ३ = व्यवहारमा भएको वा नभएको भन्न गाह्रो, ४ = लागू नहुने वा असान्दर्भिक

विद्यालय व्यवस्थापन समितिबाट विभेद

विद्यालय व्यवस्थापन समितिमा दलितहरूको प्रतिनिधित्व न्यून छ । समितिका सदस्यहरू छान्ने काम सम्बन्धित विद्यालयको प्रधानाध्यापक र विद्यायलय भएको वडाको अध्यक्ष र गा.वि.स.को अध्यक्षमा सीमित छ । दलित शिक्षकहरू पर्याप्त नहुनु र भएकाले निर्वाचन जित्ने हैसियत नहुनुले समितिमा दलितको प्रतिनिधित्व न्यून छ (कोइराला, १९९६) । कतिपय ठाउँहरूमा प्रधानाध्यापक र गैरदलितहरूले दलितहरूलाई समितिको सदस्यमा आउन नदिन सक्दो प्रयास गर्दछन् ।

घटना ७.८ दलित विद्यार्थीलाई रोक

बर्दियाको महम्मदपुर गा.वि.स. को वडा ४ मा अवस्थित गौरीशङ्कर निम्नमाध्यमिक विद्यालयका प्रधानाध्यापक रामनारायण पण्डित र पूर्वप्रधानाध्यापक दीवाकर मिश्रले विद्यालय व्यवस्थापन समितिमा दलितलाई उम्मेदवारी दिन रोक लगाएर आफ्नै नातेदारलाई मनोनित गरेका छन् ।

स्रोत : नेपाल समाचारपत्र, २००६ ।

विद्यालय व्यवस्थापन समितिका सदस्यहरू छनौट गर्दा शक्ति, पैसा र सामाजिक सम्बन्ध महत्वपूर्ण हुन्छ । दलितसँग यी केही पनि छैनन् । दलित जनसङ्ख्या धेरै भए पनि एकतिहाइ विद्यालय व्यवस्थापन समितिमा मात्र दलितको प्रतिनिधित्व छ (न्यू एरा, २००५ : ३४) । विद्यालय व्यवस्थापन समितिको मुख्य काम शिक्षक भर्ना, स्रोत व्यवस्थापन र शिक्षाको गुणस्तरमा ध्यान दिन महत्वपूर्ण भूमिका निर्वाह गर्ने हो ।

स्थलगत अध्ययन गर्दा उत्तरदाताहरूले दिएको जानकारीअनुसार दलितविरुद्ध भएका विभेदलाई रोक्न सकेको देखिँदैन (तालिका ७.१४, परिशिष्ट क, तालिका ३) ।

तालिका ७.१४ विद्यालयमा दलित बिरुद्धका विभेद

| क्रम सङ्ख्या | जातीय विभेदका रूप वा क्षेत्र | गैरदलितले दलितविरुद्ध | | | | | दलितले दलितविरुद्ध | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | जम्मा | १ | २ | ३ | ४ | जम्मा |
| १ | विद्यालयको क्यान्टिनमा जान रोक | ३ | ६ | ० | ९ | १८ | ० | ० | ० | १८ | १८ |
| २ | कथित तल्लो जातका विद्यार्थीले कथित माथिल्लो जातका विद्यार्थीसँग सँगै बसेर खान सक्दैन | ३ | १४ | १ | ० | १८ | १ | १६ | १ | ० | १८ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | कथित तल्लो जातका विद्यार्थी वा उनका अभिभावकहरूले विद्यालयको वनभोज, पूजा, खाजा वा अन्य कार्यक्रमहरूमा सहभागी हुन पाउँदैनन् | ४ | १३ | १ | ० | १८ | १ | १५ | ० | २ | १८ |
| ४ | विद्यालय परिसरभित्र दलित विद्यार्थीहरूलाई पानीलगायत अन्य छुन नहुने भनिएका वस्तुहरू छुन दिइँदैन | ४ | १४ | ० | ० | १८ | २ | १५ | १ | ० | १८ |
| ५ | कक्षाकोठामा सँगै बस्न दिइँदैन | ० | १८ | ० | ० | १८ | ० | १८ | ० | ० | १८ |
| ६ | विद्यालयभित्रका खानाको कार्यक्रमहरू जस्तै– हलुवा वा खाजा खुवाउने कार्यक्रमहरूमा दलितलाई पकाउन दिइँदैन | ३ | ४ | ० | ११ | १८ | ० | ० | ० | १८ | १८ |

*स्रोत : स्थलगत अध्ययन, २००६ /०७*

सङ्केत : १ = विद्यमान व्यवहार, २ = व्यवहारमा नभएको, ३ = व्यवहारमा भएको वा नभएको भन्न गाह्रो, ४ = लागू नहुने वा असान्दर्भिक

घटना ७.९ दलित छात्रवृत्तिमा भ्रष्टाचार

नागरिक समाजले बनाएको अनुगमन समितिको एउटा प्रतिवेदनअनुसार नेपाल सरकारले दिने दलित छात्रवृत्तिमा व्यापक रूपमा भ्रष्टाचार हुने गरेको छ । जिल्ला शिक्षा कार्यालयका अधिकारीहरू र शिक्षकहरू स्वयं यस्ता भ्रष्टाचारहरुमा संलग्न छन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र शिक्षकहरूले दलित छात्रवृत्तिको दुरुपयोग गर्दछन् ।

स्रोत : राजधानी, २००६ ।

## पाठ्यक्रममा विभेद

पाठ्यक्रम शिक्षाको मुटु हो (तावा, १९६२) । पाठ्यक्रमले सामाजिक न्याय स्थापना गर्न, सामाजिक भेदभावहरू हटाउन, घृणा हटाउन, सम्मान जगाउन, अधिकार स्थापित गर्न र सीमान्तकृतहरूको जीवनस्तर उकास्ने परिवर्तन ल्याउन धेरै सघाउ पुऱ्याउँछ । ह्यामिल्टनका अनुसार लेखपढ गर्ने र सिक्ने काम कहिल्यै सकिँदैन (ह्यामिल्टन, १९९६) । शिक्षाको माध्यमबाट सांस्कृतिक मूल्यहरू निर्माण हुन्छ र सामाजिक संरचनाले शिक्षालाई निर्देशित गरेको हुन्छ । शिक्षाको एउटा महत्वपूर्ण उद्देश्य असमानता हटाउने हो । सामाजिक न्याय दिने पाठ्यक्रमले सामाजिक, सांस्कृतिकलगायतका विभेदहरू अन्त्य गर्नका लागि सहयोग दिने र सीमान्तकृत समुदायहरूलाई मूलप्रवाहीकरण गर्ने किसिमको हुनुपर्दछ ।

पाठ्यक्रमहरू प्राथमिक, निम्नमाध्यमिक र उच्चमाध्यमिक तहहरूमा तयार गरिन्छ । पहिलेका पाठ्यक्रम, पाठ्यसामग्री र पठनपाठनका विधिहरू परम्परालाई निरन्तरता दिने, प्रशासनिक कार्यका लागि मानव स्रोत र साधन आपूर्ति गर्नेतर्फ केन्द्रित थियो । सन् १९९० को जनआन्दोलनले ल्याएको राजनीतिक परिवर्तनसँगै निजी क्षेत्रका विद्यालयहरूले विद्यार्थीहरूको मागमा आधारित वैज्ञानिक र व्यावहारिक विषयतर्फ गुणस्तरीय अध्ययन–अध्यापनतर्फ ध्यान केन्द्रित गरेको पाइन्छ । यी निजी विद्यालयहरूले विकसित मुलुकका शिक्षण विधिलाई अँगालेका छन् । तैपनि पाठ्यक्रमहरू दलित, आदिवासी जनजाति, मधेसी, महिलालगायतका सीमान्तकृत समुदायहरूप्रति संवेदनशील छैनन् । पाठ्क्रममा राखिएका पाठ, कथा, उखानटुक्का, चित्र र उदाहरणहरू दलितविरुद्ध छन् (विश्वकर्मा, २००६) । राष्ट्रिय दलित आयोगले गरेको दलितको दृष्टिकोणमा पाठ्यक्रम र शिक्षक निर्देशनको पुनरावलोकन र अध्ययनमा देखाइएअनुसार विद्यालयका ६ वटा मूल विषयहरूमा निम्न कमिकमजोरीहरू देखिएको छ (राष्ट्रिय दलित आयोग, २००४, २००५–२००६) :

- पाठ्यक्रमहरूमा दलितका परम्परागत पेशागत प्रविधिहरू जस्तै– घन, औंठी, जुत्ता आदिका बारेमा केही उल्लेख गर्दैन ।
- दलित सामाजसेवी, वैज्ञानिक, ऐतिहासिक व्यक्तित्व, गायक, कवि र राजनीतिक व्यक्तित्वहरूको जीवनी समावेश गरेको छैन ।
- जातीय छुवाछूत तथा विभेद प्रत्यक्ष–अप्रत्यक्ष रूपमा अन्त्य गर्नेखालका कुनै पाठहरू छैनन् ।
- निम्नमाध्यमिक तहको पाठ्यक्रममा दलितको ऐतिहासिक योगदानका बारेमा उल्लेख छैन ।
- दलितहरूले कृषि सामग्री र घरायसी सामानहरू बनाउने उल्लेख छ तर प्रस्तुति भने नकारात्मक छ ।
- जातीय छुवाछूत तथा विभेद अन्त्य गर्नका लागि सन्देश जाने र नेपाली जनतालाई भावनात्मक रूपमा एकताबद्ध गर्न दलितको परम्परागत पेशा र कथाहरू भएका कुनै शिक्षण सामग्रीहरू छैनन् ।

- पाठ्यक्रमहरूमा दलितका विरुद्ध नकारात्मक छवि प्रस्तुत गर्ने असंवेदनशील र विभेदकारी शब्द, अवधारणा र चित्रणहरू छन् तर जातीय छुवाछूत र विभेद अन्त्य गर्नका लागि चाहिने सिक्ने र सिकाउने सामग्रीहरूको भने नितान्त अभाव छ।

**दलितको शैक्षिक विकासका लागि सरकारले गरेका पहलहरु**

नेपाल सरकारले सहस्राब्दी विकासका २ वटा लक्ष्यहरू समेटिएको डाकार कार्ययोजनाका ६ वटा उद्देश्यहरू प्राप्त गर्न पहल गरेको छ। यी पहलहरू यस प्रकार छन् :

- सङ्कटापन्न र लाभबाट वञ्चित समुहका बालबालिकाहरूलाई विशेष ध्यानमा राखी शिशु स्याहार कार्यक्रमलाई विस्तार र सुधार गर्ने।
- सन् २०१५ सम्ममा आदिवासी जनजातिका बालबालिकाहरूले समेत निःशुल्क अनिवार्य प्राथमिक शिक्षा सबै बालबालिकाहरू, खास गरेर केटीहरूलाई समेटिने गरी सुनिश्चित गर्ने।
- युवा र वयस्कका उपयुक्त सिक्ने र जीवनका आधारभूत सीपहरू सिक्ने कार्यक्रमहरूमा समान न्यायोचित पहुँच गराउने।
- सन् २०१५ सम्ममा महिलालाई विशेष ध्यान दिएर प्रौढ साक्षरताको कार्यक्रममा ५० प्रतिशतले बृद्धि गर्ने र वयस्कहरूका लागि आधारभूत र निरन्तर शिक्षामा समान न्यायोचित पहुँच बढाउने।
- सन् २००५ सम्ममा प्राथमिक र माध्यमिक शिक्षामा लैङ्गिक असमानता अन्त्य गर्ने र उच्च गुणस्तरको आधारभूत शिक्षा पाउने केटीहरूको पूर्ण र समान अवसरमा विशेष ध्यान दिने।

**नेपाल सरकारले केही दलितपक्षीय नीतिहरु अगाडि सारेको छ। ती यस प्रकार छन् :**

- शिक्षा ऐन १९७१ (आठौं संशोधन) : यो ऐनअनुसार प्राथमिक शिक्षा निःशुल्क हुनेछ, निम्नमाध्यमिक र माध्यमिक तहमा नाम मात्रको शुल्क लाग्नेछ, सरकारले पाठ्यपुस्तक उपलब्ध गराउनेछ, गरिब दलित, आदिवासी जनजाति र महिलालाई निःशुल्क शिक्षा दिने र निजी क्षेत्रका विद्यालयहरूले १० प्रतिशत छात्रवृत्ति दिने।
- शिक्षा विनियम २००२ : उमेर जाति र लिङ्गको आधारमा विद्यालयमा भर्ना भएका र नभएका बालबालिकाहरूको तथ्याङ्क छुट्याएर राख्नुपर्ने र यो आधारमा सहभागिता बढाउन आवश्यक कदम चाल्ने।
- सामुदायिक विद्यालयहरूले दलित, आदिवासी जनजाति र केटीहरूलाई निःशुल्क शिक्षाको व्यवस्था गर्ने।

वार्षिक रणनीतिक कार्ययोजना (२००६–(२००७) मा समावेशी प्रावधान : शिक्षा मन्त्रालयले समावेशी शिक्षाको आवश्यकता औंल्याएको छ। राम्रो वातातरण पाएमा सबै बालबालिकाहरूमा राम्रोसँग सिक्ने खुवी हुन्छ। खास परिस्थितिमा विद्यालय छाड्ने वा छाड्ने सम्भावना भएकाहरूको बेलैमा पहिचान गरेर आवश्यक सामाजिक, सांस्कृतिक र शैक्षिक

आवश्यकताप्रति संवेदनशील भएर सहयोग गर्ने भनिएको छ। खतरामा परेका समुहहरूमा दलित, आदिवासी जनजाति, सडकबालबालिका, द्वन्द्वपीडित बालबालिका, बालश्रमिक, बेचिएका बालबालिका, टुहुरा, जेल परेका आदि समेटिएको छ। दलितलगायत यी सबै बालबालिकाहरूका लागि विद्यमान सामाजिक, आर्थिक, सांस्कृतिक र भौगोलिक बाधाहरू हटाएर समावेशीकरण गर्न विभिन्न उपायहरू अवलम्बन गर्ने पनि भनिएको छ। सीमान्तकृत समुहहरूबाट शिक्षकहरू समावेश गर्न नीतिगत सुधार ल्याउने पनि उल्लेख छ।

**प्राविधिक शिक्षा तथा पेशागत प्रशिक्षण : दलितहरुले यस्ता प्रशिक्षण पाउने गरेका छन् .**

शिक्षा मन्त्रालयको शिक्षक शिक्षा योजना (२००३–२००७) : सरकारले २,५०० दलित र आदिवासी जनजाति शिक्षकहरूलाई प्रशिक्षण दिनेछ। यो कार्यक्रम सुरुमा ११ जिल्लामा लागू गरिनेछ।

सहस्राब्दी विकास लक्ष्य र सबैका लागि शिक्षा : नेपाल सरकारले सन् २०१५ सम्ममा सबैका लागि शिक्षाको लक्ष्य प्राप्त गर्ने प्रतिबद्धता जनाए पनि दलित र अन्य सीमान्तकृत जनताहरूप्रति संवेदनशील शिक्षा र विकासयोजना नबनाएकोले यो लक्ष्य समयमा हासिल हुन नसक्ने निश्चित छ।

**दलित छात्रवृत्ति**

सरकारले दलितका लागि गरेका कामहरूमध्ये सबैभन्दा बढी देखिने छात्रवृत्तिको कार्यक्रम हो। यो कार्यक्रमले दलित विद्यार्थीहरूलाई फाइदा दिने भए पनि विद्यालय व्यवस्थापन समिति र शिक्षकहरूले दुरुपयोग गरेकोले घोषित लक्ष्य हासिल गर्न सकेको छैन। लक्षित दलित विद्यार्थीहरूले छात्रवृत्ति पाउन सकिरहेका छैनन्।

**छात्रवृत्तिका सम्बन्धमा सरकारले निम्न व्यवस्था गरेको छ :**

- प्राथमिक शिक्षाका लागि छात्रवृत्ति : केही जिल्लाहरूमा मासिक रु २५ र वार्षिक रु २५० को छात्रवृत्ति केही जिल्लाहरूमा सन् १९९४ देखि सुरु गरेको थियो। सन् २००४–२००५ मा यो कार्यक्रमलाई ७५ जिल्लामा लागू गरियो। सन् २००५–२००६ मा मासिक छात्रवृत्ति रकम रु. ५०० बनाइयो। यो कार्यक्रमको माध्यमबाट सरकारले ५८३,४४१ जना दलित विद्यार्थीलाई लाभ दिने योजना थियो।
- माध्यमिक शिक्षाका लागि छात्रवृत्ति : सन् २००३ देखि सरकारले प्रत्येक दलित विद्यार्थीलाई माध्यमकि शिक्षाका लागि रु ५०० छात्रवृत्ति दिने गरेको थियो। साथै दलित विकास समितिको माध्यमबाट १२ जना जेहेनदार विद्यार्थीलाई पुरस्कारको व्यवस्था गरेको थियो।
- उच्च शिक्षाका लागि छात्रवृत्ति : उपेक्षित, उत्पीडित, दलित वर्ग उत्थान समितिले वर्षेनी १६५ वटा छत्रवृत्ति दलित विद्यार्थीहरूलाई दिने गरेको छ। विद्यार्थीहरूले प्रमाणपत्र तहमा अध्ययन गर्न रु. १,५००, स्नातक र स्नातकोत्तर तहमा अध्ययन गर्न रु. २,००० र प्राविधिक विषयमा अध्ययन गर्न रु. ४,००० पाउँछन्।

सरकारले दलितका लागि छुट्याएको छात्रवृत्तिलगायतका कार्यक्रम प्रभावकारी तरिकाले कार्यान्वयन गरेको छैन । प्रभावकारी अनुगमनको अभावमा दलितका लागि छुट्याइएको छात्रवृत्ति सरकारी हाकिमहरूबाट दुरुपयोग भएर दलितको नाममा गैरदलितले फाइदा लिएको अवस्था छ।

दलितहरूको शिक्षाका लागि सरकारी र गैरसरकारी संघसंस्थाहरूको प्रयास अपर्याप्त भए पनि र कार्यान्वयन प्रभावकारी नभए पनि शिक्षाका विभिन्न तहहरूमा दलितको सहभागिता बढेर गएको छ। दलित बालबालिकाहरूमा विद्यालय जाने प्रवृत्ति बढेको छ। तैपनि विद्यालय जाने उमेरका ३० प्रतिशत दलित बालबालिकाहरू विद्यालयबाहिर छन् (बेसलाइन सर्वेक्षण, २००१)। तथ्य र तथ्याङ्कहरूले शिक्षामा खास गरेर विद्यालय भर्नामा दलित बालबालिकाहरूको सहभागिता बढेको देखिन्छ तर पढाइलाई निरन्तरता नदिएर विद्यालय छाड्ने सङ्ख्या धेरै भएकोले विद्यालयमा निरन्तरता दिन के गर्ने भन्ने ठूलो चुनौति छ।

प्राज्ञिक, साहित्यिक र कलाकर्मसँग सम्बन्धित संघसंस्थाहरूको नेतृत्वमा दलितको सहभागिताप्रज्ञा–प्रतिष्ठान, सिनेकलाकार संघ, प्रगतिशील लेखक संघ, प्राध्यापक संघ आदिमा दलितको प्रतिनिधित्व शून्य छ। ३० सदस्यीय नेपाल राष्ट्रिय शिक्षक सङ्गठनमा एकजना मात्र दलित छ।

तालिका ७.१५ प्राज्ञिक, साहित्यिक र कलाकर्मसँग सम्बन्धित संघसंस्थाहरूको नेतृत्वमा दलितको प्रतिनिधित्व

| संघ–संस्था | बाहुन /क्षेत्री | मङ्गोल/ किरात | मधेसी | दलित | नेवार | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| नेपाल प्रज्ञा–प्रतिष्ठान | ३७ | ४ | ० | ० | १६ | ० | ५७ |
| नेपाल सिनेकलाकार संघ | १५ | ० | ० | ० | २ | ० | १७ |
| नेपाल प्रगतिशील लेखक सङ्गठन | ३३ | २ | ० | ० | ४ | ० | ३९ |
| त्रिभुवन विश्वविद्यालय | ११२ | २ | २४ | ० | ७० | ० | २०८ |
| नेपाल कलेज शिक्षक सङ्गठन | १६ | ० | २ | ० | ३ | ० | २१ |
| नेपाल शिक्षक सङ्गठन | २४ | २ | ३ | १ | १ | ० | ३१ |
| नेपाल राष्ट्रिय शिक्षक सङ्गठन | २५ | ० | १ | ० | ३ | १ | ३० |
| जम्मा | २६२ | १० | ३० | १ | ९९ | १ | ४०३ |
| प्रतिशत | ६५.१ | २.४ | ७.५ | ०.२ | २४.६ | ०.२ | १००.० |

*स्रोत : न्यौपाने, २०००।*

निष्कर्षमा दलितहरूको शैक्षिक अवस्थामा सुधार गर्नका लागि सबै प्रकारका जातीय छुवाछूतलगायतका विभेदहरू अन्त्य र आरक्षण वा विशेष व्यवस्था गर्न आवश्यक छ।

# अध्याय - ८

# बाध्यात्मक श्रम र दलित महिलाविरुद्ध हुने बहुल विभेद

यो अध्यायमा दलितहरूले निरन्तरता दिन बाध्य हुनुपरेको बाध्यात्मक श्रममध्ये हलिया प्रथा र दलित महिलाले भोग्दै आएका जातीय विभेदका अतिरिक्त लैङ्गिक विभेदका सम्बन्धमा व्याख्या र विश्लेषण गएिको छ।

## बाध्यात्मक श्रम

जातीय विभेद, जातीय आधारमा भएको श्रमविभाजन, निरक्षरता र अशिक्षा, भूमिहीनता र अर्धसामन्ती व्यवस्थाले गर्दा बाध्यात्मक श्रमहरू खास गरेर बिष्ट, बालिघरे, खलो, हलिया आदि प्रथाहरूले निरन्तरता पाउँदै आएको छ। बिष्ट, बालिघरे, खलो आदि प्रथामा दलितले गैरदलितको घरमा वर्षभरि आफ्नो सीप र श्रमको काम गरिदिन्छन् र गैरदलितको खेतबाट अन्न भित्र्याउने बेलामा दलितले केही धान, मकै, गहुँ आदि अनाज पाउँछन्। यो प्रथामा पारिश्रमिक दिँदा नगदको लेनदेन हुँदैन। यी प्रथाहरूमध्ये हलिया प्रथा बाध्यात्मक श्रमको एउटा रूप हो। ह्युमन राइट्स् वाच र सेन्टर फर ह्युमन राइट्स् एन्ड ग्लोबल जस्टिसका अनुसार ३ प्रतिशत दलितको मात्र एक हेक्टरभन्दा बढी जमिनमाथि स्वामित्व छ (गोयल, २००५ : ११)। नेपालजस्तो कृषिप्रधान मुलुकमा भूमिहीन हुनु भनेको सुकुम्बासी वा कमैया वा हलिया हुनु हो। सेन्टर फर ह्युमन राइट्स् एन्ड ग्लोबल जस्टिसको एउटा प्रतिवेदनमा उल्लेख भएअनुसार यस्तो कथित माथिल्ला जातका प्रभुत्वशाली वर्गले ऋणमा आधारित बाध्यात्मक श्रम र खेत खाली राख्ने काम जानीबुझी गरेको काम हो (गोयल, २००५ : ११)। रबर्टसन र मिश्रका अनुसार सर्वेक्षण नभएको अवस्थामा के कति बँधुवा श्रमिकहरू छन् भन्न सकिन्न तर उनीहरूको सङ्ख्या हजारौं भएको अनुमान छ। रबर्टसन र मिश्रका अनुसार यी बँधुवा श्रमिकहरूले जीवनभर काम गरेर पाउने पारिश्रमिक विकसित देशका एकजना मानिसले रेस्टुराँमा खान खर्च गर्ने पैसा बराबर हुन्छ।

## बधुवा श्रमको कारण : हलिया प्रथा

हलिया प्रथा हुनुको दुई कारण छन् : १. जातीय विभेद र २. ऋणको बन्धन। नेपालमा हिन्दू धर्म, संस्कृति र समाजमा आधारित जातिपातिको प्रथा भएकोले दलितहरूले श्रमजन्य काम गर्नुपर्ने र बाहुनहरूले लेखपढ र कर्मकाण्डी पुरेतको काम गर्ने भएकोले खेतमा हलो जोत्नेलगायतका काम दलितको काम मानिन्छ। रबर्टसन र मिश्र (१९९७ : १) का अनुसार शक्तिशाली परम्पराले दलित वा केही आदिवासी जनजातिहरूलाई मात्र हलिया राखी खेत खनजोत गर्ने काम हुन्छ। खेतिपातिको उत्कर्ष समयमा कृषिमजदुरको माग उच्च हुन्छ तर कथित माथिल्लो जातका मानिसहरूले श्रमको काम गर्दैनन्। त्यसैले यस्ता कामहरूमा

दलितहरूलाई लगाउने प्रचलन व्यापक छ तर यस्तो गर्दा दलितले पैसा पाउँदैनन्। रबर्टसन र मिश्र (१९९७ : २) का अनुसार यस्तो व्यवस्था दास, दासव्यापार, त्यस्ता संस्था र व्यवहारहरू अन्त्य गर्नेसम्बन्धी महासन्धिको ठाडो उल्लङ्घन हो। रबर्टसन र मिश्र (१९९७ : ३४–४०) का अनुसार हलियालगायतका बँधुवा श्रमले निरन्तरता पाउनुका १० वटा कारणहरू छन् : सामन्ती अवशेष, विर्ता, जागिर र रकमको भूमिव्यवस्था, जमिन्दारी व्यवस्था, भूमिसुधारको असफलता, सीमान्तकरण र भूमिहीनता, ऋण, ऋणमा आधारित खेती मजदुरी र विभेद। सेन्टर फर ह्युमन राइट्स् एन्ड ग्लोबल जस्टिस (२००५ : ८) का अनुसार जमिनदारहरूले दलितले लिएको ऋणको व्याज गैरदलितलाई भन्दा चर्को लिने भएकोले ऋणको साँवा र व्याज तिर्न नसकी साहुको बँधुवा श्रमिक भएर बस्नुपर्ने बाध्यात्मक अवस्था सृजना गर्न जानिबुझी गरिएको व्यवस्था हो।

## हलिया प्रथाको प्रकृति

खस नेपाली भाषामा हलिया शब्दको उत्पत्ति हली शब्दबाट भएको हो। हली भनेको खेतमा हलो जोत्ने मानिस हो। हलिया प्रथा नेपाललगायत दक्षिण एसियाली क्षेत्रमा भएको कृषि श्रमिकको एउटा रूप हो। हलिया प्रथा खास गरेर सुदूर मध्यपश्चिम क्षेत्रमा मात्र भएको ठानिए पनि यो प्रथा नेपालको सबै ग्रामीण क्षेत्रमा विद्यमान छ। हलिया तीन प्रकारको भएको पाइन्छ : १. नियमित हलिया, २. मौसमी हलिया र ३. पटके हलिया। हलिया हुनुको कारण केही हजार रुपैयाँ ऋण भएको देखिन्छ। दलितहरूले साहुसँग छोराछोरीको विवाह र मर्दापर्दादेखि चाडपर्वमा खर्च गर्नका लागि ऋण लिने गर्दछन्। चर्को व्याज र आम्दानीका स्रोत नभएकाले जीवनभर ऋण तिर्न नसक्ने अवस्था उत्पन्न हुन्छ। यसरी ऋण लिएको दलित साहुले चाहेको अवस्थामा खेतिपातिको काम गर्न बाध्य हुन्छ। विरामी भएको बेला साहुको घरमा काम गर्न आफ्नो परिवारको अर्को सदस्यलाई भए पनि पठाउन बाध्य छन्। रबर्टसन र मिश्र (१९९७ : ५) का अनुसार दलित बँधुवा श्रमिकले ऋण मुक्त हुनका लागि आफ्नो भूमि बन्धकीमा छैन भने बेच्न सक्छ तर यस्तो गर्दा भूमिहीन हुन जान्छ।

हलियाले आफ्नो जीविकाको व्यवस्था आफैँले गर्नुपर्दछ। खेतिपातिको मौसम सकिएको बेला हलियाहरूले काम पाउँदैनन्। त्यसैले खाली भएको बेला भारतमा कामको खोजीमा जाने गर्दछन्। बाहिर कामको खोजीमा गए पनि साहुको काम गर्ने बेलामा जहाँ गए पनि फर्केर आउन बाध्य छन्। साहु कथित माथिल्लो जात र हलियाचाहिँ दलित हुने भएकोले साहुले दलितलाई हेप्ने गर्दछन्। रबर्टसन र मिश्र (१९९७ : ६) ले एउटा तथ्य कथा उल्लेख गरको छ जुन यस प्रकार छ :

> धान रोप्ने बेलामा मैले केही दिन विहानदेखि बेलुकीसम्म हिलोमा काम गरेँ। खुट्टा र पाइताला पानीमा कैयन् दिन भिजेकाले नराम्रोसँग दुखेको र सुन्निएको पनि थियो। म पानीनजिक जान नसक्ने अवस्थामा थिएँ। एक साँझ साहु घरमा आए र मलाई गोरु खोलामा लगेर नुहाइदे भने। मैले साहुलाई सुन्निएको र दुखिरहेको खुट्टा देखाएर पानीमा जान नसक्ने बताएँ। मैले जान्नँ भनेपछि साहुले मलाई कुट्यो। अरू मान्छेहरू आएर मलाई कुट्नबाट रोके। अर्को दिन

विहान मैले गोरु धुने काम त गरिनँ तर खेतमा काम गर्न भने गएँ। साहुले पनि केही भनेनन्।'

हलिया पुरुष दलित हुन्छ। महिला हुँदैनन् किनभने एक त महिलाले जोत्न हुँदैन भन्ने आमधारणा छ र अर्कोतिर, महिलाको नाममा जग्गाको स्वामित्व नहुने र महिलाको नाममा पैतृक सम्पत्तिको रूपमा रहेको जमिन हस्तान्तरण नहुने र ऋण लिनका लागि जग्गा बन्धकी राख्न नसक्ने भएकोले महिलाले ऋण लिन सक्दैनन्। हलियाको श्रीमती र परिवारका अन्य महिला सदस्यहरूले साहुको घरका कामहरू खास गरेर घाँसपात ल्याउने, मल बोक्ने, गाईवस्तुलाई खुवाउने आदि काममा सघाइदिन्छन्। हलियाका बालबच्चाहरूले साहुका गाईवस्तु र बाख्राहरू खेतमा चराउन सहयोग गर्दछन्। रबर्टसन र मिश्र (१९९७ : २२) का अनुसार हलियाका बालबच्चाहरू विद्यालय जाने भनेको अति दुर्लभ कुरा हो र आधाभन्दा कम हलियाहरूले आफ्ना छोराछोरीलाई विद्यालय पठाउँछन्। खेतिपातिको बेलामा हलियाका छोरीहरूले विद्यालय नगएर घरमा साना भाइबहिनीहरूको स्याहार गर्न बस्नुपर्छ।

### दलित महिलाविरूद्ध हुने बहुल विभेद

नेपालमा दलित र महिला दुवैमा एकरूपता नभएर बहुलता छ। नेपालमा जैविक र सामाजिक–सांस्कृतिक विविधता छ। सामाजिक–सांस्कृतिक विविधतामा नश्ल, जातजाति, भाषा, धर्म, संस्कृति, लिङ्ग, क्षेत्र र वर्गको पनि विविधता छ। नेपालको अहिलेको दुई करोड पचास लाखजति जनसङ्ख्याको आधाभन्दा केही बढी जनसङ्ख्या महिलाको छ। दलित महिलाविरुद्ध भएका विभेदहरू यस प्रकार छन् (तालिका ८.१) :

- महिला दलितले गैरदलित र दलित पुरुषहरूबाट लैङ्गिक विभेद भोग्ने गरेका छन्।
- मधेसी दलितहरूले पहाडियाहरूबाट क्षेत्रगत विभेद भोग्ने गरेका छन्।
- गैरहिन्दू दलितहरूले हिन्दूहरूबाट धार्मिक विभेद भोग्ने गरेका छन्।
- गैरखस नेपालीभाषी दलितहरूले खस नेपालीभाषीहरूबाट भाषिक विभेद भोग्ने गरेका छन्।
- तल्लो वर्गका दलितहरूले माथिल्लो वर्गका मानिसहरूबाट वर्गीय विभेद भोग्ने गरेका छन्।

तालिका ८.१ दलित महलिाविरु४ हुने बहुल विभेद

| दलित | लिङ्ग | विभेदका तहहरू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दलितको हैसियतमा | | क्षेत्रगत, भाषिक र धार्मिक समुहको हैसियतमा | | | महिलाको हैसियतमा | |
| | | गैरदलितले | दलितले | पहाडियाले | खस नेपालीभाषीले | गैरदलित हिन्दूहरूले | गैरदलित पुरुषले | दलित पुरुषले |
| पहाडी दलित | पुरुष | √ | √ | | | | | |
| | पुरुष | √ | √ | | | | √ | √ |
| मधेसी दलित | पुरुष | √ | √ | √ | √ | | | |
| | महिला | √ | √ | √ | √ | | √ | √ |
| गैरहिन्दू दलित | पुरुष | | | | | √ | | |
| | महिला | | | | | √ | √ | √ |
| मातृभाषीहरू | पुरुष | | | | √ | | - | - |
| | महिला | | | | √ | | √ | √ |

### दलित महिलाविरूद्ध दलित भएको नाताले जातीय छुवाछूतलगायतका विभेदहरु

गैरदलितहरूले दलित महिला र पुरुषविरुद्ध जातीय छुवाछूत र विभेद गर्दछन्। दलित महिलाहरूले जातीय छुवाछूत र विभेद सबैभन्दा पहिला गैरदलितहरूबाट भोग्ने गर्दछन्। कथित तल्लो जातका दलित महिलाहरूलाई कथित माथिल्लो जातका दलित महिला र पुरुषहरूले जातीय छुवाछूत र विभेद गर्दछन्। दलित महिलाहरूलाई दलित पुरुषहरूलाई जस्तै सार्वजनिक पानीपँधेरा, मन्दिर र होटलरेस्टुराँलगायतका क्षेत्रमा छुवाछूत गरी प्रवेश निषेध गरिएको छ। गैरदलितहरूले दलित महिलाहरूलाई विष्ट, बालिघरे र खलो प्रथाका माध्यमबाट श्रमशोषण गर्दछन्।

### दलित महिला र बालिकाविरूद्ध

दलित महिला तथा बालिकाहरूले गैरदलित, दलित पुरुष र बालकहरूबाट लैङ्गिक विभेद बेहोर्छन्। लैङ्गिक विभेद आदिवासी जनजातिहरूको समाजमा भन्दा हिन्दू समाजमा चर्को छ किनभने हिन्दू समाज पितृसत्तामा आधारित छ। दलित परम्पराको हिसाबले हिन्दू धर्म, समाज र संस्कृतिअन्तर्गत पर्दछन्। दलित महिलाहरूले गैरदलित महिलाहरूले जस्तै त्रि–भूमिका अर्थात् प्रजनन, उत्पादनशील र सामुदायिक भूमिका निभाउने गरेका छन्। दलित महिलाहरूलाई घरपरिवारको चारदिवारभित्र बच्चा पाउने, बच्चा स्याहार्ने र हुर्काउने, खाना पकाउने, भाँडा माझ्ने, लुगा धुनेजस्ता घरधन्दा र चुल्हाचौकामा सीमित गरिएको छ।

धेरैजसो दलितहरूसँग जग्गाजमिनमा स्वामित्व हुँदैन र भएकाहरूको घरपरिवारमा पनि दलित महिलाहरूलाई जमिन, घर, गहना, नगद आदिमा पहुँच र नियन्त्रण हुँदैन। बाहुनी–क्षेत्रिनी महिलाको तुलनामा दलित महिलाहरूलाई श्रम र आयआर्जनको काम गर्न बाहिर हिँड्डुल गर्ने स्वतन्त्रता छ।

दलित महिलाहरू कुटपिट, बलात्कार र वचनलगायतका शारीरिक र मनोवैज्ञानिक दुवै प्रकारका महिलाविरुद्धको हिंसाको सिकार हुने गरेको साथी नामक गैरसरकारी संस्थाको एउटा अध्ययनले देखाएको छ। साथीको अध्ययनअनुसार दलित महिलाहरू बलात्कारको सिकार हुने सम्भावना २१ प्रतिशत छ भने बाहुनी–क्षेत्रिनीहरूको ६ प्रतिशत छ। त्यस्तै गरी न्यू एरा नामक निजी क्षेत्रको संस्थाले गरेको एक अध्ययनअनुसार चेलिबेटी बेचबिखनमा पर्ने दलित महिलाहरू आदिवासी जनजाति महिलापछि दोस्रो ठूलो समुहमा पर्दछ (तालिका ८.२)। सुदूर पश्चिम र मध्यपश्चिमका पहाडी क्षेत्रहरूमा दलित महिलालाई गैरदलित पुरुषले गर्भवती बनाएको अवस्थामा असुरक्षित गर्भपतन गर्न वा पैसा दिएर अरू केटासँग विवाह गर्न बाध्य पार्ने गर्दछन् (भट्टचन र अन्य, २०००)।

तालिका ८.२ भारतमा यौनकर्मीको पेशामा बेचिएका चेलीहरूको प्रतिशत

| क्रम सङ्ख्या | जात–जाति | नेपालमा यौनकर्मी सङ्ख्या ८,२८२ | भारतमा बेचिएका चेली सङ्ख्या १,९२१ |
|---|---|---|---|
| १ | आदिवासी जनजाति | ३७.२ | ४२.३ |

| | | | |
|---|---|---|---|
| २ | दलित | ३३.७ | २६.९ |
| २.१ | दमाई, कामी, सार्की, गाइने, सुनार र अन्य कथित तल्लो जातकाहरू | २७.८ | २५ |
| २.२ | वादी | ४.२ | ०.६ |
| २.३ | मुसहर, डोम, भाँड, दुसाध | १.७ | १.३ |
| २.४ | बाहुन, क्षेत्री र तराईका जातहरू | २६.८ | १८.७ |
| २.५ | अन्य र थाहा नभएको | २.५ | ११.९ |
| | जम्मा | १००.० | १००.० |

*स्रोत : एकीकृत विकास अध्ययन संस्था, २००२ : १३३ को तालिका ५९ मा आधारित।*

टिप्पणी : एकीकृत विकास अध्ययन संस्थाले न्यू एरा, नेपाल १९९८ मा आधारित गरेको।

मधेसी समुदायमा महिलाविरुद्ध हुने विभेद पहाडका महिलाले भोग्ने लैङ्गिक विभेदभन्दा चर्को छ। मधेसमा अझै पनि कतिपय महिलाहरूले घुम्टोले अनुहार छोप्ने गर्छन्। आजकाल विभिन्न सरकारी र गैरसरकारी संस्थाहरूले चलाएको लैङ्गिक सचेतनाको कारण घुम्टो छोप्ने चलन हटेर गएको छ।

ह्युमन राईट्स वाच नामक संस्थाको सन् १९९९ को एउटा प्रतिवेदनअनुसार : नेपालमा दलित महिलाहरूको घरभित्र र बाहिर आर्थिक सीमान्तकरण र शोषण हुन्छ। शारीरिक श्रम र कृषि क्षेत्रमा काम गर्ने सबैभन्दा ठूलो समुह भएकोले उनीहरूको पेशा फोहोर व्यवस्थापन, सिनो उठाउने र छालाका कामहरू हुन्। जति कठिन र लामो समय काम गरे पनि ज्यालामा शोषण हुने गरेकोले जति पैसा कमाए पनि खानलाउनै पुग्दैन। केही गाउँहरूमा दलित महिलाले वर्षमा १० देखि २० किलोसम्मको अनाज कमाउँछन् र यो कमाइले जीवन धान्न सक्दैनन्। कतिपय यौन व्यवसाय अँगाल्न बाध्य भएका छन्। एउटा जात खास गरेर वादी जातका महिलाहरूलाई भारतको वेश्यालयहरूमा यौन पेशामा संलग्न गर्न बेचिएका छन् (हेर्नुहोस् सि.एच.आर.जी., २००५ : १३)।

**दलित महिलाविरूद्ध हुने हिंसा निम्न छन् :**

चेलिबेटी बेचबिखन : भारतका वेश्यालयहरूमा बेचिने नेपाली चेलीहरूमा आदिवासी जनजाति र दलित समुदायका महिलाहरू धेरै छन्। दलितअध्येता मीन विश्वकर्माका अनुसार यस्तो अमानवीय काममा धकेल्ने कारणहरूमध्ये गरिबी र निरक्षरता प्रमुख हुन् भने आकर्षण गर्ने कारणहरूमा रोजगारीको झुठो प्रलोभन र नक्कली विवाहहरू हुन् (विश्वकर्मा, २००५ : ४४)।

अन्तरजातीय विवाह : मीन विश्वकर्माका अनुसार दुई प्रकारका अन्तरजातीय विवाह समस्यामूलक छन्। ती हुन् : दलित केटी र गैरदलित केटाबीच तथा दलित केटी र केटाबीचको अन्तरजातीय विवाह। दलित केटा र गैरदलित केटीबीच भएको अन्तरजातीय विवाहमा भएका समस्याहरूमा विवाहपछि यौनसम्बन्ध राखेर विवाहकै दिन छाडिदिने, पैतृक सम्पत्तिबाट विमुख गर्ने, समुदायले दुवै जोडीलाई बहिष्कार गर्ने, परिवारले कानुनको सहारा लिएर विवाह गैरकानुनी बनाउने, केटीलाई अनावश्यक दुख र मानसिक यातना दिने र केटाको जात तल

खसाल्नेलगायतका समस्याहरू मुख्य छन् (विश्वकर्मा, २००५ : ४४–४५)। त्यस्तै गरी दलित केटा र केटीबीच भएको अन्तरजातीय विवाहमा विवाहअगाडि व्यवधान, केटाकेटी दुवैलाई मानसिक यातना, झुठा मुद्दा लगाउने, प्रहरीको नियन्त्रणमा राख्ने, डरधम्की देखाएर विवाह वदर गर्ने र समुदायबाट बहिष्कार गर्नेलगायतका समस्याहरू छन्।

दहेज : दहेज मधेसी समाजमा व्याप्त छ (पासवान, २००५ : ६६–६७)। दलित दुलहीहरूले दाइजो नभएको वा कमीको कारण शारीरिक र मानसिक यातना पाउनुका साथै केहीको दाइजोकै कारण मृत्यु पनि हुने गर्दछ। प्रायजसो मधेसी दलितहरू गरिब भएकोले दाइजो ठूलो समस्या हो।

पर्दा प्रथा : पर्दा प्रथामा महिलाले अनुहार र टाउको सलले छोप्नुपर्दछ। यसको अर्थ महिलाले पुरुषसँग बोल्दा छोपिएको अनुहार देखाउन हुँदैन भन्ने हो (पासवान, २००५ : ६६–६७)। कतिपय मधेसी दलित महिलाहरूले यो प्रथालाई निरन्तरता दिएको देखिन्छ। यस्तो प्रथाको धेरै नकारात्मक असरहरू छन्। जस्तै : महिलाको व्यक्तित्व विकास नहुने, शिक्षा हासिल गर्न नसक्ने, स्वतन्त्रसँग हिँड्डुल गर्न नसक्ने र सार्वजनिक जीवनमा भाग लिन नसक्ने आदि।

बोक्सीको आरोपमा कुटपिट : तराईका कतिपय ठाउँहरूमा गैरदलितलाई केही नराम्रो भयो भने दलित महिलालाई बोक्सीको आरोप लाग्ने गरेको छ (पासवान, २००५ : ६७)। आरोपित दलित महिलालाई गैरदलितहरूले कुटपिट गर्दछन्।

आत्महत्या : केही दलित महिलाहरू जातीय र लैङ्गिक विभेदको सिकार सहन नसकेर आत्महत्या गर्दछन्।

हिंसात्मक द्वन्द्वका बेला यौनहिंसा : सरकार र माओवादीबीच भएको सशस्त्र द्वन्द्वका बेला दलित महिलाविरुद्ध यौनहिंसाका घटनाहरू घटेका छन्। सेन्टर फर ह्युमन राइट्स् एन्ड ग्लोबल जस्टिसका अनुसार माओवादी जनयुद्ध आधिकारिक रूपमा सुरु भएको घोषणा हुनुअघिदेखि नै राज्यका सुरक्षाकर्मीहरू आधा रातमा दलितका घरमा पस्नु र जाँडरक्सी खाएका प्रहरी हाकिमहरूले दलित महिलाको यौनशोषण गर्ने काम सामान्य थियो। विद्रोहका बेला गाउँघरमा अत्यधिक सङ्ख्यामा सुक्षाकर्मीको तैनाथ र उनीहरूसँग जोकोहीलाई पनि हिरासतमा लिने, सोधपुछ गर्ने अधिकार भएको र गाउँलेहरूलाई डरधम्की देखाएर यौनदुर्व्यवहार र शोषण गर्दछन्। राज्यले विद्रोहको प्रतिरोध गर्ने क्रममा सशस्त्र सुरक्षाकर्मीहरू दलितका घरमा विनारोकटोक पस्ने र दलित महिलाहरूलाई सिकार बनाउने गरेका छन्। सन् २००५ को एमनेस्टी इन्टरनेसनलको एउटा प्रतिवेदनअनुसार गाउँघरमा खोजतलासका क्रममा सुरक्षाकर्मीहरूले महिलाहरूलाई बलात्कार गरेका कैयन् घटनाहरू सार्वजनिक भएका छन्। कथित माथिल्लो जातका सुरक्षाकर्मीहरूबाट सीमान्तकृत समुदायका महिलाहरू विशेष सिकार भएका छन् (सि.एच.आर.जी., २००५ : ३५–३६)।

## मधेसी दलित महिलाविरूद्ध क्षेत्रगत विभेद

मधेसी दलितलगायतका मधेसीहरूलाई पहाडिया बाहुन–क्षेत्रीहरूले सन् १७६९ देखि

क्षेत्रगत विभेद गर्दै आएका छन् । मधेसी दलितलगायत सबै मधेसीहरूलाई दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गर्दै आएको छ। मधेसी दलित मधेसको ठूलो जनसङ्ख्या भएको समुदाय हो । सन् १९५० अघि मधेसीहरू काठमाडौं आउँदा प्रवेशाज्ञा चाहिन्थ्यो । मधेसका राजनीतिक नेता र राजनीतिक दलहरूले ४ लाख मधेसीहरूले नागरिकताको प्रमाणपत्र नपाएको बताउँदै आएका छन् । मधेसी समुदायमा महिला आधाभन्दा केही बढी भएकोले र धेरैजसो महिलाहरूले नागरिकता नपाएको अवस्था छ । सरकारले घरघरमा नागरिकताको प्रमाणपत्र वितरण गर्ने निर्णय गरकोले धेरै मधेसी दलित महिला र पुरुषले नागरिकता पाउन सम्भव भएको देखिएको छ। गरिबी, निरक्षरता, सचेतनाको अभाव आदिले गर्दा कतिपय दलितहरूले नागरिकता नपाउने स्थिति पनि छ।

### गैरखस नेपाली भाषाभाषी दलितहरुविरूद्ध खस नेपाली भाषाभाषीबाट विभेद

पहाडी दलितहरूले बाहुन–क्षेत्रीहरूले जस्तै खस नेपाली भाषा प्रयोग गर्ने र खस नेपाली भाषालाई सरकारी कामकाजको एक मात्र भाषा मानिएकाले भाषिक समस्या बेहोर्नुपर्दैन । तर मधेसका दलितहरूले भने खस नेपाली भाषाबाहेक तराईका विभिन्न भाषाहरू प्रयोग गर्ने भएकोले मधेसी दलितहरूले आदिवासी जनजातिहरूले जस्तै भाषिक उत्पीडन सहनुपरेको छ। नेपालमा १२५ भन्दा बढी भाषा र भाषिकाहरू छन्। मधेसका दलितहरूले मैथिल, भोजपुरा, अवधी, देहाती आदि भाषाहरू प्रयोग गर्दछन्। केही मधेसी नेता र दलहरू हिन्दीलाई मधेसको सम्पर्क भाषा हो भन्ने दावी गर्दछन् तर धेरै मधेसीहरू यस्तो मान्न तयार देखिँदैनन्।

दलितआन्दोलनले भाषिक अधिकारका बारेमा चासो देखाउन थालेको भने धेरै भएको छैन। यस्तो हुनुको एउटा कारण दलितआन्दोलनमा पहाडी दलितहरूको सहभागिता र योगदान बढी भएको र पहाडी दलितहरूले भाषाको समस्या नभोग्नु हो । मधेसी दलितहरूको आन्दोलन पनि अघि बढिरहेकाले आन्दोलनका नेताहरूले भाषिक समस्या उठाउन थालेका छन्। मधेसी दलितहरूको साक्षरता दर तल पर्नु र अझ खास गरेर मुसहरको साक्षरता दर नेपालको जातजातिहरूमा सबैभन्दा न्यून रहनु खस नेपाली भाषालाई सरकारी कामकाज, शिक्षा र सञ्चारमाध्यमहरूमा लादिनाले उत्पन्न भाषिक समस्याले गर्दा हो भन्ने प्रस्ट छ। मधेसी दलितहरूलाई भाषिक समस्या भएकोले साक्षर हुने, शिक्षा पाउने, सूचना र जानकारी पाउने, सीप विकास गर्नेलगायतका कामहरू गर्न नसक्ने अवस्था विद्यमान छ। लैङ्गिक दृष्टिकोणबाट पुरुषले भन्दा महिलाले बढी मातृभाषा प्रयोग गर्ने हुनाले भाषिक उत्पीडन दलित महिलामा अझ बढी छ भन्न सकिन्छ।

### हिन्दू र गैरहिन्दू दलित महिलाविरूद्ध हुने धार्मिक विभेद

जातपातको प्रथा हिन्दू धर्म, संस्कृति र समाजको उत्पादन भएकोले र यीसँग पितृसत्ताको गहिरो सम्बन्ध भएको कारणले हिन्दू महिलाहरू त्यसमध्ये पनि दलित महिलाहरूले चरम लैङ्गिक विभेद भोग्दै आएका छन्। खिस्तान र बौद्ध धर्ममा जातीय विभेद नहुने भएकोले केही दलित महिला र पुरुषहरूले यी धर्म अपनाएका छन्। तर यी धर्महरूमा पनि दलित महिलाहरूले लैङ्गिक विभेद भोग्दै आएका छन्। यी धर्मका ठूला अधिकारीहरू कथित माथिल्लो जातजातिका भएकोले अन्तरजातीय विवाह त्यत्ति सहज छैन भने महिलाहरूलाई आनी, पास्टर आदि बन्ने अवसर दिँदैनन्। खिस्तान धर्म अपनाएका दलित महिला र पुरुषहरूलाई हिन्दू धर्म मान्ने दलित र गैरदलितहरूले विभेद गर्दछन्।

# अध्याय - ९

## निष्कर्ष

दलित शब्दलाई नेपालको दलितआन्दोलनले स्वीकार गरिसकेको छ। नेपाल सरकार र राष्ट्रिय दलित आयोगले जातीय छुवाछूत र विभेदमा काम गर्न थालेको छ। नेपालको दलितआन्दोलन र यो अध्ययनको उद्देश्य नेपालमा जातीय छुवाछूत तथा विभेदको अन्त्य गर्ने र दलितको अधिकार सुनिश्चित गर्ने भन्ने हो। नेपाल सरकारले कानुनी रूपमा दलितहरूको सूचीकरण गर्न बाँकी छ।

नेपालमा विद्यमान संवैधानिक र कानुनी प्रावधानहरू जातीय छुवाछूत र विभेद अन्त्य गर्न पर्याप्त छैन। अझै पनि कतिपय संवैधानिक र कानुनी प्रावधानहरू दलितविरुद्ध विभेदकारी छ। जातीय छुवाछूत र विभेदविरुद्ध भएका कानुनहरू र ती कानुनहरूको प्रभावकारी कार्यान्वयनमा ठूलो खाडल छ। विद्यमान संवैधानिक र कानुनी प्रावधानहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकेको खण्डमा पनि जातीय छुवाछूत र विभेद घटाउन ठूलो योगदान पुग्ने थियो। जातीय छुवाछूत र विभेदबाट पीडितहरूलाई न्याय दिनका लागि आवश्यक कानुनी संयन्त्र छैन। नेपालले सबै प्रकारका जातीय विभेदविरुद्धको महासन्धि र डर्बन घोषणा तथा कार्ययोजनालगायतका अन्तर्राष्ट्रिय मानवअधिकारका दस्तावेजहरू अनुमोदन, सम्मिलन गर्ने गरेको छ तर यी सबैको कार्यान्वयन भने प्रभावकारी हुन सकेको छैन। राष्ट्रिय र अन्तर्राष्ट्रिय तहहरूमा दलितका हकअधिकारका लागि जनवकालत गरे पनि स्थानीय समुदायमा भएका दलितहरूलाई जातीय छुवाछूत र विभेदका विरुद्ध विद्यमान कानुनी प्रावधानहरूका बारेमा जानकारी छैन।

नेपाल सरकार, दातृ संस्थाहरू तथा राष्ट्रिय–अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले जातजातिका आधारमा सामाजिक र आर्थिक तथ्याङ्कहरू लिने गरेका छैनन्। दलितका बारेमा उपलब्ध केही तथ्याङ्कहरू पुराना छन्। सरकारी, गैरसरकारी, निजी संघसंस्थाहरू र दातृ संस्थाहरू, अनुसन्धाता र अध्येताहरूले दलितको आ–आफ्नै परिभाषा र तदनुरुप दलितको पहिचान गर्ने भएकोले धेरै समस्या सृजना भएकोमा राष्ट्रिय दलित आयोगले दलित र जातीय छुवाछूतको परिभाषा र दलितको पहिचान गरेकोले सबैलाई सजिलो भएको छ।

अप्रिल २००६ को जनआन्दोलनपछि नेपालमा शान्ति प्रक्रिया सुरु भएको छ र सङ्क्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ। राजनीतिक उतारचढाव र सङ्क्रमणकाल नीति, योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा मात्र बाधक भएको छैन, शान्तिपूर्ण तरिकाले नयाँ नीतिहरू ल्याउनका लागि पनि बाधक भएको छ। यो अवस्था दलितआन्दोलनका लागि एउटा अवसर पनि हो। यदि सरकारलाई दलितअधिकार सुनिश्चित गर्नका लागि सशक्त दबाब दिने हो भने अहिले संविधानसभाले नयाँ संविधान बनाउने जनादेश पाएकोले त्यसै माध्यमबाट दलितका हकअधिकारहरू अब बन्ने नयाँ संविधानमा सुनिश्चित गर्नका लागि ठूलो अवसर छ।

पहाडी दलित महिलाहरू दलित भएको कारणले र महिला भएको कारणले दोहोरो उत्पीडनमा परेका छन् । मधेसी दलितहरू दलित भएको कारणले र मधेसी भएको कारणले दोहोरो उत्पीडनमा परेका छन्। दलितहरूकै बीचमा  कोही माथि र कोही तल भएकाले तल परेकाहरूले दलितहरूबाटै उत्पीडन भोग्नुपरेको छ।

दलितहरू हिन्दू धर्म, संस्कृति र समाजका उपज हुन्। हिन्दू धर्म, संस्कृति र समाजले जातीय छुवाछूत र विभेदलाई प्रोत्साहित गरेको छ। निर्दलीय पञ्चायती राजनीतिक व्यवस्था हुँदा नेपालमा राज्यले पनि हिन्दू धर्मलाई राज्यको धर्मका रूपमा अङ्गीकार गरेको थियो र हिन्दू धर्मको प्रभुत्व थियो। बहुदलीय व्यवस्था आएपछि पनि यसले निरन्तरता पाएको थियो।

दलितहरू नेपालको जनसङ्ख्याको एकचौथाइजति भएको विश्वास गरिन्छ। दलितहरू नेपालको ७५ जिल्लामै छरिएर रहेका छन्। गैरदलितहरूले दलितहरूलाई र कथित मथिल्ला जातका दलितहरूले कथित तल्लो जातका दलितहरूलाई जातीय छुवाछूत र विभेद गर्दछन्। दलितको मानवअधिकारको रक्षा गर्नका लागि विद्यमान संवैधानिक र कानुनी प्रावधानहरू अपर्याप्त छन् र भएका प्रावधानहरूको कार्यान्वयन पनि फितलो छ। दलितहरूलाई सामाजिक, आर्थिक, शैक्षिक र राजनीतिक क्षेत्रलगायतका निजी र सार्वजनिक क्षेत्रहरूमा विभेद गरिन्छ। दलितहरूविरुद्ध श्रम तथा उपभोक्ता बजार र सार्वजनिक स्रोतहरूमा  विभेद गरिन्छ। अधिकांश दलितहरू गरिबीको रेखामुनि मात्रै छैनन्, कतिपय दलितहरू बँधुवा मजदुरको काम गर्न र कतिपय दलित महिलाहरू चेलिबेटी बेचबिखनमा पर्न बाध्य छन्। दलित महिलाहरू दलित र महिला भएका नाताले तथा मधेसी दलितहरू दलित र मधेसी भएका नाताले दोहोरो उत्पीडनमा पर्दै आएका छन्। दलितहरूको जीविकोपार्जन, शान्ति र समृद्धिका लागि जातीय, लैङ्गिक, भाषिक, धार्मिक, सांस्कृतिक, शैक्षिक र क्षेत्रगत विभेदहरूको अन्त्य गर्न अत्यावश्यक छ।

नेपालमा जातीय छुवाछूत र विभेद अन्त्य गर्नका लागि थुप्रै जनवकालतका चुनौति र अवसरहरू छन् । जानकार नीतिगत जनवकालतको आवश्यकता छ र त्यसका लागि प्राथमिकताका आधारमा अनुसन्धान गर्न आवश्यक छ। गहन अनुसन्धान र जनवकालतका लागि केही प्राथमिकताका विषयहरू भूमि, घर, सबै तहहरूमा समानुपातिक प्रतिनिधत्व र विशेष अधिकार हुन्। विश्वविद्यालय र सरकारले दलितका सवालहरूमा अनुसन्धान गर्न खासै ध्यान दिएको छैन।  अन्तर्राष्ट्रिय दातृ संस्था र गैरसरकारी संस्थाहरूले दलितका सवालमा चाहिनेजति ध्यान दिन सकेको छैन। दलितआन्दोलनले पनि केन्द्रदेखि स्थानीय तहसम्म र अन्तर्राष्ट्रिय तहमा पनि जातीय छुवाछूत र विभेद अन्त्य गर्नका लागि धेरै काम गरेको छ तर दलितआन्दोलनभित्र विभाजनका कारणले जति उपलब्धि प्राप्त गर्न सक्नुपर्ने हो त्यति उपलब्धि हासिल हुन सकिरहेको छैन।

नेपालमा जातीय छुवाछूत र विभेद अन्त्य गर्न सकिन्छ तर यसका लागि नेपाल सरकार, राजनीतिक दलहरू, सञ्चारमाध्यम, नागरिक समाज, दलितआन्दोलन, संयुक्त राष्ट्रसंघलगायतका अन्तर्राष्ट्रिय बहुपक्षीय र द्विपक्षीय संघसंस्थाहरू, गैरसरकारी संस्थाहरू र जनवकालत गर्ने संस्थाहरू, दलितआन्दोलनलगायत सबै सरोकारवालाहरूले ऐक्यबद्धतासहित प्रतिबद्धताका साथ काम गर्न अत्यावश्यक छ।

## परिशिष्ट–क : तालिकाहरू

### परिशिष्ट–क, तालिका १, जातजाति र लैङ्गिक जनसङ्ख्या (सन् २००१ को जनगणना)

| | जातजाति | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| जम्मा | नेपालको जनसङ्ख्या | ११,३५९,३७८ | ११,३७७,५५६ | २२,७३६,९३४ | १००.० |
| प्रभुत्वशाली जात | जम्मा | ३,४६४,२७३ | ३,५५८,९७४ | ७,०२३,२२० | ३०.८९ |
| १ | क्षेत्री | १,७७४,७०९ | १,८१८,७८७ | ३,५९३,४९६ | १५.८० |
| २ | ब्राह्मण/बाहुन– पहाडी | १,४२६,९१५ | १,४६९,५६२ | २,८९६,४७७ | १२.७४ |
| ३ | ठकुरी | १६४,६४३ | १६९,४७७ | ३३४,१२० | १.४७ |
| ४ | सन्यासी | ९८,००६ | १०१,१२१ | १९९,१२७ | ०.८८ |
| अल्पसङ्ख्यकहरू | जम्मा | ७,८९५,१०५ | ७,८१८,६०९ | १५,७१३,७१४ | ६९.११ |
| आदिवासी जनजाति | जम्मा | ४,०९०,८३९ | ४,१८१,१३६ | ८,२७१,९७५ | ३६.३१ |
| हिमाली | उप–जम्मा | ९५,३५४ | ९४,७५३ | १९०,१०७ | ०.८२ |
| ५ | शेर्पा | ७७,५११ | ७७,१११ | १५४,६२२ | ०.६८ |
| ६ | भोटे | ९,९५९ | ९,३०२ | १९,२६१ | ०.०८ |
| ७ | थकाली | ६,२१६ | ६,७५७ | १२,९७३ | ०.०६ |
| ८ | व्याँसी | १,०९४ | १,००९ | २,१०३ | ०.०१ |
| ९ | वालुङ | ५७४ | ५७४ | १,१४८ | ०.०१ |
| पहाडी | उप–जम्मा | २,९६७,१३९ | ३,०७१,३६७ | ६,०३८,५०६ | २६.५१ |
| १० | मगर | ७८४,८२८ | ८३७,५९३ | १,६२२,४२१ | ७.१४ |
| ११ | तामाङ | ६४१,३६१ | ६४०,९४३ | १,२८२,३०४ | ५.६४ |
| १२ | नेवार | ६२०,२१३ | ६२५,०१९ | १,२४५,२३२ | ५.४८ |
| १३ | राई | ३१२,३६३ | ३२२,७८८ | ६३५,१५१ | २.७९ |
| १४ | गुरुङ | २५९,३७६ | २८४,१९५ | ५४३,५७१ | २.३९ |
| १५ | लिम्बू | १७४,७६० | १८४,६१९ | ३५९,३७९ | १.५८ |
| १६ | घर्ती/भुजेल | ५८,७६० | ५९,५४५ | ११७,५६८ | ०.५२ |
| १७ | सुनुवार | ४८,०६५ | ४७,१८९ | ९५,२५४ | ०.४२ |
| १८ | चेपाङ (प्रजा) | २६,६८५ | २५,५५२ | ५२,२३७ | ०.२३ |
| १९ | थामी | ११,३९२ | ११,६०७ | २२,९९९ | ०.१० |
| २० | याख्खा | ८,१३२ | ८,८७१ | १७,००३ | ०.०७ |
| २१ | पहरी | ५,८०३ | ५,७०२ | ११,५०५ | ०.०५ |
| २२ | छन्त्याल | ४,५४५ | ५,२६९ | ९,८१४ | ०.०४ |
| २३ | ब्रह्मु/बरामु | ३,४४१ | ३,९४२ | ७,३८३ | ०.०३ |
| २४ | जिरेल | २,५८२ | २,७३४ | ५,३१६ | ०.०२ |
| २५ | दुरा | २,३७७ | २,७९२ | ५,१६९ | ०.०२ |

| | | | | | |
|---|---|---|---|---|---|
| २६ | लेप्चा | १,९३५ | १,७२५ | ३,६६० | ०.०२ |
| २७ | हायु | ८९२ | ९२९ | १,८२१ | ०.०१ |
| २८ | ह्योल्मो | २८१ | २९८ | ५७९ | ०.०० |
| २९ | कुसुन्डा | ८५ | ७९ | १६४ | ०.०० |
| भित्री मधेस | उप–जम्मा | १२३,९७५ | १२७,१४२ | २५१,११७ | १.११ |
| ३० | कुमाल | ४८,८८३ | ५०,५०६ | ९९,३८९ | ०.४४ |
| ३१ | माझी | ३६,३६७ | ३६,२४७ | ७२,६१४ | ०.३२ |
| ३२ | दनुवार | २६,१९२ | २७,०३७ | ५३,२२९ | ०.२३ |
| ३३ | दराई | ७,१९५ | ७,६६४ | १४,८५९ | ०.०७ |
| ३४ | बोटे | ३,८८१ | ४,०८८ | ७,९६९ | ०.०४ |
| ३५ | राजी | १,१११ | ३१२ | ६५८ | ०.०० |
| ३६ | राउटे | ३४६ | ३१२ | ६५८ | ०.०० |
| तराई | उप–जम्मा | ९०१,८१३ | ८८५,१७३ | १,७८६,९८६ | ७.८५ |
| ३७ | थारू | ७७४,९२४ | ७५८,९५५ | १,५३३,८७९ | ६.७५ |
| ३८ | राजवंशी | ४८,२३४ | ४७,५७८ | ९५,८१२ | ०.४२ |
| ३९ | सन्थाल/सत्तार | २१,५१५ | २१,१८३ | ४२,६९८ | ०.१९ |
| ४० | झाँगड/धाँगर | २०,८९२ | २०,८७२ | ४१,७६४ | ०.१८ |
| ४१ | गनगाई | १५,८०८ | १५,५१० | ३१,३१८ | ०.१४ |
| ४२ | धिमाल | ९,६४६ | ९,८९१ | १९,५३७ | ०.०९ |
| ४३ | ताजपुरिया | ६,५३२ | ६,७१८ | १३,२५० | ०.०६ |
| ४४ | मेचे | १,८३० | १,९३३ | ३,७६३ | ०.०२ |
| ४५ | किसान | १,३८२ | १,४९४ | २,८७६ | ०.०१ |
| ४६ | कोचे | ६९३ | ७३६ | १,४२९ | ०.०१ |
| ४७ | मुन्डा | ३५७ | ३०३ | ६६० | ०.०० |
| थाहा नभएको | उप–जम्मा | २,५५८ | २,७०१ | ५,२५९ | ०.०२ |
| ४८ | आदिवासी/जनजाति | २,५५८ | २,७०१ | ५,२५९ | ०.०२ |
| दलित | जम्मा | १,६१४,२३८ | १,६१९,२१० | ३,२३३,४४८ | १४.९९ |
| पहाडी दलित | उप–जम्मा | ७७७,८०४ | ८३३,३३१ | १,६११,१३५ | ७.०९ |
| ४९ | कामी | ४३२,९३७ | ४६३,०१७ | ८९५,९५४ | ३.९४ |
| ५० | दमाई/ढोली | १८८,३२९ | २०१,९७६ | ३९०,३०५ | १.७२ |
| ५१ | सार्की | १५३,६८१ | १६५,३०८ | ३१८,९८९ | १.४० |
| ५२ | गाइने | २,८५७ | ३,०३० | ५,८८७ | ०.०३ |
| मधेसी दलित | उप–जम्मा | ८३६,४३४ | ७८५,८७९ | १,६२२,३१३ | ६.७४ |
| ५३ | चमार/हरिजन/राम | १३८,८७८ | १३०,७८३ | २६९,६६१ | १.१९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५४ | धानुक | ९७,५०७ | ९०,६४३ | १८८,१५० | ०.८३ |
| ५५ | मुसहर | ८८,०४१ | ८४,३९३ | १७२,४३४ | ०.७६ |
| ५६ | दुसाध/पासवान/पासी | ८२,१७३ | ७६,३५२ | १५८,५२५ | ०.७० |
| ५७ | सोनार | ७२,३३१ | ७२,७५७ | १४५,०८८ | ०.६४ |
| ५८ | केवट | ७०,८१५ | ६६,१३८ | १३६,९५३ | ०.६० |
| ५९ | मल्लाह | ५९,६४९ | ५६,३३७ | ११५,९८६ | ०.५१ |
| ६० | कलवार | ६१,२२१ | ५४,३८५ | ११५,६०६ | ०.५१ |
| ६१ | हजाम/ठाकुर | ५१,६१७ | ४६,५५२ | ९८,१६९ | ०.४३ |
| ६२ | लोहार | ४२,२७० | ४०,३६७ | ८२,६३७ | ०.३६ |
| ६३ | धोवी | ३८,३५० | ३५,०६३ | ७३,४१३ | ०.३२ |
| ६४ | वाँतर | १८,१३९ | १७,७०० | ३५,८३९ | ०.१६ |
| ६५ | चिडिमार | ६,५१६ | ५,७८० | १२,२९६ | ०.०५ |
| ६६ | डोम | ४,६३१ | ४,३०० | ८,९३१ | ०.०४ |
| ६७ | बादी | २,१५२ | २,२९० | ४,४४२ | ०.०२ |
| ६८ | हलखोर | १,८४८ | १,७७३ | ३,६२१ | ०.०२ |
| ६९ | कुशवाडिया/पत्थरकट्टा | २८६ | २६६ | ५५२ | ०.०० |
| थाहा नभएको | उप–जम्मा | ८५,०६३ | ८८,३३८ | १७३,४०१ | ०.७६ |
| ७० | पहिचान नभएको दलित | ८५,०६३ | ८८,३३८ | १७३,४०१ | ०.७६ |
| मधेसी | | | | | |
| माथिल्लो जातऽ | | १,४७५,८८४ | १,३२६,३०३ | २,८०२,१८७ | १२.३० |
| ७१ | यादव | ४७३,४२१ | ४२२,००२ | ८९५,४२३ | ३.९४ |
| ७२ | तेली | १५८,६४७ | १४५,८८९ | ३०४,५३६ | १.३४ |
| ७३ | कोइरी | १३०,४२४ | १२०,८५० | २५१,२७४ | १.११ |
| ७४ | कुर्मी | १११,६३८ | १०१,२०४ | २१२,८४२ | ०.९४ |
| ७५ | ब्राह्मण– तराई | ७०,६२३ | ६३,८७३ | १३४,४९६ | ०.५९ |
| ७६ | बानिया | ६७,३०८ | ५९,६६३ | १२६,९७१ | ०.५६ |
| ७७ | कानु | ५०,७०६ | ४५,१२० | ९५,८२६ | ०.४२ |
| ७८ | सुधी | ४७,१९८ | ४२,६४८ | ८९,८४६ | ०.४० |
| ७९ | तत्मा | ३९,६०६ | ३६,९०६ | ७६,५१२ | ०.३४ |
| ८० | खत्बे | ३८,६४३ | ३६,३२९ | ७४,९७२ | ०.३३ |
| ८१ | नुनिया | ३५,२२४ | ३१,६४९ | ६६,८७३ | ०.२९ |
| ८२ | कुम्हार | २८,२८९ | २६,१२४ | ५४,४१३ | ०.२४ |
| ८३ | हलुवाई | २६,३८७ | २४,१९६ | ५०,५८३ | ०.२२ |
| ८४ | राजपुत | २५,९०५ | २२,५४९ | ४८,४५४ | ०.२१ |
| ८५ | कायस्थ | २३,३४३ | २२,७२८ | ४६,०७१ | ०.२० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८६ | बढई | २४,१६० | २१,८१५ | ४५,९७५ | ०.२० |
| ८७ | मारवाडी | २३,२०५ | २०,७६६ | ४३,९७१ | ०.१९ |
| ८८ | बरई | १८,४७९ | १६,९५५ | ३५,४३४ | ०.१६ |
| ८९ | कहर | १८,१०९ | १६,४२२ | ३४,५३१ | ०.१५ |
| ९० | लोधा | १३,०१८ | ११,७२० | २४,७३८ | ०.११ |
| ९१ | राजभार | १२,७५५ | ११,५०८ | २४,२६३ | ०.११ |
| ९२ | विन/विन्दा | ९,६४१ | ९,०७९ | १८,७२० | ०.०८ |
| ९३ | भेडिया/गडेरी | ९,३४२ | ८,३८७ | १७,७२९ | ०.०८ |
| ९४ | नुराङ | ९,१९८ | ८,३२४ | १७,५२२ | ०.०८ |
| ९५ | धुनिया | ६१४ | ६१७ | १,२३१ | ०.०१ |
| मुसलमान | | ५०४,३२५ | ४७१,६२४ | ९७५,९४९ | ४.२९ |
| ९६ | मुसलमान | ५०१,७९३ | ४६९,२६३ | ९७१,०५६ | ४.२७ |
| ९७ | चुरौटे | २,५३२ | २,३६१ | ४,८९३ | ०.०२ |
| | | | | | |
| अन्य | | १३४,७६७ | १३०,९५४ | २६५,७२१ | १.१६ |
| ९८ | माली | ५,८८४ | ५,५०६ | ११,३९० | ०.०५ |
| ९९ | बङ्गाली | ५,६८० | ४,१८० | ९,८६० | ०.०४ |
| १०० | कमार | ४,५१६ | ४,२४५ | ८,७६१ | ०.०४ |
| १०१ | पञ्जावी/शिख | १,५६७ | १,४८७ | ३,०५४ | ०.०१ |
| १०२ | जैन | ५५१ | ४६४ | १,०१५ | ०.०० |
| १०३ | पहिचान नभएको जातजाति | ११६,५६९ | ११५,०७२ | २३१,६४१ | १.०२ |

*स्रोत : सन् २००१ को जनगणना, तालिका १६ : जातजाति र लैङ्गिक जनसङ्ख्या (श्री ५ को सरकार २००२ : ७२–७३)।*

टिप्पणी :

क) सामाजिक समुह र भौगोलिक क्षेत्रका आधारमा यो तथ्याङ्क विश्लेषण गर्ने काम गुरुङ (२०००) ले गर्नुभएको हो।

ख) सन् २००१ को जनगणना, तालिका १ : लिङ्ग, क्षेत्र र जनघनत्वका आधारमा घर र घरको जनसङ्ख्याको सङ्ख्या (श्री ५ को सरकार, २००२ : १–२) ले कुल जनसङ्ख्या २३,१५१,४२३ मध्ये ११,५६३,९२१ पुरुष र ११,५८७,५०२ महिला छन्। यो तालिकामा कुल जनसङ्ख्या ४१४,४८९ कम छ किनभने घरको तथ्याङ्क पहिलो खण्डमा र व्यक्तिको तथ्याङ्क दोस्रो खण्डमा निकालिएकाले माओवादीप्रभावित कतिपय ठाउँहरूमा जनगणनाको फाराम भर्न नसकेकोले यस्तो भएको हो।

# परिशिष्ट–क, तालिका २, जिल्लामा दलितको जनसङ्ख्या वितरण

| क्रम सङ्ख्या | जिल्ला | सबै जातजातिको कुल जनसङ्ख्या | बिश्वकर्मा (बि.के.) | | | | ढोली दमाइ | सार्की | गाइने | बादी | चमार /हरिजन/राम | मुसहर | दुसाध/ पासवान | तत्मा | खत्वे | धोबी | बाँतर | चिडिमार | डोम | हलखोर | कुशबडिया | उल्लेख नभएका दलितहरू | जम्मा दलित |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कामी | सुनार | लोहार | जम्मा बिश्वकर्मा | | | | | | | | | | | | | | | | | |
| १ | ताप्लेजुङ | १३४,६८९ | ५,९५८ | १५ | ८ | ५,९८१ | २,११५ | १,१३४ | | १ | | २२१ | १ | २२१ | | २२ | | | | | | | |
| २ | पाँचथर | २०२,०५६ | ६,५३७ | ६९ | १ | ६,६०७ | ३,६४७ | ९०४ | ४ | २ | २ | ८ | | ८ | | ९ | | | | | | ६३१ | ११,८२६ |
| ३ | इलाम | २८२,८०६ | ९,५०० | ३७० | ५ | ९,८७५ | ४,१३० | १,०९६ | ३ | २ | १२ | ७ | | ७ | | ८ | | | | | | १७४ | १५,३१६ |
| ४ | झापा | ६३३,०४२ | १६,७२६ | ६२८ | १५८ | १७,५१२ | ११,३४२ | ३,७३१ | १७९ | २ | ४४१ | २७५ | २७२ | २७५ | १९० | २७१ | ८७ | १४ | १६४ | २९ | | १,२४७ | ३९,३८४ |
| ५ | मोरङ | ८४३,२२० | १५,७०६ | २,२८६ | ३०९ | १८,३०१ | १०,१८९ | ३,६५१ | ६ | ४२ | २,३२६ | १,२५५ | ५,८२६ | १,२५५ | १,०५५ | ९७६ | १२,३८४ | ३०५ | ३५५ | १४३ | | २४७५ | ९०,३३९ |
| ६ | सुनसरी | ६२५,६३३ | ११,६४० | ९१७ | २९६ | १२,८५३ | ५,६६५ | २,७४५ | २६ | १७९ | ४,२४३ | १,५३६ | १,५९७ | १,५३६ | ४,८८८ | ८२८ | ८,६१४ | २०३ | ८७८ | १०५ | | १,३०४ | ८९,८३० |
| ७ | धनकुटा | १६६,४७९ | ५,४७७ | ३८ | | ५,५१५ | ३,४७१ | १,९६८ | ५ | | | | | | | | | | | | | | |
| ८ | तेहथुम | ११३,१११ | ४,७८८ | २७ | १५ | ४,८३० | ३,१६३ | १,५७५ | २ | ३ | | | | | | ४ | | | | | | | |
| ९ | संखुवासभा | १५९,२०३ | ७,००३ | ६२ | ८ | ७,०७३ | ३,३४९ | १,७६३ | १ | १ | १ | | | | | १० | ३ | | | | | | |
| १० | भोजपुर | २०३,०१८ | १०,२४२ | १७ | ३ | १०,२६२ | ५,१९७ | ४,२४५ | ५१ | १२ | २ | | | | | | | | | | | | |
| ११ | सोलुखुम्बु | १०७,६७६ | ५,७४५ | १ | | ५,७४६ | १,७२७ | ४७३ | | ३ | | १ | | | | | | | | | | | |
| १२ | ओखलढुङ्गा | १५६,७०२ | ५,९६८ | | ८ | ५,९९४ | ४,४६६ | ३,७१४ | १ | ३ | | | | | | | | | | | | | |
| १३ | खोटाङ | २३१,३८५ | १०,३६८ | ४१ | १७ | १०,४२६ | ५,९८५ | ५,५०१ | १ | ३१ | | | | | | | | | | | | | |
| १४ | उदयपुर | २८७,६८९ | १३,५८५ | १८४ | ९ | १३,७७६ | ७,६९४ | ६,५९७ | ७ | १३ | ७४ | १ | ५२ | १ | | ३८ | २३ | १ | ५१ | | | ६८७ | ३१,८३५ |
| १५ | सप्तरी | ५७०,२८२ | ३,३८१ | १,६६६ | ३२९ | ५,३७६ | ८७२ | ४९७ | ४ | | २१,७८४ | ३,७०३ | ५,६६० | ३,७०३ | २७,४५० | १३,२२१ | १०,५०१ | | | | | | |
| १६ | सिराहा | ५६९,८८० | २,७३४ | २,१३६ | ४४१ | ५,३११ | ८,७८६ | २,५१७ | ४ | | २६,६७० | १०,३०१ | १५,७७५ | १०,३०१ | ७,९८४ | ४,१७६ | १,३४१ | ५ | १,२६६ | ३१६ | | १,२०१ | ११८,३४९ |
| १७ | धनुषा | ६७१,३६४ | ३,५३३ | ६,३५० | ४,०८२ | १३,९६५ | १,०६१ | ३,३०१ | ५ | १६ | २२,६७८ | २२,६४३ | १६,३८१ | २२,६४३ | १४,३४७ | ३,५६९ | १३९ | ९ | ३१४ | ६१७ | | ५१६ | ११६,३७३ |
| १८ | महोत्तरी | ५५३,४८१ | ३,५९५ | ७,२४६ | ५,५४५ | १६,३८६ | १,५२९ | १,९५३ | १ | १ | १६,२०६ | ६,९३७ | १२,३१५ | ६,९३७ | १२,७०८ | ३,७८३ | २,५८६ | १२ | ८२४ | २३६ | | ३५८ | ९४,१७५ |
| १९ | सर्लाही | ६३५,७०१ | ६,७४७ | ६,८५५ | ९,७६५ | २३,३६७ | २,३५६ | २,६९३ | | १४ | २०,४२५ | ६,२२४ | १९,५८१ | ६,२२४ | ५,८६४ | ६,३९२ | १६ | ३ | ५९५ | १२२ | | २०१७ | ९९,३८६ |
| २० | बारा | ५५९,१३५ | २,९७३ | ५,७९७ | ५,४५३ | १४,२२३ | ७१२ | ८६२ | १ | ५ | २२,९६० | ४,८७८ | १६,५०७ | ४,८७८ | ६८ | ४,०९२ | २५ | २,५१५ | ५८६ | | | ५२२ | ७३,९४४ |
| २१ | सिन्धुली | २७७,२५९ | १२,११७ | १२४ | ५२ | १२,२९३ | ७,५४० | ८,९६० | | २० | ३५ | १५ | ६ | १५ | | १४ | ३ | | ३५ | | | ७०२ | ३१,२६५ |
| २२ | रामेछाप | २१२,४०८ | ६,४३४ | ५५ | ५ | ६,४९४ | ३,९९३ | ५,५९७ | २ | ३७ | | २ | १ | २ | १ | ३५ | | | | १ | | १,०७५ | १७,२४० |
| २३ | दोलखा | १७५,९१२ | ५,८७९ | २६ | ४ | ५,९०९ | ३,०५५ | ३,४९१ | २ | २८ | ६ | | | | | १ | | | | १ | | १,२४९ | १३,७४५ |

| | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २४ | सिन्धुपाल्चोक | २९३,७१९ | १०,७६७ | ३१४ | १० | ११,०९१ | ४,२३४ | ३,६०० | | ९ | १६ | | ६ | | २ | ८ | | | | | | १,५२५ | २०,४९१ |
| २५ | काभ्रे | ३८५,३७२ | ९,५३५ | १६८ | १७ | ९,७२० | ५,५३४ | ६,३३७ | ७ | १ | ७ | १ | ६ | १ | | | | | | | | | |
| २६ | ललितपुर | ३३७,७८५ | १,९२८ | ३०८ | ५८ | २,२९४ | १,८०९ | २,७९८ | १६ | | १४ | २० | १७ | २० | १ | २३६ | ११ | २ | | | | १,१२० | ८,३६५ |
| २७ | भक्तपुर | २२५,४६१ | ९४८ | ७० | | १,०१८ | १,६९१ | १,७३७ | ३७ | १ | ६ | | १ | | | | | | | | | २८० | ४,८०२ |
| २८ | काठमाडौं | १,०८१,८४५ | ५,५६८ | २,१७२ | १४८ | ७,८८८ | ७,३३६ | ६,०९९ | १८३ | ४१ | १९० | ३९ | ९३ | ३९ | ३४ | ४९७ | २३ | ५ | ४ | ३ | | २,१६९ | २४,६७८ |
| २९ | नुवाकोट | २८८,४७८ | ८,०२० | १,२३९ | | ९,२५९ | ३,७५६ | ४,०६६ | | २ | ५ | | १ | | | ३ | | | ३ | | | २,५९९ | १९,६९९ |
| ३० | रसुवा | ४४,७३१ | ९०४ | | | ९०४ | ३२१ | २९ | | १ | २ | | | | २ | १ | | | | | | १३१ | १,३९१ |
| ३१ | धादिङ | ३३८,६९८ | ११,४३४ | १,६६८ | | १३,१०२ | ७,९३५ | १३,६०२ | २८ | १० | ६ | | २ | | | ३ | | | | १ | | १,६१३ | ३६,३०३ |
| ३२ | मकवानपुर | ३९२,६०४ | १०,५२९ | ५७१ | ३० | ११,१३० | ३,३११ | १,०११ | | | १६ | २३ | १३ | २३ | १ | ३३ | | १ | | | | १,२५० | १६,८०३ |
| ३३ | रौतहट | ५४५,१३२ | २,२९८ | ५,९६२ | ९,१५५ | १७,४१५ | ९८४ | ९०९ | ११ | ५४ | १९,७१३ | १२,५८५ | १४,६७६ | १२,५८५ | १ | ९,८३८ | | १ | ६९९ | | | २,८९३ | ८४,८६७ |
| ३४ | पर्सा | ४९७,२१९ | १,५६६ | ६,९०८ | ५,८९७ | १४,३७१ | ७६४ | १,२२१ | ५२ | | २१,०५२ | ५,७११ | ११,६६१ | ५,७११ | २२ | २,७४० | ५ | २,५४५ | ८९९ | ८७४ | | ६१६ | ७०,३८४ |
| ३५ | चितवन | ४७२,०४८ | २१,०१८ | १,७२१ | २९७ | २३,०३६ | १०,५९४ | ५,४८० | ४२४ | ११ | १६७ | ४ | ९१ | ४ | २ | २८ | ४ | ६ | | १२ | | १,०१३ | ४१,००० |
| ३६ | गोरखा | २८८,१३४ | १३,४३१ | १,१७७ | ७२ | १४,६८० | ८,७८८ | १६,७८१ | १४८ | ४९ | १ | | | | | | | | | | | | |
| ३७ | लमजुङ | १७७,१४९ | १३,१५९ | ४७० | १ | १३,६३० | ६,०२१ | ६,८६१ | ११० | २४ | १९ | | | | | | | | | | | | |
| ३८ | स्याङ्जा | ३१७,३२० | २१,१६७ | १,६८३ | | २२,८५० | १०,२६६ | १०,४९७ | १३६ | ३१ | ३ | | १३ | | | ३ | २ | | | ३ | | ८१५ | ४४,६२६ |
| ३९ | कास्की | ३८०,५२७ | २६,२८० | ४,३८४ | १३ | ३०,६७७ | १४,८६४ | ९,३१५ | ५०५ | ५ | ९२ | | ६ | | | २६ | | ७ | | १ | | ५,०२२ | ६०,५३२ |
| ४० | तनहुँ | ३१५,२३७ | २०,४११ | २,०२२ | | २२,४३३ | १०,४४४ | ९,१४१ | २६१ | १ | १९ | | | | ३ | ६ | | ५ | | | | ५,१६४ | ४७,४७९ |
| ४१ | मनाङ | ९,५८७ | १३६ | २ | | १३८ | ३६ | २१ | | | | | | | १ | १ | | | | | | २ | १९९ |
| ४२ | मुस्ताङ | १४,९८१ | ८७४ | ३ | | ८७७ | ८७२ | ५१ | | | २ | | ३ | | | | | | | | | ८६ | १,८९१ |
| ४३ | म्याग्दी | ११४,४४७ | १५,२७३ | ४२१ | | १५,६९४ | ५,१८० | ३,२२२ | | | | | | | | | १ | | | १ | | १,४७८ | २५,५७६ |
| ४४ | पर्वत | १५७,८२६ | ११,८२४ | १,२२१ | | १३,०४५ | १०,३२७ | ७,८६५ | २५ | १७ | १ | | | | | | | | | | १ | ९३१ | ३२,२१३ |
| ४५ | बाग्लुङ | २६८,९३७ | ३५,१५० | १,९३५ | | ३७,०८५ | १०,६२३ | ११,६९९ | १५६ | १ | ४९२ | १ | | १ | ६ | २ | | | | | | २,२८२ | ६२,३५३ |
| ४६ | गुल्मी | २९६,६५४ | २८,०६५ | २,२२७ | ११ | ३०,३५३ | ९,४८९ | ९,९९० | २८४ | १५ | ३ | | ३ | | | | | | | | १ | ४,८३३ | ५४,९७२ |
| ४७ | पाल्पा | २६८,५५८ | १५,६३१ | १,५०० | १३ | १७,१४४ | ५,१९२ | ६,९७१ | १७५ | | ४ | | ३ | | ४ | १० | | | | | ४ | २,०९८ | ३१,६०६ |
| ४८ | नवलपरासी | ५६२,८७० | २०,६६४ | ३,७०५ | १,२४२ | २५,६११ | ९,८६८ | ४,५९८ | ३४ | २७ | २०,८८० | २४ | ४,२५० | २४ | ११ | २,१९१ | १ | १८१ | ९४ | ११ | ४९ | १,६१३ | ७३,१५७ |
| ४९ | कपिलबस्तु | ४८१,९७६ | ५,६८२ | ३,९८० | ३,०८४ | १२,७४६ | २,८१५ | १,६३४ | ३६८ | ६२ | २५,८१३ | ५१ | १७,४१० | ५१ | ७ | ६,१२२ | ४ | ४६९ | ३० | | १९५ | १,०७८ | ६८,९४८ |
| ५० | रुपन्देही | ७०८,४१९ | १४,९७४ | ६,९८७ | ३,३८७ | २५,३४८ | ७,५६२ | २,९०८ | १९८ | २७ | २७,६९७ | ३३ | १०,७११ | ३३ | १२५ | ८,९३७ | | १८१ | ९४ | | ४९ | १,६१३ | ८६,७२३ |
| ५१ | अर्घाखाँची | २०८,३९१ | १८,२४५ | १,७१८ | | १९,९६३ | ६,०७६ | ७,५८० | २०८ | ५९ | १ | | १ | | | | | | | | | ४,९०४ | ३८,७९२ |

| | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
